# प्रथम आवधिक नगर विकास योजना

## (आर्थिक वर्ष २०८१/८२ – २०८५/८६)

रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बकुलहर, चितवन

बागमती प्रदेश

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.स. मिति
च.न.

## प्रमुखज्यूको मन्तव्य

विकासका योजनाहरुको कार्यान्वयन मार्फत नागरिकहरुमा सुख शान्ति र समृद्धि ल्याउने उद्धेश्यले नेपालमा हालसम्म पन्ध्रवटा आवधिक योजना सम्पन्न भइ सकेका छन् । जनताले चाहेजस्तो विकास नभएपनि आशातित रुपमा योजनाबद्ध विकासले केही सकरात्मक परिवर्तन अवश्यपनि ल्याएको छ । सङ्घीय सरकारको सोह्रौं योजना (आ.व.२०८१/८२-२०८५/८६) को सोच **"सुशासन सामाजिक न्याय र समृद्धि"** रहेको छ । त्यसैगरी बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दीर्घकालीन सोच **"बागमती प्रदेशको रूपान्तरण आर्थिक समृद्धि र समतामूलक समाज"** तयार गरेर कार्यान्वयनमा आई सकेको अवस्था छ भने हामी निर्वाचित भइ यस नगरपालिकामा आउँदा हालसम्म पनि आवधिक योजना निर्माण भएको नपाइएकोले हाम्रै पालामा यस नगरपालिकामा पनि योजनाबद्ध विकासको शुरुवात गर्न पर्छ भन्ने अठोटका साथ **"पर्यटकीय सहर; समुन्नत रत्ननगर"** को दीर्घकालीन सोच अगाडि सारिसकेको यो आवधिक योजना जारी गरेका छौ ।

संघीयताको कार्यान्वयनसँगै संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारले पनि आफ्नो आफ्नो आवधिक योजना बनाउनु पर्ने र त्यसकै आधारमा सालबसाली योजनाहरु बनाउनु पर्ने प्रावधानलाई कार्यान्वयन गर्न नगरको २८ बर्षे ईतिहासमा हामीले यो प्रथम आवधिक योजना ल्याएका छौ ।

नेपाली जनताको लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत जनताले निर्वाचित गरी पठाएका प्रतिनिधिहरूबाट नगरपालिकाको पहिलो पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरी जारी गर्न पाउँदा मलाई खुशी लागेको छ । रत्ननगर नगरपालिकाले प्रचलित कानुन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको पालनामा अटल रही **"पर्यटकीय सहर; समुन्नत रत्ननगर"** को दीर्घकालीन सोच अगाडि सारेको छ । वार्षिक योजना तथा नगर गौरवका आयोजनाहरू समावेश गरी तर्जुमा गरिएको छ । सम्पूर्ण रत्ननगरबासीहरूसँग अन्तरक्रियात्मक छलफल र गहन अध्ययन सहित Bottom up Approach का आधार तथा व्यापक जनसहभागितामा आवधिक योजना तयार गरी प्रस्तुत गरिएको छ ।

योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गर्ने नगरपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो नगरपालिकाको पहिलो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको आवश्यकता हो । यस नगरपालिकाको आवधिक योजना तर्जुमाको कार्यमा सहयोग गर्ने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, जनप्रतिनिधिज्यूहरू, राजनैतिक दल, कर्मचारीहरु, सङ्घ संस्था लगायत परामर्शदाताको टोली नेता श्री पुरुषोत्तम खतिवडा लगायत सम्पूर्ण सहयोगी निकाय तथा संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु

**धन्यवाद !**

(प्रलाद सापकोटा)
नगर प्रमुख


फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स.
च.न.

मिति

# उपप्रमूखज्यूको मन्तब्य

विकास निरन्तर चली रहने एक गतिशील प्रक्रिया हो । सामाजिक, आर्थिक, भौतिक र सांस्कृतिक संरचनाहरूको निर्माण र पुनर्निर्माणसँग मात्र सम्बद्ध हुने होइन की समकालीन समाजको मनोवैज्ञानिक र सामाजिक चेतनायुक्त परिवर्तनसँग पनि यो आबद्ध हुनुपर्छ । समाज र जनताप्रति केन्द्रित भई विकासले सामाजिक रूपान्तरणमा नया दिशा र गतिशीलता थप्नु पर्छ । समय क्रमसँगै जनताका आवश्यकताहरू बढ्दै, फेरिदैं र परिवर्तन हुँदै जाने गर्छ । देशले अवलम्बन गर्ने योजनाबद्ध विकास प्रयासले जनताले खोजेको परिवर्तित परिवेशलाई आत्मसाथ गर्नुपर्छ । सीमित स्रोतले अनन्त आवश्यकताहरूलाई सम्बोधन गर्न योजना र कार्यक्रमहरूका साथै संस्थागत संयन्त्रहरू बीच समन्वय, सहकार्य र सामूहिक प्रयास जरुरी हुन्छ ।

नेपाल सरकारद्वारा १६ औ आवधिक योजनाको लागि तयार गरिएको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** बृहत् सोच सहितको योजना र बागमती प्रदेशद्वारा दोस्रो आवधिक योजनाको लागि तयार गरिएको **"बागमती प्रदेशको रूपान्तरण आर्थिक समृद्धि र समतामूलक समाज"** बृहत् सोच सहितको आवधिक योजनाले राखेका परिमाणात्मक लक्ष्यहरू पूरा गर्ने सोच सहित यो आवधिक योजना तर्जुमा गरिएको हो । यसैसँग तादाम्यता गर्दै रत्नगनगर नगरपालिकाले **"पर्यटकीय सहर; समुन्नत रत्ननगर"** दीर्घकालीन सोच सहित आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरी विभिन्न प्रकृतिका योजना/कार्यक्रमहरू समावेश गरेको छ ।

सबै विकासका कार्यक्रमहरूलाई यीनै क्षेत्रहरूमा मुखरित गराई नगरपालिकालाई समृद्धिको मार्गमा डोर्याउने रूपरेखा सहित आवधिक योजनाको दस्तावेज तयार गरिएकोले यो योजना कार्यान्वयनमा सहजता आउने विश्वास लिएको छु । योजनाले लक्षित गरेका उद्देश्यहरू हासिल गने नगरपालिकाको प्रयासमा सङ्घीय सरकार, प्रदेश सरकार, निजी क्षेत्र, सहकारी, सामुदायिक, गैरसरकारी संस्थाहरू सबैको सहयोग, समन्वय र साझेदारीको आवश्यकता पर्दछ । तसर्थ सुशासन, सामाजिक न्याय र समृद्धिको अभियानलाई सहयोग गर्न तयार पारिएको यो नगरपालिकाको पहिलो आवधिक योजनाले मुलुककै समृद्धिको लागि पनि महत्त्वपूर्ण योगदान पुग्ने भएकोले यसको कार्यान्वयनमा सबैले हातेमालो गर्नु आजको माग हो । यस नगरपालिकाको आवधिक योजना तर्जुमाको कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता संस्था सिनर्जी इन्जिनियरिङ एण्ड कन्सल्टेण्टस् प्रा. लि. लगायत सम्पूर्ण सहयोगी निकाय तथा संस्थाहरूलाई म हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद !**

(यादव प्रसाद पाठक)
उपप्रमुख

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स.                                                                                    मिति
च.न.

# प्रमुख प्रशासकीय अधिकृतज्यूको मन्तब्य

नेपालमा योजनबद्ध विकासको प्रारम्भ २०१३ सालदेखी भएको पाईन्छ ।देशको आर्थिक, सामाजिक, पूर्वाधार तथा पर्यावरणीय विकासलाई मार्गदर्शन गर्ने यस्ता योजनाहरु नेपाल सरकारले हालसम्म १५वटा सम्पन्न गरी हाल १६औ आवधिक योजना कार्यान्वयनमा ल्याएको छ । वागमती प्रदेश सरकारले पनि पहिलो आवधिक योजना समाप्त गरी दोस्रो आवधिक योजना कार्यान्वयनमा ल्याइरहेको छ ।

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, सामाजिक न्याय, विकास र समृद्धि हासिल गर्ने परिकल्पना गरेको छ । जसको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था सहित सरकारहरुको एकल र साझा अधिकारको समेत व्यवस्था गरेको छ ।तीनै एकल अधिकार र साझा अधिकारहरुलाई कार्यावन्वयन गर्न एक निश्चित अवधिसम्मको लक्ष्य लिइ आवधिक योजनाहरु जारी गर्ने र कार्यान्वयनमा लैजाने गरिन्छ ।

सुन्दर पर्यटकीय नगरी रत्ननगरले पनि नेपालको संविधानको अनुसूची ८ मा रहेका एकल अधिकार र अनुसुची ९ मा रहेका साझा अधिकारहरुको कार्यान्वयनको लागि एवम् स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ मा उल्लेखित नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीयस्तरको विकासको लागि आवधिक, बार्षिक, रणनीतिगत, बिषयक्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्नेछ भन्ने प्रावधानको कार्यान्यवन लागि **"पर्यटकीय सहर; समुन्नत रत्ननगर"** को दीर्घकालीन सोच सहित आवधिक योजना (२०८१/०८२-२०८५/०८६) तर्जुमा गरी यो पहिलो आवधिक योजना निर्माण गरेको छ ।

योजनाबद्ध विकासको भावना मुताविक नेपालको संविधान एवं विद्यमान कानुनहरुको व्यवस्था बमोजिम २०५३ मा नगरपालिका गठन पछि करिब ५ वटा आवधिक योजना कार्यान्वयन भइ हाल छैटौ आवधिक योजनाको रुपमा यो आवधिक योजना आउनु पर्ने हो ।तेस्रो पटक निर्वाचित जनप्रतिनिधिहरु आउँदै गर्दा गत आर्थिक बर्ष २०८०।८१ को अपहान्नमा यसको आवश्यकता महसुस गरी वर्तमान सरकारले यो आवधिक योजना निर्माण गरेको हो ।

यसले मुलतः हामी अहिले कहाँ छौ र हाम्रो गन्तब्य कहाँ सम्म हो र त्यसका लागि आवश्यक सूचकहरुको अवस्था के कस्तो छ र कुनमा कति सुधार गर्न कति लगानी गर्नु आवश्यक छ भन्ने कुरालाई मार्गदर्शन गर्ने र हरेक बर्षका सालबसाली योजनाहरु यसैका लक्ष्य तथा उद्धेश्यतर्फ परिलक्षित गरी योजना निर्माण गर्ने पद्धतिको थालनी गर्नु यसको मुल मर्म हो ।नेपालको संविधान, दीगो विकास
लक्ष्य, सोह्रौ आवधिक योजना, वागमती प्रदेशको दोस्रो आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४ एवं स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन परिमार्जन सहित २०७५ ले गरेका व्यवस्था अनुसार वडा तहमा भेला बैठकहरु सम्पन्न गरी त्यहाँबाट प्राप्त राय सुझाब एवं नगरपालिकामा क्रियाशील

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल


प.स. मिति

च.न.

स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, ५ वटै बिषयगत समितिहरु, यस क्षेत्रबाट निर्वाचित संघीय एवं प्रदेश माननीयज्यूहरु र नगरका विज्ञ सल्लाहाकारज्यूहरूको सुझाब समेतका आधारमा यो आवधिक योजना तर्जुमा गरिएको छ ।

यो प्रथम आवधिक योजना तयार गर्ने क्रममा श्रीमान नगरप्रमुखज्यूबाट प्राप्त मार्गदर्शन प्रति आभार प्रकट गर्दछु । त्यसैगरी, आफ्नो अमुल्य सुझाव प्रदान गरी योजना निर्माणमा सहयोग गर्ने उपप्रमुखज्यू वडाध्यक्षज्यूहरु कार्यपालिका सदस्य लगायत नगरका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, तीनै तहका सरकारका प्रतिनिधिज्यूहरु, राजनैतिक दलहरु, बिषय विज्ञ साथीहरु, निजी क्षेत्र, टोल विकास संस्था, गैरसरकारी संस्था, विकास साझेदारहरु लगायत योजना तर्जुमाका चरणमा अनवरत खटिनुहुने राष्ट्रसेवक कर्मचारी मित्रहरु सबैमा विशेष धन्यवाद सहित आभार प्रकट गर्न चाहान्छु ।

**धन्यवाद !**

(सुकदेव लम्साल)
प्रमुख प्रशासकीय अधिकृत


**फोन नं.:** ०५६-५६०५२९, ५६०५०६, **फ्याक्स:** ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

# विषयसूची

**परिच्छेद -१: आवधिक योजना तर्जुमा प्रक्रिया तथा परिचय ....... १**
**१.१ पृष्ठभूमि ....... १**
**१.२ आवधिक योजना तर्जुमाको उद्देश्य ....... ३**
**१.३ योजना तयारीको कानुनी आधार ....... ४**
**१.४ आवधिक योजना तर्जुमा प्रक्रिया ....... ५**
१.४.१ सन्दर्भ सामग्रीहरूको अध्ययन ....... ५
१.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी ....... ५
१.४.३ शाखागत तथ्याङ्क सङ्कलन तथा जि.आई.एस. नक्सा ....... ६
१.४.४ वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन ....... ६
१.४.५ तथ्याङ्क प्रमाणीकरण ....... ६
१.४.६ अवसर, समस्या तथा चुनौतीहरूको पहिचान ....... ६
१.४.७ क्षेत्रगत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण ....... ७
१.४.८ दीर्घकालीन सोचको निर्क्योल ....... ७
१.४.९ मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण ....... ७
**१.५ आवधिक योजनाका विशेषताहरू ....... ७**
**१.५ अध्ययनका सीमाहरू ....... ८**

**परिच्छेद २: विद्यमान विकासको स्थिति र उपलब्धिको समीक्षा ....... ९**
**२.१ नगरपालिकाको परिचय ....... ९**
२.१.१ भौगोलिक स्थिति भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ....... १०
२.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा ....... १२
२.१.३ जनसांख्यिक अवस्था ....... १४
**२.२ आर्थिक विकासको अवस्था ....... १६**
२.२.१ कृषि तथा खाद्य सुरक्षण ....... १६
२.२.२ सिँचाइ सुविधाको अवस्था ....... १७
२.२.३ पर्यटन तथा संस्कृति ....... १७
२.२.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ....... १८
२.२.५ आम्दानी, रोजगारी र वित्तीय सेवा ....... १९
२.२.६ सहकारी ....... १९
**२.३ सामाजिक विकासको अवस्था ....... १९**

२.३.१ स्वास्थ्य तथा पोषण ........ १९

२.३.२ शैक्षिक विकास ........ २०

२.३.३ खानेपानी तथा सरसफाइ ........ २२

२.३.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण ........ २२

२.३.५ युवा, खेलकुद तथा कला ........ २३

**२.४ पूर्वाधार विकासको अवस्था** ........ २३

२.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ........ २३

२.४.२ सडक, पुल निर्माण तथा यातायात ........ २४

२.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा ........ २४

२.४.४ सूचना, सञ्चार तथा प्रविधि ........ २४

**२.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था** ........ २५

२.५.१ वन तथा जैविक विविधता ........ २५

२.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन ........ २६

२.५.३ वातावरण तथा जलवायु अनुकूलन ........ २६

२.५.४ महामारी तथा विपद् व्यवस्थापन ........ २७

**२.६ संस्थागत विकास तथा सुशासन** ........ २८

२.६.१ स्थानीय नीति, ऐन तथा सुशासन ........ २८

२.६.२ सङ्गठनात्मक विकास ........ ३०

२.६.३ योजना व्यवस्थापन ........ ३१

**परिच्छेद — ३: सोच तथा विकासको अवधारणा ........ ३२**

**३.१ पृष्ठभूमि** ........ ३२

**३.२ प्रमुख समस्या तथा चुनौती** ........ ३३

**३.३ प्रमुख सम्भावना तथा अवसर** ........ ३५

**३.४ निर्देशक सिद्धान्त** ........ ३६

**३.५ सोच, लक्ष्य तथा उद्देश्य** ........ ३७

**३.६ परिमाणात्मक लक्ष्य** ........ ३९

**३.७ रणनीति तथा प्राथमिकता** ........ ४०

**३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट** ........ ४६

**३.९ नगर गौरवका आयोजनाहरू** ........ ४७

**परिच्छेद — ४: आर्थिक विकास ........ ४९**

**४.१ कृषि तथा पशुपन्छी** ........ ४९
४.१.१ पृष्ठभूमि ........ ४९
४.१.२ समस्या तथा चुनौती ........ ५०
४.१.३ सम्भावना तथा अवसर ........ ५१
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ५२
४.१.५ कार्यक्रम तथा आयोजना ........ ५४
४.१.६ कृषि तथा पशुपालन विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ५६
४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ५७
४.१.८ अनुमान तथा जोखिम पक्ष ........ ५९
**४.२ सिँचाइ** ........ ६०
४.२.१ पृष्ठभूमि ........ ६०
४.२.२ समस्या तथा चुनौती ........ ६०
४.२.३ सम्भावना तथा अवसर ........ ६०
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६१
४.२.५ कार्यक्रम तथा आयोजना ........ ६३
४.२.६ सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ६३
४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ६४
४.२.८ अनुमान तथा जोखिम पक्ष ........ ६४
**४.३ पर्यटन, संस्कृति तथा सम्पदा** ........ ६५
४.३.१ पृष्ठभूमि ........ ६५
४.३.२ समस्या तथा चुनौती ........ ६६
४.३.३ सम्भावना तथा अवसर ........ ६७
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६७
४.३.५ कार्यक्रम तथा आयोजना ........ ७१
४.३.६ पर्यटनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७२
४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७२
४.३.८ अनुमान तथा जोखिम पक्ष ........ ७३
**४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति** ........ ७४
४.४.१ पृष्ठभूमि ........ ७४
४.४.२ समस्या तथा चुनौती ........ ७४

४.४.३ सम्भावना तथा अवसर ........ ७५
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७५
४.४.५ कार्यक्रम तथा आयोजना ........ ७७
४.४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ७७
४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ७८
४.४.८ अनुमान तथा जोखिम पक्ष ........ ७९
**४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा** ........ ८०
४.५.१ पृष्ठभूमि ........ ८०
४.५.२ समस्या तथा चुनौती ........ ८०
४.५.३ सम्भावना तथा अवसर ........ ८१
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८१
४.५.५ कार्यक्रम तथा आयोजना ........ ८३
४.५.६ श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको सङ्केतीकरण ........ ८४
४.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ८४
४.५.८ अनुमान तथा जोखिम पक्ष ........ ८५

**परिच्छेद — ५: सामाजिक विकास** ........ **८७**
**५.१ स्वास्थ्य तथा पोषण** ........ ८८
५.१.१ पृष्ठभूमि ........ ८८
५.१.२ समस्या तथा चुनौती ........ ८९
५.१.३ सम्भावना तथा अवसर ........ ८९
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ ९०
५.१.५ कार्यक्रम तथा आयोजना ........ ९२
५.१.६ स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ ९३
५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ ९५
५.१.८ अनुमान तथा जोखिम पक्ष ........ ९७
**५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन** ........ ९८
५.२.१ पृष्ठभूमि ........ ९८
५.२.२ समस्या तथा चुनौती ........ ९९
५.२.३ सम्भावना तथा अवसर ........ ९९

५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १००
५.२.५ कार्यक्रम तथा आयोजना ..... १०४
५.२.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... १०५
५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १०६
५.२.८ अनुमान तथा जोखिम पक्ष ..... १०७
**५.३ खानेपानी तथा सरसफाइ** ..... १०८
५.३.१ पृष्ठभूमि ..... १०८
५.३.२ समस्या तथा चुनौती ..... १०८
५.३.३ सम्भावना तथा अवसर ..... १०९
५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १०९
५.३.५ कार्यक्रम तथा आयोजना ..... १११
५.३.६ खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... १११
५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... ११२
५.३.८ अनुमान तथा जोखिम पक्ष ..... ११३
**५.४ महिला, बालबालिका तथा लक्षित वर्ग** ..... ११४
५.४.१ पृष्ठभूमि ..... ११४
५.४.२ समस्या तथा चुनौती ..... ११५
५.४.३ सम्भावना तथा अवसर ..... ११६
५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... ११६
५.४.५ कार्यक्रम तथा आयोजना ..... ११९
५.४.६ महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... १२१
५.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ..... १२३
५.४.८ अनुमान तथा जोखिम पक्ष ..... १२६
**५.५ युवा तथा खेलकुद** ..... १२७
५.५.१ पृष्ठभूमि ..... १२७
५.५.२ समस्या तथा चुनौती ..... १२७
५.५.३ सम्भावना तथा अवसर ..... १२८
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ..... १२८
५.५.५ कार्यक्रम तथा आयोजना ..... १३१
५.५.६ युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ..... १३१

५.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३२
५.५.८ अनुमान तथा जोखिम पक्ष ........ १३३

**परिच्छेद ६ः पूर्वाधार क्षेत्र ........ १३४**
**६.१ आवास, भवन, बस्ती तथा सार्वजनिक निर्माण** ........ १३४
६.१.१ पृष्ठभूमि ........ १३४
६.१.२ समस्या तथा चुनौती ........ १३५
६.१.३ सम्भावना तथा अवसर ........ १३६
६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १३६
६.१.५ कार्यक्रम तथा आयोजना ........ १३८
६.१.६ आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १३८
६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १३९
६.१.८ अनुमान तथा जोखिम पक्ष ........ १४०
**६.२ सडक, पुल तथा यातायात व्यवस्था** ........ १४१
६.२.१ पृष्ठभूमि ........ १४१
६.२.२ समस्या तथा चुनौती ........ १४१
६.२.३ सम्भावना तथा अवसर ........ १४२
६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १४२
६.२.५ कार्यक्रम तथा आयोजना ........ १४४
६.२.६ सडक तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १४५
६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १४६
६.२.८ अनुमान तथा जोखिम पक्ष ........ १४७
**६.३ विद्युत तथा वैकल्पिक ऊर्जा** ........ १४८
६.३.१ पृष्ठभूमि ........ १४८
६.३.२ समस्या तथा चुनौती ........ १४८
६.३.३ सम्भावना तथा अवसरहरू ........ १४८
६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १४९
६.३.५ कार्यक्रम तथा आयोजना ........ १५१
६.३.६ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १५१
६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५२

६.३.८ अनुमान तथा जोखिम पक्ष ........ १५२
**६.४ सूचना तथा सञ्चार प्रविधि** ........ १५३
६.४.१ पृष्ठभूमि ........ १५३
६.४.२ समस्या तथा चुनौती ........ १५४
६.४.३ सम्भावना तथा अवसरहरू ........ १५४
६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति ........ १५४
६.४.५ कार्यक्रम तथा आयोजना ........ १५७
६.४.६ सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १५७
६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १५८
६.४.८ अनुमान तथा जोखिम पक्ष ........ १५९

**परिच्छेद — ७: वन, वातावरण तथा विपद व्यवस्थापन विकास ........ १६०**
**७.१ वन तथा जैविक विविधता** ........ १६१
७.१.१ पृष्ठभूमि ........ १६१
७.१.२ समस्या तथा चुनौती ........ १६१
७.१.३ सम्भावना तथा अवसर ........ १६२
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६३
७.१.५ कार्यक्रम तथा आयोजना ........ १६५
७.१.६ वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १६५
७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १६६
७.१.८ अनुमान तथा जोखिम पक्ष ........ १६७
**७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन** ........ १६८
७.२.१ पृष्ठभूमि ........ १६८
७.२.२ समस्या तथा चुनौती ........ १६८
७.२.३ सम्भावना तथा अवसर ........ १६९
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १६९
७.२.५ कार्यक्रम तथा आयोजना ........ १७१
७.२.६ भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १७१
७.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७२
७.२.८ अनुमान तथा जोखिम पक्ष ........ १७३

**७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन** ........ १७४
७.३.१ पृष्ठभूमि ........ १७४
७.३.२ समस्या तथा चुनौती ........ १७५
७.३.३ सम्भावना तथा अवसर ........ १७५
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ १७६
७.३.५ कार्यक्रम तथा आयोजना ........ १७७
७.३.६ वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १७७
७.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १७८
७.३.८ अनुमान तथा जोखिम पक्ष ........ १७८
**७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता** ........ १७९
७.४.१ पृष्ठभूमि ........ १७९
७.४.२ समस्या तथा चुनौती ........ १७९
७.४.३ सम्भावना तथा अवसर ........ १८०
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना ........ १८०
७.४.५ कार्यक्रम तथा आयोजना ........ १८३
७.४.६ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण ........ १८४
७.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १८४
७.४.८ अनुमान तथा जोखिम पक्ष ........ १८५

**परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र** ........ **१८६**
**८.१ संस्थागत विकास तथा सुशासन** ........ १८६
८.१.१ पृष्ठभूमि ........ १८६
८.१.२ समस्या तथा चुनौती ........ १८७
८.१.३ संभावना तथा अवसर ........ १८७
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति ........ १८८
८.१.५ प्रमुख आयोजना तथा कार्यक्रम ........ १९१
८.१.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण तथा साङ्केतिकरण ........ १९५
८.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका ........ १९९
८.१.८ अनुमान तथा जोखिम पक्ष ........ २०२

**परिच्छेद ९: कार्यान्वयन व्यवस्था ...... २०३**
**९.१ पृष्ठभूमि** ...... २०३
**९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना** ...... २०३
**९.३ विषयक्षेत्रअनुसार अनुमानित बजेट** ...... २०४
**९.४ स्रोत अनुमान तथा प्रक्षेपण** ...... २०६
९.४.१ राजस्व परिचालनको अवस्था ...... २०६
९.४.२ खर्च अवस्थाको विश्लेषण ...... २०७
९.४.३ अपुग स्रोत व्यवस्थापन ...... २०८
**९.५ स्रोत परिचालन रणनीति** ...... २०८
**९.६ आवधिक योजना कार्यान्वयन** ...... २१०
९.६.१ योजना कार्यान्वयन ...... २१०
९.६.२ कार्यान्वयन प्रक्रिया ...... २११
**९.७ अनुगमन तथा मूल्याङ्कन योजना** ...... २१२
९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ...... २१३
९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ...... २१३
९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ...... २१४

## तालिकासूची

तालिका १: बस्तीका आधारमा नगरपालिकाको वडागत विवरण ...... ११
तालिका २: रत्ननगरको भूउपयोगको अवस्था ...... ११
तालिका ३: नगरपालिकाको प्रमुख पर्यटकीय, धार्मिक, ऐतिहासिक र पुरातात्विक स्थलहरू ...... १३
तालिका ४: वडागत जनसङ्ख्या विवरण ...... १४
तालिका ५: उमेर समूह अनुसारको जनसङ्ख्या ...... १५
तालिका ६: पर्यटकीय पूर्वाधारको अवस्था ...... १७
तालिका ७: पेसाको आधारमा जनसङ्ख्याको विवरण ...... १९
तालिका ८: वडागत साक्षरताको अवस्था ...... २०
तालिका ९:शैक्षिक योग्यताका आधारमा जनसङ्ख्याको विवरण ...... २१
तालिका १०: आ.व. २०७९/८० मा क्षमता विकास स्वमूल्याङ्कनमा नगरपालिकाको प्राप्ताङ्क ...... २८
तालिका ११: अपेक्षित परिमाणात्मक उपलब्धि ...... ३९
तालिका १२: आवधिक योजनामा लगानी स्रोतहरू ...... ४६
तालिका १३: नगरपालिकाको आय अनुमान (रु. हजारमा) ...... ४६
तालिका १४: नगर गौरवका प्रस्तावित आयोजनाहरू ...... ४७
तालिका १५: नगर गौरवका प्रस्तावित आयोजनाहरूको स्थान गत विवरण तथा साङ्केतिकरण ...... ४८

तालिका १६: विषयक्षेत्रअनुसार अनुमानित बजेट ........................................ २०४
तालिका १७: राजस्व परिचालनको अवस्था ........................................ २०६
तालिका १८: खर्च बाँडफाँटको प्रक्षेपण........................................ २०७
तालिका १९: अपुग स्रोत व्यवस्थापन ........................................ २०८
तालिका २०: अनुगमन तथा मूल्याङ्कन खाका........................................ २१५

# परिच्छेद -१: आवधिक योजना तर्जुमा प्रक्रिया तथा परिचय

## १.१ पृष्ठभूमि

योजना वर्तमान अवस्थाबाट प्रक्षेपित स्रोत साधन परिचालन गर्ने गरी चाहेको अवस्थामा पुग्न तयार पारिएको दस्तावेज हो । यस्तो योजना बनाउँदा परिदृष्टि (vision) अनुसार निर्धारण गरिएको लक्ष्य बमोजिमको उद्देश्य किटान गरी नतिजा प्राप्त गर्ने अपेक्षा राखिएको हुन्छ । योजनाबद्ध तरिकाले गरिएको प्रयासबाट मात्र कुनैपनि ठाउँको विकास सम्भव हुन्छ र आशातीत नतिजा हासिल हुन्छ ।यसले नेतृत्व तहलाई बढी पारदर्शी र जबाफदेही बनाउनका साथै नतिजामा आधारित भएर विकासको उपलब्धिहरूको समीक्षा गर्न सजिलो हुन्छ। योजना कुनै खास लक्ष्य तथा उद्देश्य हासिल गर्नका लागि प्रणालीबद्ध रूपमा सञ्चालन गरिने क्रियाकलापहरूको एउटा समूह हो। जसले के गर्ने, कति गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने जस्ता प्रश्नहरूको उत्तर दिन्छ। यसमा कुनै खास समय भित्र खास उद्देश्य हासिल गर्नको लागि प्राप्त स्रोत साधनको उचित व्यवस्थापन गरिएको हुन्छ।

विश्वमा योजनाबद्ध विकासको अवधारणा वि.सं. १९८५ तिर (सन् १९२८) मा पूर्व सोभियत सङ्घमा सुरु भएको थियो। तत्कालीन सोभियत सङ्घले पहिलो विकास योजना सुरु गरेको १/२ वर्ष पश्चात् देखा परेको विश्वव्यापी आर्थिक मन्दीले अमेरिका तथा युरोपका अधिकांश राष्ट्रहरूको अर्थतन्त्रलाई ऐतिहासिक क्षति पुऱ्यायो । वि.सं. १९८७ (सन् १९३०) को विश्वव्यापी आर्थिक मन्दी (Great Depression) पछि विश्वका शक्तिसम्पन्न राष्ट्रहरू अमेरिका तथा बेलायतले पनि नियमित योजनाहरूको सुरुवात गरेको पाइन्छ ।

नेपालमा योजनाबद्ध विकासको सोचको शुरूवात वि. स. १९९० पश्चात् भएको भए ता पनि २००७ को राजनीतिक परिवर्तन र २०१२ (सन् १९५५) मा संयुक्त राष्ट्र सङ्घको सदस्यता लिए पश्चात् योजनाबद्ध विकासका क्षेत्रमा अन्तरराष्ट्रिय प्रभावहरू पर्न थालेको हो । फलस्वरूप वि.सं. २०१३ सालमा प्रथम पाँच वर्षे आवधिक योजनाको एकीकृत दस्तावेज तयार गरी कार्यान्वयन शुरू गरियो । नेपालमा हालसम्म १५ वटा आवधिक विकास योजनाहरू सम्पन्न भइ सकेका छन् । कहिले पञ्चवर्षीय त कहिले त्रिवर्षीय आवधिक विकास योजनाहरू नेपालमा कार्यान्वयनमा आएका छन् र हाल सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६) कार्यान्वयनमा रहेको छ । स्थानीय निकायहरूको सन्दर्भमा भने २०१८ पछि विकेन्द्रिकरणको अवधारणा अनुसार स्थानीय निकाय स्थापना र सञ्चालन भएता पनि स्थानीय स्वायत्त शासन ऐन २०५५ र स्थानीय स्वायत्त शासन नियमावली २०५६ लागू भएपछि मात्र योजना तर्जुमा गर्नु पर्ने कानुनी व्यवस्था गरिएको थियो ।

वि.स. २०७२ सालमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नयाँ संविधान जारी भए पश्चात् देश नयाँ राजनीतिक चरणमा प्रवेश गरेको छ । सङ्घीयतालाई विकेन्द्रीकरणको उच्चतम स्वरूपको रूपमा लिने गरिन्छ । नयाँ संविधानले जिम्मेवारी र जबाफदेहीता सहितको अधिकार सम्पन्न स्थानीय तहको (गाउँपालिका नगरपालिका र जिल्ला समन्वय समिति) गठन गरेको छ । संविधान बमोजिम स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्र अनुरूप विकासको लक्ष्य र प्राथमिकता निर्धारण गर्न सक्छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्रभित्र रही आवधिक, वार्षिक, रणनीतिगत र विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । संविधानले आत्मसात् गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको सफल कार्यान्वयन गर्ने तथा नेपाल सरकारको

१६औं पञ्चवर्षीय योजनाले लिइएको “सुशासन सामाजिक न्याय र समृद्धि” को सोच तथा बागमती प्रदेश सरकारको दोस्रो आवधिक योजनामा निर्धारण गरिएको “बागमती प्रदेशको रूपान्तरणः आर्थिक समृद्धि र समतामूलक समाज” सोचलाई साकार पार्ने जिम्मेवारी तीनै तहका सरकारहरूमा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका स्थानीय सरकारका काम, कर्तव्य र अधिकारहरू पुरा गर्न, सङ्घीय सरकारद्वारा जारी दिगो विकासका लक्ष्यहरू र ती लक्ष्यका परिमाणात्मक उद्देश्य सहित सूचकहरू पुरा गर्ने दायित्व पनि संविधानतः तीनै तहका सरकारहरूमा निहित छ । हाल कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्य (२०७२-२०८७)को दस्तावेजले २०८७ (सन २०३०) सम्ममा नेपाललाई न्याय पूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना गरेको छ । उक्त लक्ष्यमा पुग्नका लागि निजी तथा सरकारी क्षेत्रलाई प्रोत्साहित गर्ने र जिम्मेवार बनाउने भूमिका तीनै तहको सरकारको रहेको छ । दिगो विकास लक्ष्यहरू अन्तर्गत १७ वटा लक्ष्यहरू र १६९ वटा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् । यी अधिकार कर्तव्य र जिम्मेवारीले स्थानीय तहको आवधिक योजना तर्जुमालाई थप आवश्यक तथा अपरिहार्य बनाएको छ ।

समग्रमा आवधिक योजना सम्बन्धित स्थानीय तहको आगामी पाँच वर्षको विकासको मार्ग चित्र हो । यसले विकासका प्राथमिकता, आकलित बजेट तथा आम्दानीका सम्भाव्य स्रोतहरू समेतको किटान गरेको हुन्छ । आवधिक योजनाले निर्धारित समयभित्र सम्बन्धित स्थानीय तहको समग्र आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास लगायतका क्षेत्रहरूमा लक्ष्य तथा उद्देश्य निर्धारण गर्दछ । तोकिएको अवधिभित्र परिणाम हासिल गर्न दीर्घकालीन सोच, नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकता पहिचान एवं विकासमूलक गतिविधि सञ्चालनको लागि आवश्यक लागत सहितको स्पष्ट मार्ग चित्र बनाउन सहजीकरण गर्दछ । कुनै पनि ठाउँको आवधिक योजना उक्त ठाउँको हालको अवस्था र प्राप्त भएको र हुन सक्ने स्रोत र साधनलाई समेत मध्यनजर गरी तयार गरिएको हुन्छ । योजना आफैंमा केही महत्त्वकांक्षी हुने भएता पनि आवधिक योजना निर्माण गर्दा SMART अर्थात् (Specific, Measurable, Attainable, Realistic and Time bound) को सिद्धान्तलाई अनुसरण गर्न सकेको खण्डमा परिणाममूखी योजना निर्माण गर्न सहज हुन सक्छ ।

राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको लागि तर्जुमा गरिने योजना दीर्घकालीन (२० देखि २५ वर्ष) को सोच, लक्ष्यमा आधारित हुनु पर्दछ । त्यसको लागि मध्यकालीन (सामान्यतया ५ देखि ७ वर्षको) योजना निर्माण गर्नु आवश्यक हुन्छ भने त्यसको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ । आवधिक योजना कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना निर्माण गर्नुपर्ने प्रावधान पनि नेपालको प्रचलित योजना तर्जुमा पद्धतिमा व्यवस्था गरिएका छ । नेपालका संविधानले स्थानीय तहका अधिकार तथा जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसूची ८ (एकल अधिकार) र अनुसूची ९ (साझा अधिकार) मा गरेको छ । स्थानीय तहका जिम्मेवारीहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विस्तृत रूपमा उल्लेख गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो दफाको उपदफा १ मा नगरपालिका तथा नगरपालिकाहरूले आफ्ना अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन, दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ भन्ने उल्लेख गरिएको छ । नगरपालिका क्षेत्रको समष्टिगत आर्थिक तथा सामाजिक विकासका लागि लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र उपलब्धि हासिल गर्न उपयुक्त

सिद्धान्त, नीति, रणनीति तथा प्राथमिकताहरू पहिचान एवं परिभाषित क्रियाकलापहरू सहितको मार्ग चित्रनै आवधिक योजना हो ।

राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा हरेक स्थानीय तहले विकासका क्रियाकलापहरू अघि बढाउनु पूर्व वार्षिक तथा आवधिक योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय तह, प्रदेश र सङ्घले तयार गर्ने योजनामा एकरूपता आउने गरी योजना निर्माण गर्न र स्थानीय तहले आवधिक योजना तर्जुमा गर्न सहज होस भन्ने उद्देश्यले सबै स्थानीय तहको एउटै योजना खाकाको व्यवस्था गरेको छ। यस दिग्दर्शनमा स्थानीय तहले योजना तयार गर्दा संलग्न गर्नुपर्ने विषयवस्तुलाई स्पष्ट रूपमा समावेश गरेको छ । नेपाल सरकारको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) र बागमती प्रदेश सरकारको पहिलो आवधिक योजना (२०७६/०७७-२०८०/०८१) कार्यान्वयन भइसकेको सन्दर्भमा स्थानीय सरकारहरूले नेपाल सरकारको १६ औं पञ्चवर्षीय योजना (२०८१/८२-२०८५/८६) र बागमती प्रदेशको दोस्रो आवधिक योजनालाई समेत ध्यान दिँदै आ-आफ्ना आवधिक योजना निर्माणको प्रक्रियालाई अघि बढाएको अवस्था छ । यही परिवेश र कानुनी प्रावधानमा समस्त नगरबासीको विकासको आकांक्षा पुरा गर्न रत्ननगर नगरपालिकाद्वारा आफ्नो भौगोलिक क्षेत्र भित्रको समग्र विकासका दिशा निर्दिष्ट गर्ने उद्देश्यले सहभागिता मूलक योजना तर्जुमा प्रक्रिया पद्धति बमोजिम बस्ती, वडा हुँदै नगरसभा तथा कार्यालयमा कार्यरत कर्मचारी, क्रियाशिल राजनैतिक दलका प्रमुख वा प्रतिनिधिहरू तथा अन्य स्थानीय सरोकारवाला पक्षको सहभागितामा पहिलो आवधिक योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरिएको छ ।

यो योजना रत्ननगर नगरपालिकाको समग्र विकासको रणनीतिक योजना सहितको मार्ग चित्र (Strategic and Indicative Planning Framework) हो । जसले नगरपालिकालाई मध्यकालीन, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न र प्राथमिकताका क्षेत्रहरू निर्धारण गरी स्रोत विनियोजन एवं स्रोत परिचालन गर्ने आधार दस्तावेजको रूपमा काम गर्ने अपेक्षा गरिएको छ ।

## १.२ आवधिक योजना तर्जुमाको उद्देश्य

नगरपालिकाको नेतृत्वमा योजनाबद्ध विकासका लागि सरकारी, गैर-सरकारी, सहकारी समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई गोलबद्ध गरी एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु यो योजना आवधिक योजना आ.व.२०८१/०८२-२०८५/०८६) तर्जुमाको प्रमुख उद्देश्य हुनेछ । योजना तर्जुमाका सहायक तथा निर्दिष्ट उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

- स्थानीय तहले दीर्घकालीन सोच तयार गरी सोही सोच पुरा गर्न रणनीति तथा कार्य नीतिका आधारमा अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन योजनाहरू सहभागिता मूलक पद्धतिका आधारमा छनोट गर्नु,
- योजनाबद्ध, नतिजा मूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- छनोट गरिएका योजनाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने लागतको प्रक्षेपण र स्रोत विश्लेषण गरी स्रोत सहभागिताको आकलन गर्नु,

- विकासमूलक गतिविधिहरू एकीकृत तरिकाले नगरपालिकाको नेतृत्वमा एक द्वार प्रणाली अनुसार सञ्चालन गर्नु,
- प्राथमिकता प्राप्त योजना र क्रियाकलापहरूमा लगानी सुरक्षित गर्न मध्यकालीन खर्च संरचना तयार गर्न र विकास साझेदार तथा निजी क्षेत्रको लगानी प्रवर्द्धनका लागि मार्ग प्रशस्त गर्नु ।

## १.३ योजना तयारीको कानुनी आधार

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन विकास र समृद्धिको आकाङ्क्षा पुरा गर्ने अठोट सहित नागरिकका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र नीति तथा कार्यक्रमले स्थानीय तहको विकासको गतिलाई मार्गदर्शन गर्दछ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ दफा २४ (१) मा भनिएको छ - “स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने छ” । स्थानीय सरकारले आफ्नो योजना तर्जुमा गर्दा सङ्घीय सरकार, प्रदेश सरकारको सोच, उद्देश्य, लक्ष्य, नीति तथा कार्यक्रम र समय सीमासँग समायोजन हुने गरी सुशासन, वातावरण, बाल मैत्री, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा अनुकूलन, विपद् व्यवस्थापन जस्ता अन्तर सम्बन्धित विषयहरूका अतिरिक्त स्थानीय स्रोत साधन र जन अपेक्षालाई आधार बनाउने गरिन्छ । नगरपालिकाको यस आवधिक विकास योजना तर्जुमा गर्दा निम्नअनुसारका दस्तावेजहरूको आधार लिइएको थियो ।

- ✓ नेपालको संविधान,
- ✓ स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- ✓ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- ✓ राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- ✓ नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६/०७७-२०८०/०८१)
- ✓ नेपाल सरकारको सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/०८६)
- ✓ बागमती प्रदेशको प्रथम आवधिक विकास योजना (२०७६/०७७-२०८०/०८१)
- ✓ बागमती प्रदेशको दोस्रो आवधिक विकास योजना (२०८१/०८२-२०८५/०८६)
- ✓ दिगो विकासका लक्ष्यहरू
- ✓ स्थानीय सरकारको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरू
- ✓ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- ✓ सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय र अन्तरसम्बन्ध सम्बन्धी ऐन, २०७७
- ✓ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- ✓ विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति
- ✓ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
- ✓ रत्ननगर नगरपालिकाले तयार पारिएका वार्षिक योजना, ऐन कानुन तथा अन्य दस्तावेजहरू, वार्षिक नीति तथा कार्यक्रमहरू तथा प्रतिवेदनहरू
- ✓ स्थानीय स्तरमा क्रियाशिल राजनैतिक दलका घोषणापत्र, नीति तथा कार्यक्रमहरू

- ✓ स्थानीय तहको आन्तरिक राजस्वको अवस्था
- ✓ सङ्घीय सरकार तथा प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने बजेट सिलिङ
- ✓ नेपाल सरकारले अन्तरराष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता र प्रतिबद्धताहरू

## १.४ आवधिक योजना तर्जुमा प्रक्रिया

स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासका प्रतिफलमा "कसैलाई पनि पछि पारिने छैन" भन्ने सिद्धान्तमा आधारित र विकासका परिणाम समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू आवधिक योजनामा समेटिने गरेर योजना तर्जुमा प्रक्रियालाई अगाडि बढाइएको थियो । यसर्थ, दिगो विकास लक्ष्यहरू निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरूले नतिजामा आधारित आवधिक तथा वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले रत्ननगर नगरपालिकाको यो प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको हो । राष्ट्रिय योजना आयोगबाट स्थानीय तहको लागि जारी गरिएको आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुसार सम्पूर्ण आवधिक योजना तर्जुमाको कार्य सम्पादन गर्ने गरी कार्यक्षेत्रगत सर्तहरूको आधारमा आवधिक योजनाका प्रक्रियाहरूलाई अगाडी बढाइएको हो । योजनालाई बढी सहभागिता मूलक, यथार्थ परक, कार्यान्वयन योग्य र सर्व स्वीकार्य गराउन देहायका प्रक्रिया तथा विधिहरू अवलम्बन गरिएको छ ।

### १.४.१ सन्दर्भ सामग्रीहरूको अध्ययन

रत्ननगर नगरपालिकाको आवधिक विकास योजना तर्जुमाका लागि प्रमुख दस्तावेजहरूमा सोह्रौं पञ्च वर्षीय योजना, दिगो विकास लक्षहरू, बागमती प्रदेशको दोस्रो आवधिक योजना, नेपालको संविधान, स्थानीय तहको योजना दिग्दर्शन २०७८, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४, विद्यमान राष्ट्रिय, प्रादेशिक र स्थानीय विभिन्न नीतिहरू, भू-उपयोग नीति २०७२ रत्ननगर नगरपालिकाको नीति, कार्यक्रम तथा बजेट सम्बन्धी जानकारी तथ्याङ्क तथा नक्साहरूको अध्ययन गरिएको छ । यसका अतिरिक्त रत्ननगर नगरपालिकामा हाल आबद्ध साबिक गाउँ विकास समितिका सूचनाहरू अध्ययन गरिएको छ । साथै यो योजना तयार पार्दा रत्ननगर नगरपालिकाबाट प्राप्त तथ्याङ्कहरू तथा प्रतिवेदनहरू सङ्कलन गरी ती तथ्याङ्क तथा केन्द्रीय तथ्याङ्क विभागबाट प्राप्त सूचनाहरूलाई अध्ययन तथा विश्लेषण गरिएको छ ।

### १.४.२ अभिमुखीकरण तथा तयारी कार्यशाला गोष्ठी

रत्ननगर नगरपालिकाको आवधिक विकास योजना तर्जुमा कार्य तयारी चरणमा जनप्रतिनिधिहरू, विभिन्न महाशाखा/शाखामा कार्यरत कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न सङ्घसंस्था तथा समूहका प्रतिनिधि, शिक्षक, बुद्धिजीवीहरू, उद्योगी व्यावसायिक लगायत स्थानीय सरोकारवालाहरू सहभागी प्रारम्भिक गोष्ठी लगायतका छलफलहरू २०८१जेष्ठ २६ गते दिन सञ्चालन गरिएको थियो । गोष्ठीमा आवधिक योजनालाई व्यापक जनसहभागिताका आधारमा जन अपेक्षा तथा वास्तविकता अनुसार तोकिएको समयभित्र प्रचलित कानुन तथा आवधिक योजना तर्जुमा दिग्दर्शन पहिलो संशोधन २०७८ को २.४.१ (आवधिक योजना तर्जुमा निर्देशक समिति) मा भएको व्यवस्था अनुसार योजना तर्जुमाको समग्र प्रक्रियालाई सहयोग, निर्देशन र समन्वय गर्न नगरपालिकाको प्रमुख श्री प्रलाद सापकोटा ज्यूको अध्यक्षतामा एक आवधिक योजना तर्जुमा निर्देशक समिति

गठन गरिएको थियो । दिग्दर्शन २०७८ को २.४.३ अनुसार आवधिक योजना तर्जुमा सम्बन्धी कार्यशाला व्यवस्थापन, सञ्चालन र सहजीकरण तथा योजना तर्जुमा कार्यशालाको छलफल, निष्कर्ष तथा उपलब्धिहरूलाई अभिलेखीकरण गरी आवधिक योजनाको दस्तावेज लिपिबद्ध गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा एक संयोजन तथा सहजीकरण समिति गठन गरिएको थियो । आवधिक योजनाका विभिन्न प्रक्रियाहरू पुरा गरी चरण बद्ध रूपमा तयारी, विश्लेषण, योजना तर्जुमा र स्वीकृति गरी चार चरण (तयारी चरण, विश्लेषण चरण, योजना तर्जुमा चरण र स्वीकृति चरण) मा १५ कार्यहरू पुरा गर्ने प्रयोजनमा मार्गदर्शन गर्नका लागि देहाय बमोजिमको एक आवधिक योजना तर्जुमा कार्यतालिका तथा जिम्मेवारी कार्यशाला गोष्ठीबाट स्वीकृत गरी कार्यान्वयन गर्ने निर्णय भएको थियो । उक्त गोष्ठीमा विकासका ५ वटा क्षेत्र तथा १९ वटा उपक्षेत्रमा पाँच वर्षे आवधिक योजनामा बजेटको आकार निर्धारण गर्ने कार्य समेत गरिएको थियो ।

### १.४.३ शाखागत तथ्याङ्क सङ्कलन तथा जि.आई.एस. नक्सा

आवधिक योजना तर्जुमा लागि नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा संस्थागत विकास सम्बन्धी आधारभूत तथ्याङ्क सङ्कलनका लागि नगरपालिकाका विषयगत शाखाहरूबाट उपलब्ध क्षेत्रगत तथ्याङ्क सङ्कलन गरिएको छ । विषय विज्ञद्वारा नगरपालिकाको स्रोत नक्सा तयारी, भू-व्यवस्थापन तथा गौरवका आयोजना कार्यान्वयन गर्ने सम्भावित क्षेत्रको नक्साङ्कनका लागि GIS Mapping गरिएको छ । तथ्याङ्क सङ्कलन तथा GIS Mapping को उद्देश्य नगरपालिकाको भौतिक, आर्थिक, सामाजिक, वातावरण लगायत सम्पूर्ण भू-संकेत तथा सूचना सङ्कलन गर्ने रहेको छ । यसले नगरपालिकाले आवधिक योजनामा क्षेत्रगत रूपमा अपनाउनु पर्ने लक्ष्य, उद्देश्य रणनीति तथा कार्यनीतिको आधार तयार गरेको छ ।

### १.४.४ वडागत योजना तर्जुमा गोष्ठी सञ्चालन

वडाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, विद्यालयका प्रधानाध्यापक लगायतका शिक्षक कर्मचारीहरू, स्थानीय बुद्धिजीवीहरू, उद्योगी तथा व्यवसायीहरू लगायत गैर-सरकारी सङ्घ/संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा वडा कार्यालयमा सहजीकरण टोली मार्फत २०८१ असार ११ गते देखि २१ गते सम्म १/१ दिने योजना तर्जुमा गोष्ठी १६ वटै वडामा सञ्चालन गरिएको थियो । वडा कार्यालयमा वडा अध्यक्षको अध्यक्षता, राजनैतिक दलको सक्रिय सहभागिता, स्थानीय बासीको व्यापक उपस्थितिमा बस्ती तथा वडाका योजनाहरू सङ्कलन गर्ने कार्य सम्पन्न गरिएको थियो । प्रत्येक गोष्ठीमा ३०-७० जना स्थानीय सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

### १.४.५ तथ्याङ्क प्रमाणीकरण

आवधिक योजना तर्जुमा गर्न नगरपालिकामा सञ्चालन गरिएको गोष्ठीमा नगरपालिकाको वस्तुगत विवरणमा उल्लेख भएका तथ्याङ्कहरूलाई विषयगत समितिहरूमा छलफल गरी योजनामा संलग्न गरिएका प्रमुख सूचकहरू समेत निर्धारण गरिएको थियो ।

### १.४.६ अवसर, समस्या तथा चुनौतीहरूको पहिचान

नगरपालिकाको आवधिक योजना तर्जुमा पूर्व रत्ननगर नगरपालिकाको विद्यमान समस्या तथा चुनौतीहरू र अवसरहरूको पहिचान गर्न हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास

क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास तथा सुशासन क्षेत्रमा छुट्टाछुट्टै अध्ययन गरी विश्लेषण गरिएको थियो।

### १.४.७ क्षेत्रगत उद्देश्य, रणनीति कार्य नीति तथा प्राथमिकता निर्धारण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा हरेक विषयगत क्षेत्रहरू आर्थिक विकास क्षेत्र, सामाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र र संस्थागत विकास सुशासनका उपक्षेत्रहरूको छुट्टाछुट्टै क्षेत्रगत उद्देश्य, रणनीति, कार्य नीति सहित प्राथमिकता निर्धारण गर्ने कार्य भएको थियो । यसका साथै सबै विषयगत उपक्षेत्रहरूको नतिजा सूचक पनि निर्धारण गरिएको थियो ।

### १.४.८ दीर्घकालीन सोचको निर्क्योल

नगरपालिकाको पहिलो आवधिक योजनाको दीर्घकालीन सोच निर्क्योल गर्न मिति २०८१ साल जेष्ठ २६ गते आयोजना गरिएको गोष्ठीमा सबै सरोकारवालाहरू सँग अन्तरक्रियाको माध्यमद्वारा सहभागीहरूको सक्रिय सहभागितामा छलफल अघि बढाइएको थियो । उक्त गोष्ठीमा सर्वसम्मत रूपमा दीर्घकालीन सोच पारित गरी सोही सोचका आधारमा पाँच वर्षे आवधिक योजनाका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरिएको थियो । उक्त गोष्ठीमा सर्वसम्मत रूपमा नगरपालिकाका गौरवका आयोजनाहरूको समेत छनौट गरिएको थियो ।

### १.४.९ मस्यौदा प्रतिवेदन लेखन तथा प्रेषण

आवधिक योजना तर्जुमाका सम्पूर्ण चरणहरू पुरा गरी विज्ञ समूहले नगरपालिकाबाट प्राप्त सूचना तथा तथ्याङ्कका आधारमा मस्यौदा प्रतिवेदन तयार गरी आवश्यक सुधार तथा सुझावका लागि नगर कार्यपालिकाको कार्यालयमा प्रेषण गर्ने कार्य भएको थियो । नगरपालिकाका सरोकालाहरूबाट प्राप्त सुझाव तथा पृष्ठपोषणलाई संलग्न गरी तोकिएको समयावधिभित्र अन्तिम प्रतिवेदन नगरपालिकाको कार्यालयमा प्रेषण गरिएको छ ।

## १.५ आवधिक योजनाका विशेषताहरू

यस आवधिक योजना बढी भन्दा बढी यथार्थपरक र सबैको अपनत्व अभिवृद्धि हुनेगरी तयार पारिएको छ । यस आवधिक योजनाका प्रमुख विशेषताहरू यसप्रकार रहेका छन् ।

- यस योजना सहभागीतामूलक पद्धति (Participatory Approach) अवलम्बन गरी तयार पारिएको छ । विभिन्न वडाका विभिन्न लक्षित समुदायसँग समेत छलफल गरी योजना तर्जुमा प्रक्रियामा समुदाय स्तरसम्मका सहभागिता सुनिश्चित गरिएका छ । कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूका सहभागितामा पटक-पटक छलफल, अन्तरक्रिया गरी सर्वसम्मत ढङ्गले सहमति गर्दै योजना दस्तावेज तयारी गरिएका हो ।
- योजना Bottom up Approach मा तयार पारिएको छ ।
- आगामी पाँच वर्ष पछिको नगरपालिकाको अपेक्षित चित्र/अवस्था हासिल गर्ने तर्फ दिशानिर्देश गर्ने प्रयास गरिएका छ ।
- नेपाल सरकारका १६औं पञ्च वर्षीय योजना तथा बागमती प्रदेशको आवधिक योजनाले परिकल्पना गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ ।

- उपलब्ध तथ्याङ्कहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equity and social Inclusion-GESI) को अवधारणालाई आत्मसाथ गरिएका छ ।
- स्थानीय तह सञ्चालन सम्बन्धी सङ्घीय कानुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ /नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्न सक्ने विषयहरू समेत तोकेको छ । यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरू समेतलाई ध्यान दिइएको छ ।
- यस आवधिक विकास योजनाको तर्जुमा नतिजामूलक योजना तर्जुमा पद्धतिमा आधारित भएर गरिएको छ । हरेक क्षेत्रको प्रभाव, असर, प्रतिफल, हालका अवस्था तथा आगामी पाँच वर्ष पछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिएको छ । योजनाका अनुगमन, मूल्याङ्कनका क्रममा यी सूचकहरूलाई आधार मानिएको छ । आयोजना तथा कार्यक्रमको तेस्रो पक्षद्वारा गरिने अनुगमन तथा मूल्याङ्कनमा समेत यी सूचकहरू प्रयोग गर्न उपयुक्त हुनेछ ।
- नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएका दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने जिम्मेवारी स्थानीय सरकारको पनि भएकाले यसको कार्यान्वयनमा सहयोग पुग्ने गरी यस आवधिक विकास योजना निर्माण गरिएको छ ।
- रत्ननगर नगरपालिकाको सन्तुलित विकासलाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्रतिफलहरू, सूचकहरू, तदनुसारका मुख्य-मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू पहिचान गर्ने तथा सोको लागि आवश्यक बजेटका अनुमान गरिएको छ ।


## १.५ अध्ययनका सीमाहरू

यो आवधिक विकास योजना विशेष गरी नगरपालिकाको सम्बन्धित शाखाले उपलब्ध गराएको तथ्याङ्क, विभिन्न कार्यशालाहरूबाट प्राप्त जानकारी तथा सुझावहरूलाई आधार मानेर तयार गरिएको छ । यसका अतिरिक्त केन्द्रीय तथा प्रादेशिक तहका सरकारका प्रकाशनहरूलाई पनि यस योजना निर्माण प्रक्रियामा सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ । नगरपालिकाको आवधिक योजना तर्जुमाको लागि राष्ट्रिय योजना आयोगबाट उपलब्ध स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा व्यवस्था भए बमोजिमका तथ्याङ्कहरू र सहभागिता मूलक कार्यशाला तथा छलफलबाट उपलब्ध तथ्यहरूको आधारमा विश्लेषण गरिएको छ । योजना तर्जुमाका क्रममा राष्ट्रिय जनगणना २०७८, नगरपालिकाका विभिन्न शाखाबाट प्राप्त तथ्याङ्क तथा अन्य स्रोतबाट प्राप्त तथ्याङ्कलाई प्रयोग गरिएको छ । वडा स्तरीय कार्यशालामा सहभागीहरूको धारणालाई प्रतिनिधि मूलक रूपमा आवधिक योजनामा समावेश गरिएको छ । नगरपालिकाको समग्र विकासमा स्थानीय तह, सङ्घ तथा प्रदेश सरकारको साथै गैर सरकारी सङ्घ-संस्था, सहकारी एवं स्थानीय समुदायमा संस्था र विकास साझेदारको सहयोगमा संभावित कार्यक्रमलाई पनि समावेश गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत,नगरपालिकामा सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण र अन्य स्रोतबाट गरिने कार्यक्रमहरू आवधिक योजनासँग तादाम्यता गराइएको छ । आवधिक योजना तर्जुमा गर्दा अन्तर निकाय योजनाको बीचमा अन्तर सम्बन्ध कायम गर्ने प्रयास गरिएको छ ।

# परिच्छेद २ः विद्यमान विकासको स्थिति र उपलब्धिको समीक्षा

## २.१ नगरपालिकाको परिचय

यस नगरपालिकाको विभिन्न क्षेत्रको नामाकरण कसरी भयो भन्ने सम्बन्धमा भिन्न-भिन्न किम्बदन्ती रहेको पाइन्छ। त्रेता युगमा श्रीकृष्णले गोकुलबाट गाई चराउन ल्याउने क्रममा जमिनमा लौराले घोचेर जल निकाली खुवाएको र बढी भएको पानी जम्मा भई घोल भएकोले लौरी घोल भएको भन्ने भनाइ छ । यसै लौरी घोलको पानी नै धेरै पछि सम्म वरपरका बासिन्दाले खानेपानी र नुहाउने तथा कपडा धुने कार्यका लागि प्रयोग गर्दै आएको पाइन्छ । त्यस्तै अर्को किम्बदन्ती अनुसार शिव पुराणमा अग्निको पत्नी रतिले यसै ठाउँमा शिवको ध्यान गरी वरदान अनुसार आफ्नो पति पाइ इच्छा सिद्ध भएकोले उनैको नामको स्मृतिमा रत्ननगर रहेको भन्ने झीनो मत समेत रहेको छ । टाँडीको नामले परिचित यस क्षेत्र तत्कालीन महारानी रत्न राज्यलक्ष्मी शाहको भ्रमण पछि तत्कालीन देवौली नगर पञ्चायतको नाम रत्ननगर नगर पञ्चायतमा परिवर्तन भएको पाइन्छ । रत्ननगर नगरपालिकाको स्थापना हुँदा अन्य गा.वि.स गाभिए ता पनि रत्ननगर नाम नै प्रचलित रहयो। शुरुमा यहाँ थारू जातिको बसोबास रहेको थियो । औलो लाग्ने भएकोले अन्य समुदाय यहाँ बसोबास गर्दैनथे। पछि जङ्गल फँडानी भएर औले उन्मूलन हुन थाले पछि मात्र अन्य जिल्ला बाट विभिन्न जात जातिहरू बसाइ सरी बसोबास गर्न थालेको पाइन्छ। हाल रत्ननगर नगरपालिकामा पनि नेपालका प्रायः सबै जिल्लाका मानिसहरू बसोबास गर्दछन् । यस क्षेत्रमा यहाँका रैथाने आदिवासी जनजाति भन्दा अन्य स्थानबाट आएका जात जातिको बाहुल्यता रहेको छ । भिन्न भिन्न जात जाति भाषा भाषीको बाहुल्यता रहेता पनि सबै समुदाय बीच पारस्परिक र आत्मीय सम्बन्ध रहि आएको छ ।





चित्र रत्ननगर नगरपालिकाको नक्सा

## २.१.१ भौगोलिक स्थिति भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

रत्ननगर नगरपालिका विश्व मानचित्रमा ८४०२८'४" देखि ८४०३३'५०" पूर्वी देशान्तरसम्म र २७०३२'५५" देखि २७०४०' ५२" उत्तरी अक्षांससम्म फैलिएको छ । यो नगरपालिका समुद्री सतहबाट १८१ मिटर देखि २१४ मिटर सम्मको उचाइमा अवस्थित छ । होचो मैदानी क्षेत्र भएकोले यहाँको सम्पूर्ण जमिन कृषिको लागि अति उत्तम मानिन्छ । यस नगरपालिकाको क्षेत्रफल ६८.६७ व.कि.मी. छ । भित्री मधेशको समतल मैदानमा रहेको यो नगरपालिकामा चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको केही वन क्षेत्र र खोला किनार बाहेक सम्पूर्ण भाग खेती र आवादिले ढाकिएको छ ।

राजनीतिक तथा प्रशासनिक अवस्थिति अनुसार यो नगरपालिका चितवन जिल्लाको निर्वाचन क्षेत्र नं. १ ख मा पर्दछ । यसको पूर्वमा चितवन जिल्लाको खैरहनी नगरपालिका, पश्चिममा भरतपुर महानगरपालिका र चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमा कालिका नगरपालिका र दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज पर्दछन् । सङ्घीय संरचना पछि यसलाई १६ वटा वडामा विभाजन गरिएको छ । यस नगरपालिकाको प्रशासनिक कार्यालय वडा नं. १, बकुल्लर चोक टाँडीमा पूर्व पश्चिम राजमार्गको दक्षिणमा छ । टाँडी यहाँको प्रमुख व्यापारिक केन्द्र साथै ठूलो बजार क्षेत्र हो भने सौराहा प्रमुख पर्यटकीय गन्तव्य हो ।

बागमती प्रदेश अन्तर्गतको चितवन जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित रत्ननगर नगरपालिकाको स्थापना २०५३/१०/११ म साबिकको रत्ननगर गा.वि.स र पञ्चकन्या गा.वि.स. मिलाएर गरिएको हो । वि.सं. २०७२



Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

को सङ्घीय गणतन्त्रात्मक संविधान अनुसार स्थानीय तह निर्माण गर्दा यसमा पिठुवा र बछौली गा.वि.स. लाई समावेश गरी अहिलेको नगरपालिका बनाइएको हो । पूर्व पश्चिम राजमार्गले बीचबाट चिरेको यो नगरपालिका सुविधायुक्त र सुगम नगरपालिका हो । पर्यटकीय गन्तव्यको लागि नेपालकै तेस्रो स्थानमा रहेको चितवन

राष्ट्रिय निकुञ्जसँगै रहेको सौराहा यसै नगरपालिकामा पर्दछ । हाल यस नगरपालिकाको संरचना यस प्रकार रहेको छ ।

**तालिका १: बस्तीका आधारमा नगरपालिकाको वडागत विवरण**

| वडा नं | क्षेत्रफल वर्ग कि.मि. | मुख्य बस्तीहरू | वडा केन्द्र |
|---|---|---|---|
| १ | १.५३ | निपनी, भक्तिनी बगैंचा, बिर्ता, बकुल्लहर, सौराहाचोक | बकुल्लहर |
| २ | ०.९५ | अनामनगर, हाइस्कुल रोड, सिनेमा रोड, अस्पताल रोड, नविन चौक | टाँडी |
| ३ | ३.७८ | बेल्सी, बन्सी, हाजीपुर, शान्तिचोक, लौरीघोल | बेल्सी |
| ४ | ३.८५ | देवौली, भोकाह | भोकाह |
| ५ | ५.०४ | जनकौली, झुवानी, टरौली, सुन्दर बस्ती, पपनरी | झुवानी |
| ६ | ८.७४ | सौराहा, दोरंगी, बछौली, हात्तीसार | बछौली |
| ७ | ५.१५ | बद्रहनी, मालपुर, सिसवार, ओदार, पडरिया | मालपुर |
| ८ | ३.७६ | चित्र सारी, मनहरा, बाघ मारा, हर्दी, पारी बाघ मारा, नर कटिया | बाघ मारा |
| ९ | ५.६४ | मोहना, लाल पर्सा, भेडी, कपरफोरी, शिशै, भानु चोक | टिकौली |
| १० | २.२१ | टिकौली, पर्सौनी, बैरीया, निपनी, बकुलहर, भानुचोक | स्वर्णिम टोल |
| ११ | ६.०७ | मङ्गल पुर, गैरी गाउ, कृष्ण मन्दिर, जिरौना | जिरौना |
| १२ | ३.९४ | सालघारी, घेघौली, जमुनापुर, जिरौना, बागदेवी | जमुनापुर |
| १३ | ४.५६ | माधव पुर, अमिलिया, लौरी घोल, जय मंगला, बालुवाटार | जय मंगला |
| १४ | ५.८ | खनाल टोल, गुरुङ टोल, पारिजात चोक, वैकुण्ठ, स्वाभिमानी टोल, सुन्दरबस्ती | लालीगुराँस टोल |
| १५ | ३.०१ | माधव पुर, पाञ्चायन, नमुना टोल, सूर्योदय, विन्देश्वरी, ज्ञानोदय | माधव पुर |
| १६ | ४.६ | ध्रुव चोक, कुँवर, रायमाझी टोल, दोबाटो, पिठुवा, सृजना, पाखोवारि टोल, हात्ती गाडे | पिठुवा |
| **जम्मा** | ६८.६७ | | |


भू-उपयोगका हिसाबले पालिकाले ओगटेको क्षेत्रफललाई निम्न अनुसार वर्गीकरण गरिएको छ ।यस पालिकाको सबै भन्दा धेरै क्षेत्रफल कृषि क्षेत्रको रहेको पाइन्छ । दोस्रोमा आवास र तेस्रोमा वन तथा चरन क्षेत्र रहेको छ । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका २: रत्ननगरको भूउपयोगको अवस्था**

| क्र.स. | विवरण | क्षेत्रफल (व. कि. मि) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि क्षेत्र | २६.५४ | ३८.४८ |
| २ | वन तथा चरन क्षेत्र | १०.१४ | १४.७० |
| ३ | आवास क्षेत्र | १०.८७ | १५.७६ |
| ४ | नदि नालाले ओगटेको क्षेत्र | ५.३३ | ७.७३ |
| ५ | ताल तलैया | २.७४ | ३.९७ |

| क.स. | विवरण | क्षेत्रफल (व. कि. मि) | प्रतिशत |
|---|---|---|---|
| ६ | सिमसार क्षेत्र | ४.३० | ६.२४ |
| ७ | औद्योगिक क्षेत्र | १.५५ | २.२३ |
| ८ | सडकले ओगटेको क्षेत्र | ४.८४ | ७.०६ |
| ९ | अन्य | २.३६ | ३.४२ |
| | **जम्मा** | **६८.६७** | **१००** |


स्रोतः रत्ननगर नगरपालिका




## २.१.२ प्राकृतिक तथा सांस्कृतिक सम्पदा

### हावापानी

उष्ण (Tropical) तथा उपोष्ण (Sub - Tropical) हावापानी भएको यस नगरपालिकामा बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशीतोष्ण हुन्छ भने मंसीर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्दछ । गर्मी याममा यहाँको तापक्रम औसत अधिकतम ३९ डिग्री सेल्सियस सम्म पुग्छ भने हिउँदमा न्यूनतम १२ डिग्री सेल्सियस सम्म पुग्दछ । औसत वर्षा २२६७ मि. मि. मापन गरिएको छ ।




**नदी तथा खोलानालाहरू**

कयर खोला, खगेरी खोला, बुढी रापती, रासी जस्ता खोलाहरूले सिँचाइ र नदी जन्य निर्माण सामाग्रीहरू ढुङ्गा, गिटी, बालुवा उपलब्ध गराएका छन् । पञ्च नदी, लौरी घोल मूल पिउने र सिँचाइ दुवै प्रयोजनको लागि उपयोगी छन् । यस्तै चितवन राष्ट्रिय निकुञ्ज र यसको वरिपरिको घना जङ्गल र यस भित्रको जैविक विविधता यहाँको अर्को महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । यसैको कारण रत्ननगर नगरपालिका देशकै तेस्रो पर्यटकीय गन्तव्य बनेको छ ।

**धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्त्वका स्थलहरू**

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहु जातीय, बहुभाषिक, बहु धर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा सांस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रूपमा सु परिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समुच्च विश्व नै एउटा गाउँको रूपमा परिणत हुँदै गइरहेको वर्तमान अवस्थामा नेपालले यस्ता सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्याधिक लाभ लीन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैँमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ पालिकाका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ  साथै सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको सङ्ख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

तालिका ३: नगरपालिकाको प्रमुख पर्यटकीय, धार्मिक, ऐतिहासिक र पुरातात्विक स्थलहरू

| क्र.स. | पर्यटकीय स्थल | वडा नं. | पर्यटकीय स्थलको महत्त्व |
|---|---|---|---|
| १ | चितवन राष्ट्रिय निकुञ्ज | ६,७ | जङ्गली जनावर गैंडा बाघ |
| २ | सामुदायिक वनहरू | ६,७,८,९,११ | दुर्लभ वन्यजन्तुको वासस्थान |
| ३ | बीस हजारी ताल | ९ | सिमसार क्षेत्र एवम् दुर्लभ चराको वासस्थान |
| ४ | चित्रसेन बाबा मन्दिर | ८ | ऐतिहासिक महत्त्व रहेको |

| क्र.स. | पर्यटकीय स्थल | वडा नं. | पर्यटकीय स्थलको महत्त्व |
|---|---|---|---|
| ५ | हरिहर मन्दिर क्षेत्र | १ | धार्मिक महत्त्व |
| ६ | कृष्ण प्रणामी मन्दिर | १० | धार्मिक महत्त्व |
| ७ | जिरौना कृष्ण मन्दिर, धर्मधाम | ११ | धार्मिक महत्त्व |
| ८ | जैविक विविधता सूचना केन्द्र, | १० | वन्यजन्तु तथा प्राकृतिक सम्पदाको विषयमा |
| ९ | थारू संग्रहालय | ६ | थारू जातीको परम्परागत सामाग्री |
| १० | हात्ती प्रजनन केन्द्र | ७ | हात्तीको वासस्थान |

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना, २०७८ अनुसार रत्ननगर नगरपालिकाको जम्मा परिवार सङ्ख्या २२४०३ र जनसङ्ख्या ८९,९०५ रहेको छ । जस मध्ये पुरुष ४३५३१ (४८.४२ प्रतिशत) र महिला ४६३७४ (५१.५८ प्रतिशत) रहेका छ । राष्ट्रिय जनगणना, २०६८ जनसङ्ख्या ६९८५१ को तुलनामा यो सङ्ख्या २००५४ ले बढि छ र वार्षिक जनसङ्ख्या वृद्धि दर २.४२ प्रतिशत छ । बाहिरबाट बसाइँ सरी आउने सङ्ख्याको कारण यहाँको जनसङ्ख्या वृद्धि दर राष्ट्रिय औसत जनसङ्ख्या वृद्धि दर १.०२ प्रतिशत भन्दा माथि छ । जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसङ्ख्या) १३०९ जना प्रति वर्ग किलोमिटर रहेको छ । रत्ननगर नगरपालिकाको वडागत जनसङ्ख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसङ्ख्या भएको वडा नं १३ रहेको छ भने सबैभन्दा थोरै जनसङ्ख्या वडा नं ५ मा रहेको छ । नगरपालिकाको वडागत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४: वडागत जनसङ्ख्या विवरण**

| वडा नं. | परिवार सङ्ख्या | महिला | पुरुष | जम्मा सङ्ख्या | वडाको प्रतिशत |
|---|---|---|---|---|---|
| १ | १४२८ | २८८९ | २७४६ | ५६३५ | ६.२७ |
| २ | १३४० | २६८३ | २६४७ | ५३३० | ५.९३ |
| ३ | १२३६ | २५८० | २४५९ | ५०३९ | ५.६ |
| ४ | ११०१ | २२७१ | २२१३ | ४४८४ | ४.९९ |
| ५ | ९५५ | २०८६ | १९२२ | ४००८ | ४.४६ |
| ६ | ९७७ | २०४५ | १९९० | ४०३५ | ४.४९ |
| ७ | ८६३ | १८९५ | १७३६ | ३६३१ | ४.०४ |
| ८ | १११० | २३७९ | २३०३ | ४६८२ | ५.२१ |
| ९ | १४५८ | ३०३५ | २८४४ | ५८७९ | ६.५४ |
| १० | २१२८ | ४२०९ | ४०३२ | ८२४१ | ९.१७ |
| ११ | १२०५ | २४७८ | २३०१ | ४७७९ | ५.३२ |
| १२ | १९२३ | ३८८० | ३५५९ | ७४३९ | ८.२७ |
| १३ | २२२३ | ४५२२ | ४२२७ | ८७४९ | ९.७३ |
| १४ | १६८४ | ३५२७ | ३१६३ | ६६९० | ७.४४ |
| १५ | १५५४ | ३२८६ | ३०३९ | ६३२५ | ७.०४ |
| १६ | १२१८ | २६०९ | २३५० | ४९५९ | ५.५२ |

| वडा नं. | परिवार सङ्ख्या | महिला | पुरुष | जम्मा सङ्ख्या | वडाको प्रतिशत |
|---|---|---|---|---|---|
| जम्मा | २२४०३ | ४६३७४ | ४३५३१ | ८९९०५ | १०० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८


यो नगरपालिका विकासका प्रचुर सम्भावना बोकेको नगरपालिका हो । भौगोलिक सहजता भएको यस नगरपालिकामा बहु जाति, बहुभाषिक, बहु धार्मिक तथा बहु सांस्कृतिक आस्था भएका समुदायको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल जनसङ्ख्या ८९९०५ मध्ये सबैभन्दा बढी पहाडे ब्राह्मण ३००९५ (३३.५%), दोस्रोमा थारू १३६८३ (१५.२%), र तेस्रोमा क्षेत्री ११४९२ (१२.८%) हरूको बसोबास रहेको छ । अन्य जातभातजीहरूमा तामाङ, नेवार, मगर, कामी, गुरुङ, मुसलमान, परियार, मिजार, कुमाल, दराई, संन्यासी/दशनामी, चेपाङ, भुजेल, ठकुरी, माझी, बोटे आदि छन् । काम तथा व्यापार व्यवसायको लागि अन्य जात जातीका मानिसहरू पनि यहाँ रहेका छन् । धार्मिक मान्यताका आधारमा यस नगरपालिकामा सबैभन्दा धेरै हिन्दू धर्म मान्ने ८७.१ प्रतिशत र दोस्रोमा बुद्ध धर्म मान्ने ७.७ प्रतिशत छन् । त्यस्तै गरी इस्लाम धर्म मान्ने २.८ प्रतिशत र क्रिश्चियन २.२ प्रतिशत छन् ।

### उमेर समूह

१५ देखि ५९ वर्षसम्मको उमेर समूहको कुल जनसङ्ख्यालाई आर्थिक रूपले सक्रिय जनसङ्ख्या मान्दा यसको हिस्सा ६४.१८ प्रतिशत हुन आउँछ । १५ वर्ष भन्दा कम उमेरका जनसङ्ख्या २३.८७ प्रतिशत छ भने ५९ वर्ष भन्दा बढी उमेरका मानिसको जनसङ्ख्या ११.९५ प्रतिशत रहेको छ ।

**तालिका ५: उमेर समूह अनुसारको जनसङ्ख्या**

| उमेर समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| १५ वर्ष सम्म | २०२६३ | २३.८७ |
| १५ देखी ५९ वर्ष सम्म | ५४४९६ | ६४.१८ |
| ५९ वर्ष माथि | १०१४६ | ११.९५ |



## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षण

पर्यटन र व्यापार व्यवसायको असीमित सम्भावना भएको क्षेत्र भए ता पनि रत्ननगर नगरपालिकाको अर्थतन्त्रको प्रमुख आधार कृषि नै हो । यहाँका २२४०३ घर परिवार मध्ये १०९०३ (४८.६७ प्रतिशत) घर परिवार कुनै न कुनै रूपमा कृषि पेसामा आबद्ध छन् । यस मध्ये ७४७७ (७७.३%) कृषक परिवारले आफ्नै स्वामित्वमा रहेको जग्गामा खेती गर्दछन् भने ४९७ परिवारले अर्काको जग्गा कुनै सम्झौता गरेर खेती गरिरहेको पाइएको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार रत्ननगर नगरपालिकाको जम्मा ६८६७ हेक्टर (६८.६७ वर्ग कि.मि) जमिन मध्ये जम्मा ३६६२.८ हे. ५३.०%) मा खेती गरेको पाइन्छ । जस मध्ये पनि २९८४.८ (८१.५%) हेक्टरमा मात्र सिँचाइ सुविधा उपलब्ध छ । कृषि अन्तर्गत पशु पक्षी पालन, माछा पालन र माहुरी पालन पनि यहाँको अर्थतन्त्रका सहायक हुन् ।उत्पादनको अवस्थाको विश्लेषण गर्दा यहाँ धान, मकै, तोरी र हरियो तरकारी बाहिर निकासी गरिन्छ ।

नगरपालिकाको तथ्याङ्क अनुसार यहाँ सबै भन्दा बढी वर्षे धनको खेती गरिन्छ। यहाँ प्रमुख बालीहरूमा वर्षे धान जम्मा ३३०० हेक्टरमा चैते धान १६०० हेक्टरमा, मकै २३०० हेक्टरमा तोरी ९०० हेक्टरमा र हरियो तरकारी १२०० हेक्टरमा खेती गरिन्छ । आफ्नो उत्पादन बिक्री गर्ने र आफूले बाहिर बाट किनेर उपभोग गर्ने भएकोले यहाँको उत्पादन कति उपभोग गरिन्छ र कति बाहिर बिक्री गरिन्छ त्यसको यथार्थ विवरण नभए ता पनि खाद्यान्न, तरकारी, दूध र मासुमा यो नगरपालिका आत्म निर्भर छ । सिँचाइको व्यवस्था, समयमा मल बीउ र औषधीको उपलब्धता, बजार व्यवस्थापन र कृषक उत्प्रेरणा जस्ता कार्यक्रमले कृषि उत्पादनमा वृद्धि गर्न सक्ने सम्भावना छ । यस आवधिक विकास योजनाले नगरपालिकाको विद्यमान स्थितिमा आधारित रहेर सोच, लक्ष्य,उद्देश्य, कार्यनीति तथा रणनीतिको माध्यमबाट दिगो विकास लक्ष्यको १७ वटा सूचकहरू मध्ये आर्थिक क्षेत्रका प्रमुख लक्ष्य क्षेत्रहरू क्रमशः गरिबी, शून्य भोकमरी, मानव विकास, दिगो औद्योगीकरण प्रवर्धन, उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने, समावेशी तथा दिगो आर्थिक वृद्धि र उत्पादनशील रोजगारी प्रवर्धनको वातावरण सृजना गर्ने गरी योजना तयार गरिएको छ ।

फलफूल तर्फ केरा खेतीको लागि यो नगरपालिका चितवन जिल्लामा नै अग्र स्थानमा छ साथै कागती, आँप, लिची, भुइँ कटहर, कटहर, अम्बा, जस्ता स्थानीय फलफूल पनि घरायसी उपभोगको लागि उत्पादन गरिन्छ । ड्रागन फ्रुट, एभोकार्डो पनि परीक्षणको रूपमा खेती गरिएको पाइन्छ ।

यहाँ व्यावसायिक पशु पालनमा गाई, भैंसी, बंगुर, बाखा, पालिएको छ । माहुरी पालन र माछा पालन पनि यहाँ व्यावसायिक रूपमा गरिएको छ । यस नगरपालिकामा पशुपालन गर्नेको सङ्ख्या ७२२८ परिवार रहेको छ । गाईगोरू पाल्ने परिवारको सङ्ख्या ३५४३ छ भने भैंसी राँगा पाल्ने परिवार २३२७ रहेको छ ।कुखुरा व्यवसायी १८५४ रहेका छन् । कृषि ऋण लिनेको सङ्ख्या १९२६ परिवार रहेको छ भने कृषि बिमा गर्ने कृषकको सङ्ख्या २३२७ रहेको छ । साथै ७४२ कृषक परिवारले अनुदान प्राप्त किसानको सङ्ख्या ७४२ रहेको छ । यस नगरपालिकामा दुग्ध उत्पादक सहकारी मार्फत ५५ हजार लिटर दूध सङ्कलन हुँदै आइरहेको छ ।

### २.२.२ सिँचाइ सुविधाको अवस्था

यस नगरपालिकामा खेती गरिएको ३६६२.८ हेक्टर क्षेत्रफल जमिन मध्ये जम्मा २९८४.८ (८१.५%) हेक्टरमा मात्र सिँचाइ सुविधा उपलब्ध छ । बाँकी जमिनमा साना बोरिङ बाट अस्थाई रूपमा सिँचाइ गरेर खेती गरिन्छ । पिठुवा सिँचाइ कुलो यहाँको सबैभन्दा ठूलो सिँचाइ कुलो हो । यसले पालिकाका वडा नं. ३, १४, १५ र १६ मा मात्र सिँचाइ सुविधा पुगेको छ । पञ्चकन्या जल उपभोक्ता समिति मार्फत वडा नं १, ४, ८, ९, १२ मा सिँचाइ पुगेको छ जसबाट करिब ६०० हेक्टर जमिन सिँचाइ भएको छ । यसै गरी वडा नं. ५, ६, ७, ८, ९ र ११ मा पनि बुढी रापती, कयर खोला, खगेरी खोलाले सिँचाइ पुऱ्याएको छ । वडा नं ३ मा रहेको बेल्दी - हाजिपुर सिँचाइ पुरानो संरचनाबाट चलिरहेको छ । लौरी घोल तालले वडा नं ३, १३ र १४ मा सिँचाइ पुऱ्याएको छ । ढुङ्गे खोला बुढी राप्ती - बछौली जल उपभोक्ता संस्थाको लगभग १० कि.मि लामो कुलोले करिब ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याएको छ ।

अन्य वडाहरूमा नगरपालिका, कृषि ज्ञान केन्द्र र आफ्नै लगानीमा गाडिएका डिप बोरिङ र साना बोरिङ बाट सिँचाइ गरिएको छ । यहाँ ४ वटा सिँचाइ आयोजना, ५० भन्दा बढि सङ्ख्यामा डिप बोरिङ र करिब ८० प्रतिशत किसानसँग ट्युवेल छन् । जसबाट कुल खेती योग्य जमिनको ८१.४९ प्रतिशत जमिनमा सिँचाइ सुविधा पुगेको छ ।

### २.२.३ पर्यटन तथा संस्कृति

विश्वमा नै उच्च जैविक विविधताले भरिएर विश्व सम्पदा सुचीमा सूचीकृत चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको क्षेत्र भएकोले यो नेपालको तेस्रो पर्यटकीय गन्तव्य बनेको छ । यसका अलावा रत्ननगर नगरपालिकामा धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक र स्थलहरू पनि छन् । थारू संस्कृति पर्यटक आकर्षण गर्ने अर्को महत्त्वपूर्ण सम्पदा हो । चितवन राष्ट्रिय निकुञ्ज र थारू संस्कृतिको कारण यहाँ देशी तथा विदेशी पर्यटक आउने गरेका छन् ।

**तालिका ६: पर्यटकीय पूर्वाधारको अवस्था**

| विवरण | सङ्ख्या | कैफियत |
|---|---|---|
| ५ तारे होटेल | १ | |
| २ तारे होटेल | ३ | |
| पर्यटकीय स्तर ( Tourist Standard Hotels) | १३९ | |
| होटेल कोठा सङ्ख्या | २८२३ | |
| होटेल बेड सङ्ख्या | ५३७२ | |
| होटेल बाट रोजगारी | १८०० | १२०० पुरुष, ६०० महिला |
| रेष्टुरेन्टको सङ्ख्या | ५७ | |
| होम स्टेको सङ्ख्या | ७ | |
| पर्यटक सङ्ख्या | ३०६८३७ | |
| राजस्व सङ्कलन रु | २९ करोड ८९ लाख | |

गत आ. व. २०८०/८१ मा यहाँ आउने पर्यटकको सङ्ख्या लगभग ३००००० को हाराहारीमा छ । यस क्षेत्रमा यी पर्यटकहरूको व्यवस्थापनको लगि विभिन्न सुविधायुक्त होटेल तथा रेस्टुरेन्टहरू बनेका छन् । यसबाट रोजगारी सँगै राजस्व पनि प्राप्त भएको छ ।क्षेत्रीय होटेल एसोसिएसनका अनुसार यहाँ पाँच तारे होटेल १, दुई तारे होटेल ३ र अन्य पर्यटकका लागि स्तरीय होटेल १३९ रहेका छन् । यी होटेलहरूमा जम्मा २८२३ कोठा र ५३७२ बेड सङ्ख्या रहेका छन् र यसमा १२०० पुरुष र ६०० महिला गरी जम्मा १८०० जनाले रोजगारी पाएका छन् साथै यी होटेलहरूले सरकारका विभिन्न निकायलाई वार्षिक रु. २९ करोड ८९ लाख बुझाएका छन् । होटेलको अतिरिक्त यहाँ हात्ती सफारी, जिप सफारी, होमस्टे र रेस्टुरेन्टहरू सञ्चालनमा छन् । यस नगरपालिकामा सक्रिय पर्यटन सम्बन्धी सङ्घ/संस्थाहरू निम्न अनुसार छन् ।

१. नेचर गाइड
२. क्षेत्रीय होटेल सङ्घ
३. रेस्टुरेण्ट एण्ड एसोसिएसन
४. राष्ट्रिय प्रकृति संरक्षण कोष (NTNC)
५. युनाइटेड हात्ती सहकारी संस्था
६. जिप सफारी
७. चितवन राष्ट्रिय निकुञ्ज
८. जैविक विविधता सूचना केन्द्र

### २.२.४ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

उद्योगलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भको रूपमा लिने गरिन्छ । तीव्र औद्योगीकरणले आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँछ । त्यसरी नै उद्यमशीलतालाई उत्पादनको महत्त्वपूर्ण कडी र साधनको रूपमा लिइन्छ । रत्ननगर नगरपालिकामा कृषि पछि पर्यटन उद्योगमा धेरै जनसङ्ख्याको संलग्नता छ । यस अन्तर्गत होटेल, व्यवसाय, पर्यटक पथ प्रदर्शक, हात्ती सफारी, जिप सफारी, डुङ्गा सञ्चालन लगायत संलग्न छन् । यसका अतिरिक्त यहाँ मझौला तथा साना उद्योग र व्यापार व्यवसायहरू पनि छन् । यहाँ रत्ननगर उद्योग सङ्घमा १५६ उद्योगहरू सदस्य छन्, यसै गरी रत्ननगर उद्योग वाणिज्य सङ्घमा १५९६ उद्योग व्यवसायहरू, क्षेत्रीय होटेल एसोसिएसनमा १४३ र रेस्टुरेण्ट एसोसिएसनमा ५६ सदस्यहरू छन् ।यसको अलबा जन गणना २०७८ को नतिजा अनुसार कुनै पनि निकायमा दर्ता नभएका र घर परिवारले नै सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसाय गर्ने घर परिवार सङ्ख्या १३३१ छ । यसमा घरेलु उद्योग, व्यापार, यातायात, सेवा तथा अन्य गैह्र कृषि साना व्यवसाय संलग्न छन् । यातायातको सहजताको कारण यहाँ व्यापार व्यवसायको पनि राम्रो अवस्था छ । बोटलर्स नेपाल (कोकाकोला कम्पनी) को प्रमुख वितरण केन्द्र (स्टोर), युनीलिभरको स्टोर, बिस्कुट कारखाना साइलेज कारखाना जस्ता मझौला उद्योगहरू यहाँ सञ्चालनमा छन् ।यी उद्योग व्यवसायहरूले यहाँ प्रशस्त रोजगारी तथा राजस्व सिर्जना गरेका छन् । यस नगरपालिकामा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न उचित नीतिहरूका निर्माण गरी घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन र निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

### २.२.५ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस नगरपालिकामा मुख्य पेसाको रूपमा कृषि अर्थात् खेतीपाती रहेको छ । २०७८ को राष्ट्रिय जनगणनामा १० वर्ष माथिको उमेर समूहलाई आर्थिक रूपमा सक्रिय उमेर मानेर गरिएको सर्वेक्षण अनुसार यो उमेर समूहका ७६७४२ मध्ये ४४००४ जना कुनै न कुनै आर्थिक गतिविधिमा संलग्न रहेको पाइएको छ । जसमा महिलाको सङ्ख्या ४०३५१ र पुरुषको सङ्ख्या ३६३९१ छ ।

तालिका ७: पेसाको आधारमा जनसङ्ख्याको विवरण

| क्र.स. | पेसा तथा रोजगारीको क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि वन र माछा पालन | १३३८७ | ३०.४२ |
| २ | सामान्य वा प्राथमिक पेसाका कामहरू | १२०३४ | २७.३५ |
| ३ | व्यवस्थापक | ५१०६ | ११.६ |
| ४ | शिल्पकला तथा कालिगड र यस सम्बन्धी व्यापार | ३७६३ | ८.५५ |
| ५ | सेवा तथा वस्तु बिक्री गर्ने | ३५२४ | ८.० |
| ६ | यन्त्र तथा मेशिन अपरेटर र जडान गर्ने कामदार | २२९८ | ५.२२ |
| ७ | पेसाविद | १९३१ | ४.३९ |
| ८ | प्राविधिक वा सहायक पेसाविद | १०३२ | २.३५ |
| ९ | कार्यालय सहायक | ७८१ | १.७८ |
| १० | सैनिक | ९३ | ०.२१ |
| ११ | अन्य | ५५ | ०.१३ |
| | **जम्मा** | ४४००४ | १०० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

### २.२.६ सहकारी

यस नगरपालिकामा १४ वटा बचत तथा ऋण सहकारी संस्था, २० वटा कृषि सहकारी संस्था, १३ वटा दुग्ध उत्पादक सहकारी संस्था, ५ वटा बहुउद्देश्यीय सहकारी संस्था र ८ वटा अन्य सहकारी संस्था गरी जम्मा ६० वटा सहकारी संस्थाहरू छन् । कुल परिवार सङ्ख्याको ९० प्रतिशत भन्दा धेरै कुनै न कुनै सहकारीमा आबद्ध छन् ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

हाल सम्मको अवस्था हेर्दा यस नगरपालिकामा जन स्वास्थ्य क्षेत्रमा हुँदै आएको लगानी र प्रयासहरूको फलस्वरूप नगरपालिकाको स्वास्थ्य सूचकहरू नेपालको औसत भन्दा राम्रो देखिन्छ । प्राप्त तथ्याङ्क अनुसार, यस नगरपालिकामा ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवारहरूको सङ्ख्या सत प्रतिशत नै रहेको छ । यहाँ १ अस्पताल, १ वटा आयुर्वेदिक अस्पताल, १ बर्थिङ सेन्टर, सबै वडामा आधारभूत सुविधा सहितका हेल्थ पोष्ट तथा स्वास्थ्य इकाईहरू रहेका छन् ।४ वटा स्वास्थ्य संस्थामा प्रयोगशाला रहेको छ । नगरपालिकामा ५ वटा एम्बुलेन्स सञ्चालनमा ल्याइएको छ । गर्भावस्थाको महिलाहरूको परीक्षण दर १०० प्रतिशत रहेको छ । पूर्ण खोप कभरेज १०० प्रतिशत रहेको छ भने भिटामिन ए खाने बालबालिकाहरू

पनि १०० प्रतिशत नै रहेका छन् । बाल मृत्यु दर शून्य रहेको छ पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधीका प्रकार ९८ रहेका छन् । नगरपालिकाले हालसम्म १० वटा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ । घुम्ती स्वास्थ्य सेवा ४८ पटक सञ्चालन गरी सकिएको छ । स्वास्थ्य बीमा गर्ने परिवारहरू ७५ प्रतिशत रहेका छन् । पोषणको सवालमा यहाँ अझै करिब २० प्रतिशत जति घर परिवारसँग पर्याप्त पोषण युक्त खाना उपलब्ध छैन । कुपोषणबाट प्रभावित जनसङ्ख्या करिब २ प्रतिशत रहेका छन् । गत वर्षको झाडा पखालाको संक्रमण दर १० प्रतिशत रहेका छ ।

यस नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ चिकित्सकहरूको अभाव देखिन्छ । विशेषज्ञ चिकित्सकको सङ्ख्या जम्मा १० जना छ, त्यसै गरी मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता ६० र महिला स्वास्थ्य स्वयं सेविकाको सङ्ख्या ६१ रहेको छ ।

यस नगरपालिकाभित्र रहेका मौजुदा स्वास्थ्य चौकी, स्वास्थ्य इकाई, बर्थिङ सेन्टर, र अस्पतालहरूमा सरकारी मापदण्ड अनुरूप औषधी उपलब्ध गराउन, तिनको आवश्यक पूर्वाधार विकास गर्न, ती स्वास्थ्य संस्थाहरूमा स्वस्थ र सुरक्षित खानेपानीको व्यवस्था गर्न, स्वास्थ्य चौकीहरूमा कम्प्युटर सुविधा उपलब्ध गराउन, आधुनिक मेशिन तथा उपकरणहरू प्रदान गर्न, प्रत्येक वडाहरूमा सुत्केरी केन्द्रहरू वा बर्थिङ सेन्टरहरू स्थापना र सञ्चालन गर्न, प्रत्येक वडामा कम्तीमा पनि १÷१ वटा एम्बुलेन्सको व्यवस्था गर्न, हरेक वर्ष घुम्ती स्वास्थ्य शिविरहरू सञ्चालन गर्न, स्वास्थ्य सम्बन्धी सचेतन मूलक कार्यक्रमहरू तथा सामुदायिक सरसफाइ अभियान निरन्तर रूपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहको शैक्षिक अवस्थाको विवरण सङ्कलन गरिएको छ । जस अनुसार यो उमेर समूहको जनसङ्ख्या यस नगरपालिकामा जम्मा ८३७५४ रहेको छ । यस मध्य ६९५७९ (८३.०७%) ले पढ्न र लेख्न सक्छन् । यहाँ पुरुषहरूको साक्षरता दर ८८.७४% छ भने महिलाहरूको साक्षरता दर ७७.८४% रहेको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार, यस नगरपालिकामा जम्मा साक्षरता दर ७७.२०% थियो । जसमा पुरुषहरूको साक्षरता दर ८४.४८% र महिलाको साक्षरता दर ७०.६९% थियो । तथ्याङ्क अनुसार यहाँको साक्षरता दर क्रमिक रूपमा वृद्धि भइ रहेको छ र यो वृद्धिदर पुरुषहरूको तुलनामा महिलाको बढि देखिन्छ । वडागत साक्षरता दर हेर्ने हो भने सबै भन्दा बढि वडा नं. २ मा ८७.३२% छ भने सबै भन्दा कम वडा नं. ७ मा ७७.१७% छ । वडागत साक्षरताको अवस्था तल तालिकामा देखाइएको छ ।

**तालिका ८: वडागत साक्षरताको अवस्था**

| वडा नं. | ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | साक्षरता प्रतिशत (%) |
|---|---|---|
| १ | ५२२२ | ८६.३८ |
| २ | ४९७८ | ८७.३२ |
| ३ | ४६९८ | ८२.२५ |
| ४ | ४१८२ | ७९.०३ |
| ५ | ३७८२ | ८०.९९ |

| वडा नं. | ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | साक्षरता प्रतिशत (%) |
|---|---|---|
| ६ | ३८२५ | ८६.१७ |
| ७ | ३३७७ | ७७.१७ |
| ८ | ४३४७ | ७८.४७ |
| ९ | ५४६४ | ८२.६३ |
| १० | ७७१५ | ८५.८६ |
| ११ | ४४१८ | ८३.६१ |
| १२ | ६९६७ | ८२.९३ |
| १३ | ८१०२ | ८५.२६ |
| १४ | ६२२० | ८५.४ |
| १५ | ५८८४ | ८०.५७ |
| १६ | ४५७३ | ७९.१२ |
| **जम्मा** | **८३७५४** | **८३.०८** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस नगरपालिकाको ५ वर्ष वा सो भन्दा माथि उमेर समूहका जनसङ्ख्या मध्ये प्राथमिक शिक्षा (कक्षा १ देखि ५ सम्म) हासिल गर्ने जनसङ्ख्या सबै भन्दा बढी (२३.२%) छ भने निम्न माध्यामिक तहका (कक्षा ६ देखि ८ सम्म) शिक्षा हासिल गर्ने जनसङ्ख्या १८.१% रहेको छ । विभिन्न शैक्षिक तह पुरा गर्नेहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९:शैक्षिक योग्यताका आधारमा जनसङ्ख्याको विवरण**

| पुरा गरेको तह | महिला | प्रतिशत | पुरुष | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| प्राथमिक तह (कक्षा १-५) | ७६९६ | २२.७ | ८४८० | २३.८ | १६१७६ | २३.२ |
| निम्न माध्यामिक तह (कक्षा १ -८) | ६१५० | १८.१ | ६४२७ | १८.० | १२५७७ | १.१ |
| माध्यामिक तह (कक्षा १ -१०) | ४६६९ | १३.८ | ४७२३ | १३.२ | ९३९२ | १३.५ |
| एस्.एल्. सि वा सो सरह | ४०५३ | ११.९ | ४६०२ | १२.९ | ८६५५ | १२.४ |
| प्रमाण पत्र वा सो सरह | ६४२७ | १८.९ | ६२२४ | १७.४ | १२६५१ | १८.२ |
| स्नातक वा सो सरह | १८१२ | ५.३ | २१२७ | ६.० | ३९३९ | ५.७ |
| स्नातकोत्तर वा सो सरह | ७१७ | २.१ | १०२६ | २.९ | १७४३ | २.५ |
| अन्य | २८ | ०.१ | २१ | ०.१ | ४९१ | ०.१ |
| तह नभएको/तह नखुलेको | ९४१ | २.८ | ४९० | १.४ | १४३१ | २.१ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

नगरवासीहरूको विद्यालय पहुँचको अवस्था राम्रो रहे तापनि यहाँ अझै पनि आधारभूत तहमा विद्यालय जाने उमेरका ४.४ प्रतिशत बालबालिकाहरू विद्यालय बाहिर रहेका छन् । यसै गरी विद्यालय छाड्ने सङ्ख्या १.३ प्रतिशत रहेको छ ।

विद्यमान शैक्षिक संस्थाहरूको सन्दर्भमा, यस नगरपालिकामा सामुदायिक विद्यालयको सङ्ख्या २७ र संस्थागत विद्यालय २४ गरी जम्मा ६१ वटा छन्, जसमा ११ वटा उच्च मा. वि. (१२ कक्षा सम्म), २६ वटा मा. वि. (१० कक्षा सम्म) ५ वटा आधारभूत (कक्षा ८ सम्म), ८ वटा प्रा. वि. र एउटा मन्टेश्वरी रहेका छन् । यहाँ ३ वटा विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेको रहेको छ भने प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या १२० रहेको छ। स्नातक तहको पढाइ हुने क्याम्पसको सङ्ख्या ५ रहेको छ ।

नगरपालिकाको शिक्षाको गुणस्तर वृद्धि गर्न र सबैमा शिक्षाको पहुँच पुऱ्याउन सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विस्तार, गुणस्तर सुधार र सुदृढीकरण, लैङ्गिकमैत्री शौचालय निर्माण, पर्याप्त खानेपानीको व्यवस्था, जनशक्ति र कोठाको व्यवस्था, वाल मैत्री बसाई व्यवस्थापन, अभिभावक अभिमुखीकरण जस्ता क्रियाकलापहरूलाई निरन्तरता दिइएको छ । सबै माविहरूमा विज्ञान प्रयोगशाला, कम्प्युटर कक्षा र इन्टरनेटको व्यवस्था गरिएको छ । विद्यालय भर्ना दरमा वृद्धि, विद्यालय छाडेका वा छाड्न बाध्य भएकाहरूलाई निरन्तरता दिने कार्यक्रम, आधारभूत र माध्यामिक विद्यालयका शिक्षकहरूको क्षमता अभिवृद्धि तालिमको व्यवस्था, मनोपरामर्श र किशोर किशोरी शिक्षा सञ्चालन, शैक्षिक सामग्री व्यवस्थापन, शिक्षक व्यवस्थापन, पद तथा दरबन्दी मिलान, पुस्तकालय तथा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन, विद्यालयमा छात्रवृत्ति, माध्यामिक शिक्षामा गुणस्तर अभिवृद्धि का लागि नमुना विद्यालयको विकास, विद्यालयमा विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापना, विद्यालयमा खेल मैदान तथा लैङ्गिकमैत्री शौचालय निर्माण जस्ता कार्यक्रमहरू सञ्चालन निरन्तरता दिनु पर्ने देखिन्छ।

### २.३.३ खानेपानी तथा सरसफाइ

यस नगरपालिकामा रत्ननगर खानेपानी संस्थानले वितरण गरेको पानी नै पिउने पानीको स्रोत हो । यस बाट अधिकांश नगरवासीहरू लाभान्वित भएका छन् ।यो बाहेक अन्य स्रोतहरूमा घरमा गाडिएका हाते कल, मूल र खोला हुन् । प्राप्त तथ्याङ्क अनुसार यहाँ आधारभूत खानेपानी उपलब्ध भएका घर परिवार सङ्ख्या ९९.१ प्रतिशत र स्वच्छ खाने पानी उपलब्ध भएको घर परिवार सङ्ख्या ८२.५७ प्रतिशत रहेको छ । यसै गरी सेप्टी टयाङ्क सहितको शौचालय प्रयोग गर्नेको सङ्ख्या ६६.५ प्रतिशत र साधारण शौचालय प्रयोग गर्नेको सङ्ख्या ३०.४ प्रतिशत रहेको छ ।

### २.३.४ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई नेपाल सरकार र यसका विकास साझेदारहरूले न्याय पूर्ण विकासका लागि जरुरी ठहर्याएका छन् । २०६२÷६३ को दोस्रो जनआन्दोलनपछि विकास साझेदारको सहयोगमा सरकारका प्रयासहरू विद्यमान शक्ति सन्तुलनको पुनर्संरचना गरी सबै जात जाति, धर्म, लिङ्ग, क्षेत्र, उमेर र वर्गका नागरिकलाई अधिकार प्रत्याभूति गर्दै नेपाललाई समावेशी र न्याय पूर्ण राज्यमा रूपान्तरण गर्न लक्षित रहेको देखिन्छ । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई पालिका स्तरीय योजनाले समेट्दै लैजानु पर्छ । नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिला मैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र

वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नगरपालिकामा कुल घर परिवारहरू मध्ये घर, जग्गा वा कुनै पनि अचल सम्पत्तिमाथि महिलाको स्वामित्व रहेको घर परिवारहरू २९.६ प्रतिशत रहेको छ । सम्पत्ति माथि महिलाको स्वामित्व नभएको घर परिवारहरू ७०.४ प्रतिशत देखिन्छ (राष्ट्रिय जनगणना, २०७८)।

यस नगरपालिकामा अपाङ्गता भएको जनसङ्ख्या १.८ प्रतिशत रहेको छ । अपाङ्गता भएका महिला र पुरुषका सङ्ख्या क्रमशः २.१% र १.५% रहेका छन् । उपलब्ध सूचना तथा जानकारी अनुसार, यस नगरपालिकामा महिला तथा घरेलु हिंसा केहीमा हुने भए पनि बाहिर जानकारीमा देखिएको छैन ।यस आँकडालाई नगण्य रूपमा नै लीन सकिन्छ । बालश्रमको स्थिति प्रायः शून्य नै देखिन्छ। नगरपालिकामा लैङ्गिक र जातीय विभेद कम छ तर अधिकांश जनमानसमा यस सम्बन्धी कानुनी जानकारी कम छ ।

सामाजिक समावेशिताको अवस्था सुधारको लागि यस नगरपालिकामा विविध कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जसमा लैङ्गिक हिंसा र छुवाछूत सम्बन्धी सचेतना कार्यक्रम, पीडित महिलाहरूको लागि सुरक्षित आवास गृह निर्माण, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण, सुरक्षित बाल गृह, जेष्ठनागरिक दिवा सेवा केन्द्रहरू, जेष्ठनागरिक सम्मान कार्यक्रम आदि छन् ।

### २.३.५ युवा, खेलकुद तथा कला

व्यक्तिको शारीरिक तन्दुरुस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न नगरपालिकास्तरका खेलकुदको संस्थागत विकास एवम् पूर्वाधार निर्माण गरी स्वास्थ्यका लागि खेलकुद अभियानलाई व्यवहारमा उतार्न जरुरी छ । यस नगरपालिकाको कूल जनसङ्ख्याको ४३.४९ प्रतिशत जनसङ्ख्या १६ - ४० वर्ष उमेर समूहका युवाहरूको रहेको छ (राष्ट्रिय जनगणना, २०७८)।

युवाहरूको जनसङ्ख्या तुलनात्मक रूपमा अन्य उमेर समूहको भन्दा बढी भएको कारण ती ऊर्जाशील युवाहरूलाई नगरपालिकाको विकासमा लगाउन आवश्यक देखिन्छ । साथै युवाहरूलाई विदेश पलायन हुन्बाट रोक्न उनीहरूमा सीप विकास गराउँदै स्थानीय स्तरमै रोजगारी तथा स्व-रोजगारीको अवसर सिर्जना गर्न समेत आवश्यक देखिन्छ ।

खेलकुदमा प्रायः युवाहरू नै संलग्न रहने गर्दछन् । नगरपालिकामा युवाहरूको नेतृत्वमा रहेको सामाजिक सङ्घसंस्थाहरू, युवा क्लबहरू रहेका छन् । यहाँ राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय खेलाडीहरू पनि छन् । यस पालिकामा खेल मैदानको सङ्ख्या १० रहेको छ । यसै गरी खुला जिम हल १६ वटा र कभर्ड हल ६ वटा रहेका छन् ।

## २.४ पूर्वाधार विकासको अवस्था

### २.४.१ बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

समतल मैदान भएकोले यहाँ प्राय सबै क्षेत्र आवास योग्य छ र विभिन्न समुदायका मानिसहरू पालिका भरी नै फैलिएर बसोबास गरेको पाइन्छ । टाँडी, बकुल्लहर, सौराहा, जयमंगला, बेल्सी बाक्लो बस्ती भएका क्षेत्रहरू

हुन् । अन्य क्षेत्रहरूमा प्राय एकैनासको बसोबास छ । बस्ती विकासको कुनै योजना बिना नै बसेको बस्ती भएकोले बस्ती र बाटो छरपस्ट देखिन्छन् ।

समतल जमिन र सबैतिर यातायातका साधन पुग्ने भएकोले यहाँ अधिकांश आवास भवन पक्की छन् । राष्ट्रिय जनगणना २०७८ अनुसार यहाँका आवासीय भवनहरू मध्य आर.सि.सि ढलान र पिलर भएका ७५४१, सिमेन्ट, इटा र ढुङ्गाको प्रयोग भएका ९९७६, इटा, ढुङ्गा, माटोको प्रयोग गरिएका ४४२९, काठको पिलर प्रयोग भएका ४३० र अन्य ३६ वटा छन् । व्यक्तिका आवासीय भवन निर्माण गर्दा सबैमा नगरपालिकाको मापदण्ड र नियम पालन गराउन सकिएको देखिँदैन ।

सार्वजनिक भवनहरूमा यहाँ नगरपालिका र वडा कार्यालय, अस्पताल, स्वस्थ चौकीका भवन पक्की छन् भने विद्यालयका भवनहरू पक्की र इटा, सिमेन्ट र जस्ताको छाना भएका मिश्रित भवन छन् ।

### २.४.२ सडक, पुल निर्माण तथा यातायात

सडक पूर्वाधार विकासको मूल आधार हो । सडकको विकास विना अन्य विकासका आधारहरू स्थापित गर्न कठिन तथा खर्चिलो हुन्छ । नगरको प्रभावकारी विकासका लागि पनि सडक संजाल अत्यन्त जरुरी हुन्छ । सडकको विकासले प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा विभिन्न पक्षहरूसँग जोडिएर उत्पादकत्व वृद्धि गर्न, स्वास्थ्य र शिक्षा सेवामा पहुँच उपलब्ध गराउँदै रोजगारी सिर्जना गर्न, गरिबी न्यूनीकरण गर्न र समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुऱ्याउन उल्लेखनीय योगदान गर्दछ । यस नगरपालिकामा सबै घर र बस्तीसम्म सडकको पहुँच पुगेको छ ।यहाँ भएको जम्मा ८७०.६५ कि.मि. सडक मध्य ६३९.५२ कि.मि. कालो पत्रे, १५१.७ कि.मि. ग्राभेल र बाँकी नयाँ छ । यस्तै यहाँ १० वटा पक्की पुल, ६ वटा झोलुङ्गे पुल र २८ वटा कलभर्ट छन् ।

### २.४.३ विद्युत् तथा वैकल्पिक ऊर्जा

प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्दछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस नगरपालिकामा उज्यालोको लागि ९९.१ प्रतिशत घर परिवारले राष्ट्रिय प्रसारणको विद्युतको प्रयोग गर्न गरेको देखिन्छ भने ०.७ प्रतिशत घर परिवारले सौर्य ऊर्जा प्रयोग गर्ने गरेको पाइन्छ । प्रतिव्यक्ति विद्युत् उपभोग ५४० बाट प्रति घण्टा रहेको छ । त्यसैगरी खाना पकाउन एलपि ग्याँस, दाउरा र गोबर ग्याँसको प्रयोग गरिन्छ । खाना पकाउने इन्धनको रूपमा १९०९४ घर परिवारले एलपि. ग्याँस, २८१८ घर परिवारले दाउरा, ३५० ले गोबर ग्याँस र १२५ घर परिवारले बिद्युतको प्रयोग गर्ने गरेको पाइएको छ । (राष्ट्रिय जनगणना, २०७८) ।

### २.४.४ सूचना, सञ्चार तथा प्रविधि

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनीतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह

र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसाथ गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा १५३२ ल्याण्ड लाइन टेलिफोन, ३६१५३ मोबाइल फोन, १६३३० टेलिभिजन, १३९१० इन्टरनेट, ९५५२ रेडियो र ६३९५ कम्प्युटर/ल्यापटप प्रयोगमा छन् । यसको अतिरिक्त प्राय सबै सरकारी कार्यालयहरू र सङ्घ संस्थामा दैनिक पत्रिकाको पनि व्यवस्था छ । यस बाट यहाँको सूचनाका साधनहरूको प्रयोग र पहुँचको अवस्था राम्रो देखिन्छ ।

अन्य आधुनिक प्रविधिहरूको प्रयोगको सन्दर्भमा यहाँ १३६६१ रेफ्रिजरेटर, १०९७ कार, जिप वा भ्यान, १०४८४ परिवारमा मोटरसाइकल वा स्कुटर, १५८८८ साइकल प्रयोगमा रहेका छन्। १९५५२ विद्युतीय पंखा २७०० वासिङ मेशिन र ५३५ एयर कण्डिसनर उपलब्ध छन् (राष्ट्रिय जनगणना, २०७८) । यहाँ अझै पनि २५१ घर परिवारमा कुनै पनि सञ्चार तथा आधुनिक प्रविधिका उपकरण नभएको अवस्था छ ।

## २.५ वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको अवस्था

### २.५.१ वन तथा जैविक विविधता

उपलब्ध तथ्याङ्क अनुसार, नगरपालिकाको कुल क्षेत्रफलको १७.५४ प्रतिशत (११३३ हे.) क्षेत्र सामुदायिक वनले ढाकेको छ । त्यसै गरी ८२.४६ प्रतिशत (५३२४ हे.) भूभाग ओगटेको छ (नापी विभाग, २०७३) जुन नगरपालिकाको जम्मा क्षेत्रफल भित्र समेटिएको छैन ।जङ्गलले ढाकेको क्षेत्र धेरै भएकोले यस नगरपालिका जैविक विविधतामा पनि धेरै धनी देखिन्छ । यी जङ्गलमा शाल, असना, कर्मा, भेल्लर, जामुनो, सिमल, आदि रुखका प्रजातिहरू पाइन्छन् । त्यस्तै यी जङ्गलबाट निउरो, टुसा र च्याउ जस्ता तथा रुदिलो, पुनर्नवा, पत्थर चट्टा, जस्ता जडीबुटी पाइन्छ । यसै गरी वन क्षेत्रमा गैंडा, बाघ, हरिण, बँदेल, अजिङ्गर, सालक, स्याल आदि जनावर र मयूर, हाँस, बकुल्लो, गिद्ध, सारस जस्ता पन्छीहरू छन् । साथै यहाँका खोलाहरूमा विभिन्न प्रजातिका माछा र रापती नदीमा गोही पाइन्छ ।

यस नगरपालिकाको वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार क्षेत्र प्रत्यक्ष रूपमा यहाँको पर्यापर्यटनसँग गाँसिएको छ । यस क्षेत्रबाट प्राप्त हुने काठ, दाउरा, जडीबुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक सुन्दरता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा समुदायका सहभागिता एवं पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण स्थानीय जनताका महत्त्वपूर्ण सूचक हुन् । नगरपालिकामा उपलब्ध वानस्पातिक स्रोत तथा जडीबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै स्थानीय स्तरमै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लीन सकिने प्रचुर सम्भावना रहेको छ ।

यस नगरपालिकामा सामुदायिक वन १ र मध्यवर्ती सामुदायिक वन ५ रहेका छन् । सामुदायिक वन व्यवस्थापनका लागि सामुदायिक वन उपभोक्ता समितिहरू गठन गरिएका कारण सबै जिम्मेवारी उनीहरूलाई नै दिइएको छ । यस नगरपालिकामा सामुदायिक वनबाट प्राप्त काठ दाउरा उपभोक्ताहरूको घरायसी प्रयोगमा सीमित छ । वनबाट उपभोक्ता समूहले आर्जन गरेको आम्दानी वन विकास र स्थानीय समुदायका स-साना

विकास कार्यमा खर्च गरिन्छ । यहाँ भएका काठ तथा फर्निचर उद्योगहरू बाहिरबाट आउने काठमा निर्भर छन् ।

वनमा आधारित उद्यम व्यवसायको विकास गर्न, सबै प्रकारका वनमा जडीबुटी खेतीको प्रवर्द्धन गरी तिनका व्यावसायिक उत्पादन, प्रशोधन र बजारीकरण गर्न, कृषि वनको विकास, पर्यापर्यटन व्यवसायी तथा काष्ठ फर्निचर उद्योग सञ्चालकहरूलाई सहयोग गर्न, वन, वनस्पति, वन्यजन्तु तथा जैविक विविधताका संरक्षण, पर्यापर्यटन प्रवर्द्धनका लागि नगरपालिकामा अवस्थित ताल तथा तलैया संरक्षण गर्न, मानव तथा वन्य जन्तु द्वन्द्वका बारे सचेतना, क्षतिपूर्ति र भौतिक संरचना निर्माण, भौतिक पूर्वाधार निर्माण र विकास चोरी निकासी, डढेलोलाई निरुत्साह र मिचाहा प्रजाति नियन्त्रण गर्न आदि पनि त्यत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

### २.५.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

यस नगरपालिकामा सम्पूर्ण क्षेत्र समतल छ र यहाँ ठूला नदी तथा खहरेहरू छैनन् त्यसैले भूसंरक्षणमा समस्या र चुनौती पनि धेरै छैनन् । यहाँ भएका अधिकांश खोला र घोलहरू वर्षाको समयमा मात्र पानी हुने र हिउँदमा भने सुख्खा रहन्छन् । बर्सादमा खोलाले कटान गर्न सक्ने स्थानहरू जस्तै खगेरी खोला, कयर खोला, बुढी रापती र अन्य स-साना घोलहरूमा कटान नियन्त्रणको लागि बाँध बनाइएको छ ।पञ्च नदी जलाधार क्षेत्र र लौरी घोलको मुहान संरक्षणको लागि बजेट सहित कार्यक्रमको व्यवस्था गरिएको छ । हरियाली पार्क निर्माणलाई नगर गौरवको योजनामा समावेश गरिएको छ । यसले पनि जलाधार क्षेत्रको संरक्षणमा सहयोग पुऱ्याउनेछ ।

### २.५.३ वातावरण तथा जलवायु अनुकूलन

वातावरण व्यवस्थापन मानव स्वास्थ्य र सुखसँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको रूपमा व्यवस्था गरी राज्यले उच्च प्राथमिकतामा राखेको छ । वातावरण संरक्षण सङ्घ, प्रदेश र स्थानीय तहका सरकारहरूको कार्य जिम्मेवारी भित्र पर्दछ । वातावरण संरक्षणलाई टेवा पुऱ्याउन ध्वनि, जल, जमिन र वायुसँग सम्बन्धित प्रदूषण रोकथाम र नियन्त्रण गर्न आवश्यक हुन्छ ।

एकीकृत र योजनाबद्ध विकासको अभाव, सहरोन्मुख क्षेत्रमा बढ्दो चाप, पर्यटकहरूको नियमित आगमन, अव्यवस्थित बस्ती विकास, पूर्वाधार विकास र वातावरण बीचको सन्तुलन कायम हुन नसक्नु, कृषि पेसाको व्यवसायिकताको नाममा अत्याधिक मात्रामा रासायनिक मल र विषादीको प्रयोगमा वृद्धि हुँदै जानु, यातायात र यातायात साधनले गर्दा ध्वनि प्रदूषणमा वृद्धि भइरहेको अवस्था छ । साथै विविध कारणवश वायु, जल तथा जमिनमा प्रदूषणको मात्रा बढ्दै गइरहेको देखिन्छ ।

वातावरण संरक्षणका लागि खाली स्थानहरूमा वृक्षारोपण गर्ने कार्यहरू भइरहेका छन् र सोही अनुसार रत्ननगरमा हरियाली प्रवर्द्धन हुँदै गइरहेको छ । वातावरण संरक्षण सम्बन्धी धेरै कार्यक्रमहरू गर्न अझ पनि आवश्यक रहेको देखिन्छ । नगरपालिकाका धेरैजसो जैविक फोहोरलाई मल बनाउन जमिनमुनि गाड्ने तथा बाहिरी खालि ठाउँ प्रयोग गर्ने गरेको देखिएको छ । बढ्दो जनसङ्ख्यासँगै फोहोरमैला व्यवस्थापनमा थप चुनौतीहरू देखा पर्दै गइरहेको हालको अवस्था छ ।

सहरीकरण बढेसँगै ध्वनि प्रदूषणको समस्या सिर्जना भएको छ । विशेषतः सडक तथा पर्यटन मार्ग वरिपरि, उद्योग, कल कारखाना, बजार क्षेत्र नजिक यसको असर बढी देखिएको छ । यस क्षेत्रमा पुराना सवारीका साधन, ट्याक्टरबाट निस्कने ध्वनि तथा प्रेसर हर्नका कारण ध्वनि प्रदूषण दिनानुदिन बढ्दै गएको छ ।

विश्वव्यापी रूपमा वातावरणीय विनाशले जलवायु परिवर्तनको कारण सिर्जना भएका समस्याहरूको असर यस नगरपालिकामा पनि देखिएको छ । खडेरी, हावा हुरी, तापक्रम वृद्धि आदिले यहाँ समय समयमा केही न केही असर गरिरहेकै छ । जलवायु परिवर्तनका असरका विरुद्ध स्थानीय अनुकूलन योजना तर्जुमा गर्ने र प्राथमिकताका साथ कार्यान्वयन गर्ने पद्धतिको विकास गर्न समेत आवश्यक छ ।

### २.५.४ महामारी तथा विपद् व्यवस्थापन

महामारी तथा अन्य प्राकृतिक प्रकोप बाट ठूलो मानवीय क्षति व्यहोर्नु नपरेको भए ता पनि यस नगरपालिका भूकम्प, आगलागी, डढेलो, विद्युतीय खतरा, सडक दुर्घटना, चट्याङ, असिना पानी, हावा हुरी, महामारी, जङ्गली जनावरको आतङ्क जस्ता विपदहरूबाट जोखिममा रहेको छ । हावा हुरी बाट बालीनालीमा क्षति हुनु, जङ्गली जनावरको आक्रमणमा परी ज्यान जानु र बालीनालीमा नोक्सान पुग्नु तथा महामारीले पशुपक्षी मरेर नोकसानी हुनु यहाँका नियमित विपद् हुन् । कुनै वर्ष हावा हुरीले केरा खेतीमा ठूलो नोक्सान पुऱ्याएको पनि छ ।

युवाहरूमा लागू पदार्थ सेवन एवं मादक पदार्थ सेवनको समस्या पनि बढ्दो नै रहेको छ । नगरपालिकामा कच्ची घरहरू आगलागीको जोखिममा छन् भने, अव्यवस्थित विद्युतीय नाङ्गो तारहरूले गर्दा पनि बस्तीहरूमा जोखिम बढिरहेको छ यसका साथै बजार क्षेत्रमा सडक दुर्घटना पनि अत्यन्त बढ्दै गइरहेको छ । नगरपालिकामा पर्याप्त रूपमा खेती योग्य जमिन रहेको साथै कृषि एवं पशुपालनको संभावना प्रचुर मात्रामा रहेका छन् । तर जङ्गल नजिक बस्ती एवं खेत भएका कारण किसानहरूले जङ्गली जनावर आतङ्कको समस्या भोग्नु परेको छ । जङ्गली जनावरको आतङ्कले नगरपालिकाका प्रायजसो जङ्गलसँग जोडिएका बस्तीहरूमा असर गरेको छ र यो एउटा प्रमुख समस्याको रूपमा स्थापित भएको छ । तसर्थ जङ्गल एवं जङ्गली जनावरको सुरक्षा सँगै उपयुक्त उपायहरूको खोजी गर्नु नितान्त आवश्यक छ ।

यी प्रकोपहरूको न्यूनीकरण र प्रभावितहरूको सहयोगको लागि नगरपालिकामा केही प्रयासहरू भइरहेका छन् । नगरपालिकाले रत्ननगर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७५ तयार परी कार्यान्वयनमा ल्याएको छ । यसै गरी विपद् कोष सञ्चालन कार्यविधि २०७८ तयार गरी नगरपालिकामा रु १६ लाखको र हरेक वडामा रु २ लाखको विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ । विपदबाट हुने क्षतिको मूल्याङ्कन गर्न विषय अनुसारका समिति गठन गरिएका हुन्छन् र क्षतिको आधारमा क्षतिपूर्ति तथा राहत उपलब्ध गराउने व्यवस्था गरिएको छ । कृषि र पशुमा हुने क्षतिको क्षतिपूर्तिको लागि कृषि बिमा र पशु बिमालाई प्रोत्साहन गरिएको छ ।

कृषि बिमा तथा पशु बिमाको भुक्तानी लीन झन्झटिलो भएको, नगरपालिका तथा वडाले वितरण गर्ने राहतमा निष्पक्ष र न्यायोचित नभएको जस्ता गुनासोहरू आउने गरेकोले विपद् व्यवस्थापन प्रभावकारी रूपमा गर्न परिणाममूखी कार्यक्रमहरू सञ्चालन गर्न अपरिहार्य छ । नगरपालिकामा प्रकोप नियन्त्रणको लागि योजना बनाई त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा समस्या देखिन्छ । प्रकोप नियन्त्रण योजना निर्माण गर्न, प्रकोपबाट

बच्ने उपायका बारेमा सचेतनामूलक कार्यक्रम गर्न, सम्भावित विपदका बारेमा सचेतना अभिवृद्धि कार्यक्रम गर्न जरुरी देखिन्छ ।

## २.६ संस्थागत विकास तथा सुशासन


### २.६.१ स्थानीय नीति, ऐन तथा सुशासन

रत्ननगर नगरपालिकाले पहिलो र दोस्रो जन निर्वाचित पदाधिकारीको करिब सात वर्षको कार्यकालमा स्थानीय नीति, ऐन तथा सुशासनको क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको छ। हालसम्म नगरपालिकाद्वारा आवश्यक पर्ने ऐन, कानुन, कार्यविधि, दिग्दर्शन, निर्देशिका, विनियमावली, मापदण्ड, आचार संहिता आदि तयार भइ कार्यान्वयनको अभ्यासमा रहेका छन् । पालिका द्वारा स्वीकृत नीति तथा कानुनको सङ्ख्या ८३ रहेका छ । नगरपालिकाले सेवा प्रवाह तथा विकासलाई सशक्त रूपमा सञ्चालन तथा अनुगमन गर्न नगर कार्यपालिकामा विभिन्न शाखाहरू स्थापना गरी सञ्चालनमा ल्याएको छ । ती शाखाहरूमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प, सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन, सूचना प्रविधि, र लेखा शाखा रहेका छन् ।

सुशासन प्रवर्द्धनका लागि विधान समिति, राजस्व परामर्श समिति, विषय योजना तर्जुमा समिति तथा अनुगमन तथा सुपरिवेक्षण समिति गठन भई नीति, कानुन, कार्यविधि, मापदण्ड र योजना कार्यान्वयनमा संलग्न भएका छन् । सुशासन तथा सदाचार प्रवर्द्धनको लागि टोल तथा बस्ती स्तरबाट योजना छनौट, सार्वजनिक सुनुवाइ गर्ने, आम्दानी खर्चको सार्वजनिकीकरण गर्ने, योजनाहरूको सार्वजनिक परीक्षण गर्ने गरिएको छ । हालसम्म पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ ३ पटक भएको छ । नगरपालिकाले सञ्चालित कार्यक्रमहरूको अनुगमन र कार्य प्रगति समीक्षा १९० पटक गरेको देखिन्छ । नगरपालिकाको सेवाग्राही सन्तुष्टिको स्तर ८० प्रतिशत देखिन्छ ।

**तालिका १०: आ.व. २०७९/८० मा क्षमता विकास स्वमूल्याङ्कनमा नगरपालिकाको प्राप्ताङ्क**

| क्षेत्रहरू | अङ्क |
|---|---|
| शासकीय प्रबन्ध | ९ |
| सङ्गठन प्रशासन | ७.५ |
| वार्षिक बजेट तथा योजना तर्जुमा | ७.७५ |
| वित्तीय एवं आर्थिक व्यवस्थापन | १०.७५ |
| सेवा प्रवाह | १०.७५ |
| न्यायिक सम्पादन | ७ |
| भौतिक पूर्वाधार | ११.२५ |
| सामाजिक समावेशीकरण | १० |
| वातावरण संरक्षण | ७.७५ |
| सहकार्य र समन्वय | ६ |




नगरपालिकामा शासकीय अभ्यासलाई पारदर्शी र सहभागीता मूलक बनाउन विभिन्न प्रयास गरिरहेको छ । ई–हाजिरीको व्यवस्था, विद्युतीय सूचना प्रणालीको विस्तार जस्ता औजारहरूको उपयोग गराउने अभ्यासहरू भएका छन् । पारदर्शी, जबाफदेही, उत्तरदायी र सहभागीता मूलक स्थानीय शासन र प्रतिस्पर्धी र गुणस्तरीय स्थानीय सेवा सहितको सदाचार युक्त शासन प्रणालीलाई संस्थागत गर्न नगरपालिका प्रयासरत छ ।समुदायलाई नगरपालिकाले गरेका कार्यक्रमहरूको विषयमा जानकारी गराउने, नगरपालिकाबाट प्राप्त गर्न सकिने सेवा सुविधाका विषयमा जानकारी गराउन नागरिक बडा पत्र तयार गरिएको छ । सुशासन तथा पारदर्शिताका लागि यी कार्यक्रमहरूमात्र पर्याप्त नभएका कारण यस सम्बन्धी धेरै योजना तथा कार्यक्रमहरू प्रस्तावित गरिएका छन् । नगरपालिकाका वार्ड कार्यालयहरूमा जन्म दर्ता, विवाह दर्ता, मृत्यु दर्ता, बसाइ सराई, अन्य विभिन्न सिफारिसहरू उपलब्ध गराउने व्यवस्थापन मिलाइएको छ । उपलब्ध तथ्याङ्क तथा जानकारी अनुसार, नगरपालिकाको ३ वटा वडामा अनलाइन प्रतिवेदन प्रणाली स्थापना गरिएको छ र क्रमिक रूपमा सबै वडामा बिस्तार गर्ने लक्ष्य छ। अनलाइन सेवामा आबद्ध सुविधाको सङ्ख्या ५ रहेको छ भने सफ्टवेयरमा आधारित सेवाको सङ्ख्या ७ छ ।

सबै वडामा पर्याप्त विद्युतीय तथा अन्य उपकरण र सवारी साधन सहित आफ्नै भवनमा कार्यालय रहेका छन् । नगरपालिकामा निर्धारित समयावधि मै बजेट आउने गरेको छ । नगरपालिकाको आन्तरिक लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था छ । समयमा फछ्यौंट भएका वार्षिक योजनाहरू ९८ प्रतिशत रहेका छन् । नगरपालिकाको औसत वार्षिक बेरुजू २.१४ प्रतिशत र औसत वार्षिक पुँजीगत खर्च ८० प्रतिशत रहेको देखिन्छ । नगरपालिकाको आन्तरिक आय १२६३ लाख हजार रहेको देखिन्छ ।

सुशासनको माग तथा यस क्षेत्रमा आएका नयाँ अभ्यासलाई आत्मासाथ गरी नगरपालिका र नगरपालिका बासी बीचको परस्पर विश्वास कायम हुने गरी नगरपालिका बासीलाई सुशासन र जनउत्तरदायी स्थानीय सरकारको

अनुभूति दिलाउन हाल अघि बढेका प्रयासलाई संस्थागत गर्नु तथा थप कदम चाल्नुपर्ने आवश्यकता नगरपालिकाले महसुस गरेको छ । सुशासनका लागि सङ्घीय तथा प्रादेशिक संवैधानिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय, अभिलेख व्यवस्थापन र कार्यान्वयन, नगरपालिकामा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमनको पनि व्यवस्था गर्न आवश्यक रहेको छ ।

### २.६.२ सङ्गठनात्मक विकास

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगर सभा नगरपालिकाको सर्वोच्च निकायको रूपमा रहेको छ जसप्रति नगर कार्यपालिका उत्तरदायी हुने गर्दछ । नगर सभा अन्तर्गत लेखा समिति, विधायन समिति तथा सुशासन समितिको व्यवस्था गरिएको छ । यसैगरी नगर कार्यपालिकाको प्रमुख कार्यक्षेत्र अन्तर्गत नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापन जस्ता कार्यहरू रहेका छन् । नेपाल सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूको सहयोग र सहजीकरणमा सङ्घीय शासन प्रणाली, कानुन निर्माण, विषयगत सेवा प्रवाह, योजना तर्जुमा सम्बन्धमा पदाधिकारी र कर्मचारीको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

नगर कार्यपालिकाको प्रमुखको रूपमा नगरपालिका प्रमुख रहने व्यवस्था गरिएको छ । यसैगरी उप प्रमुखले न्यायिक समितिको नेतृत्व गर्ने व्यवस्था रहि आएको छ । कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेपाल सरकारको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूह अन्तर्गतको अधिकृतलाई नेपाल सरकारले खटाउने व्यवस्था गरिएको छ । प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाका प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगर सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकोले निज नगर सभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् नगर कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । कर्मचारीले नगरपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ ।

प्राप्त तथ्याङ्क अनुसार, यस नगरपालिकामा कर्मचारीको कुल दरबन्दी २३५ जना रहेकोमा दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति १०० प्रतिशत रहेको छ । मानव संसाधनको विकासका लागि नगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ ।जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको लागि २ पटक क्षमता विकास तालिम प्रदान गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ ।

### २.६.३ योजना व्यवस्थापन

योजनाबद्ध विकासका लागि तथ्यगत अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान गर्ने र त्यसका आधारमा विषय केन्द्रित रणनीति र व्यवहारिक कार्य नीतिसहितको योजना आवश्यक पर्दछ त्यसैले यस नगरपालिकाले पनि नेपालको सोह्रौं योजना तथा बाग्मती प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (तर्जुमा चरणमा रहेको) का आधारमा ती योजनाका लक्ष्य तथा उद्देश्यहरू प्राप्ति हुने गरी आफ्नो पहिलो पञ्चवर्षीय योजना तयार पारेको छ । योजनाहरूलाई तथ्य र प्रमाणमा आधारित र नतिजामुखी बनाउन हरेक आयोजनाको नतिजा खाका विकास गर्ने र नगरपालिकाले कार्यान्वयन गरेको योजनाको नियमित रूपमा मूल्याङ्कन गरी उपलब्धि सार्वजनिक गर्ने व्यवस्थाको विकास गर्न पनि आवश्यक भएको छ । राज्य पुनर्संरचना मार्फत रत्ननगर नगरपालिका स्थापना भएसँगै यस नगरपालिकाले प्रचलित कानुन तथा ऐन बमोजिम योजना व्यवस्थापन गरी योजनाबद्ध विकासको सुरुआत गरेको हो ।

उप-प्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिको सिफारिसमा नगर सभाद्वारा वार्षिक नीति तथा कार्यक्रम अनुमोदन गरी वार्षिक योजना तर्जुमा तथा बजेट विनियोजन गर्ने नियमित परम्परा रहेको छ । योजना व्यवस्थापनको क्षेत्रमा यस नगरपालिकाले विभिन्न योजना तर्जुमा, कार्यान्वयन तथा योजना अनुशासन कायम गर्ने दिशामा महत्त्वपूर्ण उपलब्धि हासिल गरेको छ । सहभागीता मूलक योजना तर्जुमाको अभ्यास गरी नगर सभाबाट स्वीकृत बजेट तथा नीति, कार्यक्रमलाई वेबसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । सङ्घीय सरकार, प्रदेश सरकार तथा गैर सरकारी संस्थाहरूसँग समन्वय, सहकार्य र साझेदारी गरी विकास कार्यक्रम तथा आयोजनाहरू कार्यान्वयन भइ रहेका छन् । स्वीकृत नीति, ऐन तथा नियमको व्यवस्थाका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने र सो अनुसार प्रक्रिया तथा नियम  पालना र अनुगमनको अभ्यास समेत भइरहेको देखिन्छ ।

# परिच्छेद — ३: सोच तथा विकासको अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले निर्दिष्ट गरेको विकासको मार्ग र निर्वाचनका समयमा राजनैतिक दलहरूले जनताका बीचमा गरेका प्रतिबद्धताहरू अन्तर्निहित छन् । नागरिकहरूका समृद्धि र समुन्नतिका यो अपेक्षा तथा तीनै तहका सरकारका प्रतिबद्धताहरू पुरा गर्न विकासका अल्पकालीन र मध्यकालीन योजना कार्यान्वयन गर्न नीतिगत मार्ग चित्र सहितको दीर्घकालीन सोचको आवश्यकता पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासका लागि दीर्घकालीन, मध्यमकालीन, रणनीतिगत, आवधिक, वार्षिक, विषय क्षेत्रगत, विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । सङ्घीय संविधानको क्रियाशिलता, राज्यको पुनसंरचना र तीनै तहको दोस्रो निर्वाचन पश्चात् तत्कालीन स्थानीय निकायहरू स्थानीय तहको सरकारको रूपमा क्रियाशिल भएका छन् । संविधानतः तीनै तहका सरकारहरू एकल अधिकार क्षेत्रको हकमा स्वायत्त रूपमा विधायीकी, कार्यकारी र न्यायिक अधिकारको प्रयोग गर्न स्वतन्त्र छन् भने साझा अधिकार क्षेत्रको हकमा सहअस्तित्व, समन्वय र सहकार्यको अवधारणा अनुसार क्रियाशिल हुनुपर्ने संवैधानिक व्यवस्था रहेको छ । संविधानद्वारा प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रलाई व्यवस्थित गर्ने उद्देश्यका साथ कार्यान्वयनमा आएको स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त हस्तान्तरण ऐन २०७४ र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ जस्ता कानुनहरूले एकातिर स्थानीय सरकारको जिम्मेवारी तथा कार्यप्रणालीलाई थप स्पष्ट बनाएको छ भने अर्कोतिर गाउँपालिका तथा नगरपालिकाहरूलाई स्थानीयस्तरको विकासका लागि आफ्नो एकल अधिकार क्षेत्र भित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक वा विषय क्षेत्रका लागि मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्न निर्देशित गरेको छ ।

योजना मानवीय आवश्यकता र चाहना पुरा गर्न उपलब्ध साधन स्रोत र सम्भावनालाई उपयोग गर्ने प्रक्रिया हो भने योजनाबद्ध विकास सन्तुलित, दिगो र समय अनुकूलन विकासको आधार हो । आवधिक योजनाले विकास प्रयासहरूलाई निर्दिष्ट दिशा प्रदान गर्ने व्यवस्थित रूपरेखा तयार गर्न मार्ग प्रशस्त गर्नेछ । रत्ननगर नगरपालिकाको प्रथम आवधिक योजनाले स्थानीय जनता र स्थानीयस्तरको आर्थिक, सामाजिक, भौगोलिक परिवेश बीचमा अन्तर सम्बन्ध कायम गरी नागरिकहरूको आर्थिक सामाजिक सुविधा र समृद्धिलाई प्रवर्द्धन गर्न सहायता गर्नेछ । यो योजना विकास र समृद्धिको रूपरेखा मात्र नभएर नगरपालिका क्षेत्रको सुन्दरता, प्रकृतिको संरक्षण तथा मानव र प्रकृति बीचको तालमेलको रूपरेखा पनि हुनेछ । राष्ट्रिय एवं प्रादेशिक विकास लक्ष्य हासिल गर्न तथा नगरपालिकाका विकासका सरोकारवालाहरूको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्न आवधिक योजना महत्त्वपूर्ण हुनेछ ।

नगरपालिकाको आवधिक योजना निर्माण गर्ने सन्दर्भमा नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरण मैत्री, बाल मैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ । आवधिक योजनाले स्थानीय आवश्यकता सम्बोधन गर्दै जनताको जीवनस्तरमा गुणात्मक सुधार गर्न स्थानीय सम्भावना तथा समस्या पहिचान आदि कार्यमा सहयोग गर्ने अपेक्षा

गरिएको छ । त्यस्तै स्रोत विश्लेषण, उपयुक्त रणनीति तथा कार्यनीति तयार गरी रणनीतिक कार्यक्रम तथा आयोजना पहिचान गर्ने र त्यसलाई कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनको स्पष्ट खाका समेत तयार गर्दछ ।

## ३.२ प्रमुख समस्या तथा चुनौती

**समस्याहरू**

१. पूर्व- पश्चिम राजमार्गले छोएर गएको तथा चितवन जस्तो अति सुगम स्थानमा अवस्थित नगरपालिका भएर पनि सीमित स्रोत साधनका कारण जन चाहना र जन अपेक्षा अनुसारको विकास बजेट व्यवस्थापन गरी आवश्यक पक्की र दीर्घकालीन पूर्वाधार संरचना निर्माण गर्ने स्रोतको अपुग हुनु,
२. जग्गा चकलाबन्दी, व्यवस्थित बस्ती विकास, आधुनिक कृषि प्रणाली, व्यावसायिक पशुपालनतर्फ उन्मुख हुन नसक्नु,
३. नगरपालिकाका वडा नं ५, ६ र ७ राप्ती नदीको आसपास र चितवन राष्ट्रिय निकुञ्जको वरिपरिबाट हुने वन्यजन्तुको बढ्दो अतिक्रमणबाट कृषि उत्पादनको संरक्षणमा व्यवस्थापन हुन नसक्नु,
४. कृषि उपजको ढुवानी, भण्डारण, प्रबोधन तथा बजारी करणको उचित व्यवस्थापन नहुनु,
५. उन्नत जातको नस्लसुधार (भैंसी/गाई) कृषकको माग अनुसार आपूर्ति हुन नसक्नु,
६. पर्यटनको हिसाबले नेपालकै तेस्रो स्थानमा रहेको (सौराहा) गुणस्तरीय पर्यटकीय पूर्वाधार संरचना निर्माण तथा पर्यटकीय क्षेत्रको यथोचित प्रवर्द्धन गर्न नसक्नु एवं पर्यटन व्यवसायबाट सीमित व्यक्तिहरू मात्रै लाभान्वित हुनु,
७. नगरपालिकाको क्षेत्रभित्र सीमित स्थानमा नगण्य उद्योगधन्दा, कल कारखाना भए पनि देशका विभिन्न स्थानबाट बसाई सरेर आएका परिवारहरू तथा युवा जनशक्तिको लागि उद्योगको अभावमा रोजगारीको समस्या यथावत् रहनु,
८. नगरपालिका क्षेत्रमा सुरक्षित खानेपानी, ढल निकास तथा पूर्ण सरसफाइको उचित व्यवस्थापन हुन नसक्नु,
९. योजना कार्यान्वयनको सन्दर्भमा योजना तर्जुमा प्रक्रियाबाट आएका योजनाहरू भन्दा राजनैतिक भागबन्डामा आएका योजनाहरूले प्राथमिकता पाउनु,
१०. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरू एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लीन नसकेको अवस्था छ भने अर्कोतर्फ स-साना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसङ्ख्याले मात्र प्राप्त गर्ने अवस्था हुनु विकासको सिद्धान्त विपरीत भएर जानु,
११. योजना तथा कार्यक्रमको प्राथमिकिकरण गरी सोही अनुसार स्रोत परिचालनका आधारमा योजना र कार्यक्रम सञ्चालन हुन नसक्नु,
१२. स्थानीय सरकारमा योजना तर्जुमा सहित आवधिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्ति र दृढ इच्छा शक्तिको अभाव हुनु,
१३. विपद् व्यवस्थापन, जलवायु परिवर्तन, वातावरणको संरक्षण जस्ता विषयमा आवश्यकता अनुसार नयाँ प्रविधि प्रयोग गर्न नसक्नु तथा यसको प्रभाव न्यूनीकरणका ठोस कार्यक्रम कार्यान्वयनमा समस्या हुनु,

१४.योजना तर्जुमा प्रक्रियामा स्थानीय सरकार अन्तर्गत गठित विषयगत समितिको भूमिका सशक्त हुन नसक्नु,
१५.नगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रूपमा ध्यान पुग्न नसक्दा नगरपालिका बाह्य स्रोतमा निर्भर रहनु,
१६.एक वडा एक पहिचानका कार्यक्रमहरू सञ्चालन गर्न नसक्नु,
१७.विपद् व्यवस्थापन र वातावरणीय संरक्षण जस्ता सवालहरूलाई समस्याको रूपमा मात्र हेरिनु,
१८.विकासका आधारभूत मापदण्डहरूको संरक्षणमा समस्या देखिनु,
१९.विकासका पूर्वाधारहरूको समान वितरण हुन नसक्नु,
२०.शिक्षा र स्वास्थ्य क्षेत्रमा देखा परेका समस्याहरूको समाधान गर्न नसक्नु,
२१.आर्थिक तथा सामाजिक रूपमा पिछडिएका वर्गको जीवनस्तर उठाउने खालका कार्यक्रम तर्जुमा भई कार्यान्वयन भए तापनि उक्त वर्गको समग्र विकास हुन नसक्नु ।

**चुनौतीहरू**

रत्ननगर नगरपालिकामा मानवीय पक्षहरू जस्तै सामाजिक, सांस्कृतिक, आर्थिक तथा पर्यटकीय विकासका सम्भावनाको सँगसँगै चुनौती पनि प्रशस्त रहेका छन् । यस क्षेत्रको समग्र विकासको प्रमुख चुनौती भनेको नै स्थानीय स्तरमा योजना तर्जुमा प्रक्रिया मार्फत दिगो विकासको थालनी गर्नका साथै मानव संसाधन तथा क्षमता विकास र सुशासनमा व्यापक सुधार आउने अपेक्षा गरिएको छ ।

१. योजना तर्जुमाको प्रक्रिया तथा कार्यान्वयन तलबाट माथि (Bottom up Approach) प्रक्रियालाई हुबहु अवलम्बन गर्नु,
२. भौतिक पूर्वाधार विकासलाई भन्दा मानव केन्द्रित विकासलाई पहिलो प्राथमिकतामा समावेश गर्नु,
३. राजनैतिक आस्थाका आधारमा योजना तथा बजेट भागबन्डा लगाउने अभ्यासलाई निरुत्साहित गर्नु,
४. नेपालको संविधान तथा प्रचलित कानुन अनुसार समतामूलक तथा समावेशी विकासका गतिविधिहरूमा जोड दिनु,
५. लक्षित वर्गमूखी, समावेशी तथा समता मूलक विकाससँग सम्बन्धित योजना तथा बजेटलाई कार्यान्वयनमा प्राथमिकता दिनु,
६. नगरपालिकाका सबै वडाहरूमा प्राकृतिक स्रोत साधन र आर्थिक स्रोतहरू समान रूपमा नरहेका कारण सबै वडाहरूका आर्थिक तथा प्राकृतिक स्रोतहरूबाट प्राप्त हुने राजस्वलाई समान वितरण गर्दै सबैलाई विकासका समान अवसर प्रदान गर्नु,
७. पर्यटकीय विकासको सम्भावना बोकेका आन्तरिक तथा बाह्य पर्यटकको लागि आकर्षकको जङ्गल सफारी, गैंडा, बाघ तथा अन्य जनावरहरूको अवलोकन, आकर्षक रासी नदीको ढुङ्गा यात्रा, हात्ती प्रजनन केन्द्र जस्ता स्थानहरूले जे जति पर्यटनको क्षेत्रमा फड्को मार्न सक्नु पर्ने हो सो हुन नसक्नु,
८. स्थानीय सरकारको राजस्व सङ्कलनमा तीव्रता ल्याइ जन अपेक्षा तथा जन चाहना अनुसारका कार्यक्रमहरू कार्यान्वयन गर्नु,
९. सबै स्थानीयवासीलाई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्नु,

१०. नगरपालिकाका विभिन्न वडाहरूमा व्यावसायिक रूपमा उत्पादन हुँदै आएको केरा, ड्रागन फ्रुट तथा तरकारी बालीहरूको उचित रूपमा बजार व्यवस्थापन गर्नु,
११. भ्रष्टाचार तथा फजूल खर्चको नियन्त्रण गरी प्रभावकारी प्रशासन संयन्त्रको विकास गर्नु,
१२. नगरपालिकामा रहेको धेरै कृषि योग्य भूमिमा पर्याप्त सिँचाइ सहित आधुनिकीकरण, प्रविधि युक्त र यान्त्रिकीकरण गर्नु,
१३. नगरपालिकाका सबै वडाहरूमा निर्माण भएको स्थानीय सडकको स्तरोन्नती गर्नु,
१४. यस नगरपालिकामा अन्य स्थानहरूबाट बसाँइसराइ बाट आएको मानव जनशक्तिको उपयोग गर्न नसक्नु,
१५. ऐतिहासिक तथा धार्मिक सम्पदा स्थलहरूको संरक्षण र संवर्द्धन गर्नु,
१६. सामुदायिक विद्यालय प्रतिको भरोसा एवम् विश्वासलाई कायम राख्न,
१७. उपलब्ध पानीका स्रोतहरूको व्यवस्थापन गरी कृषियोग्य जमिनमा बाह्रै महिना सिँचाइको सुनिश्चितता गर्नु ।

## ३.३ प्रमुख सम्भावना तथा अवसर

रत्ननगर नगरपालिका चितवन जिल्लामै प्राकृतिक स्रोत र साधन पर्याप्त हुनुको साथै पर्यटन तथा कृषि क्षेत्रमा प्रशस्त सम्भावनाहरू बोकेको नगरपालिकाको हो । आफ्नो क्षेत्रभित्र रहेका आर्थिक, प्राकृतिक तथा मानवीय स्रोत तथा साधनको परिचालन गरी समृद्धिको मार्गमा अगाडि बढ्ने महत्त्वपूर्ण अवसर नगरपालिकालाई प्राप्त भएको छ । यस नगरपालिकाका विकास र समृद्धिका मुख्य अवसरहरूलाई निम्न अनुसार रहेका छन्ः

१. नेपालको पूर्व-पश्चिम राजमार्गले छोएर गएको, बागमती प्रदेशको प्रदेश राजधानी हेटौँडाको भौगोलिक दूरी कम रहेको, चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको, प्रख्यात पर्यटकीय स्थल सौराहा यसै नगरपालिकामा रहेको, कृषिको लागि उर्वरा क्षेत्र प्रशस्त उपलब्ध हुनाको साथै सहरीकरण उन्मुख नगरपालिका भएकोले लाभका क्षेत्रहरूको पहिचान गरी सो अवसरहरूको उपयोग गर्ने,
२. वन, उर्वर कृषि जमिन, नदी नाला र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता भएकाले सो को उपयोग गरी आय आर्जनको स्रोतको रूपमा विकास गर्ने,
३. शिक्षित मानवीय स्रोतमा वृद्धि हुँदै गएकोले सो को उपयोगबाट नगरपालिकाको संवृद्धिमा दक्ष मानवीय स्रोतको उपयोग गर्ने,
४. नगरपालिका क्षेत्रभित्र टाँडी बजार, सौराहा, पिठुवा, लौरी घोल स्थानहरू बजार केन्द्रको रूपले विकास हुँदै गएकोले सो क्षेत्रहरूमा व्यवस्थित बस्ती विकास एवं बजारीकरण अभिवृद्धि गर्ने गरी आकर्षित केन्द्रको रूपमा विकास गर्ने,
५. विश्वकै हात्ती दौड प्रतियोगिता हुने सौराहा यसै पालिकामा रहेको हुनाले यस किसिमको यसको थप प्रचार प्रसार विश्वभरि गरेर थप अन्तरराष्ट्रिय पर्यटकको सङ्ख्यामा उल्लेखनीय वृद्धि गरी थप आर्थिक विकास तथा रोजगारीको सृजना गर्ने,
६. यस क्षेत्रको जङ्गलमा दुर्लभ वन्यजन्तु र चराहरूको वासस्थान, सिमसार क्षेत्रले शोभायमान भएकोले पर्यटकहरूको लागि थप आकर्षक स्थलको रूपमा विकास हुनु,
७. सबै क्षेत्र, वर्ग, लिङ्ग, जात जाती सहितको समावेशी स्थानीय जनप्रतिनिधिहरूको नेतृत्व रहेको,

८. स्थानीय सरकारमा कर्मचारी दरबन्दी अनुसारको पद पूर्ति पुरा हुनु,
९. विकासको मूल धारबाट पछि परेका वर्गहरू पनि विकासका गतिविधिहरूमा सचेत र सक्रिय हुँदै आउनु,
१०. रत्ननगर नगरपालिका तरकारी तथा फलफूल खेतीका लागि जिल्लामा उत्कृष्ट स्थान ओगट्न सफल रहेकोले यी क्षेत्रहरू थप व्यवस्थित गर्नु,
११. सबैभन्दा बढी पहाडी ब्राह्मण, दोस्रोमा थारू, र तेस्रोमा क्षेत्रीहरूको बसोबास विभिन्न बस्तीहरूमा रहेको यस नगरपालिकाका बस्तीहरूमा बकुलहर, टाँडी, बेल्सी, हाजी पुर, शान्ति चोक, भोकाह, देवौली, झुवानी, टरौली, बछौली, हात्तीसार, माल पुर, बाघ मारा, चित्र सारी, मनहरा, टिकौली, निपनी, जिरौना, कृष्ण मन्दिर, जमुना पुर, घेघौली, भानु चोक, जय मंगला ,माधव पुर, लौरीधोल, आदिमा विभिन्न जात जातिहरूको मिश्रित बस्ती रहेको पाइन्छ भने हरेक बस्तीमा उनीहरूको आफ्नै रहनसहन, रीतिरिवाज, धर्म, भाषा, संस्कृति रहेको पाइन्छ । यी जात जाती, रहन सहन र संस्कृतिलाई पनि यहाँको विकासको लागि महत्त्वपूर्ण अवसरका रूपमा लीन सकिन्छ ।

## ३.४ निर्देशक सिद्धान्त

रत्ननगर नगरपालिकाले निर्धारण गरेको दीर्घकालीन सोचलाई साकार पार्न बदलिँदो राजनैतिक, सामाजिक र कानुनी आधार, सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजना, राष्ट्रिय योजना आयोगको आधार पत्र र बागमती प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय आवधिक योजनामा उल्लिखित व्यवस्थाहरू समेतलाई आधार मानी निम्न विकासको निर्देशक सिद्धान्तहरू तय गरिएको छ । रत्ननगर नगरपालिकाको योजना तर्जुमा प्रक्रिया, आवधिक पञ्चवर्षीय योजना तर्जुमा र यसको कार्यान्वयनका अतिरिक्त यसबाट प्राप्त लाभ/लाभांश वितरणका लागि समेत यी निर्देशक सिद्धान्तहरू मार्गदर्शकका रूपमा रहनेछन् ।

| | |
|---|---|
| **१. जनकेन्द्रित तथा प्रतिफलमुखी विकास** | नगरपालिकाको विकासको लागि स्थानीय आवश्यकता, भूगोल र भूगोलको आधारमा प्राथमिकताका आधारमा जनसङ्ख्याको सापेक्षतामा प्रतिफलमुनि विकास हासिल गर्ने सिद्धान्त हुनेछ ।यसरी जन केन्द्रित विकास गर्दा नगरपालिकाबासी तथा यसमा पनि नगरपालिकाका पछाडी परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ती र परिवार, जेष्ठनागरिक, आदिवासी, जनजाति, युवा तथा लक्षित प्रत्यक्ष लाभ लीन सक्ने विकास गतिविधिलाई प्राथमिकताको साथ अगाडी बढाइनेछ । |
| **२.वालमैत्री शासन, लैङ्गिक तथा सामाजिक समावेशीकरण** | बालबालिकाहरूको सर्वाङ्गीण विकासको लागि बालमैत्री स्थानीय शासन तथा अपाङ्ग मैत्री स्थानीय शासनको अवलम्बन गरिनेछ । पालिकामा रहेका महिला तथा दलितको लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रक्रियालाई स्थापित गरिनेछ । |
| **३. व्यवस्थित भू—उपयोग र योजनाबद्ध विकास** | राष्ट्रिय भू उपयोग नीति २०६९ बमोजिम भूमिको बनौट, क्षमता र उपयुक्तता, आवश्यकता र वर्तमान उपयोग समेतको आधारमा भू—उपयोग योजना तर्जुमा र सो को पालनामा अभिवृद्धि गर्ने संयन्त्र र कानुनी र नीतिगत व्यवस्था गरिनेछ । |
| **४. दिगोपन, वातावरण, जलवायु अनुकूलन तथा विपद् व्यवस्थापनमैत्री विकास** | नगरपालिकाको विकास योजनामा दिगो पन, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रूपमा सबै आयोजनाको अभिन्न रूपमा अङ्गीकार गरिनेछ । कुनै निर्माण कार्य वा प्राकृतिक स्रोत तथा साधनको दोहनलाई |

| | |
|---|---|
| | वातावरणीय अध्ययन संक्षिप्त वातावरणीय अध्ययन/ प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कनको आधारमा मात्र गरिनेछ। स्थानीय योजनाहरूलाई जलवायु अनुकूलन युक्त बनाउन ध्यान दिइनेछ । |
| **५. प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापन** | नगरपालिकालाई प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको विकास गर्दै जनतालाई शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी, सरसफाइ लगायतका सेवा सुविधा प्रत्याभूति गरिनेछ । यसका लागि सूचना, प्रमाण र ज्ञानमा आधारित ठोस योजना तर्जुमा, प्रभावकारी कार्यान्वयन र प्राप्त उपलब्धिको नतिजा मूलक अनुगमन र प्रभावको लेखाजोखाको व्यवस्था गरिनेछ। |
| **६. अन्तर सरकार, निजी, गैर सरकारी तथा समुदाय साझेदारी र सहकार्यः** | पूर्वाधार निर्माण, सञ्चालन, सेवा प्रवाहमा अन्तर सरकार, निजी, गैर सरकारी, समुदायसँग साझेदारी र सहकार्य गरी विकास उपलब्धिलाई प्रभावकारी बनाइनेछ । कृषि, पशुपालन, सेवा प्रवाह उत्पादन तथा बजारीकरण, खानेपानी तथा सरसफाइ, इन्जिनियरिङ जस्ता सेवामा निजी क्षेत्र, गैर सरकारी संस्थासँग सहकार्य गरी करार गरी वैकल्पिक प्रणालीमा आधारित सेवा प्रवाहको व्यवस्था गरी स्थानीय सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइनेछ । साथै विकास निर्माण कार्यमा निजी, गैर सरकारी र समुदायको लगानी र साझेदारी अभिवृद्धि गरिनेछ । |
| **७. समावेशीकरण, सुशासन तथा सदाचार प्रवर्द्धनः** | सुशासन, विकास र समृद्धि सहितको कार्यसूची तय भएको छ । सुशासन विकास र समृद्धिको पूर्व सर्तको रूपमा रहेको छ । सुशासनको लागि विद्यमान सबै खालका विभेद तथा बहिष्करण अन्त्य, कानुन तथा विधिको शासन, सरकारी, निजी, सहकारी र सामुदायिक साझेदारी, पारदर्शिता र जबाफदेहीता सहितको उच्चतम अभ्यास गरिनेछ । राजनीति तथा समाजमा बढ्दै गइरहेको अराजकता र भ्रष्टाचारको विरुद्ध सदाचार पद्धति अवलम्बन र सामाजिक जबाफदेहीता सम्बन्धी संयन्त्रहरूको एकीकृत र सचेत अभ्यास गरिनेछ । यस प्रक्रियामा नागरिक समाजको साझेदारी रहनेछ । |
| **८. सूचना तथा नतिजामा आधारित विकास व्यवस्थापन** | विकास व्यवस्थापन प्रक्रियालाई सूचना, सञ्चार तथा ज्ञानमा आधारित नतिजा मूलक बनाइनेछ । यस प्रक्रियामा सूचना प्रविधि, अनुभव र सफल अभ्यासलाई अधिकतम परिचालन गरिनेछ । |
| **९. वन र वन पैदावारको यथोचित उपयोगः** | यस नगरपालिकामा प्रशस्त बनपैदावर र जडीबुटी रहेको हुनाले तिनिहरूको यथोचित उपयोग गरेर स्थानीय रोजगारी प्रदान गरिनेछ । |

## ३.५ सोच, लक्ष्य तथा उद्देश्य

### ३.५.१ राष्ट्रिय सोह्रौं योजनाको सोच

नेपालमा हालसम्म पन्ध्रवटा आवधिक योजना सम्पन्न भइ सकेका छन् । नेपाल बि. स. २०८३ (सन् २०२६) मा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नती हुने सुनिश्चित भएको अवस्था र बि. स. २०८७ (सन् २०३०) सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने र सोसँगै मध्यम आय भएको मुलुकमा पुग्ने लक्ष्य

सहित समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र तीव्र आर्थिक बुद्धिका साथै सामाजिक न्याय सहितको समृद्ध नेपाल निर्माण गर्न राष्ट्रिय सरकारको सोह्रौं योजना (आ.व.२०८१/८२-२०८५/८६) को सोच "सुशासन सामाजिक न्याय र समृद्धि" रहेको छ । सुशासन मार्फत सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोच यस योजनाले राखेको पाइन्छ ।

### ३.५.२ बागमती प्रदेशको दोस्रो आवधिक योजनाको सोच र लक्ष्य

बागमती प्रदेशको दोस्रो आवधिक योजनाले लिएको दीर्घकालीन सोच "बागमती प्रदेशको रूपान्तरण आर्थिक समृद्धि र समतामूलक समाज" तयार गरेर कार्यान्वयनमा आई सकेको अवस्था छ । प्रदेशको लक्ष्य "सुशासन अभिवृद्धि गर्दै समृद्ध र समतामूलक प्रदेश" रहेकोमा प्रदेशलाई कृषिजन्य उत्पादन र औद्योगिक उत्पादनमा स्वनिर्भर बनाउने, उच्च दिगो आर्थिक बुद्धिका साथै रोजगार जस्ता उदेश्यहरू निर्धारण गरेको छ ।

### रत्ननगर नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य र उदेश्यहरू

नगरपालिकाको अवस्था विश्लेषण, जनप्रतिनिधिहरू, कर्मचारीहरू, विभिन्न क्षेत्रका विज्ञहरू, राजनैतिक दल, गैसस, निजी क्षेत्र, समुदायमा आधारित सङ्घ संस्थाहरू लगायत बौद्धिक व्यक्तित्व तथा सरोकारवालाहरूको बृहत् छलफलबाट मिति २०८१ जेठ २६ मा सौराहामा भएको छलफलबाट आगामी ५ वर्षको समयलाई मध्यनजर राख्दै समग्र विकास निर्माणलाई दिशा निर्देश गर्ने दीर्घकालीन सोच के हुन सक्छ भनि बृहत् छलफल गरिएको थियो । उक्त छलफलमा विभिन्न अवधारणाहरू प्राप्त भएका थिए ।सोच लक्ष्य र उद्देश्य निर्धारण गर्दा नगरपालिकाभित्र रहेका प्राकृतिक स्रोत र साधनका अतिरिक्त स्थानीय राजस्व तथा जन अपेक्षालाई समेत आधार बनाइएको छ ।

**<u>दीर्घकालीन सोच</u>**

**"पर्यटकीय सहर; समुन्नत रत्ननगर"**

**<u>लक्ष्य</u>**

दिगो पर्यटनको विकास, कृषिको यान्त्रिकरण तथा आधुनिकीकरण, मानव पुँजीको विकास, दिगो पूर्वाधार विकास मार्फत समावेशी, सभ्य एवं समृद्ध नगरपालिका निर्माण गर्ने ।

**<u>उद्देश्य</u>**

१. स्थानीय आर्थिक सम्भावना र अवसर मार्फत पर्यटन, कृषि र पशुपालनमा आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा आय आर्जन र रोजगारी वृद्धि गर्नु,
२. गुणस्तरीय स्वास्थ्य र शिक्षामा सबैको पहुँच विस्तार गरी समावेशी र न्याय पूर्ण समाजको स्थापना गर्नु,
३. गुणस्तरीय पूर्वाधारको विकास गर्नु,
४. वन तथा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनु,
५. सुशासन कायम राखु।

## ३.६ परिमाणात्मक लक्ष्य

### तालिका ११: अपेक्षित परिमाणात्मक उपलब्धि

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०८०/८१ | बागमती २०८०/८१ | रत्ननगर २०८०/८१ | नेपाल २०८५/८६ | बागमती २०८५/८६ | रत्ननगर २०८५/८६ |
| १ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४५६ | २४८४ | २६५० | २४१३ | ३५८० | ४००० |
| २ | गरिबीको रेखामुनीको जनसङ्ख्या | प्रतिशत | २०.३ | १२.६ | ८.६ | १२ | ७.६ | ३ |
| ३ | औसत आयु | वर्ष | | ७२.४ | ७३ | ७३ | ७६ | ७६ |
| ४ | मानव विकास सूचकाङ्क | सुचकाङ्क | ०.६०१ | ०.६६१ | ०.६७ | ०.६५ | ०.६८५ | ०.६९ |
| ५ | सुरक्षित खानेपानीको स्रोत प्रयोग गर्ने परिवार | प्रतिशत | २५.८ | ९१.५ | ९८.५ | ४५ | १०० | १०० |
| ६ | खाना पकाउने इन्धन (विजुली, एलपीजी र बायोग्यास) प्रयोग गर्ने परिवार | प्रतिशत | | ७१ | ९० | | ८५ | १०० |
| ७ | बत्ती बाल्न स्वच्छ इन्धन (विजुली, सोलार र बायोग्यास)को प्रयोग गर्ने परिवार | प्रतिशत | ९६.७ | ९९.६७ | १०० | १०० | १०० | १०० |
| ८ | सिँचाइ सुविधा पुगेको खेतीयोग्य जमिन | प्रतिशत | २५ | ४४.६२ | ८० | ५० | ५० | ९० |
| ९ | पर्यटकको औसत बसाइ | दिन | १३.१ | १३.२ | २.५ | १५ | १६ | ४ |
| १० | पर्यटकको औसत दैनिक खर्च | अमेरिकी डलर | ४०.५ | ४०.५ | ६५ | ८० | ८५ | ९० |
| ११ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ७ | ८.६ | ५ | ४ | २ |
| १२ | सडक विस्तार | कि.मि. | ७६७५ | १०४३ | ५०० | १३६७५ | २००० | ७५० |
| १३ | विद्युत्मा पहुँच प्राप्त परिवार | प्रतिशत | ९६.७ | ९९.५ | ९९.१ | १०० | १०० | १०० |
| १४ | साक्षरता दर (पाँचवर्ष उमेर माथिका) | प्रतिशत | ७६.२ | ८२.१ | ८३.७ | ९५ | १०० | ८८ |
| १५ | मातृमृत्युदर (प्रतिलाख जीवित जन्ममा) | जना | १५१ | ९८ | ० | ८५ | ७० | ० |
| १६ | पाँच वर्षमुनीका बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | २४ | ० | २२ | २० | ० |

| क्र.सं. | सूचक | एकाइ | आधार वर्ष सम्मको अवस्था | | | योजना अन्त्यसम्मको प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल २०८०/८१ | बागमती २०८०/८१ | रत्ननगर २०८०/८१ | नेपाल २०८५/८६ | बागमती २०८५/८६ | रत्ननगर २०८५/८६ |
| १७ | नवजात शिसु मृत्युदर | जना | २१ | १७ | ० | १३ | १२ | ० |
| १८ | पाँच वर्षमुनीका बालबालिकामा भएको पुड्को पन | प्रतिशत | २५ | १८ | ५ | १६.६ | १५ | १ |
| १९ | स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २१ | ३० | ७५ | ७० | ८० | ९० |
| २० | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ७७ | | १०० | ८६ | | १०० |
| २१ | प्रतिव्यक्ति विद्युत् उपभोग (बाट प्रति घण्टा) | किलोवाट / घण्टा | ३८० | | ३४० | ७०० | | ६५० |
| २२ | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९४ | | ९७ | १०० | | १०० |
| २३ | इन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ६९.२ | | ९० | १०० | | १०० |
| २४ | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | २९.५ | | ३५ | ३५ | | ४० |
| २५ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (वर्षे -धान) | मे.टन/हेक्टर | ३.७९ | | ५.३ | ४.४८ | | ६.३ |
| २६ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै) | मे.टन/हेक्टर | ३.२ | | ७ | ४.५ | | ७.५ |
| २७ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ) | मे.टन/हेक्टर | २.९५ | | २ | ३.३४ | | २.७ |

## ३.७ रणनीति तथा प्राथमिकता

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय आर्थिक सम्भावना र अवसर मार्फत पर्यटन, कृषि र पशुपालनमा आधुनिकीकरण, व्यवसायीकरण तथा प्रतिस्पर्धात्मक क्षमताको माध्यमद्वारा आय आर्जन र रोजगारी वृद्धि गर्नु ।** | |
| १.१ नगरपालिकाको उत्पादन योग्य जमिनलाई उत्पादनका आधारमा विभिन्न प्याकेजमा विभाजन गरी कृषि सम्बन्धी नीति कानुन तथा योजना निर्माण सहित आधुनिक प्रविधिको | १. नगरपालिकामा कृषि योग्य जमिनको पहिचान गरी अन्न उत्पादन, फलफूल उत्पादन र तरकारी उत्पादनका आधारमा विभिन्न प्याकेजहरू तय गरी सोही अनुसारको उत्पादनमा जोड दिइनेछ ।<br>२. आधुनिक प्रविधिमा आधारित कृषि उत्पादनमा जोड दिइनेछ । माटो परीक्षणको प्रतिवेदन अनुसार उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| माध्यमद्वारा कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | ३. कृषि जन्य उत्पादनलाई विशिष्टीकरण उत्पादनका क्षेत्रहरू पहिचान गरी कृषि क्षेत्रको पूर्वाधार विकास, यान्त्रिकीकरण र व्यवसायीकरण अभिवृद्धि बुद्धि गरिनेछ ।<br>४. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनाका लागि प्रोत्साहन गरिनेछ । |
| १.२ पशु पन्छी जन्य व्यवसायमा आर्थिक, सामाजिक र भौगोलिक रूपमा पछि परेका महिला, युवा तथा विभिन्न कारणले जोखिममा रहेका लक्षित वर्गको स्व रोजगार तथा आय आर्जनको दिगो स्रोतको रूपमा विकास गर्ने । | १. पशु पन्छी पालक साना कृषक, महिला तथा भूमिहीन विपन्न किसानलाई पशु पन्छी पालन तथा पशु पन्छी जन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गरिनेछ भैंसी तथा गाईको लागि नस्लसुधार मार्फत दूध उत्पादनमा बुद्धि गरिनेछ।<br>२. युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशु पन्छी पालनमा आकर्षित गर्ने गरी युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. पशु पन्छी पालनमा बढ्दो महिला सहभागिता र महिला किसान सशक्त करणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामूखी कार्यक्रम सञ्चालनमा ल्याइनेछ। |
| १.४ पर्यटन प्रवर्द्धन र पर्यटन विकास गर्न स्थानीय स्तरमा सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग साझेदारी एवम् सहकार्य गरी कृषि, धार्मिक तथा सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने । | १. पर्यटन पूर्वाधार विकासमा स्थानीय तह, स्थानीय समुदाय तथा निजी क्षेत्रको नेतृत्व दायी भूमिका र सहभागितालाई प्रोत्साहित गरिनेछ ।<br>२. धार्मिक तथा सांस्कृतिक पर्यटन र कृषि पर्यटनलाई प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई थप प्रवर्द्धन गरिनेछ ।<br>३. नगरपालिकालाई नमुना पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न पर्यटन विकासका साझेदारहरूसँग सहकार्य र समन्वय गरिनेछ ।<br>४. पर्यटन विकासका नविनतम प्रविधि तथा आयामहरू लागू गरिनेछ<br>५. पर्यटन विकासलाई दिगो तथा व्यवस्थित बनाइ नेपालको मुख्य पर्यटक केन्द्रको रूपमा स्थापित गरी नगरपालिकाको कूल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदानमा बुद्धि गरिनेछ।<br>६. सौराहालाई पर्यटकीय क्षेत्र घोषणा गरिनेछ । |
| १.५ स्थानीय स्रोत एवम् सीपको उपयोग गरी कृषि तथा पर्यटनमा लघु, घरेलु तथा साना उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने | १. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रभावकारी रूपमा विस्तार गरी कार्यान्वयन गरिनेछ ।<br>२. 'एक वडा एक विशेष उत्पादन' सम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य नं.२ः गुणस्तरीय स्वास्थ्य र शिक्षामा सबैको पहुँच विस्तार गरी समावेशी र न्यायपूर्ण समाजको स्थापना गर्नु ।** | |
| २.१ गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच अभिवृद्धि गरी पोषण युक्त खानेकुरोको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच आम नागरीसम्म | १. स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी स्वास्थ्य सेवा सबै नागरिकले प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ ।<br>२. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ<br>३. गुण स्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरी क्रमशः सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्दै लगिनेछ |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| पुऱ्याउनको अतिरिक्त गुणस्तरीय औषधी तथा पोषण युक्त खाद्य उपभोगमा जोड दिने । | ४. स्वास्थ्य तथा पोषणबारे व्यापक जन चेतना जागृत हुने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जन उत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>६. पोषण युक्त खाद्यान्नको उत्पादन तथा उपभोगमा व्यापक सचेतन अभिवृद्धि गरिनेछ। |
| २.२ माध्यामिक तह सम्मको शिक्षामा सबै बालिकाहरूको पहुँच गर्ने । | १. शिक्षामा सबैको पहुँच पुऱ्याउन आवश्यक नीति तथा नियम तर्जुमा गरिनेछ ।<br>२. विद्यार्थी भर्ना दर शत प्रतिशत पुऱ्याउने छ ।<br>३. विद्यालय शिक्षालाई जीवन उपयोगी बनाउन अनुसन्धानमा आधारित शिक्षा प्रणालीमा जोड दिइनेछ । |
| २.३ रोजगारी र उद्यमशीलता विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विस्तारमा जोड दिइ सार्वजनिक र निजी तहबाट प्रदान गरिने शिक्षा बीचको गुणस्तरमा रहेको अन्तर घटाउँदै सबै तहको शिक्षाको गुणस्तरमा सुधार ल्याउने । | १. प्राविधिक र व्यावसायिक विद्यालयहरू सञ्चालनका लागि आवश्यक संस्थागत संरचना तथा नियमन कारी व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।<br>२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको क्षेत्रमा जोड दिइ प्राविधिक जनशक्ति उत्पादनमा जोड दिइनेछ ।<br>३. विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि तथा विद्यार्थीको सिकाइ सु निश्चितताको लागि मातृभाषा, राष्ट्रिय भाषा र अन्तर्राष्ट्रिय भाषालाई शिक्षण सिकाइको माध्यमका रूपमा अपनाई शिक्षामा बहुभाषिक नीति अवलम्बन गरिनेछ ।<br>४. विद्यार्थीको सिकाइ अभिवृद्धिका लागि निरन्तर मूल्याङ्कन पद्धति तथा प्रारम्भिक बाल कक्षामा पढाई सीप विकास विधिहरूको प्रभावकारी उपयोगमा जोड दिइनेछ।<br>५. माध्यामिक तह सञ्चालन गर्ने सामुदायिक तथा संस्थागत दुवै प्रकारका विद्यालयहरूमा उपलब्ध हुनुपर्ने न्यूनतम आधारभूत सुविधाहरूको सूची निर्धारण गरेर विद्यालयहरूमा गुणस्तरको मानक तयार गरी लागू गरिनेछ ।<br>६. विद्यालय तहको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन र जवाफदेहिता सुनिश्चित गर्न विद्यालयहरूको सञ्चालन तथा कार्यसम्पादनस्तरको वार्षिक रूपमा कार्य सम्पादन परीक्षण गर्ने र कार्यसम्पादनमा आधारित व्यवस्थापन तथा लगानीको प्रावधान लागू गरिनेछ ।<br>७. विद्यालयहरूको व्यवस्थापन सुधार तथा शैक्षिक उपलब्धि अभिवृद्धिका लागि प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करारको व्यवस्था लाग गरिनेछ ।<br>८. आर्थिक तथा सामाजिक क्षेत्रमा पछि परेका क्षेत्र तथा अति विपन्न बसोबास रहेको क्षेत्रलाई लक्षित गरी विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ९. दलित, छात्रा, जनजाति, लोपान्मुख जात जाति, गरिब तथा जेहनदार विद्यार्थीहरूका लागि आवश्यकताका आधारमा छात्रवृत्तिको व्यवस्था गरिनेछ ।<br>१०.भिन्न सिकाइ आवश्यकता भएका जोखिममा परेका तथा सीमान्त कृत समूहका विद्यार्थीहरूको सिकाइ आवश्यकता सम्बोधन गर्नका लागि खुला, वैकल्पिक, आवासीय तथा विशेष शिक्षा कार्यक्रमको सुविधा विस्तार गरिनेछ ।<br>११.नयाँ विद्यालय भवन निर्माणका नमुना डिजाइनहरू बहु प्रकारका विपद् प्रति संवेदनशील र अपाङ्ग मैत्री हुने गरी बनाइनेछ ।<br>१२.जनसङ्ख्या र भूगोलको आधारमा विद्यालयहरूको नक्साकन गरी पुन निर्माण गरिनेछ।<br>१३.बालबालिका तथा युवालाई आफ्नो अन्तर्निहित क्षमताको विकास गर्न प्रत्येक विद्यालय तथा साबिक वडा स्तरमा खेलकुद विकास, प्रशिक्षण र अभ्यासलाई अभिन्न अङ्ग बनाइनेछ । |
| **उद्देश्य ३ः गुणस्तरीय पूर्वाधारको विकास गर्नु ।** | |
| ३.१ नगरपालिकाको केन्द्र, राजमार्ग तथा बजारसँग पहुँच भएका, आर्थिक वृद्धिलाई योगदान पुग्ने प्रकृतिका दिगो, सुरक्षित यातायातमा सुविधा विस्तार गरी कृषि, उद्योग, व्यापार, विद्युत्, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी व्यापार व्यवसायको प्रवर्द्धन गर्ने । | १. सहरी क्षेत्र / वार क्षेत्र तथा ग्रामीण सडक मार्गलाई सुरक्षित, दिगो र छोटो हुने गरी स्तर उन्नतिको कामलाई प्राथमिकता दिइनेछ ।<br>२. सडक सञ्जाल निर्माण गर्दा कृषि, ऊर्जा, पर्यटन तथा उद्योग व्यवसायको समेत प्रवर्द्धन हुने गरी गरिनेछ ।<br>३. सडकको दायाँबायाँ हरियाली कायम गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ<br>४. सडक तथा पुलहरूको निर्माण तथा मर्मत सम्भारमा सामाजिक एवम् वातावरणीय पक्षको नकारात्मक असर न्यूनीकरणका लागि आवश्यक उपायहरूको अवलम्बन गरिनेछ ।<br>५. सार्वजनिक निर्माणमा सार्वजनिक-निजी साझेदारी, निर्माण, सञ्चालन तथा हस्तान्तरण प्रक्रिया जस्ता विधिहरू अवलम्बन गरिनेछ ।<br>६. सडक यातायातको विकास र विस्तारमा प्रादेशिक तथा सङ्घीय सरकारसँग आर्थिक तथा प्राविधिक सहयोग लीन पहल गरिनेछ ।<br>७. सडक सम्पत्ति संरक्षण, मर्मत सम्भार, पुनर्निर्माण एवम् व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।<br>८. दिगो, भरपर्दो र सुविधा युक्त यातायातको उपयोग गर्दै व्यापार व्यवसायको प्रवर्द्धनमा जोड दिइनेछ । |
| ३.३ विद्युतको प्रसारण व्यवस्थालाई थप सुदृढ तथा प्रभावकारी बनाइनुका साथै वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा समेतको प्रयोग गर्दै आधुनिक प्रविधिको उपयोगमा स्थानीयवासीको पहुँच विस्तार गर्ने। | १. केन्द्रीय विद्युतीकरणको पहुँच प्रत्येक घर तथा बस्तीसम्म विस्तार गरिनेछ ।<br>२. पुराना पोलहरू विस्थापित गरी स्टिल पोलहरू स्थापित गरिनेछ ।<br>३. विद्युत प्रसारणलाई थप व्यवस्थित र सहज बनाइनेछ ।<br>४. नवीकरणीय ऊर्जाको विकास र विस्तारको लागि व्यापक सचेतना सहित बजेटको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ५. विद्युतमा आधारित आधुनिक प्रविधिको उपयोग गरी सूचना ,सञ्चार ,व्यापार व्यवसायमा वृद्धि गरिनेछ । |
| **उद्देश्य ४: वन तथा वातावरण संरक्षण, फोहरमैला व्यवस्थापन तथा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनु** | |
| ४.१ जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गरी दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वन पैदावारमा आत्म निर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने । | १. विविधतापूर्ण वन पैदावारको सहज आपूर्ति, रोजगारी सिर्जना र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याउन वन सम्वर्द्धन प्रणालीमा आधारित वनको दिगो व्यवस्थापन गरिनेछ ।<br>२. वनमा लाग्ने डढेलो व्यवस्थापनको लागि व्यापक रूपमा सचेतना अभिवृद्धि गर्दै पूर्व तयारी, डढेलो नियन्त्रण र डढेलो प्रतिरोधी क्षमता विस्तारका लागि अग्निरेखा व्यवस्थापन र आकाशे पानी सङ्कलन कार्यक्रममा स्थानीय जनताको सहभागिता अभिवृद्धि गरिनेछ ।<br>३. भूउपयोग विकास तथा एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा गरी जल उत्पन्न प्रकोप विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।<br>४. जलवायु परिवर्तनले पारिस्थितिकीय तथा जलाधारीय प्रणालीमा पार्ने नकारात्मक प्रभाव न्यूनीकरण, अनुकूलन र समयानुकूल गर्न स्थानीय समुदायको क्षमता अभिवृद्धि गरिनेछ।<br>५. स्थानीय अनुकूलन योजनालाई समुदायमा आधारित वन व्यवस्थापन कार्ययोजनाहरूमा मूलप्रवाहीकरण र सेवा प्रदायकहरूको क्षमता विकास गरिनेछ।<br>६. वन व्यवस्थापन कार्यलाई उद्योगको रूपमा विकास गर्न वन तथा वनपैदावारमा आधारित उद्यमशीलता विकास तथा उद्योग व्यवसाय सञ्चालन गरी हरित रोजगारी वृद्धि गरिनेछ ।<br>७. तुलनात्मक लाभ भएका उच्च मूल्यका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संरक्षण, संवर्द्धन, खेती विस्तार एवम् निर्यातका लागि आवश्यक व्यवस्था मिलाइनेछ। |
| ४.२ विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन नीति गत व्यवस्थालाई समय सापेक्ष र व्यवहारिक बनाई विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी आपत्कालिन खोज, उद्धार, उपचार तथा तत्काल राहतका लागि क्षमता अभिवृद्धि गर्नका साथै विपद् जोखिम न्यूनीकरणलाई विकासका सबै आयाम तथा चरणमा मूलप्रवाहीकरण गर्ने। | १. नगरपालिकाको योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा समाहित गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।<br>२. बस्ती/समुदाय स्तरसम्म विपद् पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकास व्यवस्थापन गरी विपद् जोखिम न्यूनीकरण तथा अल्पीकरण गर्नका लागि नगरपालिकाका सबै वडा तहसम्म जनसचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. एकीकृत बस्ती विकासको सुरुवाती चरणदेखि नै विपद् विज्ञ, स्थानीय तह, योजनाविद्हरूलाई सहभागी गराएर भू-उपयोग नीति अनुकूल हुने गरी दीर्घकालीन बस्ती विकास योजना बनाई लागू गरिनेछ ।<br>४. विपद् व्यवस्थापनलाई दिगो बनाउन विभिन्न प्रकारका प्रकोपका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ । |

| रणनीतिहरू | प्राथमिकताहरू |
|---|---|
| | ५. विपद् व्यवस्थापनमा संलग्न प्रहरीचौकी र कर्मचारीहरूको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गरी विपद्को पूर्वतयारी तथा विपद् प्रतिकार्यलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ । |
| ४.३ मानव जन्य फोहोर व्यवस्थापन गरी प्रशोधन सहित पुन उपयोग गर्न मिल्ने बनाइनुका साथै सफा र स्वच्छ घर तथा बस्ती निर्माण गर्ने । | १. बजार उन्मुख बस्तीहरूमा उत्पादन हुने मानव जन्य फोहोरलाई निजी क्षेत्र तथा समुदाय समेतको सहयोग र सहकार्यमा सङ्कलन गरी व्यवस्थापन गरिनेछ ।<br>२. नगरपालिकाको सहरी तथा ग्रामीण बस्तीमा उत्सर्जन हुने फोहोरलाई सङ्कलन गर्न आवश्यक डस्टबिन वितरण गर्नका साथै स्थानीय स्तरमा जन चेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. समुदायबाट सङ्कलन भएको फोहोरलाई कुहिने र नकुहिने गरी दुई भागमा विभाजन गरी कुहिने लाई प्रशोधन गर्ने तथा नकुहिने फोहोरलाई दिगो रूपमा व्यवस्थापन गरिनेछ ।<br>४. नगरपालिकाको क्षेत्राधिकारभित्र बग्ने नदी नाला लगायत अन्य सार्वजनिक ठाउँहरूको सरसफाइ गरी घर बस्ती तथा समुदायलाई फोहोर विहीन मानव बस्तीका रूपमा परिचय दिने गरी कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: सुशासन कायम राख्नु ।** | |
| ५.१: संस्थागत विकासका लागि आवश्यक कानुनी तथा संरचना गत प्रणालीमा सुधार गरी प्रविधि मैत्री, पारदर्शी र सुशासन युक्त बनाउने । | १. समावेशी र सन्तुलित विकासको माध्यमद्वारा समता मूलक समाज निर्माण गरिनेछ।<br>२. नगरपालिका तथा वडा कार्यालयहरूको सङ्गठन तथा व्यवस्थापन सर्भे गरी सोही अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।<br>३. नगरपालिकाका सम्पूर्ण निर्वाचित पदाधिकारीहरूलाई कानुन, योजना तर्जुमा, पारदर्शीता तथा पदीय जिम्मेवारीका बारेमा तालिम, गोष्ठी, भ्रमण आदिको आयोजना गरिनेछ ।<br>४. नगरपालिकाभित्र रहेका समुदायमा आधारित संस्थाहरू जस्तै आमा समूह, युवाक्लव, सामुदायिक संस्थाहरू, विद्यालय व्यवस्थापन समितिहरू, स्वास्थ्यचौकी व्यवस्थापन समितिहरू, सामुदायिक वन उपभोक्ता समितिहरू टोल सुधार समितिहरू, सरसफाइ समितिहरू, निर्माण कार्यसँग सम्बन्धित उपभोक्ता समितिहरूको क्षमता विकास गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. नगरपालिकामा कार्यविधिमा उल्लिखित सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, मासिक प्रगति विवरण सार्वजनिक गर्नका साथै चौ मासिक प्रतिवेदन सार्वजनिक कार्यक्रमलाई अझ सशक्त र प्रभावकारी बनाइनेछ ।<br>६. गुनासो पेटिका, सूचना पाटी, पत्रपत्रिका, स्थानीय एफ. एम बाट नियमित रूपमा नगरपालिकाबाट सम्पादित कार्यक्रमहरू लगायत सूचनाहरू सार्वजनिक करण गरिनेछ। |

## ३.८ लगानी, स्रोत अनुमान र बाँडफाँट

तालिका १२: आवधिक योजनामा लगानी स्रोतहरू

| क्र.सं. | स्रोत | योजना अवधिमा हुने लगानी (रु लाखमा) | प्रतिशत |
|---|---|---|---|
| १ | सरकारी (प्रदेश तथा सङ्घीय सरकार) क्षेत्र | ९०२०९२९ | ९६.३० |
| २ | सहकारी क्षेत्र | ५०००० | ०.५३ |
| ३ | निजी क्षेत्र | १२५००० | १.३३ |
| ४ | गै.स.स. | ३११८२ | ०.३३ |
| ५ | उपभोक्ता समूह, सामुदायिक संस्था आदिको योगदान | ७०००० | ०.७५ |
| ६ | अन्तर स्थानीय तह साझेदारी | ७०००० | ०.७५ |
| | **कुल** | **९३६७१११** | **१००.००** |

तालिका १३: नगरपालिकाको आय अनुमान (रु. हजारमा)

| क्र. सं. | बजेट कोड | विवरण | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३२१२२ | नगद मौज्दात | २२००० | | | | | |
| २ | | आन्तरिक राजस्व | १२०००० | १३८००० | १५८७०० | १८२५०५ | २०९८८१ | २४१३६३ |
| ३ | १३३११ | सङ्घीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १८१४०० | १९९५४० | २१९४९४ | २४१४४३ | २६५५८८ | २९२१४७ |
| ४ | १३३१२ | ससर्त अनुदान चालू (सङ्घ सरकार) | ३६२००० | ३९८२०० | ४३८०२० | ४८१८२२ | ५३०००४ | ५८३००५ |
| ५ | १३३१३ | ससर्त अनुदान पुँजीगत (सङ्घ सरकार) | ० | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ |
| ६ | ११४११ | राजस्व बाँडफाँट प्राप्त आय (सङ्घ सरकार) | १२०४०६ | १३२४४७ | १४५६९१ | १६०२६० | १७६२८६ | १९३९१५ |
| ७ | १३३११ | प्रदेश सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान | १९६६३ | २१६२९ | २३७९२ | २६१७१ | २८७८९ | ३१६६७ |
| ८ | १३३१३ | ससर्त अनुदान (प्रदेश सरकार) | ३३०९८ | ३६४०८ | ४००४९ | ४४०५३ | ४८४५९ | ५३३०५ |

| क्र. सं. | बजेट कोड | विवरण | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपित | २०८२/८३ को प्रक्षेपित | २०८३/८४ को प्रक्षेपित | २०८४/८५ को प्रक्षेपित | २०८५/८६को प्रक्षेपित |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ११४५६ | राजस्व बाँडफाँट (प्रदेश सरकार) | ८७७०६ | ९६४७७ | १०६१२४ | ११६७३७ | १२८४१० | १४१२५१ |
| १० | १३३१७ | समपूरक अनुदान (संघ) | १६००० | १७६०० | १९३६० | २१२९६ | २३४२६ | २५७६८ |
| ११ | १३३१७ | समपूरक अनुदान (प्रदेश) | ३०००० | ३३००० | ३६३०० | ३९९३० | ४३९२३ | ४८३१५ |
| १२ | १३३१७ | विशेष अनुदान (संघ) | १२००० | १३२०० | १४५२० | १५९७२ | १७५६९ | १९३२६ |
| १३ | १३३१७ | विशेष अनुदान (प्रदेश) | १०००० | ११००० | १२१०० | १३३१० | १४६४१ | १६१०५ |
| १४ | | सामाजिक सुरक्षा | ३००००० | ३३०००० | ३६३००० | ३९९३०० | ४३९२३० | ४८३१५३ |
| १५ | | अन्य | ८००० | ९२०० | १०१२० | १११३२ | १२२४५ | १३४७० |
| १६ | | जनसहभागिता | १५००० | १६५०० | १८१५० | १९९६५ | २१९६२ | २४१५८ |
| | | **जम्मा** | **१३३७२७३** | **१४६३२००** | **१६१६४२०** | **१७८५९९७** | **१९७३७२२** | **२१८१५८९** |

## ३.९ नगर गौरवका आयोजनाहरू

**तालिका १४: नगर गौरवका प्रस्तावित आयोजनाहरू**

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. ८१/८२ | दोस्रो आ.व. ८२/८३ | तेस्रो आ.व. ८३/८४ | चौथो आ.व. ८४/८५ | पाँचौं आ.व. ८५/८६ | कुल जम्मा |
| ४ | रत्ननगर हरियाली पार्क टिकौली | सङ्ख्या | | १ | ७००० | ५००० | | | | **१२०००** |
| ५ | सार्वजनिक जग्गा संरक्षण तथा घेराबार कार्यक्रम | मि. | | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** |
| १ | वाटर किङ्डम- करिब ५ विगाहा जग्गामा | सङ्ख्या | | १ | ५०००० | ५०००० | | | | **१०००००** |
| ३ | उज्यालो रत्ननगर अभियान | एकमुस्ट | | ६० | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** |
| ३ | लौरीघोल पन्चनदी संरक्षण तथा पार्क निर्माण | एकमुस्ट | | १ | ४००० | ५००० | ६००० | ७००० | ८००० | **३००००** |
| १ | नगर प्रमुखसँग उद्यमशीलता कार्यक्रम | सङ्ख्या | | ३०० | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** |
| ३ | खेलकुद मैदान निर्माण | सङ्ख्या | | १ | १०००० | ३०००० | | | | **४००००** |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. ८१/८२ | दोस्रो आ.व. ८२/८३ | तेस्रो आ.व. ८३/८४ | चौथो आ.व. ८४/८५ | पाँचौं आ.व. ८५/८६ | कुल जम्मा |
| २ | बहुउद्देश्यीय प्राकृतिक रङ्गशाला | सङ्ख्या | | १ | १५००० | १५००० | २०००० | २५००० | २५००० | १००००० |
| ४ | पञ्चकन्या सामुदायिक वन कृष्णसार वासस्थान व्यवस्थापन | सङ्ख्या | | १ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| २ | विपन्नको लागि ५० प्रतिशत अनुदानमा (योगदान) स्वास्थ्य बीमा कार्यक्रम | घरपरिवार | | ८००० | २००० | २५०० | ३००० | ३५०० | ४००० | १५००० |
| | **नगर गौरवको योजनाको जम्मा** | | | | **१०६०००** | **१२५५००** | **४७०००** | **५३५००** | **५५०००** | **३८७०००** |

**तालिका १५: नगर गौरवका प्रस्तावित आयोजनाहरूको स्थान गत विवरण तथा साङ्केतिकरण**

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ४ | रत्ननगर हरियाली पार्क टिकौली | सङ्घ/प्रदेश/पालिका | वडा नं. १० | १३ | ७ | ३ | १ |
| ५ | सार्वजनिक जग्गा संरक्षण तथा घेराबार कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | आवश्यकता अनुसार | ८ | ३ | ३ | १ |
| १ | वाटर किङ्डम- करिब ५ विगाहा जग्गामा | सङ्घ/प्रदेश/पालिका | वडा नं. ५ | १० | १ | ३ | २ |
| ३ | उज्यालो रत्ननगर अभियान | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | ५ | ३ | ३ |
| ३ | लौरीघोल पन्चनदी संरक्षण तथा पार्क निर्माण | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | ९ | ३ | ३ | १ |
| १ | नगर प्रमुखसँग उद्यमशीलता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | २ | २ | २ | ३ |
| ३ | खेलकुद मैदान निर्माण | सङ्घ/प्रदेश/पालिका | वडा नं १० | ५ | ६ | ३ | ३ |
| २ | बहुउद्देश्यीय प्राकृतिक रङ्गशाला | सङ्घ/प्रदेश/पालिका | वडा नं ८ | ५ | १ | ३ | २ |
| ४ | पञ्चकन्या सामुदायिक वन कृष्णसार वासस्थान व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| २ | विपन्नको लागि ५० प्रतिशत अनुदानमा (योगदान) स्वास्थ्य बीमा कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |

# परिच्छेद — ४: आर्थिक विकास

नेपालले सन् २०१५-२०३० सम्ममा दिगो विकासका लक्ष्यहरू पूरा गर्ने प्रतिबद्धतामा गरिसकेको अवस्थामा आर्थिक विषयहरू दिगो विकासको लक्ष्य -१ (शून्य गरिबी), लक्ष्य -२ (भोकमरीको अन्त्य) लक्ष्य - ८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य -१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । यस नगरपालिकाले आर्थिक क्षेत्रको उद्देश्य उत्पादनशील क्षेत्रको उच्चतम परिचालन गरी गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारीको सृजना र पोषणमा सुधार गर्दै आर्थिक विकासको आधार तयार गर्नु भन्ने निर्धारण गरेको छ । यस नगरपालिकाले आर्थिक क्षेत्रको प्रवर्द्धन र विकास गरी नगरपालिकालाई समुन्नत नगरपालिकाको रूपमा विकास गर्ने सोच बनाएको छ । यसका लागि राष्ट्रिय रूपमा परिभाषित गरिबीको रेखा मुनी रहेका महिला, पुरुष र सबै उमेरका जन समुदाय बीचको गरिबीको अनुपात उल्लेख्य रूपमा घटाउने परिमाणात्मक लक्ष्य राख्दछ ।

यस नगरपालिकाको समष्टिगत विकास र समृद्धिको महत्त्वपूर्ण आधार आर्थिक क्षेत्रलाई मानिएको छ । यस क्षेत्र अन्तर्गत कृषि तथा पशु विकास, सिँचाइ, पर्यटन संस्कृति तथा सम्पादन, उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति र पर्यटन, सांस्कृतिक तथा  सम्पदा संरक्षण र श्रम, रोजगार तथा सामाजिक सुरक्षा  लगायतका उपक्षेत्रहरू पर्दछन् । नेपालको संविधानको अनुसूची - ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यस नगरपालिका कृषिमा निर्भर रहेको छ । कृषितर्फ धान, मकै र गहुँ प्रमुख वालिहरू हुन् । दलहन यहाँका प्रमुख उत्पादन मानिन्छन् । यसका अलवा पर्यटन, दुग्धजन्य साना उद्योग तथा सहकारीसँग सम्बन्धित गतिविधिहरू यहाँका आर्थिक विकाससँग सम्बन्धित छन् ।

## ४.१ कृषि तथा पशुपन्छी

### ४.१.१ पृष्ठभूमि

रत्ननगर नगरपालिकाको अर्थ व्यवस्थाको मुख्य आधारको रूपमा कृषि, पशुपालन, पर्यटन र व्यापार, व्यवसायलाई लिन सकिन्छ ।यस नगरपालिकाको मुख्य अन्नवालीमा धान (वर्षे तथा चैते), गहुँ, मकै हुन् । यो नगरपालिका नेपालमा केरा उत्पादनमा अग्रिम स्थानमा आउँछ । यहाँको अधिकांश जनसङ्ख्याको जीविकोपार्जन तथा रोजगारीको प्रमुख आधार कृषि, पशुपालन, व्यापार, व्यवसाय  र पर्यटन रहेको छ । नगरपालिकाको अर्थतन्त्रमा व्यावसायिक रूपमा खेती गरिएका खाद्यान्न लगायतका नगदेबाली, केरा, विभिन्न तरकारीहरू, पशुपालन,  तथा दूध उत्पादन आदिले मुख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ ।

राष्ट्रिय कृषि गणना २०७८ का अनुसार नगरपालिकामा १०९०३ घरधूरीहरू कुनै न कुनै कृषि व्यवसायमा संलग्न रहेको देखिन्छ । १०९०३ घरधूरीहरूले ३६६२.८ हेक्टर क्षेत्रफलमा खेती गरेको देखिन्छ । सिँचित क्षेत्रफल भने २९८४.८ हेक्टर मात्र रहेको छ । पशु तथा पन्छी मात्र पाल्ने परिवार सङ्ख्या भने ७२२८ रहेको छ । बागमती प्रदेशमा उत्पादन हुने केरा मध्ये लगभग एक तिहाइ केरा रत्ननगरमा उत्पादन हुन्छ ।

चितवन आफैमा ठूलो बजार भएको र सङ्घीय राजधानी लगायत पोखरा यहाँ उत्पादित उपजका मुख्य बजार हुन् । धान र गहुँ यहाँका प्रमुख खाद्यवालिहरू हुन् । धान खेती ३००९.८ हेक्टरमा, गहुँ २०३ हेक्टरमा, मकै ७५४८ हेक्टरमा लगाइँदै आइरहेको अवस्था छ । तेलवालीमा समेत यस पालिका अग्रिम स्थानमा आउँछ । यहाँ ६९९८ परिवार कृषकहरूले १६०.९ हेक्टरमा तेलवाली उत्पादन गर्दछन् । कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस नगरपालिकाको खेतीयोग्य भूमि प्रशस्त रहेकाले उपलब्ध भूमिको वैज्ञानिक ढङ्गले समुचित प्रयोग गरी कृषि र कृषि उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ । नगरपालिकामा कृषिका धेरै सम्भावनाहरू हुँदा हुँदै पनि यहाँ किसानले केही चुनौतीहरू पनि सामना गर्न परेको छ । यहाँ एकातर्फ जग्गाको खण्डीकरण रोक्नुपर्ने चुनौती छ भने अर्कोतर्फ सिँचाइको ठूलो समस्या छ । कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यातमूलक अवस्थामा पुऱ्याउने सोच अनुरूप नै रत्ननगरलाई विशेष प्राथमिकतामा राखिएको छ । उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगार सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकरण माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत भोकमरीको अन्त्य लगायतका लक्ष्य प्राप्त गर्न आदर्श उत्पादन र न्यायिक वितरण प्रणाली प्रति विशेष पहल गर्नुपर्ने देखिन्छ । पोषण तथा खाद्य विविधता प्रवर्द्धन गर्नका लागि खाद्यान्नका अतिरिक्त दूध, माछा, मासु, मह र अण्डाको महत्त्वपूर्ण भूमिकालाई मनन गरी नगरपालिका क्षेत्रमा पशुपन्छी तथा माछापालनका माध्यमबाट पोषण तथा खाद्य सुरक्षा प्रवर्द्धन भई रोजगारीका अवसरहरू सिर्जना हुनुका साथै आर्थिक उन्नतितर्फ अग्रसर हुनको लागि सहयोग पुग्ने देखिन्छ ।

### ४.१.२ समस्या तथा चुनौती

यस नगरपालिकामा कृषिको विकास तथा व्यवसायीकरणका समस्याहरूमा मुख्यतः सिँचाइको अभाव तथा आधुनिक उपकरण तथा गुणस्तरीय बीउ विजन, मलखाद एवं औषधीहरूको अभाव रहेको छ । यसैगरी व्यावसायिक खेती तथा बजारीकरणका लागि सीप तथा पूँजीको अभाव, स्थानीय स्तरमा बीमा गर्ने निकायको अभावले गर्दा हुरी/बतासले केराको बोट ढल्ने र विभिन्न रोगहरू उत्पादनमा भइरहेको क्षति प्रमुख समस्याको रूपमा रहेको पाइन्छ । अर्कोतर्फ कृषिमा लागत लाभको दृष्टिकोणमा खेती प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, सिँचाइ पर्याप्त उपलब्धता जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी व्यावसायिक सोचको कमी विद्यमान रहनु, कृषि सङ्कलन केन्द्र लाई व्यवस्थित गर्न नसक्नु, कृषि पर्यटन तथा पाकेट खेती विकास कार्यक्रम नमुनाको सञ्चालन नहुनु आदिलाई पनि लिन सकिन्छ । यहाँको कृषि क्षेत्रमा देखिएका समस्याहरूको अध्ययन गर्दा कृषि उपजको सुरक्षित भण्डारको सुविधा नहुनु, चिस्यान केन्द्र (विशेष गरी आलुका लागि) को सुविधा नहुनु बाट व्यवस्थित विक्री वितरण प्रणाली समेत नभएको अवस्था छ । अधिकांश कृषकहरूमा व्यावसायिक कृषि र पशुपालन सम्बन्धी प्राविधिक, व्यवस्थापकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र प्रविधिको प्रयोगमा कमी हुनु रहेको छ । आर्थिक विकास सम्भावनाका क्षेत्रहरू प्रचुर मात्रामा भएता पनि परम्परागत र निर्वाह मुखी खेती प्रणाली, व्यावसायिक ज्ञान तथा प्रविधि सम्बन्धी सूचनाको कमी, कर्जामा कम पहुँच, बजारोन्मुख खेती प्रणाली नहुनुका साथै कृषि विज्ञको समेत कमी भएको अवस्था देखिन्छ । स्थानीय हावापानी सुहाउँदो र बढी उत्पादन दिने खालको विभिन्न प्रजातिका बीउ बिजन उत्पादन गर्ने नर्सरी नुहुँदा कृषकहरूले

माग र आवश्यकता अनुसारको बोट बिरुवा प्राप्त गर्न सकेका छैनन् । साथै जलवायु परिवर्तनको असरका कारण बालीमा देखा पर्ने हानिकारक झार, रोग तथा किराहरूको प्रकोप लगायत पोषण र पानी सम्बन्धी जोखिममा वृद्धि भएको अवस्था छ । जडीबुटी उत्पादन विस्तार र बजारीकरण समस्या, सङ्कलन साथै उत्पादनका लागि औजार उपकरणको कमी, वन्यजन्तुको समस्या समेत विद्यमान रहेको छ ।राष्ट्रिय निकुञ्जसँग नजिक रहेका स्थानहरूमा जङ्गली जनावरहरू खास गरेर हात्ती तथा गैंडाबाट ठूलो क्षति पुगेको अवस्था छ । यस पालिकामा तल्लो तटीय क्षेत्रमा वर्षाको समयमा डुवानको पनि ठूलो समस्या रहेको छ ।

स्थानीय स्तरमा बिमा गर्ने निकायको अभावले क्षति, विक्री वितरण गर्न सुविधा युक्त यातायात तथा ढुवानीको समस्या, श्रम एवं लागत बढी पर्ने, नस्ल सुधार सहित उन्नत जातको गाई, भैंसी, बाख्रापालन पर्याप्त हुन नसक्नु, आधुनिक किसिमको गोठ, खोरको व्यवस्थामा कमी हुनु तथा उन्नत घाँसको व्यवस्थामा कमी हुनु रहेका छन् । यसैगरी पशुपालन तालिमको व्यवस्थामा कमी, गुणस्तरीय दुग्ध उत्पादनमा व्यावसायिक चेतनाको कमी देखिन्छ भने आवश्यक पूर्वाधारहरू जस्तै दुग्ध चिस्यान केन्द्र, पशु रोग पहिचान तथा उपचारका लागि प्रयोगशाला नहुनु, पशुपालनका लागि आवश्यक सरल कर्जाको व्यवस्था नहुनु, समयमा उपलब्ध हुनुपर्ने औषधी भ्यासलिनको सहज उपलब्धता नहुनु, एग्रोभेटहरू सञ्चालनमा सहजता नहुनु तथा पशु फार्म व्यवस्थापन सम्बन्धी सीप नहुनु आदि समस्याहरू रहेका छन् ।

### ४.१.३ सम्भावना तथा अवसर

रत्ननगर नगरपालिका तरकारी, फलफूल तथा नगदेवालीको लागि जिल्लामा उत्कृष्ट स्थान ओगट्न सफल रहेको छ । बजार विस्तार भइरहेको अवस्थामा बेमौसमी तथा अन्य ताजा तरकारीको लागि बजारको सुविधा रहेको छ । पर्यटकीय नगरी सौराहामा रहेका होटेलहरू लगायत नारायणगढ नजिकमा रहेका उपभोग गर्ने बजारहरू हुन् ।चितवनको केरालाई गुणस्तरमा अव्वल मानिन्छ र ग्राहकको पहिलो रोजाइमा पर्दछ । पहाडी तथा समतल तराई भेगको संगम स्थलयुक्त धरातल भएको र वन जङ्गल उपलब्धताको कारण पशुपालन पालनको लागि उपयुक्त रहेको छ । तोरी खेतीको कारण मौरी पालनको प्रचुर सम्भावना रहेको छ । वडा नं ५ र ६ यो सम्भावना रहेका वडाहरू हुन् । माछा व्यवसायको लागि वडा नं ३, ४ र ९ प्रचुर सम्भावना रहेका वडाहरू हुन् । स- साना सिँचाइ मार्फत समतल भूभागको क्षेत्रमा खाद्यान्नको उत्पादनको सम्भावना रहेको र नगरपालिकाले शीत भण्डार स्थापनाको लागि विशेष प्रथमिकता दिनलाई महत्त्वपूर्ण अवसरको रूपमा हेरिएको छ । उन्नत गाई, भैंसी तथा बाख्रापालन तर्फ किसानको आकर्षण बढ्दो रहेको छ र पशुजन्य उत्पादनको बढ्दो मागलाई अवसरको रूपमा लिन सकिन्छ । नगरपालिकामा रहेका कृषि तथा पशु विज्ञहरूले गरिरहेका अध्ययन तथा अनुसन्धानले समेत यस क्षेत्रमा सहयोग पुऱ्याई रहेको देख्न सकिन्छ । यस नगरपालिकाबाट दैनिक रूपमा ५५ हजार लिटर दूध सङ्कलन हुँदै आइरहेको छ । राष्ट्रिय कृषि गणना २०७८ अनुसार यस पालिकामा पशु पाल्ने किसानको सङ्ख्या ७२२८ घरपरिवार रहेको छ । गाईगोरू पाल्ने किसानको सङ्ख्या ३५४३ छ भने राँगो- भैंसी पाल्ने किसानको सङ्ख्या ३५४३ रहेको छ । बाख्रा पालन गर्ने र कुखुरा पालक किसानको सङ्ख्या क्रमशः ४८७८ र २८५४ रहेको देखिन्छ ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि तथा पशुजन्य उत्पादनको योगदान बढाउने

**उद्देश्य**

१. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणद्वारा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।
२. निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।
३. जैविक खेतीको प्रवर्द्धन प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी अर्थतन्त्रमा टेवा पुऱ्याउनु ।
४. पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण एवम् व्यवसायीकरणद्वारा कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **१.१:** कृषि क्षेत्रको उत्पादकत्व वृद्धि र यान्त्रिकीकरण तथा आधुनिकीकरण गर्ने । | १. स्थानीय बीउ—विजन, बेर्नाहरूको संरक्षण गर्दै गुणस्तरीय जातका मूलतः नगदे एवं उच्च मूल्यका कृषि उपजहरूको व्यावसायिक खेती उत्पादनमा जोड दिई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>२. दिगो कृषि विकासका लागि आवश्यक ऐन, नियम, नीतिहरू तर्जुमा तथा संशोधन गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>३. कृषि वस्तु उत्पादन अभिवृद्धि गर्न कृषि जन्य वस्तुको व्यावसायिक उत्पादनका लागि उपयुक्त र दिगो सिँचाइ सुविधा लगायतका आवश्यक पूर्वाधारको पहुँच बढाइनेछ ।<br>४. उन्नत प्रविधि (थ्रेसिंग मेशीन, जोत्ने, धान रोप्ने आदि) मा सुलभ कृषि कर्जाको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: निर्वाहमुखी कृषि प्रणालीलाई दिगो र व्यावसायिक प्रणालीमा रूपान्तरण गर्नु ।** | |
| **२.१:** साना किसानलाई व्यावसायिक किसानमा परिणत गर्ने, व्यावसायिक किसानलाई उद्यमी र उद्यमलाई उद्योगमा परिणत गर्ने । | १. खाद्य तथा अन्य कृषि उत्पादनमा आत्म निर्भरताका लागि उत्पादन पकेट क्षेत्र विकास गरी सघन व्यावसायिक खेती प्रणाली अघि बढाइनेछ ।<br>२. कृषि उपज उत्पादन, प्रशोधन, भण्डारण एवम् वितरण प्रणालीमा नयाँ प्रविधिको विकासको अनुसरण, अवलम्बन र आधुनिकीकरण गरिनेछ ।<br>३. उत्पादन र भण्डारणका क्रममा हुने हानी नोकसानीलाई न्यूनीकरण गर्न कृषि उपज सङ्कलन तथा भण्डारण केन्द्रको स्थापना गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ४. मूल्य शृङ्खला पद्धति अनुसार उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>५. खाद्यान्न उत्पादन न्यून भएका पोषण असुरक्षित स्थानहरूमा स्थानीय स्तरमै उत्पादन गर्न सकिने कृषिजन्य उत्पादन प्रवर्द्धन तथा उपयोगमा जोड दिइनेछ। |
| **उद्देश्य ३ जैविक खेतीको प्रवर्द्धन गरी प्रतिस्पर्धात्मक क्षमताद्वारा अर्थतन्त्रमा टेवा पुर्‍याउनु ।** | |
| **३.१:** जलवायु परिवर्तन र प्रकोपबाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | १. रासायनिक मल लगायत विषादीको प्रयोग घटाउँदै जैविक र प्राङ्गारिक खेतीलाई प्रोत्साहित गरी उत्पादित वस्तुलाई बजारीकरणमा जोड दिइनेछ ।<br>२. जलवायु परिवर्तनसँगै कृषिमा अनुकूलन गरी कृषि जैविक विविधताको संरक्षण, संवर्द्धन तथा उपयोगमा वृद्धि गरिनेछ ।<br>३. लोपोन्मुख तथा रैथाने बीउ बिजन र बालीजन्य जैविक विविधता संरक्षणमा स्थानीय समुदायको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।<br>४. कृषि अध्ययन तथा अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिको विकास एवम् विस्तार गरिनेछ ।<br>५. कृषि उपजको अधिकतम उत्पादन एवम् उत्पादकत्व वृद्धिका लागि स्थानीय साधन स्रोत र जैविक प्रविधिको उपयोग गरिनेछ । |
| **उद्देश्य ४ पशुपन्छी पालनलाई प्रविधियुक्त र व्यावसायिक बनाई निर्यात प्रवर्द्धन गर्नु ।** | |
| **४.१:** कृषकलाई पशुपन्छी पालन तथा पशुपन्छीजन्य व्यवसायमा प्रेरित गरी आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने । | १. हाल परम्परागत रूपमा सञ्चालन हुँदै आएको पशुपालन व्यवसायलाई उद्यम तथा उद्योगमा परिणत गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२. युवाको विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा युवा लक्षित कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ।<br>३. पशुपन्छी पालनमा युवा सहभागिता र महिला सशक्तीकरणलाई केन्द्रित गरी व्यावसायिक कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।<br>४. व्यावसायिक पशुपन्छी पालनका साथै माछा पालन तथा मौरी पालनका लागि अनुदान तथा सहुलियत ऋणको व्यवस्था गरिनेछ ।<br>५. विपन्न परिवारलाई पशुपन्छी पालनका लागि प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

## ४.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| | **कृषि** | | | | | | | | | |
| १ | धान रोप्ने मेशिन | सङ्ख्या | | ५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** |
| १ | भण्डारण गृह २०००० मे टन क्षमता | सङ्ख्या | ० | १ | | | २०००० | २०००० | ३०००० | **७००००** |
| २ | माटो परीक्षण कार्यक्रम | पटक | ४ | ९ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | सहकारीमा आधारित मिल उद्योग | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | कष्टम हायरिङ्ग सेन्टर स्थापना | सङ्ख्या | | १ | १०००० | १०००० | १०००० | ५००० | ५००० | **४००००** |
| २ | नमुना एकीकृत कृषि फर्म | सङ्ख्या | | ५ | ३००० | ३००० | ३००० | ३००० | ३५०० | **१५५००** |
| ३ | स्थानीय बीउ उत्पादन तथा प्रवर्द्धन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ३ | अर्गानिक फार्म हाउस | सङ्ख्या | | ३ | | | ३००० | ३००० | ५००० | **११०००** |
| २ | कृषि पकेट क्षेत्र (केरा तथा तरकारी आदि) प्रवर्द्धन | एकमुस्ट | | | ५००० | ५००० | ३००० | ३००० | ३००० | **१९०००** |
| २ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन | सङ्ख्या | | १ | ५००० | ५०० | ५०० | ५०० | ५०० | **७०००** |
| २ | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | सङ्ख्या | | ३ | १००० | २००० | ३००० | ४००० | ५००० | **१५०००** |
| २ | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | - | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| २ | कृषि बाली बीमा कार्यक्रम | सङ्ख्या | ५०० | १५०० | १००० | १५०० | २००० | २५०० | २५०० | **९५००** |
| २ | कृषि दक्ष जनशक्ति विकास कार्यक्रम | सङ्ख्या | | ५० | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ३ | बाली-बस्तु संरक्षण (हात्ती तथा गैंडा वन्यजन्तुको अतिक्रमण नियन्त्रण) कार्यक्रम | एकमुस्ट | | | १५०० | १८०० | २००० | २२०० | २५०० | **१००००** |
| | **पशुपालन** | | | | | | | | | **०** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पशुपालन पकेट क्षेत्र (दुग्ध, बाख्रा, कुखुरा, माछा, बङ्गुर लगायत) प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | ५ | १० | २००० | २५०० | ३००० | ३५०० | ४००० | **१५०००** |
| ४ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | एक वडा एक पशु विकास प्राविधिक | सङ्ख्या | ० | १६ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| ४ | पशु बीमा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | मुर्रा भैसी /राँगो पालन सहायता कार्यक्रम | सङ्ख्या | ० | ५० | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | व्यावसायिक पशुपंछीपालन/मत्स्यपालन प्रवर्द्धन कार्यक्रम | सङ्ख्या | ० | १० | २००० | २००० | २००० | २००० | २००० | **१००००** |
| ४ | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार | सङ्ख्या | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | उन्नत घाँसखेती विस्तार कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ४ | पशु वधशाला तथा मासु बजार विकास कार्यक्रम | सङ्ख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ४ | नमुना पशुपालन फर्म | सङ्ख्या | ० | ५ | १००० | २००० | २५०० | ३००० | ३५०० | **१२०००** |
| ४ | दक्ष जनशक्ति विकास कार्यक्रम, | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ४ | पशुपक्षी उपचार सम्बन्धी स्थलगत तालिम | सङ्ख्या | ० | ६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ४ | पशु व्यवसायीहरूको लागि तालिम तथा अवलोकन भ्रमण | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| | **कृषि तथा पशुपालन विकासको जम्मा** | | | | **५१५००** | **५०३००** | **७४०००** | **७१७००** | **८६५००** | **३३४०००** |

### ४.१.६ कृषि तथा पशुपालन विकासका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | धान रोप्ने मेशिन | सङ्घ/प्रदेश/पालिका | आवश्यकता अनुसार | १ | ४ | २ | ३ |
| १ | भण्डारण गृह २०००० मे टन क्षमता | प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | २ | ४ | २ | ३ |
| २ | माटो परीक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १ | ४ | २ | ३ |
| १ | सहकारीमा आधारित मिल उद्योग | प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | १ | ४ | २ | ३ |
| १ | कष्टम हायरिङ्ग सेन्टर स्थापना | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | २ | ४ | २ | ३ |
| २ | नमुना एकीकृत कृषि फर्म | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोकेको स्थानमा | २ | ४ | २ | ३ |
| ३ | स्थानीय बीउ उत्पादन तथा प्रवर्द्धन | पालिका | कार्यपालिका | २ | ४ | २ | २ |
| ३ | अर्गानिक फार्म हाउस | पालिका | कार्यपालिका | २ | ४ | २ | २ |
| २ | कृषि पकेट क्षेत्र (केरा तथा तरकारी आदि) प्रवर्द्धन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १ | ४ | २ | ३ |
| २ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | २ | ४ | २ | ३ |
| १ | कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १ | ४ | २ | ३ |
| २ | वीज भण्डार सङ्कलन तथा वितरण केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | सबै वडा | २ | ४ | २ | ३ |
| २ | कृषि बजारीकरण प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १ | ४ | २ | ३ |
| २ | कृषि बाली बीमा कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | २ | ४ | २ | ३ |
| २ | कृषि दक्ष जनशक्ति विकास कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | १ | ४ | २ | ३ |
| ३ | बाली-बस्तु संरक्षण (हात्ती तथा गैंडा वन्यजन्तुको अतिक्रमण नियन्त्रण) कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | २ |
| ४ | पशुपालन पकेट क्षेत्र (दुग्ध, बाखा, कुखुरा, माछा, बङ्गुर लगायत) प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | २ | ४ | २ | ३ |
| ४ | उत्पादनका आधारमा कृषक प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | २ | ४ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ४ | एक वडा एक पशु विकास प्राविधिक | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | २ | ४ | २ | ३ |
| ४ | पशु बीमा प्रवर्द्धन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | ३ |
| ४ | मुर्रा भैसी /राँगो पालन सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | १ | ४ | २ | ३ |
| ४ | व्यावसायिक पशुपंछीपालन/मत्स्यपालन प्रवर्द्धन कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | ३ |
| ४ | पशु उपचार तथा औषधी वितरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १ | ४ | २ | ३ |
| ४ | नस्ल सुधार सहितको प्रविधि युक्त फारामहरूको विकास र विस्तार | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | ३ |
| ४ | उन्नत घाँसखेती विस्तार कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै वडा | २ | ४ | २ | २ |
| ४ | पशु वधशाला तथा मासु बजार विकास कार्यक्रम | प्रदेश/पालिका | सबै वडा | २ | ४ | २ | ३ |
| ४ | नमुना पशुपालन फर्म | पालिका | नगर सभाले तोके बमोजिम | २ | ४ | २ | ३ |
| ४ | दक्ष जनशक्ति विकास कार्यक्रम, | पालिका | सबै वडा | २ | ४ | २ | ३ |
| ४ | पशुपक्षी उपचार सम्बन्धी स्थलगत तालिम | प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | ३ |
| ४ | पशु व्यवसायीहरूको लागि तालिम तथा अवलोकन भ्रमण | प्रदेश/पालिका | कार्यपालिका | २ | ४ | २ | ३ |

## ४.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| नगरपालिकाको आर्थिक विकासको क्षेत्रमा उच्चतम लगानी परिचालन गरी | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (वर्षे -धान) | मे. टन प्रति हेक्टर | ५.३ | ५.५ | ५.८ | ६.१ | ६.२ | ६.३ | ६.३ | नगरपालिका प्रोफाइल, कृषि, पशु विकास र स्वास्थ्य शाखाको प्रतिवेदन | कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रले थप प्रोत्साहन र |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (चैते -धान) | | ६.६ | ६.७ | ६.८ | ६.९ | ६.९ | ७ | ७ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| गुणस्तरीय उत्पादन र उत्पादकत्वमा वृद्धि भएको हुनेछ । | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (मकै) | | ७ | ७.१ | ७.२ | ७.३ | ७.४ | ७.५ | ७.५ | | प्राथमिकता पाएका हुने |
| | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (गहुँ) | | २ | २.१ | २.२ | २.५ | २.६ | २.७ | २.७ | | |
| कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यात प्रवर्द्धन भएको हुनेछ । | दलहनको उत्पादकत्त्व | | १.४ | १.५ | १.६ | १.८ | १.९ | २ | २ | | |
| | तेलहन को उत्पादकत्त्व | | १.३ | १.५ | १.६ | १.८ | १.९ | २ | २ | | |
| | केराको उत्पादकत्व | | २० | २१ | २२ | २२.५ | २३ | २३.५ | २३.५ | | |
| | काउलीको उत्पादकत्व | | १४.१ | १४.५ | १५ | १५.५ | १५.८ | १६ | १६ | | |
| | आलु बालीको उत्पादकत्त्व | | २३ | २३.५ | २४ | २४.५ | २४.८ | २५ | २५ | | |
| | वर्षभरि सिँचाइ हुने खेतीयोग्य जमिन | प्रतिशत | ८० | ८१ | ८२ | ८३ | ८४ | ८५ | ८५ | | |
| निर्वाहमुखी कृषि प्रणाली दिगो एवम् व्यावसायिक प्रणालीमा रूपान्तरण हुनेछ । | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | ८० | ८२ | ८६ | ८७ | ८८ | ९० | ९० | | |
| | तरकारी व्यावसायिक उत्पादन क्षेत्र | प्रतिशत | १५ | १८ | २० | २२ | २५ | २८ | २८ | | |
| | कृषि सहकारी संस्था | सङ्ख्या | २० | २१ | २२ | २३ | २४ | २५ | २५ | | |
| | बचत तथा ऋण सहकारी | सङ्ख्या | १४ | १६ | १७१ | १८ | १९ | २० | २० | | |
| | बहुउद्देश्यीय सहकारी | सङ्ख्या | ५ | ६ | ७ | ८ | ८ | १० | १० | | |
| | दुग्ध उत्पादक सहकारी | सङ्ख्या | १३ | १४ | १५ | १६ | १७ | १८ | १८ | | |
| | सहकारीमा आबद्ध कृषक | प्रतिशत | ४०० | ४५० | ५०० | ५५० | ६०० | ६५० | ६५० | | |
| कृषिमा आधारित उद्योगको स्थापना तथा सञ्चालन भई रोजगारी | कृषिमा आधारित उद्योग सञ्चालन | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | कृषिमा आधारित रोजगारी | सङ्ख्या | १५०० | १७०० | २०० | २२०० | २३०० | २४०० | २४०० | | |
| | कृषि तालिम प्राप्त जनशक्ति | जना | १०० | १२० | १४० | १६० | १८० | २०० | २०० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| र आम्दानी वृद्धि हुनेछ । | कोल्ड रूम (चिस्यान केन्द्र) | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | कृषि उपज सङ्कलन केन्द्र | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ३ | ३ | | |
| व्यावसायिक पशुपालनबाट पशुजन्य पदार्थको आयात अन्त्य भई निर्यात प्रवर्द्धन भएको हुनेछ । | कृषि प्राविधिक | जना | ५ | ८ | १२१ | १४ | १५ | १६ | १६ | | |
| | अण्डाको उत्पादन | सङ्ख्या (हजारमा) | २८०० | ३००० | ३२०० | ३५०० | ३८०० | ४००० | ४००० | | |
| | दूधको उत्पादन | लीटर दैनिक (हजारमा) | ५५ | ५८ | ६० | ६५ | ६८ | ७० | ७० | | |
| | पशु प्राविधिक | जना | ८ | ८ | १०१ | १२ | १४ | १६ | १६ | | |
| | कम्तीमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | ५५ | ६१ | ६२ | ६३ | ६४ | ६५ | ६६ | | |
| | कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ४५ | ४२ | ४५ | ५० | ५५ | ६० | ६० | | |

### ४.१.८ अनुमान तथा जोखिम पक्ष

कृषि, पशु र खाद्य सुरक्षा क्षेत्रको व्यवसायीकरण भइ आय आर्जनमा वृद्धि हुनुका साथै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ ।

- कृषि जन्य उत्पादन भित्र्याउने समयमा बाँदर लगायत जङ्गली जनावरबाट नोकसानी हुन सक्छ ।
- बाढी पहिरो, आगलागी, भूकम्प आदिबाट बाली नालीमा नोकसानी पुग्न सक्छ ।
- ठूलो असिना तथा बाढी पहिरो आएमा कृषि जन्य उपजमा क्षति हुन सक्छ ।
- सरुवा तथा महामारीका रोगहरूको सङ्क्रमण बढेमा पशु पक्षीमा नोक्सान हुन सक्छ ।
- नयाँ तथा हाइब्रिड बीउहरू लगाउँदा कहिलेकाहीँ वातावरण मैत्री हुन नसकि उत्पादन ह्वात्तै घट्न सक्छ ।

## ४.२ सिँचाइ

### ४.२.१ पृष्ठभूमि

यस नगरपालिकाको प्राय सबै वडाहरू खेतीयोग्य जमिन रहेको छ ।यहाँ रहेका जल भण्डारहरूको स्रोत साना खोलाहरू, भूमिगत जलभण्डार र स-साना ताल तलैया तथा पोखरीहरू रहेका छन् । बुढी राप्ती, कयर खोला, खगेरी खोला यस पालिकाका प्रमुख सिँचाइका स्रोतहरू हुन् । यसको अलवा लौरीघोल लगायत पञ्चकन्या क्षेत्रमा पनि पानीका मुहानहरू हुन् । भूमिगत स्रोतका बोरिङ्बाट समेत ठूलो क्षेत्रफल सिँचाइ भै रहेको अवस्था छ ।यस नगरपालिकामा खेती गरिएको ३६६२.८ हेक्टर क्षेत्रफल जमिन मध्ये जम्मा २९८४.८ (८१.५%) हे.मा मात्र सिँचाइ सुविधा उपलब्ध छ । बाँकी जमिनमा साना बोरिङ् बाट अस्थाई रूपमा सिँचाइ गरेर खेती गरिन्छ । पिठुवा सिँचाइ कुलो यहाँको सबैभन्दा ठूलो सिँचाइ कुलो हो । यसले पालिकाका वडा नं. ३,१४, १५ र १६ मा मात्र सिँचाइ सुविधा पुगेको छ । लौरीघोल तालले वडा नं ३, १३ र १४ मा सिँचाइ पुऱ्याएको छ । ढुङ्गे खोला बुढी राप्ती- बछौली जल उपभोक्ता संस्थाको लगभग १० कि.मि लामो कुलोले करिब ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ पुऱ्याएको छ । पञ्चकन्या जल उपभोक्ता समिति मार्फत वडा नं १,४,८,९,१२ मा सिँचाइ पुगेको छ जसबाट करिब ६०० हेक्टर जमिन सिँचाइ भएको छ । यसैगरी वडा नं. ५, ६, ७, ८,९ र ११ मा पनि बुढी रापती, कयर खोला, खगेरी खोलाले सिँचाइ पुऱ्याएको छ । वडा नं ३ मा रहेको बेल्दी -हाजिपुर सिँचाइ पुरानो संरचनाबाट चलिरहेको छ ।

### ४.२.२ समस्या तथा चुनौती

यस नगरपालिकाको सिँचाइको सबै भन्दा ठूलो समस्या भनेको विकास निर्माण तथा आधुनिकतामा सिमेन्ट, कंक्रिटको बढ्दो प्रयोगले जमिनमुनिको पानी रिचार्ज हुन नसकेको अवस्था हो । त्यसरी नै पुरानो कुलो वा नहरहरूबाट नियमित रूपमा मर्मत भै सिँचाइ हुन नसक्नु हो । अर्को समस्या भनेको खगेरी खोलाको पानीबाट रत्ननगरमा सिँचाइ नहुनु हो । उक्त नहरबाट पश्चिम चितवनको सिँचाइको लागि पानी लगिन्छ तर रत्ननगरको लागि भने छैन । यसको साथै वर्ष भरि सिँचाइको लागि अन्य पानीको स्रोत नहुनु रहेको छ ।आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन् ।साना-साना सिँचाइ योजना निर्माण खर्चिलो हुनु, कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउन नसक्नु, कृषि र सिँचाइ बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिँचाइ आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भई आएका परम्परागत सिँचाइ प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिँचाइ कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु, कृषि उत्पादनको लागि जनशक्तिको अभाव हुँदै जानु आदि यस क्षेत्रका सिँचाइ विकासका चुनौतीहरू हुन् ।

### ४.२.३ सम्भावना तथा अवसर

नगरपालिकामा सिँचाइका लागि स्रोतहरू उपलब्ध भएकोले ठूला आयोजना लगायत सतह सिँचाइको विकास गरी सिँचाइ सुविधा उपलब्ध गराउन सकिने सम्भावना रहेको छ । यहाँ बाह्रै महिना पानी बग्ने खोलाहरू जस्तै कयर खोला, बूढी राप्ती, खगेरी खोला नियमित पानीका स्रोतहरू रहेका छन् । यसको अलवा भूमिगत जलस्रोत यहाँका पानीका स्रोतहरू हुन् । बोरिङ् तथा स्यालो टयुवेलबाट किसानहरूले आफ्नो बारी सिँचाइ गरिरहेका छन् । वर्षाको आकाशे पानी बाट समेत केही जमिन सिँचित हुँदै आइरहेको अवस्था छ तर यो घट्दो क्रममा

रहेको छ । साना सिँचाइ निर्माणका क्षेत्रमा सङ्घसंस्थाहरू क्रियाशिल रहनु, साना सिँचाइ नगरपालिकाको अधिकार क्षेत्रमा पर्नु, नगरपालिकाको प्राथमिकतामा सिँचाइ क्षेत्र समावेश हुनु तथा सिँचाइका लागि उपयुक्त जमिनहरूको उपलब्धता हुनु यस पालिकामा सिँचाइ विकासका अवसरहरू हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

कृषि योग्य जमिनमा सिँचाइ सुविधा पुर्‍याउनु ।

**उद्देश्य**

कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ उपलब्ध गराउनु ।

**रणनीति र कार्य नीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **कृषि योग्य जमिनमा सर्वयाम सिँचाइ उपलब्ध गराउनु ।** | |
| परम्परागत सिँचाइ संरचनामा सुधार र व्यवस्थापनबाट खाद्य असुरक्षित क्षेत्रहरूलाई प्राथमिकतामा राखी सिँचाइको पहुँच वृद्धि गर्ने। | १. परम्परागत सिँचाइका परम्परागत स्रोतहरूको विवरण सङ्कलन गरिनेछ ।<br>२. परम्परागत स्रोतहरूको क्षमताको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>३. यस्ता स्रोतहरूको संरक्षण गर्ने कार्यको थालनी गरिनेछ ।<br>४. आधारभूत सिँचाइको पहुँच वृद्धिको लागि खाद्य असुरक्षित क्षेत्रहरूको पहिचान गरी प्राथमिकताको निर्धारण गरिनेछ ।<br>५. निर्माण कार्य सम्पन्न गर्न निर्माण तथा अनुगमन समितिको गठन गरिनेछ। |
| आधारभूत सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूमा वैकल्पिक स्रोतहरूको व्यवस्थापन गरी सिँचाइको पहुँच वृद्धि गर्ने। | १. सिँचाइका वैकल्पिक स्रोतहरूको पहिचान गरिनेछ ।<br>२. संरचना निर्माणको लागि आवश्यक वित्तीय स्रोतको व्यवस्थापन गरिनेछ।<br>३. सिँचाइको पहुँच नपुगेका कृषिजन्य क्षेत्रहरूको विवरण तयार गरी प्राथमिकताको सूची तयार गरिनेछ ।<br>४. प्राथमिकताको आधारमा वैकल्पिक सिँचाइ संरचनाको निर्माण गरिनेछ।<br>५. संरचना निर्माणको निमित्त निजी वा अन्य क्षेत्रसँग साझेदारीको लागि समन्वय गरिनेछ।<br>६. संरचना निर्माणको प्रयोजनको लागि निर्माण तथा अनुगमन समिति गठन गरिनेछ ।<br>७. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>८. सिँचाइ आयोजनाहरूको मर्मत सम्भारको लागि कृषक तथा समुदायको क्षमता वृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| खेतीयोग्य जमिन भएको तर सिँचाइको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिँचाइको पहुँच वृद्धि गर्ने । | १. सिँचाइ नपुगेका अथवा अपर्याप्त खेतीयोग्य जमिनको विवरण तयार गरिनेछ ।<br>२. निर्माण भए तापनि समुचित प्रयोगमा नआएका सिँचाइ नहर तथा कुलोहरू प्रयोगमा आउने गरी पुनर्निर्माण गरिनेछ ।<br>३. एक योजनाबाट समुदायमा खानेपानी र सिँचाइको व्यवस्थापन गर्न सम्भव भएको अवस्थामा त्यस्ता योजनालाई प्राथमिकता दिइनेछ ।<br>४. सिँचाइका संरचनाको मर्मत सम्भारको लागि सामूहिक कोषको व्यवस्था गरिनेछ।<br>५. संरचना विस्तारको लागि उपभोक्ताको लागत सहभागिता सुनिश्चित गरिनेछ।<br>६. सिँचाइ योजनाको व्यवस्थापन तथा दिगोपनको लागि उपभोक्ताहरूको संरक्षण समिति गठन गरिनेछ। |
| दिगो सिँचाइ प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने । | १. सञ्चालित कुलो तथा नहरको दिगो पानीको लागि मर्मत सम्भार कोष तथा संरक्षण समितिको व्यवस्थापनमा जोड दिइनेछ ।<br>२. जल उपभोक्ता संस्थाको संस्थागत क्षमताको विकास गरिनेछ ।<br>३. सिँचाइ योजनाको सञ्चालन र व्यवस्थापनलाई दिगो बनाउन सिँचाइ सेवा शुल्क निर्धारण गरी सङ्कलन र उपयोग गर्न कानुनी व्यवस्था गरिनेछ ।<br>४. दिगो सिँचाइको व्यवस्थापनको लागि उपभोक्ता र समुदायको दक्षतामा वृद्धि गरिनेछ ।<br>५. सिँचाइ पुगेका क्षेत्रमा उत्पादकत्व बढाउन सकिने खालका नगदेबाली, फलफूल तथा खाद्यवस्तुको उत्पादनलाई प्रोत्साहित गरिनेछ ।<br>६. सिँचाइ आयोजनाका मुहानहरूको संरक्षण गरिनेछ ।<br>७. परम्परागत कुलोहरूको मर्मत संभारमा जोड दिइनेछ । |
| जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु । | १. जल उत्पन्न जोखिमको क्षेत्र पहिचान गरी न्यूनीकरणका उपायहरू अवलम्बन गरिनेछ।<br>२. नदीजन्य प्रकोपको दिगो नियन्त्रणको लागि स्थानीय प्रविधि र रैथाने ज्ञानको उपयोग गरिनेछ।<br>३. खोला/नदि नियन्त्रणमा वायोइन्जिनियरिङ प्रविधिको उपयोग गरिनेछ।<br>४. नदी किनाराको क्षेत्रको संरक्षणमा विशेष ध्यान दिइनेछ ।<br>५. नदी किनारका जोखिमयुक्त स्थानमा बस्ती विस्तार तथा नदी खोला अतिक्रमण र अव्यवस्थित दोहनको नियन्त्रण गरिनेछ । |

### ४.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | पिठूवा सिँचाइ मर्मत | एकमुस्ट | | | | ५००० | ५००० | ५००० | ५००० | २०००० |
| १ | पञ्चकन्या जल उपभोक्ता सिँचाइ मर्मत | सङ्ख्या | ० | १ | ५००० | ५००० | ५००० | | | १५००० |
| १ | बेल्सी-हाजिपुर सिँचाइ | कि.मि. | - | १० | | | | ३००० | ३००० | ६००० |
| १ | ढुङ्ग्रेखोला -बुढी राप्ती- बछौंली मर्मत | कि.मि | ० | १० | | | | ७००० | ७००० | १४००० |
| १ | लौरिघोल ताल सिँचाइ योजना | सङ्ख्या | ० | १ | ४००० | ४००० | | | | ८००० |
| १ | डिप वोरिङ सञ्चालन | सङ्ख्या | ० | ५ | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| १ | बुढी राप्तीबाट लिफ्ट सिँचाइ नहर पूर्व काठे पुलबाट पश्चिम रामदिन चौधरीको घर नजिक कुलो सम्म लगभग १०० हेक्टर | सङ्ख्या | ० | १ | | | ५००० | १०००० | १०००० | २५००० |
| १ | भूत्याहा मुहान पक्की बाँध | सङ्ख्या | ० | १ | | २००० | ३००० | ३००० | ३००० | ११००० |
| १ | अन्य कुलो/नहरहरू मर्मत | सङ्ख्या | | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | ५०००० |
| | **सिँचाइको जम्मा** | | | | २९००० | ३६००० | ३८००० | ४८००० | ४८००० | १९९००० |

### ४.२.६ सिँचाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | पिठूवा सिँचाइ मर्मत | सङ्घ/प्रदेश/पालिका | वडा नं. ३,१४,१५,१६ | ८ | ३ | ३ | २ |
| १ | पञ्चकन्या जल उपभोक्ता सिँचाइ मर्मत | सङ्घ/प्रदेश/पालिका | वडा नं. १,४,८,९,१२ | ८ | ३ | ३ | २ |
| १ | बेल्सी-हाजिपुर सिँचाइ | सङ्घ/प्रदेश/पालिका | वडा नं. ३ | ८ | ३ | ३ | २ |
| १ | ढुङ्ग्रेखोला -बुढी राप्ती- बछौंली मर्मत | प्रदेश/पालिका | वडा नं. ५,६ | ८ | ३ | ३ | २ |
| १ | लौरिघोल ताल सिँचाइ योजना | प्रदेश/पालिका | वडा नं. ३,१३,१४ | ८ | ३ | ३ | २ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | डिप वोरिङ सञ्चालन | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | ८ | ३ | ३ | २ |
| १ | बुढी राप्तीबाट लिफ्ट सिँचाइ नहर पूर्व काठे पुलबाट पश्चिम रामदिन चौधरीको घर नजिक कुलो सम्म लगभग १०० हेक्टर | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | ८ | ३ | ३ | २ |
| १ | भूत्याहा मुहान पक्की बाँध | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | ८ | ३ | ३ | २ |
| १ | अन्य कुलो/नहरहरू मर्मत | प्रदेश/पालिका | सबै वडाहरू | ८ | ३ | ३ | २ |

## ४.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| जलस्रोत तथा सिँचाइको विकास र व्यवस्थापनबाट सबै क्षेत्रमा पानीको अभाव अन्त्य गर्ने । | खेतीयोग्य जमिन मध्ये सिँचित जमिन | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | ९० | योजना प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रगति विवरण | सिँचाइ पूर्वाधार क्षेत्रमा लगानी वृद्धि हुनुको साथै अनुगमन पनि थप प्रभावकारी भएको हुने |
| | बाह्रै महिना सिँचाइ हुने घरधुरी | प्रतिशत | ५० | ५५ | ५८ | ६० | ६२ | ६५ | ६५ | | |
| बाह्रै महिना सिँचाइ उपलब्ध हुने क्षेत्र थप भई कृषि उत्पादकत्व वृद्धि भएको हुनेछ । | सुचारु सिँचाइ आयोजना | सङ्ख्या | ३० | ३२ | ३५ | ३८ | ४० | ४५ | ४५ | | |
| | कुलो तथा नहर स्तरीकरण (किमि) | कि.मि. | ६० | ६२ | ६५ | ७० | ७५ | ८० | ८० | | |
| पानीको मुहानहरू संरक्षण र व्यवस्थापन भएको हुनेछ । | संरक्षित मुहान | सङ्ख्या | १२ | १५ | २० | २५ | ३० | ३५ | ४० | | |
| | रिचार्ज पोखरी | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

## ४.२.८ अनुमान तथा जोखिम पक्ष

कृषि योग्य जमिनमा सर्वयाम सिँचाइको व्यवस्था भइ उत्पादनमा वृद्धि भएको हुने ।

- ☞ पानीका मुहानहरू सुक्दै जानाले सिँचाई अभाव हुँदै जान सक्छ ।
- ☞ ठूलो वर्षाका कारण बाढी पहिरो आई कुलो नहरहरू भत्किन गई सिँचाई अभाव हुन सक्छ ।
- ☞ गुणस्तर हीन विकास योजना/आयोजनाका कारण दिगो सिँचाई हुन नसक्न सक्छ ।
- ☞ भूकम्प गई कुलो, नहर भत्किएर वा खोलाको मार्ग (डाइभर्सन) परिवर्तन भएर सिँचाई मा समस्या आउन सक्छ ।

## ४.३ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.३.१ पृष्ठभूमि

पर्यटन क्षेत्र नेपालको लागि वरदान नै हो । नेपालमा १० लाख भन्दा बढी पर्यटकले भ्रमण गरिरहेको र उक्त तथ्याङ्क दिन प्रतिदिन बढ्दै गइरहेको छ । रमणीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । नेपालको संविधानले देशभित्रका सम्पदाहरूको पहिचान, संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गर्दै पर्यावरण अनुकूल पर्यटन प्रवर्द्धन गर्ने र पर्यटन उद्योगको लाभमा स्थानीय जनतालाई प्राथमिकता दिने नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पर्यटन सम्बन्धी योजनाहरूको कार्यान्वयन र अनुगमन, पर्यटकीय सेवा विस्तार आदि कार्य स्थानीय सरकारलाई सुम्पेको छ ।

भारत र चीन जस्ता क्षेत्रफलमा ठूला र जनसङ्ख्याको हिसाबले लगभग विश्वको एक तिहाइ जनसङ्ख्या भएका र आर्थिक हिसाबले तीव्र गतिले अगाडी बढी रहेका मुलुकहरूले घेरिएको मुलुक भएकोले र युरोपियन तथा अमेरिकनहरूको पहिलो रोजाई भएको मुलुक भएकोले नेपालले पर्यटन क्षेत्रमा अझै ठूलो फड्को मार्ने उत्तिकै सम्भावना रहेको छ ।मुलुककै तेस्रो पर्यटकीय गन्तव्यका रूपमा रहेको चितवनको सौराहामा अहिले पर्यटक आगमन बढेको छ। आन्तरिक र बाह्य पर्यटकको सङ्ख्या बढेसँगै यहाँका होटल र पर्यटन व्यवसायमा चहलपहल बढेको छ। "नेपालीमा पनि घुमफिर गर्ने बानी विकास भएको छ। अहिले सौराहा आउने नेपालीबाहेक भारतीय, चिनियाँ र युरोपेली पर्यटक छन्। आन्तरिक र बाह्य पर्यटकको आगमन बढेकाले चहलपहल पनि बढेको छ," सौराहाको पर्यटन चितवन राष्ट्रिय निकुञ्ज र त्यहाँका जनावर, पंक्षीहरूमा अडिएको छ । हात्ती चढेर जङ्गल सफारी गर्नु, वन्यजन्तुहरू हेर्नु, राप्ती नदीमा डुङ्गा सयर गर्नु, सूर्यास्त हेर्नु, थारु कल्चरको अवलोकन गर्नु सौराहाका आकर्षणहरू हुन् । सौराहामा विदेशी पर्यटकहरूमात्र होइन स्वदेशी पर्यटकहरू पनि प्रशस्त पुग्ने गरेका छन् । सौराहाका होटल व्यवसायीहरूका अनुसार पछिल्लो समय त्यहाँको व्यवसाय आन्तरिक पर्यटकले धान्न थालेका छन् । स्थलमार्गबाट राजधानी प्रवेशद्वार चितवनमा रहेको सौराहा सबैका लागि सजिलो गन्तव्य हो । बिहान गएर बेलुका फर्किन समेत मिल्ने स्थानमा रहेको सौराहा नेपालीहरूका लागि आकर्षक गन्तव्य बनेको छ। सौराहाको मुख्य आकर्षण हात्ती सफारी आम सर्वसाधारणका लागि नयाँ स्वाद चखाउने चिज हो । निकुञ्जभित्र निजी हात्ती लैजान बन्देज लगाइए पछि हात्तीबाट निकुञ्ज सफारी गर्न नपाए पनि व्यवसायीहरूले नजिकैको सामुदायिक बनमा सफारी गराउँछन् । अहिले सौराहामा ४७ वटा निजी क्षेत्रका हात्तीहरूले पर्यटकलाई जङ्गल सफारी गराउँदै आएका छन् ।

हात्ती सफारी गर्न ५ वर्षको बच्चादेखि ८०/९० वर्षसम्मको बुढा-बुढीहरू समेत पुग्ने गरेको व्यवसायीहरू बताउँछन् ।हात्ती सफारी गर्दा जङ्गलमा मृग चरिरहेको, विभिन्न प्रजातिका चराचुरुङ्गी, बँदेल, बाघ, गैंडा, गोही, बाँदर, सर्प लगायतका पशुपन्छीहरू हेर्न पाइन्छ । साथ, जङ्गलभित्र देखिने घाँसे मैदानहरूले पनि मन आकर्षित पार्छन् । सौराहामा डुङ्गा चढेर सफारी गर्नु आकर्षक पक्ष हो । राप्ती नदीमा डुङ्गा सयर गर्दा गोही, गैंडा, चराचुरुङ्गी हेर्न तथा अवलोकन गर्न पाइन्छ । साथै, सूर्यास्त पनि सौराहाबाट देख्न सकिन्छ । थारू संस्कृति, परम्परा, रहनसहन बारेमा पनि सौराहा पुगेपछि जान्न बुझ्न पाइन्छ । सौराहाको अर्को आकर्षण हो, थारू कल्चरल डान्स र सौराहा पुग्ने मान्छे थारू कल्चरल डान्स नहेरि फर्किएमा उसको भ्रमण अधुरो नै रहन्छ ।

यस नगरपालिकालाई विश्वमञ्चमा परिचित गराउन सार्वजनिक पुस्तकालय, संग्रहालय, बस्तीहरूमा पार्क, पर्यटकीय उद्यान र धार्मिक एवम् सांस्कृतिक संरक्षण गर्ने प्रविधिको विकास गर्न आवश्यक हुन्छ । सारांशमा भन्नु पर्दा विकासको सम्भावना लाई "५ प " (पानी, पार्क, पर्यटन, प्रविधि र पुस्तकालय) ले परिभाषित गरिएको छ । कृषिमा व्यावसायिक उत्पादनको दृष्टिकोणले प्रख्यात रत्ननगर केरा खेतीमा नेपालमा प्रख्यात छ । हिउँदको समयमा पहेलपुर भएर फूलेको तोरी र रमाइरहेका मौरीकोको दृश्य लोभ लाग्दो हुन्छ ।माथि उल्लिखित महत्त्वपूर्ण स्थानका अतिरिक्त कृषि तथा गैर कृषि उपजहरूलाई पनि पर्यटन विकासको क्षेत्रमा जोड्न सकिन्छ । यहाँका हिन्दू तथा बौद्ध धर्म मान्नेहरूका प्रमुख चाड तथा मेलाहरूमा माघे सक्रान्ती, बुद्ध पूर्णिमा, साउने सक्रान्ती, नागपञ्चमी, कृष्णा जन्माष्टमी, जनैपूर्णिमा, हरितालिका तीज, सोर्हश्राद्ध, दशै, तिहार, माघे क्रान्ति, फागु पुर्णिमा, चैत्र दशै वा चैत्राष्टमी आदि रहेका छन् । नगरपालिका क्षेत्रका विभिन्न वडाहरूमा प्रमुख पर्यटकीय स्थलहरू रहेका छन् । विशेष गरी ऐतिहासिक मन्दिर, पोखरी, सामुदायिक वन संग्रहालय, होटेल र रेस्टुरेन्टहरूले नगरपालिकाको पर्यटनलाई बढावा दिइरहेको छ । नगरपालिका क्षेत्रमा यस किसिमका धेरै पर्यटकीय स्थलहरू रहेका छन् जसमध्ये केही प्राकृतिक छन् भने केही मानव निर्मित रहेका छन् । सांस्कृतिक विविधताले धनी रत्ननगर क्षेत्रमा ऐतिहासिक तथा धार्मिक मन्दिरहरू रहेकाले पनि पहाडी संस्कृतिका लागि यो क्षेत्र धनी मानिन्छ । नगरपालिकामा पर्यटकीय स्तरका होटेलहरू तथा होमस्टेहरू पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

### ४.३.२ समस्या तथा चुनौती

पर्यटकीय नगरी सौराहासहित समग्र चितवनलाई पर्यटन क्षेत्र घोषणाका लागि कैयौं पटक ध्यानाकर्षण गराउँदा पनि आश्वासन मात्र पाइएको तर अहिलेसम्म राज्यको निकायबाट सो सम्बन्धी कुनै कारबाही अगाडि नबढेकाले यो नीतिगत समस्याको रूपमा रहेको छ ।पर्यटन उद्योग नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा प्राथमिकतामा नपर्नु, यो क्षेत्रको विकासको लागि नगरपालिकासँग प्रस्ट खाका नहुनु, पर्यटन उद्योगबाट हुन सक्ने लाभबारे स्थानीय नागरिकलाई पर्याप्त जानकारी नहुनु, नगरपालिका क्षेत्रमा पर्यटन उद्योगका लागि पर्याप्त दक्ष जनशक्तिको अभाव, विद्यमान पर्यटकीय स्थलहरूमा आधारभूत पर्यटन पूर्वाधारको सुविधा नहुनु, पर्यटन उद्यमशीलताको कमी, स्थानीय भाषा संस्कृतिको समुचित विकास नहुनु, मौलिक संस्कृतिलाई पर्यटनसँग आबद्ध गर्न नसक्नु, पर्यटन क्षेत्रको विकासका लागि पर्याप्त बजेट परिचालन नहुनु आदि यहाँको पर्यटन विकासमा प्रमुख समस्याका रूपमा देखिएका छन् । चितवन राष्ट्रिय निकुञ्ज प्रवेशमा पर्यटकहरूलाई लिइने पार्क टिकटको एक दिनको समयावधि भएकोले सोही दिन नै फर्कनु पर्ने बाध्यता रहेको छ ।

प्राचीन तथा मौलिक कला र जातीय संस्कृति, ऐतिहासिक मठ मन्दिरहरूको जगेर्ना हुन नसक्नु, संस्कृतिको प्रभाव र अतिक्रमण दिनानुदिन बढ्दै जानु, विभिन्न जातजाती तथा अल्पसङ्ख्यक जनसङ्ख्याले बोल्ने भाषा दिनानुदिन लोप हुँदै जानु, पर्यटकीय उपजको विविधीकरण गर्नु, विभिन्न क्षेत्रमा बसोबास गर्ने विभिन्न अल्पसंख्यक जातजाती आदीको भाषा र संस्कृति जगेर्ना गर्नु, स्थानीय सांस्कृतिक विविधता र पहिचानलाई पर्यटन उद्योगसँग आबद्ध गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ४.३.३ सम्भावना तथा अवसर

मनमोहक पर्यटकीय गन्तव्यहरूलाई अँगाली पर्यटन क्षेत्रमा प्रचुर सम्भावनाहरू नेपालको तेस्रो स्थानमा रहेको सौराहा- रत्ननगर नगरपालिका प्रकृति प्रेमी पदयात्रीदेखि परम्परागत सांस्कृतिक जीवन शैलीमा रमाउन चाहने हरेक पर्यटकहरूको रोजाइमा पर्दछ। शान्त अनि सुन्दर राप्ती नदीको किनारदेखि कठिन निकुञ्ज लगायत अन्य पदमार्गसम्म यस क्षेत्रले आफ्ना आगन्तुकहरूलाई जङ्गल, विविध वनस्पति तथा जनावरहरूसँगको सामिप्यता र जीवन्त स्थानीय परम्पराहरूले स्वागत गरिरहेका हुन्छन् । नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका ग्रामीण पर्यटनसँग सम्बन्धित क्षेत्रहरू जस्तो धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको अतिरिक्त कृषि तथा प्रकृति संरक्षण कोषको सङ्ग्रहालयमा मरेका वन्यजन्तुको अस्थिपञ्जर छन् । थारु सङ्ग्रहालयमा थारु जातिको संस्कार झल्कने वस्तु देख्न सकिन्छ । सौराहा प्रवेशद्वारको चित्रसेन बाबाको मन्दिर पौराणिक मन्दिर हो । गैर कृषि क्षेत्रको अध्ययन गरी एक पर्यटन गुरुयोजना निर्माणको लागि जुटेको अवस्था छ । सौराहा आएका पर्यटकले हाल हात्ती चढ्ने, नौका विहार गर्ने, जङ्गल पैदल यात्रा, सामुदायिक वनभित्र बनेका टावरमा बस्ने र थारु संस्कृतिमा रमाउने गर्छन् ।चितवन राष्ट्रिय निकुञ्ज घुम्न यहाँ पर्यटक आउँछन् । निकुञ्जमा पाइने दुर्लभ एक सिङ्गे गैंडा, बाघ, भालु, गोही लगायतका जनावरले पर्यटकलाई आकर्षित गर्ने गरेको छ । स्थानीय पर्यटनको यो हात्ती प्रजनन केन्द्र पनि पर्यटन विकासको लागि एक महत्त्वपूर्ण आधार बनेको छ । पर्यटन उद्योग क्षेत्रको विकासको लागि स्थानीय सरकारमा चासो बढ्नु, ग्रामीण क्षेत्रमा पर्यटनसँग सम्बन्धित सूचना तथा प्रविधिको द्रुत विकास हुनु, आन्तरिक पर्यटकको सख्यमा क्रमशः वृद्धि हुँदै जानु, उद्योगका लागि आवश्यक अध्ययन र तालिमका लागि युवायुवती स्थानीय स्तरमा उपलब्ध हुनु, पर्यटन उद्योगका लागि आवश्यक अन्न, तरकारी, फलफूल नगरमा नै उत्पादन हुनु, स्थानीय उत्पादनको बजारीकरण हुनु, स्थानीय हस्तकला, भेषभूषा, संस्कृतिको प्रवर्द्धन हुनु, ग्रामीण क्षेत्रमा पाहुना घरको स्थापना हुनु, राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतसँग आबद्ध हुने अवसर प्राप्त हुनु आदि रत्ननगरका पर्यटन विकास अवसर हुन् । भाषा, लिपि, संस्कृति, ललितकला आदिको संरक्षण र उपयोग स्थानीय निकायको कार्य दायरामा आउने, जातीय संस्कृतिको संरक्षणमा समुदायको सक्रियता बढ्ने, सांस्कृतिक एवम् धार्मिक विविधताका बीच सद्भाव अभिवृद्धि हुने जस्ता सम्भावना रहेका छन् । १ अर्ब भन्दा बढी राजस्व सङ्कलन गर्ने सौराहामा हाल ३ लाख भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकले भ्रमण गर्ने तेस्रो पर्यटकीय स्थलमा अत्याधिक सम्भावनाहरू रहेका छन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिकाको कूल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान वृद्धि गर्ने

**उद्देश्य**

१. पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।
२. विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।
३. पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।
४. पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।

५. पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।
६. विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुन:निर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु ।
७. पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पर्यटकीय पूर्वाधारहरूको विकास गर्नु ।** | |
| १.१: पर्यटन क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | १. पर्यटकीय महत्त्वका स्थानहरूमा आवागमन सहज बनाउन कालोपत्रे सडक, पदमार्ग, पुल आदि निर्माण गरिनेछ ।<br>२. भइरहेका सडक र पदमार्गको स्तर उन्नति गरिनेछ ।<br>३. पर्यटकीय ठाउँहरूको उचित संरक्षणको लागि वार पर्खाल, बाँध, लगायतका कार्यहरूमा जोड दिइनेछ । |
| १.२: पर्यटन पूर्वाधारहरूको निर्माण गर्ने । | १. विशेष पर्यटकीय स्थलहरूको पहिचान गरी पूर्वाधार निर्माणको विस्तृत योजना प्रतिवेदन तयार पारिनेछ ।<br>२. पूर्वाधार निर्माणका लागि आवश्यक जग्गा खरिद तथा व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य २: विभिन्न धर्म, भाषा, संस्कृति, कला, साहित्य र परम्पराको संरक्षण र सम्वर्द्धन गर्नु ।** | |
| २.१: सबै जात जाति र समुदायका धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको संरक्षण गरी भावी पुस्तामा हस्तान्तरण हुने व्यवस्था गर्ने । | १. धार्मिक, सांस्कृतिक सहिष्णुता कायम राख्दै प्रत्येक समुदायको धार्मिक एवम् सांस्कृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्ने व्यवस्था गरिनेछ ।<br>२. भाषा, कला र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने नीति, नियम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट निर्मित संरचनाहरूको नामकरण गरिनेछ। |
| २.२: भाषा, कला र साहित्य, बहु संस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गर्ने । | १. सबै जात जातिको संस्कृति, रीतिरिवाज र परम्पराको संरक्षणको लागि बहु सांस्कृतिक ग्रामको स्थापना र विकास गरिनेछ ।<br>२. भाषा, लोक साहित्य, लोक संस्कृति, नृत्य, नाट्य र कलाको सम्वर्द्धन र साहित्यको विकास गर्न भाषा, कला, साहित्य र संस्कृति प्रतिष्ठानको गठन गरी सञ्चालन गरिनेछ ।<br>३. भाषा, साहित्य र कलाको क्षेत्रबाट सामाजिक, सांस्कृतिक रूपान्तरणमा विशिष्ट योगदान गरिनेछ ।<br>४. पर्यटन क्षेत्रमा योगदान गरेका व्यक्तित्वहरूलाई सम्मानित र पुरस्कृत गरिनेछ ।<br>५. प्रतिष्ठानद्वारा गायन, सङ्गीत, नृत्य र नाटक सम्बन्धी व्यावसायिक र गैर व्यावसायिक प्रशिक्षण केन्द्रहरूको आधारभूत पाठ्यक्रममा एकरूपता कायम गरिनेछ ।<br>६. विभिन्न धार्मिक सम्पदा एवम् तीर्थस्थलहरूलाई व्यवस्थापकीय सुधार गरी दिगो रूपमा सञ्चालन गरिनेछ । |
| २.३: भाषा, कला, साहित्य र संस्कृतिका खोज अनुसन्धान | १. विभिन्न जातजाती र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, संस्कृतिको संरक्षण र विकास गर्न खोज अनुसन्धान गरिनेछ । |

| | |
|---|---|
| गरी धार्मिक एवम् सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुर्‍याउने । | २. भाषा र संस्कृतिको विकास गरी भाषा र संस्कृतिलाई पर्यटन प्रवर्द्धनसँग जोडिनेछ। |
| **२.५:** पुरातात्विक एवम् मौलिक सम्पदा, जातीय संस्कृति र गुठीहरूको संरक्षण, संवर्धन र अभिलेखीकरण गर्न संस्थागत संरचनाको निर्माण र परिचालन गर्ने। | १. विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू, टेलिफिल्म, भिडियोहरू बनाउने र विद्यालय तथा समुदाय स्तरमा प्रदर्शन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. भाषा, साहित्य, नाट्यकला, सङ्गीत र ललितकलाको क्षेत्रमा योगदान पुर्‍याउने सङ्घ संस्था तथा व्यक्तित्वहरूको अभिलेख तयार गरी अद्यावधिक गरिनेछ ।<br>३. परम्परादेखि लाग्दै आएका ठूला मेलाहरूको उचित व्यवस्थापन गर्ने प्रबन्ध मिलाइनेछ । |
| **उद्देश्य ३: पर्यटकीय स्रोतसाधनको व्यवस्थापन गर्नु ।** | |
| **३.१:** बाह्य स्रोतसाधनको खोजी गर्ने । | १. नगरपालिकाभित्र सामान्य रूपमा सम्भावना देखिएका योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. नगरपालिकामा आउने गैरसरकारी संस्थाहरूलाई यस योजनामा समावेश भएका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ । |
| **३.२:** आन्तरिक स्रोतसाधनको परिचालन गर्ने । | १. नगरपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम पर्यटन क्षेत्रका कार्यक्रमका लागि विनियोजन गरिनेछ ।<br>२. पर्यटन क्षेत्रको विकासका लागि स्थानीय निजी क्षेत्रलाई आह्वान गरिनेछ।<br>३. व्यवसायबाट राज्य र स्थानीय तहलाई कानुन अनुसारको कर तिर्ने संस्कृतिको विकास गरिनेछ ।<br>४. स्थानीय स्रोत साधन र खाद्य उपजको प्रयोग गरी व्यापार व्यवसायलाई प्रोत्साहन सहित रोजगारी वृद्धि गरिनेछ । |
| **उद्देश्य ४: पर्यटन व्यवसायको गुणस्तर वृद्धि तथा पर्यटकीय स्थलको प्रचार-प्रसार गर्नु ।** | |
| **४.१:** हाल सञ्चालनमा रहेका होटेल, रेस्टुरेण्ट तथा होम स्टेको सेवाको स्तर उन्नति गर्ने । | १. स्थानीय होटेल, रेस्टुरेण्ट तथा होम स्टेको व्यवसायीहरूलाई विषयगत इन्स्ट्रक्टर झिकाई स्थानीय स्तरमै पेसागत तालिमको व्यवस्था गरिनेछ ।<br>२. भइरहेका व्यवसायहरूको स्तर उन्नतिका लागि सहुलियत दरको पुँजीको खोजी गरिनेछ । |
| **४.२:** पर्यटकीय स्थलहरूको प्रचारप्रसार गर्ने । | १. पर्यटन प्रवर्द्धन बारेमा गुरुयोजनामा उल्लिखित क्रियाकलापहरूको सञ्चालन तथा कार्यान्वयनमा जोड दिइनेछ ।<br>२. विभिन्न सञ्चार माध्यमको प्रयोग गरी ठाउँहरू बारे प्रचार प्रसार गरिनेछ।<br>३. ब्रोसर तयार गरी व्यापक प्रचार प्रसार गरिनेछ ।<br>४. नेपाल लगायत विश्वबाट विद्यार्थीहरूलाई अनुसन्धानका लागि यी स्थानको फिल्ड भिजिटमा प्रोत्साहित गरिनेछ ।<br>५. यी स्थान विशेषका बारेमा विभिन्न क्षेत्रका विज्ञहरूको भ्रमण आयोजना गर्ने र साहित्यिक लेख रचना लेखाई पत्रपत्रिकामा प्रकाशित गर्ने व्यवस्था गरिनेछ।<br>६. वेबसाइट, युट्युव, फेस बुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालको प्रयोग गरी आवश्यक प्रचार प्रसार गरिनेछ। |
| **उद्देश्य ५: पर्यटनको लागि गुरुयोजना तर्जुमा गर्नु ।** | |

| | |
|---|---|
| **५.१:** नगरपालिकाभित्र पर्यटनका क्षेत्रहरूको सम्भाव्य ठाउँहरूको पहिचान गरी १५ वर्षे गुरुयोजना तर्जुमा गर्ने । | १. नगरपालिकाभित्र रहेका प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकीय दृष्टिले महत्त्वपूर्ण ठाउँ तथा क्षेत्रको विज्ञहरू मार्फत पहिचान गरिनेछ ।<br>२. पर्यटन गुरुयोजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।<br>३. पर्यटन क्षेत्रलाई नगरपालिकाको आम्दानीको एक महत्त्वपूर्ण क्षेत्रका रूपमा लिइनेछ । |
| **उद्देश्य ६: विभिन्न ऐतिहासिक, पुरातात्विक, धार्मिक र सांस्कृतिक सम्पदाको पुनःनिर्माण, जीर्णोद्धार र व्यवस्थापन गर्नु** | |
| **६.१:** जीर्ण अवस्थामा रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्त्वका सम्पदाहरूको पहिचान गरी तिनीहरूको जीर्णोद्धार, संरक्षण र विकास गर्ने । | १. महत्त्वपूर्ण सांस्कृतिक सम्पदालाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि पहल गर्न निर्देशिका बनाई यसका लागि प्रदेश र सङ्घ सरकारसँग समन्वय गरिनेछ ।<br>२. यस क्षेत्र भित्र रहेका सम्पदाहरूको खोज, अन्वेषण गरी संरक्षण गरिनेछ ।<br>३. हाम्रो संस्कृति र प्रकृतिको व्याख्या गर्दै प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्ने । |
| **६.२:** भौतिक एवम् अभौतिक संस्कृतिको संरक्षण गर्न सांस्कृतिक वस्तुगत विवरण तयार गरी अद्यावधिक गर्ने । | १. नगरपालिकाका सबै पुरातात्विक तथा धार्मिक क्षेत्र र स्थानसँग सम्बन्धित संस्कृतिहरूको श्रव्य दृश्यसहितको प्रोफाइल तयार गरी संरक्षण गरिनेछ ।<br>२. विभिन्न जातजातिसँग सम्बन्धित मौलिक एवम् स्थानीय सामग्रीहरूलाई उत्पादन र प्रवर्द्धन गरिनेछ ।<br>३. लोपोन्मुख स्थानीय कला, भाषा, लिपि, र संस्कृतिको अभिलेखीकरण गरी संरक्षण र विकास गरिनेछ ।<br>४. भाषा, कला, नृत्य, नाट्यकला, लिपि र संस्कृतिलाई अभ्यास र स्थलीय सघनताका आधारमा सामुहीकरण गरी विकास र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. मौलिक भाषा, लोक संगीत, संस्कृति र कला सम्बन्धी सामग्री आधारभूत तहको स्थानीय पाठ्यक्रममा समावेश गरिनेछ । |
| **उद्देश्य ७: पर्यटन विकासका लागि आवश्यक मानव संसाधन विकास गर्नु ।** | |
| **७.१:** नगरपालिका भित्रका युवा युवतीलाई पर्यटन विषयको अध्ययन अनुसन्धान तथा शिक्षा प्रदान गर्ने । | १. पर्यटन व्यवसाय प्रति युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई पर्यटन तथा अतिथि सत्कार विषयमा अध्ययन गर्न पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>२. आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक युवा युवतीलाई नेपाल पर्यटन तथा होटेल व्यवस्थापन एकेडेमीबाट दिने गरिएका Food Preparation and Control, Tourist Guide, Trekking Guide लगायतका छोटो अवधिका तालिममा पठाइने र आर्थिक सहयोग गरिनेछ ।<br>३. स्थानीय पाठ्यक्रममा पर्यटन शिक्षालाई समावेश गरिनेछ । |

### ४.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| ६ | वन्यजन्तु पर्यटन कृषि पर्यटन खेल पर्यटन धार्मिक पर्यटन तथा सांस्कृतिक पर्यटनको विकास | एकमुस्ट | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** |
| १ | टिकौली देखी मनिखोला सम्म साईकल मार्ग | कि.मि. | | १० | २००० | २००० | २००० | २००० | २००० | **१००००** |
| ३ | टिकौलीमा रहेको जैविक विविधता केन्द्रको स्तरोन्नती | एकमुस्ट | | | २००० | २५०० | ३००० | ४००० | ४००० | **१५५००** |
| २ | थारू म्युजियम स्तरोन्नती | एकमुस्ट | | | | ५००० | १५००० | १०००० | | **३००००** |
| ३ | बीस हजारी तालतौरी घोल कृतिम ताल लगायत अन्य सिमसार क्षेत्रको संरक्षण तथा स्तरोन्नती | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** |
| ३ | होमस्टे प्रवर्द्धन कार्यक्रम (माग तथा आवश्यकता पहिचानका आधारमा) | सङ्ख्या | ७ | २० | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| ३ | एकीकृत पर्यटन सूचना केन्द्रको व्यवस्थापन तथा सुधार | सङ्ख्या | ० | १ | | ५००० | ५००० | ५००० | ५००० | **२००००** |
| ७ | क्षमता विकास टुर गाईड तालिम तथा व्यवस्थापक लगायत सञ्चालकको क्षमता विकास | पटक | ० | ५ | २००० | २००० | २००० | २००० | २००० | **१००००** |
| ७ | आतिथ्य सत्कार सम्बन्धी सचेतना तथा तालिम सञ्चालन | पटक | १ | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| ४ | अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नको लागि बृत्त चित्र तथा प्रचार सामग्रीको निर्माण | एकमुस्ट | | | ४००० | | | | | ४००० |
| २ | पर्यटन विषयमा अध्ययन तथा अनुसन्धान प्रवर्धन कार्यक्रम | पटक | ० | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| ५ | पर्यटन गुरुयोजना | सङ्ख्या | १ | १ | | १५०० | | | | **१५००** |
| | **पर्यटनको जम्मा** | | | | **२०५००** | **२८५००** | **३७५००** | **३३५००** | **२३५००** | **१४३५००** |

### ४.३.६ पर्यटनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ६ | वन्यजन्तु, कृषि, खेल, धार्मिक तथा सांस्कृतिक पर्यटनको विकास | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | १ |
| १ | टिकौली देखी मनिखोला सम्म साईकल मार्ग | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | २ |
| ३ | टिकौलीमा रहेको जैविक विविधता केन्द्रको स्तरोन्नती | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | १ |
| २ | थारू म्युजियम स्तरोन्नती | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | २ | ३ |
| ३ | बीस हजारी ताललौरी घोल ताल लगायत सिमसार क्षेत्रको संरक्षण | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | १ |
| ३ | होमस्टे प्रवर्द्धन कार्यक्रम (माग तथा आवश्यकता पहिचानका आधारमा) | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |
| ३ | एकीकृत पर्यटन सूचना केन्द्रको व्यवस्थापन तथा सुधार | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |
| ७ | टुर गाईड तालिम तथा व्यवस्थापक लगायत सञ्चालकको क्षमता विकास | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |
| ७ | आतिथ्य सत्कार सम्बन्धी सचेतना तथा तालिम सञ्चालन | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | २ | ३ |
| ४ | अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नको लागि बृत्त चित्र तथा प्रचार सामग्रीको निर्माण | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |
| २ | पर्यटन विषयमा अध्ययन तथा अनुसन्धान प्रवर्धन कार्यक्रम | प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |
| ५ | पर्यटन गुरुयोजना | पालिका | नगरसभाले तोके बमोजिम | १० | १ | ३ | ३ |

### ४.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र | कुल) | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| नगरपालिका एउटा आकर्षक र मनोरम पर्यटकीय गन्तव्यका रूपमा स्थापित भएको हुनेछ । | पर्यटन व्यवसायबाट प्रत्यक्ष रोजगारी पाउने | सङ्ख्या | २५०० | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ४५०० | नगरपालिकाको प्रगति विवरण, वार्षिक नीति | पर्यटन क्षेत्रमा तीनै तहको |
| | पर्यटक सङ्ख्यामा वृद्धि दर (आन्तरिक) | प्रतिशत | १० | १२ | १५ | १८ | २० | २२ | २२ | | |
| | पर्यटक सङ्ख्यामा वृद्धि (सङ्ख्या हजारमा) | सङ्ख्या | ३५० | ३८० | ४०० | ४५० | ५०० | ५५० | ५५० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | पर्यटन व्यवसायमा संलग्न व्यक्ति | सङ्ख्या | २५०० | २५५० | २६०० | २६५० | २७०० | २७५० | २७५० | तथा कार्यक्रम, नगरपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | सरकारको लगानी वृद्धि भएको हुने निजी क्षेत्रको लगानी वृद्धि भएको हुने, पर्यटकीय स्थलहरूको बारेमा प्रभावकारी प्रचार प्रसार र आवश्यक पूर्वाधारहरू तयार भएका हुने |
| पर्यटन व्यवसायको गुणस्तर वृद्धि भई पर्यटकीय स्थलको प्रचार-प्रसार भएको हुनेछ । | पर्यटन सूचना केन्द्र स्थापना | सङ्ख्या | १ | १ | १ | २ | २ | २ | २ | | |
| | आधारभूत पूर्वाधार सहितको पर्यटकीय स्थल | सङ्ख्या | ३० | ३१ | ३२ | ३३ | ३४ | ३५ | ३५ | | |
| आधारभूत पर्यटकीय पूर्वाधारहरूको विकास भएको हुनेछ । | पर्यटकीय स्तरका | होटेल सङ्ख्या | १४३ | १५० | १८० | १९० | २०० | २१० | २१० | | |
| | | कोठा सङ्ख्या | २८२३ | ३००० | ३२०० | ३५०० | ४००० | ४५०० | ४५०० | | |
| | | बेड सङ्ख्या | ५३७२ | ५७०० | ६००० | ६२०० | ६५०० | ७००० | ७००० | | |
| | होम स्टे तथा बेड | सङ्ख्या | ११ | १२ | १५ | १८ | २० | २२ | २२ | | |
| | | सङ्ख्या | ८० | ९० | १०० | ११० | १२० | १३० | १३० | | |
| | पदमार्ग निर्माण तथा स्तरोन्नति | कि.मि. | १५ | ३० | ४५ | ६० | ७५ | ९० | ९० | | |
| पर्यटन उद्योगकालागि आवश्यक स्थानीय मानव संसाधन विकास भएको हुनेछ | ट्रेकिङ गाइड तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ९०० | ९५० | १००० | १०५० | ११०० | ११५० | ११५० | | |
| | कुक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | २०० | २४० | २५० | २६० | २७० | ३०० | ३०० | | |
| | होटल व्यवस्थापन तालिम प्राप्त जनशक्ति | सङ्ख्या | १०० | १२० | १५० | १८० | २०० | २५० | २५० | | |

### ४.३.८ अनुमान तथा जोखिम पक्ष

पर्यटन तथा संस्कृति मैत्री पूर्वाधार सहित पर्यटनको सङ्ख्यामा तीव्र वृद्धि भएको हुने ।

- महामारीका रोगहरूका कारण आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्यामा कमी आउन सक्छ ।
- वातावरणमा आउन सक्ने प्रतिकूलताका कारण पर्यटनमा कमी हुन सक्छ ।
- विश्वव्यापी करणको बढ्दो प्रभाव तथा उच्च प्रविधिका कारण परम्परागत संस्कृतिमा असर पुग्न सक्छ ।
- राजनैतिक गतिविधिहरू जस्तै आम हडताल, सडक जाम, आन्दोलन आदिका कारण संस्कृति तथा पर्यटनमा ह्रास आउन सक्छ ।
- दैवी प्रकोप (बाढी पहिरो भूकम्प) बाट सम्पदामा दखल पुग्न सक्छ ।

## ४.४ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार गर्ने, स्वदेशी लगानीलाई प्रोत्साहन गर्ने, वैदेशिक पूँजी आकर्षित गर्ने, औद्योगिक पूर्वाधार निर्माण गर्ने, स्थानीय श्रम सीपको उपयोग गर्ने, व्यापारिक स्वच्छता र अनुशासन कायम राख्दै उपभोक्ता हित संरक्षण गर्ने आदि नीति लिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, प्रवर्द्धन र व्यवस्थापन एवं उद्यमशीलता विकास र प्रवर्द्धनको अधिकार दिएको छ । साथै स्थानीय सेवाको व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन आदि कुराहरू स्थानीय सरकारको कार्यक्षेत्रमा पर्छन् ।उद्योगलाई आर्थिक विकासको प्रमुख आधार स्तम्भको रूपमा लिने गरिन्छ । तीव्र औद्योगीकरणले आर्थिक समुन्नतिमा सहयोग पुऱ्याउँदैछ । त्यसरी नै उद्यमशीलतालाई उत्पादनको महत्त्वपूर्ण कडी र साधनको रूपमा लिइन्छ । रत्ननगर नगरपालिकामा कृषि पछि पर्यटन उद्योगमा धेरै जनसङ्ख्याको संलग्नता छ । यस अन्तर्गत होटल, व्यवसाय, पर्यटक पथ प्रदर्शक, हात्ती सफारी, जिप सफारी, डुङ्गा सञ्चालन लगायत संलग्न छन् । यसका अतिरिक्त यहाँ मझौला तथा साना उद्योग र व्यापार व्यवसायहरू पनि छन् ।

यस नगरपालिकामा रत्ननगर उद्योग सङ्घमा १५६ उद्योगहरू सदस्य छन्, यसै गरी रत्ननगर उद्योग वाणिज्य सङ्घमा १५९६ उद्योग व्यवसायहरू, क्षेत्रीय होटल एसोसिएसनमा १४३ र रेस्टुरेण्ट एसोसिएसनमा ५६ सदस्यहरू छन् ।यसको अलवा जन गणना २०७८ को नतिजा अनुसार कुनै पनि निकायमा दर्ता नभएका र घर परिवारले नै सञ्चालन गर्ने लघु उद्यम तथा व्यवसाय गर्ने घर परिवार सङ्ख्या १३३१ छ । यसमा घरेलु उद्योग, व्यापार, यातायात, सेवा तथा अन्य गैह्र कृषि साना व्यवसाय सम्लग्न छन् । यातायातको सहजताको कारण यहाँ व्यापार व्यवसायको पनि राम्रो अवस्था छ । बोटलर्स नेपाल (कोकाकोला कम्पनी) को प्रमुख वितरण केन्द्र (स्टोर), युनीलिभरको स्टोर, बिस्कुट कारखाना साइलेज कारखाना जस्ता मझौला उद्योगहरू यहाँ सञ्चालनमा छन् ।यी उद्योग व्यवसायहरूले यहाँ प्रशस्त रोजगारी तथा राजस्व सिर्जना गरेका छन् । यस नगरपालिकामा ठूला उद्योग सञ्चालन गर्नको लागि उचित वातावरण तयार गर्न उचित नीतिहरूका निर्माण गरी घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन र निश्चित क्षेत्रलाई औद्योगिक क्षेत्रका रूपमा विकास गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

### ४.४.२ समस्या तथा चुनौती

यस नगरपालिकामा लघु तथा घरेलु र हस्तकलामा आधारित उद्योगहरू व्यवसायीकरण गर्न नसकिनु र प्रतिस्पर्धामा आउन नसक्दा विस्थापित हुँदै जानु, उत्पादन र मागमा आधारित साना तथा घरेलु उद्योगको लागि पकेटहरू पहिचान हुन नसक्नु, साना उद्योगी तथा व्यवसायीहरूलाई कर छुट तथा प्रोत्साहनको कुनै प्याकेजहरूको व्यवस्था हुन नसक्नु यस क्षेत्रका समस्याहरू हुन् ।क्षेत्र भित्र उद्योग सम्बन्धी जानकारीको अभाव, घरेलु उद्योग सम्बन्धी तालिम पर्याप्त नहुनु, उद्योग सञ्चालनका लागि पर्याप्त लगानीको व्यवस्था नहुनु, दक्ष जनशक्तिको उपलब्धता स्थानीयस्तरमा नहुनु जस्ता प्रमुख समस्याहरू रहेका छन् ।

स्थानीय उत्पादनको तुलनामा खुल्ला रूपमा भित्रिने समानहरूले परनिर्भरतामा वृद्धि हुँदै गइरहेको अवस्था छ । आयात क्षेत्रको प्रमुख समस्या भनेको यस क्षेत्रबाट हुने पुँजीको पलायन हो । वित्तीय स्रोतको सङ्कोचनका कारण यस क्षेत्रका आर्थिक गतिविधिहरू क्रमशः अन्यत्र गएका छन् ।

### ४.४.३ सम्भावना तथा अवसर

रत्ननगर नगरपालिका समथर भूभाग र नेपालकै तेस्रो पर्यटकीय स्थान सौराहा समेत यसै नगरपालिकामा पर्ने भएकोले यहाँ उद्योगका प्रशस्त सम्भावनाहरू रहेका छन् । यहाँ उत्पादन हुँदै आएका मौसमी तथा बेमौसमी तरकारी, केरा लगायतका फलफूलहरू आदिबाट उद्योग तथा व्यापार बढाउन सकिने प्रशस्त सम्भावना रहेको छ । वर्तमान अवस्थामा स्थानीय स्तरमा पाइने कच्चा पदार्थहरू र जडीबुटीमा आधारित उद्योगहरूको विस्तार र विकासको सम्भावना पनि बलियो रहेको छ । साना तथा मझौला उद्योगका लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा उपलब्ध हुन सक्ने देखिन्छ । त्यसैगरी, आयातलाई निर्यातले प्रतिस्थापन गर्न पालिका भित्र वस्तुहरूको उत्पादन र विविधीकरण गर्न सकिने सम्भावना रहेको देखिन्छ । घरेलु स्तरमा उत्पादित उत्पादनहरूको बजारीकरणको लागि नगरपालिकाको सहजीकरण र समन्वयकारी भूमिका भने अति महत्त्वपूर्ण हुने गर्दछ । साना तथा मझौला उद्योगको लागि आवश्यक कच्चा पदार्थ सहज रूपमा नै उपलब्ध हुनु, उद्योगको विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुनु, उद्योगबाट स्थानीय तहमा हुने रोजगारी सिर्जनाले अन्य स्थानहरूबाट बसाईँसराइ आउने युवाहरू उद्योगकोलागि आवश्यक जनशक्तिको उपलब्धता हुनु सम्भावना र अवसर दुबै हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

औद्योगिक उत्पादन बढाउँदै नगरपालिकाको कुल गार्हस्थ्य उत्पादनमा उद्योग व्यवसायको योगदान बढाउनु ।

**उद्देश्य**

१. वाणिज्य क्षेत्रलाई नगरपालिकाको अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गरी रोजगारी वृद्धि गर्नु ।
२. पालिकाको स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।
३. अर्थतन्त्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।
४. उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वाणिज्य क्षेत्रलाई नगरपालिकाको अर्थतन्त्रको महत्त्वपूर्ण अङ्गको रूपमा विकास गरी रोजगारी वृद्धि गर्नु ।** | |
| १.१: तुलनात्मक लाभका वस्तु तथा सेवाहरूको पहिचान गरी निर्यात योग्य हुने वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने । | १. तुलनात्मक लाभका वस्तुहरूको उत्पादन र उत्पादकत्व बढाउन सम्बन्धित निकायसँग समन्वय र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | २. साना, घरेलु तथा मझौला उद्योगहरूलाई उत्पादन तथा आपूर्ति सञ्जालमा आबद्ध गर्दै माग बमोजिमका वस्तु तथा सेवाहरूको उत्पादनलाई प्राथमिकता दिइनेछ ।<br>३. स्थानीय सीप र क्षमताको आधारमा रोजगारी सृजना गरिनेछ । |
| **उद्देश्य २ः पालिकाको स्थानीय स्रोत, कच्चा पदार्थ, सीप र साधनको अधिकतम परिचालन गर्नु ।** | |
| २.१ः स्थानीय स्रोतमा आधारित कच्चा पदार्थको प्रशोधन गर्न तथा उद्योग सञ्चालन गर्न सहजीकरण एवम् प्रोत्साहन गर्ने । | १. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना र व्यावसायिक उत्पादन गरी उद्योग प्रवर्द्धन गरिनेछ ।<br>२. स्थानीय रूपमा उपलब्ध हुने कच्चा पदार्थको प्रशोधन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।<br>३. निजी-सहकारी लगानी मैत्री वातावरण निर्माण गर्न आवश्यक संस्थागत संयन्त्र बनाई क्रियाशिल गरिनेछ ।<br>४. उद्योगी, व्यवसायी एवम् लगानीकर्तालाई उद्योग दर्तादेखि स्थानान्तरण सम्मका सेवाहरू सहज उपलब्ध गराइनेछ ।<br>५. पुरानो पुर्ख्यौली सीप कलालाई आधुनिकीकरण गरिनेछ । |
| **उद्देश्य ३ः अर्थतन्त्रको आपूर्ति प्रणालीलाई प्रभावकारी एवम् दिगो बनाउनु ।** | |
| ३.१ः अत्यावश्यक सामाग्रीहरूको सहज आपूर्तिको सु निश्चितता गर्ने । | १. सुपथ मूल्य पसलहरू सञ्चालनको व्यवस्था गरिनेछ ।<br>२. सुपथ मूल्य पसल सञ्चालनका लागि सहज कर्जा तथा नियमित अनुगमनको व्यवस्था मिलाइनेछ ।<br>३. नगरपालिकाको सम्पूर्ण आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउन उच्चस्तरीय बजार अनुगमनको संयन्त्र परिचालित गरिनेछ। |
| **उद्देश्य ४ः उत्पादित वस्तुहरूको बिक्री वितरणका लागि बजार व्यवस्थापन गर्नु ।** | |
| ४.१ः स्थानीय उत्पादनलाई गुणस्तरीयता सुनिश्चित गर्दै औद्योगिक वस्तुको बजारीकरण गर्ने। | १. जडीबुटी उत्पादन, प्रशोधन तथा निकासीमा जोड दिइनेछ ।<br>२. स्थानीय स्रोतमा आधारित हस्तकला उद्योगहरूको स्थापनाद्वारा परम्परागत सीप तथा प्रविधिको संरक्षण र विकास गरिनेछ ।<br>३. औद्योगिक उत्पादनको गुणस्तरमा सुधार गर्न गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था गरिनेछ । |

### ४.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| ३ | दुग्ध परिकार उत्पादन, विविधीकरण तथा बजारीकरण उद्योग स्थापना तथा स्तरोन्नती | सङ्ख्या | १ | २ | २००० | २००० | २००० | २००० | २००० | **१००००** |
| २ | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | सङ्ख्या | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| २ | रत्ननगर पानी उद्योग स्थापना | सङ्ख्या | ० | १ | | | | | ३००० | **३०००** |
| २ | स्थानीय उत्पादन प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती (आलु चिप्स, मस्यौरा, दुग्ध विविधीकरण, गुन्द्रुक लगायत) | सङ्ख्या | १ | ५ | १००० | १००० | १५०० | २००० | २५०० | **८०००** |
| १ | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | जना | - | १०० | १००० | १५०० | २००० | २५०० | ३००० | **१००००** |
| २ | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | सङ्ख्या | ० | १ | | ३००० | ३००० | ५००० | ७००० | **१८०००** |
| १ | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | सङ्ख्या | ० | २५०० | २५०० | २५०० | २५०० | २५०० | २५०० | **१२५००** |
| ४ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| ४ | स्थानीय हस्तकला बिक्री कक्षा स्थापना | सङ्ख्या | | १ | ५००० | १००० | १००० | १००० | १०० | **८१००** |
| | **उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा** | | | | **१४०००** | **१३५००** | **१४५००** | **१७५००** | **२२६००** | **८२१००** |

### ४.४.६ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ३ | दुग्ध परिकार उत्पादन, विविधीकरण तथा बजारीकरण उद्योग स्थापना तथा स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ४ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना तथा स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ४ | ३ | २ |
| २ | रत्ननगर पानी उद्योग स्थापना | पालिका | नगर सभाले तोके बमोजिम | ८ | ४ | ३ | २ |
| २ | स्थानीय उत्पादन प्रशोधन उद्योग स्थापना तथा स्तरोन्नती (आलु चिप्स, मस्यौरा, दुग्ध विविधीकरण, गुन्द्रुक लगायत) | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ४ | ३ | ३ |
| १ | दक्ष जनशक्ति उत्पादन कार्यक्रम (मागमा आधारित उद्यम तालिम सञ्चालन) | प्रदेश/पालिका | कार्यपालिका | ८ | ४ | ३ | ३ |
| २ | निजी क्षेत्रसँग साझेदारीमा उद्योग स्थापना र उद्यम ग्राम विकास कार्यक्रम | सङ्घ/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ४ | ३ | ३ |
| १ | साना उद्यमीलाई सहज कर्जा व्यवस्थापन | पालिका | कार्यपालिका | ८ | ४ | ३ | ३ |
| ४ | स्थानीय उत्पादनहरूको बजार व्यवस्थापन तथा बजारीकरण | पालिका | कार्यपालिका | ८ | ४ | २ | ३ |
| ४ | स्थानीय हस्तकला बिक्री कक्षा स्थापना | पालिका | कार्यपालिका | ८ | ४ | २ | ३ |

### ४.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| औद्योगिक क्षेत्रको विकास र विस्तारद्वारा स्थानीय रोजगारीमा वृद्धि, बजार व्यवस्थापन तथा प्रभावकारी आपूर्तिद्वारा पालिकाको अर्थतन्त्रको अभिवृद्धि हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | २ | २.५ | २.५ | ३ | ३ | ३ | ३ | नगरपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | नगरपालिका भित्र व्यापार व्यवसायमूलक वातावरण निर्माण भएको हुने |
| | उद्योग व्यवसायबाट रोजगारी प्राप्त गर्नेको सङ्ख्या (थप) | सङ्ख्या | २५० | ३०० | ३५० | ४०० | ४५० | ५०० | ५०० | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| नगरपालिका भित्र उल्लेख्य सङ्ख्यामा लघु, घरेलु, साना तथा मझौला उद्योगको स्थापनामा भई रोजगारीका थप अवसरहरू सिर्जना भएको हुनेछ । | उद्योग व्यवसायमा संलग्न (उद्यमी, व्यवसायी) | प्रतिशत | ८ | ८ | ९ | ९ | १० | १० | १० | | |
| | पालिकामा दर्ता भएका कूल उद्योग/व्यवसाय | सङ्ख्या | १५७६ | १६०० | १६५० | १७०० | १७५० | १८०० | १८०० | | |
| | मझौला उद्योग दर्ता | सङ्ख्या | १ | १ | २ | २ | ३ | ४ | ४ | | |
| स्थानीय स्रोत, सीप र साधनको अधिकतम परिचालन भई स्थानीय स्रोतमा आधारित उद्योगहरू स्थापना भएको हुनेछ । | सीपमूलक तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ६६५ | ६८० | ७०० | ७२५ | ७५० | ७७५ | ७७५ | | |
| | स्थानीय सीप तथा स्रोत साधनमा आधारित उद्योग | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | स्थानीय कच्चा पदार्थ प्रशोधन उद्योग | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |

### ४.४.८ अनुमान तथा जोखिम पक्ष

नगरपालिका भित्र उद्योग, व्यापार, व्यवसायहरू मौलाएका हुनेछन् ।

- ☞ राजनैतिक अस्थिरताका कारण आम हडताल, बन्द, आन्दोलन, सडक जाम भई व्यापार व्यवसाय फस्टाउन कठिन हुन सक्छ ।
- ☞ अचानक मजदुर आन्दोलन भइ उद्योग सञ्चालनमा समस्या आउन सक्छ ।
- ☞ आर्थिक मन्दी, महँगी आदिका कारण बजारी करणमा कठिनाइ आउन सक्छ ।
- ☞ दैवी प्रकोप (वर्षा, बाढी पहिरो हुरी बतास ) का कारण सडक यातायात बन्द भइ आपूर्तिमा समस्या आउन सक्छ ।
- ☞ कृषि जन्य उत्पादनमा कमी आएमा बजारमा खाद्य सामाग्रीको अभाव हुन सक्छ ।

## ४.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ४.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ५६ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको (नेपाल जनस्तर सर्भे, २०११) सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफ्नो योजनामा समेट्न आवश्यक रहेको छ ।

नगरपालिका भित्र कुल जनसङ्ख्या मध्ये करिब ६२ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् । आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाको कुल घरधुरी मध्ये करिब एक चौथाइ घरधुरीका मानिसहरू वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक रूपमा करिब ३.५ अर्ब रूपैयाँ विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ ।

समावेशी तथा दिगो विकासका लागि गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्त्वपूर्ण साधनको रूपमा रहेको नागरिकको सामाजिक सुरक्षा तथा संरक्षणको हकलाई संविधानले नै सुनिश्चित गरेको छ । राज्यले आर्थिक तथा सामाजिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, स्वास्थ्य बिमा, दिवा खाजा, छात्रवृत्ति, निर्वाहमुखी भत्ता लगायत विशेष व्यवस्थासहित संरक्षणको व्यवस्था गर्दै आएको अवस्था छ ।सङ्घीय सरकारमा जस्तै पालिकामा पनि  विद्यमान सामाजिक सुरक्षा तथा संरक्षण प्रणालीलाई अझ सुदृढ, वित्तीय रूपले दिगो तथा प्रभावकारी वनाउन निकै आवश्यक भएको छ ।

### ४.५.२ समस्या तथा चुनौती

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्त्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाइँसराइ र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

सङ्घ, प्रदेश तथा स्थानीय तहमा सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रम कार्यान्वयनमा जटिलताले कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन हुन नसक्नु, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी खण्डीकृत तथ्याङ्क नहुनु यस क्षेत्रका केही समस्याहरू हुन् ।

### ४.५.३ सम्भावना तथा अवसर

आर्थिक रूपले जानसाङ्ख्यिक लाभ लिनसकिने जनसङ्ख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिव्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो सङ्ख्या आफैंमा एउटा महत्त्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने देखिन्छ।

सामाजिक सुरक्षा तथा संरक्षणको विषय तीनै तहका सरकारले कार्यान्वयन गर्ने अधिकार क्षेत्रमा पर्नु, नेपाल सरकारले योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यक्रम लागू गर्नु तथा सामाजिक सुरक्षा कोष ऐन लागू हुनु सामाजिक सुरक्षा कार्यक्रमको अवसर हो ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित गर्ने ।

**उद्देश्य**

१. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।
२. सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु।** | |
| १.१: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारबाट आर्थिक लाभ | १. स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हुने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>२. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान |

| | |
|---|---|
| वृद्धि गर्नु का साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनीकरण गर्ने । | तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>३. नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा सञ्चालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।<br>४. वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>५. मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तर्गत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>६. सम्बन्धित सरोकारवालाहरू सँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ । |
| **उद्देश्य २: सामाजिक सुरक्षाका कार्यक्रमहरूमा समाजका लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधाहरूको विस्तार गर्नु ।** | |
| २.१: लक्षित वर्गको पहिचान गरी सुदृढ सामाजिक सुरक्षा प्रणालीको विकास गर्ने । | १. सामाजिक सुरक्षा सम्बन्धी आवश्यक कानुनी दस्तावेज तयार गरिनेछ।<br>२. लक्षित वर्गका व्यक्तिहरूलाई उपलब्ध गराइने सामाजिक सुरक्षा भत्ताका कोषको व्यवस्था गरिनेछ ।<br>३. व्यवस्थित सामाजिक सुरक्षा सूचना प्रणाली मार्फत लक्षित वर्गको पहिचान गरी आवश्यक भएमा थप एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>४. परित्यक्त, हिंसा पीडित, शारीरिक रूपले अशक्त, अपाङ्गता भएका तथा विशेष जोखिममा रहेका विपन्न वर्गका नागरिकहरूका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ र आफू एक्लो नभएको पालिका साथमा रहेको अनुभूति प्रदान गरिनेछ।<br>५. लक्षित वर्गप्रति संवेदनशील बनाई जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| २.२: सुरक्षित, मर्यादित र सभ्य समाज निर्माण गर्न स्थानीय रोजगारी प्रवर्द्धनमा जोड दिने । | १. सामाजिक विकृति, कुरीति, जातीय छुवाछुत तथा भेदभाव नियन्त्रण लगायतका विभिन्न नकारात्मक गतिविधिहरू न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. अपाङ्ग र लैङ्गिक मैत्री संरचना निर्माण गरिनेछ ।<br>३. मर्यादित जीवनबारे सचेतनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्थानीय रूपमा उपलब्ध हुन सक्ने रोजगारीका अवसरहरूको डेटाबेस तयार पारिनेछ।<br>५. नगरपालिकामा रोजगार सूचना केन्द्रको स्थापना गरिनेछ ।<br>६. स्थानीय रोजगारदातालाई प्रोत्साहित गरिनेछ । |

### ४.५.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| १ | रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन | सङ्ख्या | | १ | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | २०००० |
| २ | सचेतनामूलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमूलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन | पटक | | ५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| १ | आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | व्यावसायिक सीप विकास तालिम सञ्चालन | पटक | | ५ | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० |
| २ | वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम सञ्चालन | पटक | | ५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| २ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजीकरण तथा सहयोग कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | सामाजिक सुरक्षा कोषको व्यवस्थापन | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| ३ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | सामाजिक सुरक्षा सूचना प्रणाली अद्यावधिक | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | **श्रम रोजगारी तथा सामाजिक सुरक्षाको जम्मा** | | | | ९५०० | १०७०० | ११९०० | १३१०० | १४३०० | ५९५०० |

### ४.५.६ श्रम, रोजगारी र सामाजिक सुरक्षाका कार्यक्रम तथा आयोजनाको सङ्केतीकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन | पालिका | नगर सभाले तोके बमोजिम | ८ | ५ | २ | ३ |
| २ | सचेतनामूलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिङबोर्ड/जानकारीमूलक पर्चा विकास तथा वितरण) कार्यक्रम सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ५ | ३ | ३ |
| १ | रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा सञ्चालन | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ५ | ३ | ३ |
| १ | व्यावसायिक सीप विकास तालिम सञ्चालन | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ५ | २ | ३ |
| २ | वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा | प्रदेश/पालिका | कार्यपालिका | ८ | ५ | ३ | ३ |
| २ | विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम सञ्चालन | सङ्घ/पालिका | नगर सभाले तोके बमोजिम | ८ | ५ | ३ | ३ |
| २ | वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजीकरण तथा सहयोग कार्यक्रम | पालिका | कार्यपालिका | ८ | ५ | ३ | ३ |
| ३ | सामाजिक सुरक्षा कोषको व्यवस्थापन | पालिका | कार्यपालिका | ८ | ५ | २ | ३ |
| ३ | सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि | पालिका | कार्यपालिका | ८ | ५ | २ | ३ |
| ३ | सामाजिक सुरक्षा सूचना प्रणाली अद्यावधिक | पालिका | कार्यपालिका | ८ | ५ | २ | ३ |

### ४.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | | आर्थिक उपार्जनमा प्राय संलग्न रहने व्यक्ति | प्रतिशत | ६१.२ | ६२ | ६५ | ६८ | ७० | ७२ | ७२ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | नगरबासीहरू आर्थिक उपार्जनमा थप सक्रिय भई बेरोजगारी न्यून हुनेछ । | आर्थिक उपार्जनमा प्राय संलग्न रहने व्यक्ति मध्ये बेरोजगार व्यक्ति | प्रतिशत | ८.६ | ६ | ४ | २ | १ | ० | ० | | |
| असर १ | रोजगारीका थप अवसरहरू सिर्जना गरी समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित हुनेछ । | आर्थिक उपार्जनमा प्राय संलग्न रहने मध्ये जागिर खाने व्यक्ति | प्रतिशत | ३८.४ | ३९ | ४० | ४१ | ४२ | ४३ | ४३ | | |
| | | आर्थिक उपार्जनमा प्राय संलग्न रहने मध्ये जागिर दिने व्यक्ति | प्रतिशत | २.४ | २.६ | २.८ | ३ | ३.५ | ४ | ४ | | |
| | | आर्थिक उपार्जनमा प्राय संलग्न रहने मध्ये स्वरोजगार व्यक्ति | प्रतिशत | ४८.३ | ४९ | ५० | ५१ | ५१.५ | ५२ | ५२ | | |
| प्रतिफल | वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनेछ । | कम्तीमा एक सदस्य देश बाहिर रहेको परिवार | प्रतिशत | २७.३४ | २८ | २८ | २८ | २८ | २८ | २८ | | |
| | | देश बाहिर रहेको कूल जनसङ्ख्या | प्रतिशत | ९.४ | १० | १० | १० | १० | १० | १० | | |
| | | विप्रेषण (करोडमा) | रुपैंया | ३४५ | ३५० | ३६० | ३७० | ३८० | ३९० | ३९० | | |
| असर २ | समावेशी सामाजिक सुरक्षा र संरक्षण प्रणाली मार्फत कल्याणकारी पालिकाको रूपमा स्थापित भएको हुनेछ । | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसङ्ख्या (कुल लाभ ग्राही मध्ये) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | कृषि तथा पशु बिमामा आबद्ध परिवार | प्रतिशत | १५ | १८ | २५ | ३० | ३५ | ४० | ४० | | |
| प्रतिफल | | सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आवश्यक कानुन निर्माण | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | एकीकृत सूचना प्रणाली कार्यान्वयनमा आएको हुनेछ । | सामाजिक सुरक्षा सम्बन्धी एकीकृत सूचना प्रणाली व्यवस्थापन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |

### ४.५.८ अनुमान तथा जोखिम पक्ष

सुरक्षित भरपर्दो र प्रतिस्पर्धात्मक रोजगारीका अवसरहरूमा वृद्धि भएको हुनेछ ।

- ☞ अचानक देशको विद्यमान कानुनमा परिवर्तन भइ सामाजिक सुरक्षामा असर पुग्न सक्छ ।

- ☞ महामारीका रोगहरूको प्रकोप भइ श्रम तथा रोजगारीमा दखल पुग्न सक्छ ।
- ☞ आर्थिक मन्दीका कारण रोजगारीमा कमी आउन सक्छ ।
- ☞ वातावरणीय प्रतिकूलताका कारण श्रमले बजार नपाउन सक्छ ।

# परिच्छेद — ५: सामाजिक विकास

विकासको अवस्था मापन गर्ने, त्यसलाई महसुस गर्ने र त्यसको सहज उपयोग गर्न सकिने अवस्थाको सृजना सामाजिक विकासबाट मात्र संभव छ ।सामाजिक विकास ज्यादै व्यापक अर्थमा प्रयोग हुने अवस्था हो ।यस भित्र शिक्षा, स्वास्थ्य, लैङ्गिक विकास, खानेपानी जस्ता विषयगत क्षेत्रलाई समेटिएको हुन्छ । रत्ननगर नगरपालिकामा हालसम्म सञ्चालित तथा विकसित सामाजिक विकासको अवस्थालाई यस भित्र समेटिएको छ । मानव पुँजीले आर्थिक सामाजिक रूपान्तरण र आर्थिक विकासमा बहुआयामिक योगदान प्रदान गर्दछ। सामूहिक ज्ञान, सीप र क्षमता तथा स्वास्थ्य जनशक्तिबाट मानव पुँजी निर्माण हुन्छ । स्वास्थ्य, शिक्षा र खेलकुद क्षेत्रमा गरिने लगानीले आर्थिक वृद्धि र सामाजिक कल्याणलाई बढवा दिन्छ । नेपालको संविधानले मौलिक हक तथा राज्यका नीतिहरू मार्फत स्वास्थ्य, शिक्षा तथा मानव जीवनका समग्र पक्षलाई समेटी मानव पुँजी निर्माणका लागि मार्गदर्शन गरेको छ ।

स्वास्थ्यले मानवको जीवनभरि उत्पादकत्व र श्रम शक्ति सहभागितालाई प्रभाव पार्छ । मानव पुँजी निर्माणको चक्रले वर्तमान पुस्ता मात्र नभई भावी पुस्ताका लागि पनि बलियो आधार तयार गर्दछ । स्वस्थ आमा बाबुले बच्चाहरूको लागि पोषण र स्वास्थ्य वातावरण प्रदान गर्दछन् । जनसङ्ख्याको स्वास्थ्य स्थितिले दीर्घकालीन आर्थिक समृद्धि र सामाजिक-आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान दिन्छ। यस सन्दर्भमा सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवासहितको प्रणाली सुनिश्चित गर्नु आवश्यक छ ।

सामाजिक विकास समग्र विकासको गतिशील आयाम हो भने आर्थिक विकासको महत्त्वपूर्ण आधार पनि हो । यस अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, दलित र उत्पीडित वर्ग, आदिवासी जनजाति, अपाङ्ग, ज्येष्ठ नागरिक र अल्पसङ्ख्यक, युवा तथा खेलकुद र खानेपानी तथा सरसफाइ समेटिएको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाइ तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन् । सामाजिक विकासको प्रगतिले दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य -३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य -४ (गुण स्तरीय शिक्षा), लक्ष्य - ५ (लैङ्गिक समानता) र लक्ष्य - ६ (स्वच्छ पानी तथा सरसफाइ) सँग सम्बन्धित छ । नगरपालिकाबासीको पहुँचमा गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानीको सुनिश्चितता गर्ने र न्याय पूर्ण समाजको निर्माण गर्ने उद्देश्य रहेको छ । यस नगरपालिकाले विगतमा सञ्चालन गर्दै आएका सफल सामाजिक विकाससँग सम्बन्धित अभ्यासहरूलाई निरन्तरता दिँदै यस आवधिक योजना अनुसार आगामी दिनमा सामाजिक विकास अन्तर्गत रहेको अन्य विषयगत क्षेत्रहरूलाई अगाडी बढाइनेछ ।

नेपालको संविधानले सामाजिक न्याय, समावेशी प्रतिनिधित्व, आधारभूत स्वास्थ्य तथा शिक्षामा पहुँच सहित भाषा तथा संस्कृति संरक्षणको हकलाई प्रत्याभूत गरेको छ । सामाजिक विकास दिगो विकासका तीन आयाम मध्ये एक हो । यस क्षेत्र गत योजनाले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, लैङ्गिक समानता तथा सामाजिक समावेश करण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता उपक्षेत्रलाई समेटेको छ ।

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

आधारभूत स्वास्थ्य तथा पोषणलाई रत्ननगर नगरपालिकाले उच्च प्राथमिकतामा राख्दै आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय तुल्याई नगरपालिकाबासीको सहज पहुँच स्थापित गर्न संरचनागत तथा व्यवहारिक अभ्यासमा जोड दिएको छ । राष्ट्रिय तथा प्रादेशिक स्वास्थ्य नीति तथा कार्यक्रमका अतिरिक्त नगरपालिकाको अग्रसरमा स्वास्थ्य क्षेत्रमा जनशक्तिको व्यवस्थापन, सेवाको स्तर उन्नति तथा विस्तारका कार्यहरू द्रुत गतिमा भई रहेका छन् । नेपालको संविधानको, धारा ३५ (१) मा कुनै पनि नागरिक आकस्मिक सेवाबाट वञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ । स्वास्थ्य एक आधारभूत आवश्यकता भएकोले संविधानले स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ । त्यसै गरी आधारभूत स्वास्थ्य र सरसफाइका साथै पोषण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेको छ । त्यसै अनुरूप दिगो विकासका लक्ष्य ३ तथा "सुलभ स्वास्थ्य सेवा स्वस्थ नागरिक" को उद्देश्य पुरा गर्न यस आवधिक योजनामा स्वास्थ्य र पोषण सम्बन्धी व्यवस्था गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार देशको कुल जनसङ्ख्याको ठूलो समूह जनसङ्ख्या उत्पादनशील उमेर समूहमा परेकोले सोको जनसाङ्ख्यिक लाभ लिने गरी आवश्यक मानव पुँजी निर्माण गर्न थप लगानी गर्नुपर्ने अवस्था छ । मानव पुँजी निर्माणमा सङ्घ, प्रदेश र स्थानीय तहको भूमिका र जिम्मेवारीलाई प्रभावकारी रूपमा निर्वाह गर्न समन्वय र साझेदारीलाई महत्त्व प्रदान गरिएको छ ।

नगरपालिकामा नगर स्तरीय बकुलहर अस्पताल सञ्चालनमा रहेको छ । यहाँ १ अस्पताल, १ बर्थिङ सेन्टर, सबै वडामा आधारभूत सुविधा सहितका हेल्थ पोष्ट तथा स्वास्थ्य एकाइहरू रहेका छन् ।४ वटा स्वास्थ्य संस्थामा प्रयोगशाला रहेको छ । नगरपालिकामा ५ वटा एम्बुलेन्स सञ्चालनमा ल्याइएको छ । ।गर्भावस्थाको महिलाहरूको परीक्षण दर १०० प्रतिशत रहेको छ ।पूर्ण खोप कभरेज १०० प्रतिशत रहेको छ भने भिटामिन ए खाने बालबालिकाहरू पनि १०० प्रतिशत नै रहेका छन् । बाल मृत्यु दर शून्य रहेको छ पालिका मार्फत निःशुल्क उपलब्ध भएको औषधीका प्रकार ९८ रहेका छन् । नगरपालिकाले हालसम्म १० वटा स्वास्थ्य शिविर सञ्चालन गरिसकेको छ । घुम्ती स्वास्थ्य सेवा ४८ पटक सञ्चालन गरी सकिएको छ । स्वास्थ्य बीमा गर्ने परिवारहरू ७५ प्रतिशत रहेका छन् ।

यस पालिकामा पोषणको सवालमा यहाँ अझै करिब २० प्रतिशत जति घर परिवारसँग पर्याप्त पोषण युक्त खाना उपलब्ध छैन । कुपोषणबाट प्रभावित जनसङ्ख्या करिब २ प्रतिशत रहेका छन् । गत वर्षको झाडा पखालाको संक्रमण दर १० प्रतिशत रहेका छ । यस नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ चिकित्सकहरूको अभाव देखिन्छ । विशेषज्ञ चिकित्सकको सङ्ख्या जम्मा १० जना छ, त्यसै गरी मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता ६० र महिला स्वास्थ्य स्वयं सेविकाको सङ्ख्या ६१ रहेको छ ।

### ५.१.२ समस्या तथा चुनौती

नगरपालिकाले स्वास्थ्य क्षेत्रको विकास र प्रवर्द्धनको लागि उच्च प्राथमिकता दिएर कार्य गरिरहेको भएता पनि स्वास्थ्य क्षेत्रमा केही सवाल तथा चुनौतीहरू रहेको छन् ।नगरपालिकाभित्र रहेका सबै स्वास्थ्य चौक तथा केन्द्रमा भौतिक पूर्वाधार, प्रविधि तथा सामग्रीको व्यवस्थापनको कार्य, स्वास्थ्य, शिक्षा तथा सीप विकास, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद क्षेत्रको विकासका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, आदि व्यवस्थापनलाई पनि चुनौतीको रूपमा लीन सकिन्छ । नवीनतम प्रविधि, मेशिन उपकरण तथा सामग्रीको व्यवस्था गर्ने कार्य, जनशक्तिको उत्पादन र आपूर्ति सुनिश्चितता गर्ने, गुणस्तरीय, आचरणयुक्त, व्यवहारिक तथा जीवन उपयोगी सीपयुक्त दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति गर्नु जस्ता कार्यहरूलाई सवाल तथा चुनौतीका रूपमा लिन सकिन्छ । विद्यमान जनशक्तिको स्तरोन्नति गरी क्षमता अभिवृद्धि गर्नु, व्यावसायिक शिक्षा र तालीमको पहुँच सबै वर्ग र समूहमा पुर्याउनु; युवा जनशक्तिलाई स्वरोजगार व्यवसायमा संलग्न बनाउनु आदि कार्यलाई नगरपालिकाले सवाल तथा चुनौतीको रूपमा लिएको छ । दक्ष चिकित्सकको अभाव, पूर्ण खोप सुविधा लिने ९५ प्रतिशत मात्र हुनु, कुपोषणबाट प्रभावित जनसङ्ख्या करिब २ प्रतिशत रहनु, झाडा पखालाको संक्रमण दर १० प्रतिशत रहनु तथा कोभिड-१९ जस्ता महामारीको अवस्थामा नगरवासीलाई पूर्ण सेवा दिन नसक्नु समस्या तथा चुनौती दुबै हुन् । रोकथाम तथा नियन्त्रणका लागि अपनाइएको परीक्षण, खोजी र उपचार (Testing, Tracing and Treatment) पद्धति तथा उपाय बारे स्वास्थ्य कार्यकर्ताहरूले मात्र बुझेर नहुने भएकोले नगर क्षेत्रमा भएका सामुदायिक समूहहरू, महिला समूह, बालक्लव तथा जेष्ठ नागरिक तथा अपांगता भएको व्यक्तिहरूको समूहहरूमा पनि सचेतनाको कार्यक्रमहरूलाई उनीहरूकै सहभागिता र संलग्नतामा थप सञ्चालन गर्न जरुरी छ । यसका साथै सीमान्तकृत आर्थिक रूपमा विपन्न वर्गका महिलाहरूलाई सुनौला १००० दिनका आमा कार्यक्रमको बारेमा जानकारी समेत नरहेको अवस्था थप चुनौतीपूर्ण रहेको छ ।

समतामूलक र समावेशी व्यवस्थापन तथा पहुँच सुनिश्चितताका सम्बन्धमा पनि नगरपालिकाले केही समस्याहरू सामना गर्न परेको छ जस्तो गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सीप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूलाई अवसर सुनिश्चित गर्दै सक्षम मानव पुँजी निर्माण गर्नु, नगरपालिकाभित्र रहेका सबै सङ्घ संस्थाहरू सुशासन कायम गरी सेवा प्रवाहलाई समयबद्ध, मितव्ययी, पारदर्शी र जबाफदेही बनाउनु, मानव पुँजी निर्माणका क्षेत्रमा निजी क्षेत्रको भूमिका स्पष्ट गर्दै नियमन तथा व्यवस्थापन गर्नु, जनशक्ति विकाससँग सम्बन्धित निकायहरू बीच एक-अर्कामा अन्तरसम्बन्ध कायम गर्नु आदि सवालहरूलाई पनि नगरपालिकाको सवाल वा चुनौतीका रूपमा उल्लेख गर्न सकिन्छ ।

त्यसैगरी स्वास्थ्य बिमाको प्रभावकारिता अभिवृद्धि गर्ने कार्य जस्तो स्वास्थ्य सेवालाई स्वास्थ्य बिमासँग आबद्ध गराउनु तथा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू एकीकृत गर्दै मूलप्रवाहीकरण तथा प्रभावकारीरूपमा सञ्चालन गर्नु; स्वास्थ्य बीमाको दायरा विस्तार गर्नु आदि सवालहरू पनि चुनौतीका रूपमा देखिएका छन् ।

### ५.१.३ सम्भावना तथा अवसर

स्वास्थ्य प्रति नागरिकहरूको सचेतना बढ्नु, स्वास्थ्य क्षेत्रमा निजी क्षेत्रको लगानी बढ्नु, स्वास्थ्य क्षेत्र जनताको पहुँचमा पुग्नु, वाल मृत्यु दर तथा मातृ मृत्युदर शून्यमा रहनु महत्त्व पूर्ण अवसर र सम्भावनाहरू हुन् । सबै वडाहरू सडक सञ्जाल सुविधामा जोडिँदा स्वास्थ्य सेवाको पहुँचमा सहजता थपिएको जस्ता पक्षहरू स्वास्थ्य तथा

पोषण विकासका लागि सबल पक्षहरू हुन् । सङ्घीय सरकारको पञ्चवर्षीय योजनामा स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने, आधारभूत र सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम, स्वास्थ्य विकास तथा सामाजिक स्वास्थ्य सुरक्षाको एकीकृत कार्यक्रम, स्वास्थ्य सेवा एवम् प्रदायक संस्थाहरूको गुणस्तर अभिवृद्धि कार्यक्रम, सघन स्वास्थ्य क्षेत्र मानव संसाधन प्रणाली विकास तथा सञ्चालन कार्यक्रमहरूमा जोड दिएको छ । त्यसैगरी स्वास्थ्य क्षेत्र डिजिटलाइजेसन कार्यक्रम, बहुक्षेत्रीय तथा बहुपक्षीय संयन्त्र मार्फत स्वास्थ्य सेवा प्रवाह कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य कार्यक्रम, मानसिक तथा वैकल्पिक स्वास्थ्य सम्बन्धी कार्यक्रम, समतामूलक तथा समावेशी स्वास्थ्य कार्यक्रम आदि कार्यक्रमहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छ । यी कार्यक्रमहरू स्थानीय सरकारको लागि महत्त्वपूर्ण अवसरको रूपमा लीन सकिन्छ ।

### ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**लक्ष्य**

सबै नागरिकलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।

**उद्देश्य**

१. नागरिकहरूको आधारभूत तथा गुणस्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।
२. रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु।
३. स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।
४. रत्ननगरवासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: नागरिकहरूको आधारभूत तथा गुणस्तरीय सेवामा पहुँच अभिवृद्धि गराउनु ।** | |
| १.१: गुण स्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गराउने वातावरण तयार गर्ने । | १. आवश्यक एम्बुलेन्स, औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ ।<br>२. स्वास्थ्य सेवामा सबैको पहुँच पुऱ्याउन स्वास्थ्य बिमा कार्यक्रम लागू गरिनेछ ।<br>३. सर्ने वा नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४. स्वास्थ्य सेवा प्रवाहलाई पारदर्शी, जबाफदेही एवम् जनउत्तरदायी बनाउन सुशासनमा जोड दिइनेछ ।<br>५. ल्याब सेवालाई थप प्रभावकारी बनाउन आवश्यक पहल र सेवा विस्तार गरिनेछ । |
| १.२: स्वास्थ्य संस्थाहरूमा तोकिएको सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने । | १. नगरपालिका भित्र सञ्चालित स्वास्थ्य संस्थाहरूमा स्वीकृत दरबन्दी अनुसारको आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ ।<br>२. दरबन्दी अनुसार माग भई प्राप्त जनशक्ति वा नगरपालिकाको निजी स्रोतबाट नियुक्त गरिएका स्वास्थ्यकर्मीहरूलाई पालिकाको मातहतमा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।<br>३. अपाङ्गमैत्री स्वास्थ्य संस्था निर्माणमा विशेष जोड दिइनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य २ः रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषण युक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।** | |
| २.१ः पोषण युक्त खाने कुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुऱ्याउने। | १. गुणस्तरीय एवम् स्वास्थ्य वर्द्धक खाद्य पदार्थको प्रयोग बढाउँदै कुपोषण न्यूनीकरण गरिनेछ<br>२. मातृ शिशु पोषण अवस्थामा सुधार ल्याउन विद्यमान बहु क्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>३. नागरिक स्वास्थ्यमा प्रतिकूल असर पार्ने खाद्यपदार्थको विज्ञापन र बजार प्रवर्द्धनमा बन्देज लगाइनेछ । |
| २.२ः मातृ तथा नवजात शिशु मृत्युदर, शिशु मृत्युदर र बाल मृत्युदर घटाउने र औसत आयु बढाउने । | १. नवजात शिशु मृत्युदर, शिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर घटाउनको लागि प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व, बाल तथा शिशु स्वास्थ्य सेवाहरू सञ्चालन गरिनेछ ।<br>२. प्रजनन स्वास्थ्य, सुरक्षित मातृत्व एवम् बाल तथा शिशु स्वास्थ्य सेवा स्वास्थ्य तथा पोषणबारे जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । |
| **उद्देश्य ३ः स्वास्थ्य क्षेत्रमा थप लगानीको वातावरण सिर्जना गरी सेवामा गुणस्तर अभिवृद्धि गर्नु ।** | |
| ३.१ः स्वास्थ्य क्षेत्रमा निजी, सहकारी गैससको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुने लगानीलाई व्यवस्थित गर्ने । | १. निजी र गैरसरकारी क्षेत्रमा स्थापित स्वास्थ्यसम्बन्धी व्यावसायिक सङ्घ–संस्थाहरूबीच स्वास्थ्य सेवा प्रवाह, अध्ययन, अनुसन्धान कार्यमा सहकार्यलाई बढावा दिइनेछ ।<br>२. स्वास्थ्य सेवा प्रवाहमा सरकारी, निजी, सामुदायिक एवम् सहकारी क्षेत्रलाई समेट्दै गुणात्मक सेवा सुनिश्चित गराउन सुशासन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |
| ३.२ः नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास गर्ने । | १. आयुर्वेद पद्धतिको प्रभावकारी कार्यान्वयनको लागि उपयुक्त संरचनाको विकास र विस्तार तथा स्थानीय जडीबुटीमा आधारित औषधी तयार गरी प्रयोग तथा वितरण गरिनेछ ।<br>२. आयुर्वेद प्रणालीको क्रमबद्ध विकास प्रणालीको संरक्षण, विकास एवम् विस्तारका लागि दीर्घकालीन योजना तर्जुमा गरी लागू गरिनेछ । |
| **उद्देश्य ४ः रत्ननगरबासीलाई पोषण युक्त नागरिकको रूपमा पहिचान गराउनु ।** | |
| ४.१ः रत्ननगरबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने संवैधानिक हक सुनिश्चितता गर्ने । | १. न्यून आय भएका तथा गरिबीको रेखामुनि रहेका परिवारहरूको पहिचान गरी ५ वर्ष मुनिका बालबालिकाहरूका लागि पोषणयुक्त खानेकुराहरूको प्रबन्ध मिलाइनेछ।<br>२. स्थानीय अर्गानिक उत्पादनको महत्त्व तथा सन्तुलित आहारका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. नगरपालिका भित्र खाद्य सुरक्षाको अवस्था सन्तोषजनक राख्न एक घर करेसाबारीको व्यवस्था गरिनेछ ।<br>४. पोषण सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. गर्भवती महिला तथा बालबालिकाको लागि खोप तथा नियमित स्वास्थ्य जाँचको सुनिश्चितता गरिनेछ ।<br>६. पोषण मैत्री नगरपालिका निर्माणका आधार तयार पारिनेछ । |

## ५.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | विद्यालय नर्स थप तथा व्यवस्थापन | जना | ० | ६० | २००० | ३००० | ४००० | ५००० | ६००० | २०००० |
| ३ | स्वास्थ्य बीमा निरन्तरता | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | स्वास्थ्य संस्थाको मापदण्ड अनुसारको भवन तथा उपकरण स्तरोन्नती - | एकमुस्ट | | | १०००० | १२००० | १३००० | १४००० | १५००० | ६४००० |
| १ | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | एकमुस्ट | | | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| ३ | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | पटक | ० | ३२ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | रत्ननगर नगरपालिकाको बकुलहर अस्पताल सञ्चालनका लागि आवश्यक स्रोत साधन र जनशक्ति परिचालन | एकमुस्ट | | | १५०० | २००० | २५०० | ३००० | ३५०० | १२५०० |
| ३ | गर्भवती/सुत्केरी स्वास्थ्य परीक्षण घुम्ती शिविर निरन्तरता | सङ्ख्या | ० | १६ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| ३ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | जना | ० | ६१ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| २ | भै परि आउने रोग/संक्रमण व्यवस्थापन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | सुत्केरी पोषण कार्यक्रमको निरन्तरता | एकमुस्ट | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० |
| ४ | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १५०० | १८०० | २००० | २२०० | २५०० | १०००० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | पटक | ० | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| १ | ब्लड बैंक स्तरोन्नती कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | पर्यटकीय अस्पताल तथा सर्पदंश उपचार केन्द्र निर्माण | सङ्ख्या | | १ | | | | ५००० | १५००० | २०००० |
| २ | ५० प्रतिशत अनुदानमा स्वास्थ्य बिमा | सङ्ख्या | | ५००० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३ | विपन्न उपचार कोषको निरन्तरता | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | बालमैत्री स्वास्थ्य कार्यक्रमको दिगोपना एवम् निरन्तरता | एकमुस्ट | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| ३ | दीर्घ रोगी भत्ता निरन्तरता तथा थप सहायता कार्यक्रम | एकमुस्ट | | | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| | **स्वास्थ्य तथा पोषणको जम्मा** | | | | २९००० | ३२८०० | ३५५०० | ४३२०० | ५६००० | १९६५०० |

## ५.१.६ स्वास्थ्य तथा पोषणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय नर्स थप तथा व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ३ | २ | १ | ३ |
| ३ | स्वास्थ्य बीमा निरन्तरता | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ३ | २ | २ | ३ |
| १ | स्वास्थ्य संस्थाको मापदण्ड अनुसारको भवन तथा उपकरण स्तरोन्नती - | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ३ | २ | २ | ३ |
| १ | स्वास्थ्य सेवा प्रदायक कार्यालयमा औषधी तथा उपकरण व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| ३ | नियमित घुम्ती स्वास्थ्य शिविर सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ३ | २ | १ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | रत्ननगर नगरपालिकाको बकुलहर अस्पताल सञ्चालनका लागि आवश्यक स्रोत साधन र जनशक्ति परिचालन | सङ्घ/प्रदेश/पालिका | वडा नं. २ | ३ | २ | २ | ३ |
| ३ | गर्भवती/सुत्केरी स्वास्थ्य परीक्षण घुम्ती शिविर निरन्तरता | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ३ | २ | १ | ३ |
| ३ | स्वयं सेविका प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | ३ | २ | १ | ३ |
| २ | भै परि आउने रोग/संक्रमण व्यवस्थापन | पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| ३ | नियमित औषधी सेवन गर्ने विपन्न परिवारका दीर्घ रोगीकालागि औषधी खरिद सहजीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| २ | आयुर्वेदिक औषधी तथा प्राकृतिक उपचार पद्धति प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| ४ | सुत्केरी पोषण कार्यक्रमको निरन्तरता | | | ३ | २ | १ | ३ |
| ४ | पोषणयुक्त विद्यालय खाजा प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ३ | २ | २ | ३ |
| २ | क्यान्सर, क्षयरोग, मिर्गौला रोग, पाठेघर सम्बन्धी समस्या तथा मुटु रोग जस्ता घातक रोग नियन्त्रण तथा उपचारका लागि सचेतना अभियान सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| १ | ब्लड बैंक स्तरोन्नती कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| १ | पर्यटकीय अस्पताल तथा सर्पदंश उपचार केन्द्र निर्माण | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ३ | २ | २ | ३ |
| २ | ५० प्रतिशत अनुदानमा स्वास्थ्य बिमा | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| ३ | विपन्न उपचार कोषको निरन्तरता | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |
| ३ | बालमैत्री स्वास्थ्य कार्यक्रमको दिगोपना एवम् निरन्तरता | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | १ | ३ |
| ३ | दीर्घ रोगी भत्ता निरन्तरता तथा थप सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ३ | २ | २ | ३ |

## ५.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| नगरपालिकामा स्वास्थ्य सेवा सर्व शुलभ भएको हुनेछ । | ३० मिनेटसम्मको दुरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, स्वास्थ्य शाखा, वार्षिक प्रतिवेदन, HMIS | सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात् भरपर्दो सहजहुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा नगरपालिकाको लगानी वृद्धि भएको हुने |
| गुणस्तरीय स्वास्थ्य सेवाको अभावमा स्वास्थ्यसेवाको लागि जिल्ला बाहिरका अस्पताल धाउनु पर्ने बाध्यताको अन्त्य हुनेछ । | अस्पताल | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | बेड | सङ्ख्या | १०० | १०० | १०० | १०० | ११० | ११५ | ११५ | | |
| | आधारभूत स्वास्थ्य केन्द्र | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | स्वास्थ्य एकाइ | सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | हेल्थ पोष्ट | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | | |
| | विशेषज्ञ चिकित्सक | सङ्ख्या | १० | ११ | १२ | १३ | २० | २० | २० | | |
| गर्भवती परीक्षणको सुविधाबाट आमा र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा रुग्णता दरमा कमी हुनेछ। | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | ५ | ६ | ६ | ७ | ७ | ८ | ८ | | |
| | मध्यम स्तरको स्वास्थ्य कार्यकर्ता | सङ्ख्या | ६० | ६० | ६० | ६५ | ६५ | ६५ | ६५ | | |
| | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ९९ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| बाल मृत्युदर, शिशु मृत्युदरमा कमी आउनेछ । | बर्थिङ सेन्टर | सङ्ख्या | १ | ५ | ५ | ५ | ५ | ५ | ५ | | |
| | गर्भावस्थाको परीक्षण दर | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| | शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ० | ० | ० | ० | ० | ० | ० | | |
| | पूर्ण खोप | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायमा स्वास्थ्य सेवा र सुविधाको पहुँचमा वृद्धि हुनेछ। | भिटामिन ए खाने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | झाडा पखालाको संक्रमण दर | प्रतिशत | १.३७ | १.२ | १.१ | १ | ०.५ | ०.२ | ०.२ | | |
| | आधुनिक उपकरण सहितका स्वास्थ्य भवन | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| प्रतिकारात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । | आधारभूत सुविधा सहितका स्वास्थ्य संस्था | सङ्ख्या | १३ | १४ | १५ | १६ | १७ | १८ | १८ | | |
| | परिवार नियोजनका साधन प्रयोग गर्ने दम्पती | प्रतिशत | ९ | १० | ११ | १२ | १२ | १२ | १२ | | |
| | सवारी साधन युक्त स्वास्थ्य संस्था | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | स्वास्थ्य बीमा गर्ने परिवार | प्रतिशत | ७५ | ७८ | ८० | ८२ | ८५ | ९० | ९० | | |
| स्वास्थ्य प्रवर्द्धनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा वृद्धि हुनेछ । | एम्बुलेन्स सञ्चालन | सङ्ख्या | ५ | ६ | ६ | ७ | ७ | ८ | ८ | | |
| | पालिका मार्फत नि:शुल्क उपलब्ध भएको औषधी | सङ्ख्या | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | ९८ | | |
| | स्वास्थ्य शिविर सञ्चालन | सङ्ख्या | २० | २५ | ३० | ३० | ३५ | ३५ | ३५ | | |
| | घुमन्ते स्वास्थ्य सेवा | पटक | ४८ | ५० | ५५ | ६० | ६५ | ६५ | ६५ | | |
| | प्रयोगशाला शुरु भएका स्वास्थ्य संस्था | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

| नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| पालिकाबासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता हुनेछ । | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | २ | १ | १ | ० | ० | ० | ० | | |
| नगरपालिकामा पोषणयुक्त खाद्यान्नको उपलब्धता हुनेछ । | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ९५ | ८८ | ९० | ९२ | ९५ | ९८ | ९८ | | |
| | करेसाबारी भएको घरपरिवार | प्रतिशत | ८५ | ६४ | ६५ | ६६ | ६७ | ६८ | ९८ | | |
| | कम्तीमा एक गाई/भैंसी भएको परिवार | प्रतिशत | ५५ | ४५ | ५० | ५५ | ६० | ६५ | ६८ | | |
| | कम्तीमा एक मासुजन्य पशुपंक्षी पाल्ने घर परिवार | प्रतिशत | ४२ | १.५ | १ | ० | ०० | ० | ६५ | | |

### ५.१.८ अनुमान तथा जोखिम पक्ष

सरकारी स्वास्थ्य संस्थाबाट प्रवाह हुने सेवा थप प्रभावकारी अर्थात् भरपर्दो सहज हुने, बाल पोषणमा भएको लगानी थप प्रभावकारी भएको हुने, स्वास्थ्य सेवा थप प्रभावकारी भएको हुने, स्वास्थ्य पूर्वाधारमा नगरपालिका को लगानी वृद्धि भएको हुने ।

- महामारीका रोगको समक्रमणका कारण स्वास्थ्यमा जोखिम आउन सक्छ ।
- दैवी प्रकोप (आगलागी, बाढी पहिरो, हुरी बतास, असिना, भूकम्प, चट्याङ लगायत अन्य महामारी) आदिका कारण स्वास्थ्यमा थप चुनौती आउन सक्छन् ।
- पोषणमा विनियोजित बजेट कुनै कारणले रकमान्तर भएमा पोषणको क्षेत्रमा कार्यक्रम सञ्चालन नहुन सक्छन् ।
- देशमा आर्थिक मन्दी भइ विशेष अवस्था सिर्जना भएमा स्वास्थ्यसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन नहुन सक्छन् ।
- स्वास्थ्य क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्ति ह्वात्तै विदेशिने अवस्था सिर्जना भइ स्वास्थ्य जनशक्तिको अभाव हुन सक्छ ।

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रर्वतन

### ५.२.१ पृष्ठभूमि

शिक्षा देश विकासको मुख्य आधारशिला हो र शिक्षाले नै देशको सर्वाङ्गीण विकासका लागि आवश्यक पर्ने जनशक्ति उत्पादन गर्दछ। शिक्षाकै माध्यमबाट व्यक्ति समाज र राष्ट्रको चौतर्फी विकासका लागि मार्गहरू खुला हुन्छन्। देशको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकासमा पनि शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ ।

प्रारम्भिक बाल-विकासदेखि सबै तह र प्रकारका शिक्षालाई पहुँच योग्य, समावेशी, गुणस्तरीय, समय सापेक्ष एवम् जीवनोपयोगी बनाइ सक्षम तथा प्रतिस्पर्धी जनशक्ति मार्फत मुलुकको समग्र विकास प्रक्रियामा योगदान पुर्‍याउँछ । शिक्षाले मुलुकको आर्थिक समृद्धि, सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणका लागि आधारशिला प्रदान गर्दछ। जनशक्तिलाई आवश्यक ज्ञान, सीप, क्षमता र योग्यता प्रदान गर्दछ। शिक्षाले नवप्रवर्तन, रोजगार क्षमता र उत्पादकत्व बढाउँछ। समाजमा आउने गतिशीलतालाई सम्बोधन गर्ने गरी वैज्ञानिक संस्कृति, अनुसन्धान तथा विकास मार्फत शिक्षा प्रणालीलाई उत्थानशील र उपयोगी बनाउनु पर्नेछ ।नेपालको संविधानले विद्यालय तहको शिक्षा निःशुल्क प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ । शैक्षिक विकासको सन्दर्भमा निरक्षरता अन्त्य गर्दै प्राविधिक तथा व्यावसायिक शिक्षामा सहज पहुँच कायम गर्न राष्ट्रिय तथा स्थानीयस्तरबाट नियमित रूपमा विभिन्न प्रकारका अभ्यासहरू भई रहेका छन् । विद्यालय स्तरको राष्ट्रिय पाठ्यक्रमले तहगत पाठ्यक्रम तथा पाठ्यपुस्तकमा विपद् व्यवस्थापन सम्बन्धी विषयवस्तुहरूलाई विभिन्न पाठहरूमा समेटेको पाइन्छ । नेपाल सरकार शिक्षा मन्त्रालयले शिक्षा क्षेत्रबाट विपद् व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि गरी सुरक्षित संस्कृतिको निर्माण र उत्थानशील शिक्षा प्रवर्द्धनलाई विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२३) ले उच्च महत्वका साथ अगाडी बढाएको छ । यसको अलावा रत्ननगर नगरपालिकाले कक्षा १ देखि ८ सम्मको लागि स्थानीय पाठ्यक्रम तयार गरेको छ । जस अनुसार पाठ्यपुस्तक तयार नभएता पनि पाठ्यक्रमको आधारमा विद्यालयमा अध्ययन अध्यापन शुरुवात गरेको पाइएको छ ।

विद्यमान शैक्षिक संस्थाहरूको सन्दर्भमा, यस नगरपालिकामा सामुदायिक विद्यालयको सङ्ख्या २७ र संस्थागत विद्यालय २४ गरी जम्मा ६१ वटा छन्, जसमा ११ वटा उच्च मा. वि. (१२ कक्षा सम्म), २६ वटा मा. वि. (१० कक्षा सम्म) ५ वटा आधारभूत (कक्षा ८ सम्म), ८ वटा प्रा. वि. र एउटा मन्टेश्वरि रहेका छन् । यहाँ ३ वटा विद्यालयहरूमा प्राविधिक तथा व्यवसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेको रहेको छ भने प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या १२० रहेको छ। स्नातक तहको पढाइ हुने क्याम्पसको सङ्ख्या ५ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार, यस नगरपालिकामा ५ वर्ष वा सो भन्दा माथिको उमेर समूहको शैक्षिक अवस्थाको विवरण संकलन गरिएको छ । जस अनुसार यो उमेर समूहको जनसँख्या यस नगरपालिकामा जम्मा ८३७५४ रहेको छ । यस मध्य ६९५७९ (८३.०७%) ले पढ्न र लेख्न सक्छन् ।

शैक्षिक पद्धतिलाई सिर्जनात्मक, व्यवहारिक, समावेशी र समता मूलक बनाउँदै समग्र शिक्षा प्रणालीको दक्षता, प्रभावकारीता र जवाफदेहितामा अभिवृद्धि गर्ने राष्ट्रिय उद्देश्यलाई सहयोग पुर्‍याउनको लागि नगरपालिका स्तरमा पनि विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । नगर शिक्षा समितिले पूर्णता प्राप्त गरी सक्रियरूपमा

शैक्षिक कृयाकलाप सञ्चालन गर्दै आएको छ । नगर शिक्षा अनुगमन समिति गठन भई नगरपालिकाका सम्पूर्ण विद्यालयको अनुगमन गरी विद्यालयको भौतिक, शैक्षिक, जनशक्ति, विद्यार्थीको अवस्था र विद्यालयको आवश्यकता सहितको विषयलाई समेटेर प्रतिवेदन तयारी गरिएको छ ।

### ५.२.२ समस्या तथा चुनौती

नगरपालिका शिक्षा क्षेत्रमा व्यापक सुधार गरी दक्ष तथा प्राविधिक जनशक्ति तयार गर्ने प्रयासमा जुटेको छ । शिक्षामा सुधार ल्याउनको लागि राष्ट्रिय तथा स्थानीय स्तरबाट संस्थागत, नीतिगत तथा व्यवहारिक प्रयासहरू लगातार भइरहेका छन् । तर पनि शिक्षा क्षेत्रमा देखिएका केही सवालहरूलाई स्थानीय सरकारहरूले समस्या तथा चुनौतीका रूपमा लिएका छन् जस्तै भौतिक पूर्वाधार, प्रविधि तथा सामाग्रीको व्यवस्थापन, समावेशी र समतामूलक व्यवस्थापन तथा पहुँच सुनिश्चितता, विज्ञान तथा प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रदायक संस्थाहरूको प्रभावकारीता अभिवृद्धि, भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने आदि कार्यहरू रहेका छन् । सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यवहारिक बनाउने, शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने, गुणस्तरीय र समावेशी शिक्षाको लागि लगानी विस्तार गर्ने र शैक्षिक सुशासन सुनिश्चित गर्ने शिक्षा र सीपलाई बजारसँग जोड्ने, जस्ता सवालहरू रहेका छन् । गुणस्तरीय तथा प्रतिस्पर्धी शिक्षाको दिशामा समय सापेक्ष सुधार हुन सकेको छैन । हालसम्म शिक्षण सिकाईमा शैक्षिक सामग्रीको पूर्णरूपमा निर्माण तथा उपयोग हुन सकेको छैन भने आधुनिक सूचना प्रविधि पुरै प्रयोगमा आइसकेको अवस्था पनि छैन । स्थानीय आवश्यकता अनुसारको विद्यालयको अनुगमन तथा मूल्याङ्कनमा पर्याप्त ध्यान दिन नसक्दा शिक्षकको नियमितता र शिक्षण प्रक्रिया प्रभावकारी हुन सकेको छैन । सिकाई उपलब्धी विश्लेषण र कार्यान्वयनमा कमी रहेको छ । स्थानीय सामुदायिक शैक्षिक संस्थामा जनविश्वासको कमीका कारण गुणस्तरीय शिक्षाका लागि नगरपालिकाभित्र रहेका निजी शैक्षिक संस्थाप्रतिको परनिर्भरता कायमै रहेको छ । उच्च शिक्षाका लागि क्याम्पस र प्राविधिक शिक्षाका लागि विद्यालयमा प्राविधिक धारको आवश्यकतालाई पूर्वरूपमा कार्यान्वयनमा ल्याइ सकेको अवस्था छैन। प्राय जसो विद्यालयका भवनहरू पुर्ण रूपमा भवन निर्माण संहिता पालन गरेर बनाएको पाइँदैन, साथै समुदायले थोरै अनुदानमा धेरै कोठा निर्माण गर्ने होडमा विद्यालय भवनहरू कमजोर भएका विगतमा गरिएका अध्ययनले देखाएको छ, जसका कारण अधिकांश विद्यालयहरू उच्च भूकम्पीय जोखिममा रहेका छन् । केही विद्यालयहरू बाढीको उच्च जोखिममा छन् भने केही जङ्गली जनावरको आतङ्कको उच्च जोखिममा छन् ।

### ५.२.३ सम्भावना तथा अवसर

स्थानीय सरकारलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने प्रदेश तथा सङ्घीय सरकारले तर्जुमा गरेका कानुन तथा योजना/ कार्यक्रमहरूको ठूलो महत्त्व हुने गर्दछ । किनकी यी कार्यक्रमहरू कार्यान्वयन गर्ने स्थान नै स्थानीय सरकारको कार्यक्षेत्र हो । त्यसकारण पनि सङ्घीय सरकारले १६औं योजनामा जोड दिइ प्राथमिकतामा राखेका कार्यक्रमहरूलाई स्थानीय सरकारको लागि अवसर हुन जान्छन् । जस्तै बजारको माग अनुसार सीपयुक्त जनशक्ति उत्पादन गर्ने गरी शिक्षाको गुणस्तर वृद्धि कार्यक्रम, प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम, विद्यालय शिक्षा सुधार कार्यक्रम, कक्षा १० पछिको २ महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम, उच्च

शिक्षा सुधार कार्यक्रम, प्राविधिक तथा व्यावसायिक सुधार कार्यक्रम; सामाजिक पूर्वाधार अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम, महिला, दलित, जनजाति र अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायका बालबालिकाहरूलाई विद्यालयमा ल्याउन र टिकाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । जस्तै माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको कार्य दायरामा परेकाले शैक्षिक सुशासनको प्रत्याभूति सहज हुनु, शिक्षासँगै रैथाने ज्ञान, सीप र प्रविधि उपयोग तथा विकासको प्रचुर सम्भावना बढेर जानू आदि । रत्ननगर नगरपालिकाको बीचबाट महेन्द्र राजमार्गले काटेर गएकाले प्रदेश राजधानी हेटौंडा पुग्न, भरतपुर महानगरपालिकाबाट आवतजावत गर्न, सङ्घीय राजधानी जान आउन, बुटबल तथा पोखरा महानगरपालिकासम्म तथा तराइका अधिकांश क्षेत्रहरुमा आवत जावत गर्न र बजारहरूसँगको सहज यातायात सुविधा कारण पनि यो नगरपालिकालाई प्राविधिक धारको शैक्षिक केन्द्रको रूपमा विकास गर्न सकिने बलियो सम्भावनाको रूपमा लिन सकिन्छ ।

स्थानीय पाठ्क्रम र शैक्षिक क्यालेण्डर तयारी तथा कार्यान्वयन हुनु, प्राविधिक तथा व्यावसायिक सीप प्रति युवाको आकर्षण बढ्दै जानु, विद्यालय र विद्यार्थी प्रति अभिभावक बढी जागरूक हुनु, आधारभूत शिक्षामा सबैको पहुँच विस्तार हुँदै जानु, समृद्धिका मुख्य सम्बाहकका रूपमा रहेका पर्यटन, कृषि, उद्योग, पूर्वाधार, जनशक्ति विकास, आदि क्षेत्रमा विकास हुँदै जानु आदिलाई शिक्षा क्षेत्रको विकासको लागि बलियो अवसरका रूपमा लिन सकिन्छ ।

### ५.२.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तार गरी सक्षम नागरिकको सङ्ख्यामा वृद्धि गर्ने

**उद्देश्य**

१. शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।
२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।
३. प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षामा जोड दिनु।
४. शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
५. संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

**रणनीति र कार्य नीति**

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १ः शिक्षण संस्थाहरूको संस्थागत विकास गर्नु ।** | |
| **१.१ः** विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न संस्थागत विकास गर्ने । | १. नगरपालिकाको शिक्षा नीतिको तर्जुमा, ऐन नियमावली तथा योजनाको पुनरावलोकन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>२. नगरपालिकाका सबै विद्यालयहरूलाई शैक्षिक सूचना व्यवस्थापन प्रणाली विकास गरी नगरपालिकाको नेटवर्कमा रहने गरी एकद्वार पद्धतिबाट सञ्चालन गरिनेछ ।<br>३. उत्कृष्ट शिक्षक, कर्मचारी र अभिभावकलाई वार्षिक रूपमा पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ४. विद्यालयहरूमा अन्तर-विद्यालय भ्रमण तथा सिकाइ आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ।<br>५. गुणस्तरीय सिकाइ मापदण्ड/ढाँचा (पाठ्यक्रम, विद्यालयको सिकाइ वातावरण, शिक्षक, शिक्षण सिकाइ सामग्री, शिक्षण विधि, परीक्षा र मूल्याङ्कन, अनुगमन मूल्याङ्कन आदि) तयार गरी कार्यान्वयन गरिनेछ ।<br>६. विद्यालयको शिक्षण सिकाइमा समय र गुणस्तर बढाउन विद्यालय अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण प्रणालीको विकास गरिनेछ ।<br>७. विद्यालयको उपलब्धि स्तर एवम् प्रणालीगत कार्यकुशलताको उपयुक्त मापदण्ड र सूचक तयार गरिनेछ ।<br>८. महिला शिक्षक सुत्केरी विदामा रहँदा स्वयंसेवक वा सट्टा-शिक्षकको व्यवस्था गरिनेछ।<br>९. जनजातिको वर्चस्व भएको विद्यालयमा प्रारम्भिक कक्षा मातृभाषामा शिक्षण गर्नका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र पाठ्यक्रम विकास केन्द्रको विद्यमान पाठ्यक्रम अनुसार हुने गरी स्थानीय पाठ्यक्रम र पाठयपुस्तकको विकास गरिनेछ।<br>१०. विद्यार्थी अनुपातका आधारमा सबैलाई सहज हुने गरी विद्यालयहरू समायोजन गर्ने र सवारीका साधन तथा आवास सहित एक वडा एक भौतिक पूर्वाधार विकास सहितको नमुना विद्यालय निर्माण गर्ने नीतिमा जोड दिइनेछ । |
| १.२ः गुणस्तरीय शिक्षाको लागि तालिमको संस्थागत विकास गर्ने । | १. स्थानीय आवश्यकताको आधारमा तालिम पाठ्यक्रमको मोड्युल बनाई विज्ञ प्रशिक्षकद्वारा तालिम सञ्चालन गरिनेछ ।<br>२. बालविकास केन्द्रका शिक्षक र आधारभूत तहमा दरबन्दी कम भएका विद्यालयका शिक्षकलाई बहुकक्षा/बहुवर्ग शिक्षण सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।<br>३. विद्यालयमा बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक शिक्षक तालिमको व्यवस्था गरिनेछ।<br>४. प्राविधिक तथा व्यावसायिक (सफ्ट स्किल समेत) सीप प्रदान गर्न शिक्षकहरूलाई आधुनिक, शिक्षण सीपयुक्त, प्रविधिमैत्री, निरन्तर सिकाइमुखी बन्न तालिम दिँदै पेशागत दक्षता बढाइनेछ । |
| **उद्देश्य २ः सबैकालागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।** | |
| २.१ः सबै नागरिकलाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्ने । | १. अभिभावक विहीन बालबालिकाको उच्च शिक्षा सम्मको जिम्मेवारी नगरपालिकाले लिने प्रबन्ध मिलाइनेछ ।<br>२. दुर्गम बस्तीका विद्यालयलाई आवासीय विद्यालयका रूपमा रुपान्तरण लागि आवश्यक पहल गरिनेछ ।<br>३. आवश्यक परेको ठाउँमा स्कुलबसको व्यवस्था समेत गरिनेछ ।<br>४. पालिका/वडा शिक्षा समिति गठन र क्रियाशील गर्दै विद्यालय शिक्षामा पहुँच नपुगेकाको तथ्याङ्क सङ्कलन गरी पहुँच सुनिश्चित गरिनेछ ।<br>५. नियमित रूपमा विद्यालयमा छोराछोरी पठाउने अभिभावकलाई सम्मान गरिनेछ ।<br>६. गरिब तथा आर्थिक रूपमा विपन्न बालबालिकालाई पोशाक, शैक्षिक सामग्री तथा खाजा भत्ताको व्यवस्था गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ७. पालिकाबाट सञ्चालन हुने विकास निर्माण तथा व्यवसाय कार्यमा आर्थिक स्थिति कमजोर भएका अभिभावकलाई सहभागी गराई शिक्षाका लागि रोजगारी अभियान सञ्चालन गरिनेछ । |
| २.२ः दलित, अपाङ्गता भएका, विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्ने । | १. दलित, अपाङ्गता भएका, आर्थिक रूपले विपन्न तथा लक्षित समुदायका बालबालिकाको पहिचान गरी उच्च शिक्षा सम्म निःशुल्क गर्न तथा छात्रवृत्ति प्रदान गर्नका लागि सिफारिस गरिनेछ ।<br>२. दृष्टिविहिनलाई ब्रेल लिपी तथा कान सुन्न नसक्नेलाई सांकेतिक भाषामा निःशुल्क शिक्षाको लागि जिल्ला भित्रकै स्रोत कक्षाहरूमा सिफारिस गरिनेछ भने अन्य अपाङ्गता भएका बालबालिकाहरूलाई स्रोत कक्षाको खोजी गरी शिक्षाको हक सुनिश्चित गरिनेछ।<br>३. विपन्न तथा लक्षित समुदायका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न प्रत्येक विद्यालयमा विशेष छात्रवृत्ति कोषको स्थापना गरिनेछ ।<br>४. विद्यालय जान नसक्ने अपाङ्गता भएका बालबालिकाका लागि घरमै पढाउने र अभिभावक शिक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।<br>५. ब्रेललिपि तथा साङ्केतिक भाषाको तालिम माग भई आएमा उचित व्यवस्थापन गरिनेछ।<br>६. अपाङ्गमैत्री पूर्वाधारहरूको निर्माण गरिनेछ । |
| २.३ः अनौपचारिक जीवनपर्यन्त सिकाइ प्रणाली स्थापनाका लागि नीतिगत तथा कार्यक्रमगत व्यवस्था गर्ने । | १. औपचारिक शिक्षामा निरन्तरता दिन नसक्ने बालबालिका तथा नागरिकलाई अनुकूल तथा समकक्षी शिक्षाको अवसर प्रदान गर्न खुल्ला तथा वैकल्पिक शिक्षा/ विद्यालयको व्यवस्था गरिनेछ ।<br>२. औपचारिक शिक्षा प्रणालीभन्दा बाहिर रहेका नागरिकलाई मागमा आधारित व्यावसायिक तथा प्राविधिक तालिमको व्यवस्था गरिनेछ ।<br>३. एक विद्यालय एक पुस्तकालय तथा एकवडा–एक सार्वजनिक पुस्तकालयको नीति बनाई सूचनामाथिको पहुँच र पढ्ने बानिको विकास गरी सबैका लागि आजीवन सिकाइको वा जीवन पर्यन्त सिकाइको अवसर प्रदान गरी दिगो विकासको चौथो लक्ष्य पुरा गर्न सहयोग गरिनेछ।<br>४. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको अधिकाधिक प्रयोग हुने गरी शिक्षाको वैकल्पिक माध्यमका रूपमा विषयगत विज्ञको नमूना कक्षाको प्रशारण सामाजिक संजाल तथा स्थानीय टेलिभिजन र एफएम मार्फत् गर्ने व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड दिनु ।** | |
| ३.१ः आधारभूत तहमा प्राविधिक तथा व्यावसायिक सीप प्रवर्द्धन गर्ने । | १. आधारभूत तहमा व्यावसायिक सीप प्रदान गर्न स्थानीय पाठ्यक्रममा यस सम्बन्धी विषयवस्तु समावेश गरिनेछ ।<br>२. विद्यालय शिक्षामा निर्वाह मुखी सीपलाई एकीकृत रूपमा समावेश गरिनेछ । |
| ३.२ः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पहुँचमा गुणस्तरीयता तथा उपयोगितामा वृद्धि गर्ने । | १. पालिकामा प्राविधिक जनशक्तिको अवस्थाबारे अध्ययन गरी आवश्यक विद्यालयमा स्थानीय आवश्यकता अनुसारका ९–१२ को प्राविधिक धार सञ्चालन गरिनेछ ।<br>२. सबै विद्यालयमा कम्प्युटरको ल्यावको व्यवस्था गर्दै इन्टरनेटको पहुँच सुनिश्चित गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| | ३. विद्यालयमा प्रयोगात्मक कक्षाका लागि विज्ञान प्रयोगशालाको व्यवस्था गरिनेछ ।<br>४. माध्यामिक तह (कक्षा ११—१२) अध्यापन गर्ने सामुदायिक विद्यालयको स्तर उन्नति एवम् विद्यार्थी प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ४: शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।** | |
| **४.१:** उच्च स्तरको जनशक्ति उत्पादनको व्यवस्था गर्ने । | १. नगरपालिकाको आवश्यकताको पूर्ति तथा शैक्षिक विकासका लागि बहुसंकाय क्याम्पस स्थापनाको पहलका लागि समन्वय सम्भाव्यता अध्ययन गरिनेछ ।<br>२. उच्च शिक्षामा प्राविधिक विषयलाई प्राथमिकता दिई उच्च दक्ष जनशक्ति उत्पादन गर्न नगर पालिका भित्र प्राविधिक धार सञ्चालित विद्यालयलाई पोलीटेक्नीकल शिक्षालयमा स्तरवृद्धि गरिनेछ । |
| ४.२: विद्यालयको पूर्वाधार निर्माण गर्ने । | १. वालविकास केन्द्रको पूर्वाधार मापदण्ड अनुसार तयार गरिनेछ।<br>२. विद्यालयको भौतिक पूर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा विपद् प्रतिरोधी रूपमा तयार गरिनेछ।<br>३. प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि छुट्टा-छुट्टै सुरक्षित तथा स्वस्थकर शौचालयको व्यवस्था गरिनेछ।<br>४. प्रत्येक विद्यालयमा खेल मैदानको व्यवस्था गरिनेछ ।<br>५. विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्यावको व्यवस्था गरिनेछ। |
| **उद्देश्य ५: संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।** | |
| **५.१:** संस्थागत तथा निजी विद्यालयहरूको नियमन गरी सेवामुलक बनाउने । | १. नयाँ विद्यालयहरूको अनुमति दिँदा शैक्षिक गुठीको रूपमा मात्र अनुमति दिने व्यवस्था मिलाइनेछ।<br>२. संस्थागत विद्यालयहरूको नियमनका लागि मापदण्ड तयार गरी त्यसैको आधारमा शुल्क निर्धारण, वर्गीकरण, अनुगमन गरी सेवामूलक बनाइनेछ । |
| **५.२:** सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर वृद्धि गरी प्रतिस्पर्धी बनाउने । | १. विद्यालयमा विषयगत शिक्षकद्वारा मात्रै शिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।<br>२. अंग्रेजी र नेपाली दुवै माध्यमबाट ऐच्छिक रूपमा सबै कक्षामा सञ्चालन गरिनेछ ।<br>३. अङ्ग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्न चाहने विद्यालयका शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ ।<br>४. कमजोर बालबालिकालाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरको वृद्धि गरिनेछ ।<br>५. आवश्यक तालिम दिई बालविकास सम्बन्धी सिकाइ सामग्रीहरूको उत्पादन बालविकास केन्द्रमा नै गर्ने व्यवस्था गरिनेछ ।<br>६. विद्यालयहरूको शिक्षक दरबन्दी, विद्यार्थी सङ्ख्या तथा भौगोलिकता आदिका आधारमा पुन नक्साङ्कन गरी आवश्यकता अनुसार मर्जिङ् गरिनेछ । |

### ५.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| ५ | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | एकमुस्ट | | | १५००० | १५००० | १५००० | ८००० | २०००० | ७३००० |
| १ | बालमैत्री कक्षा कोठा व्यवस्थापन | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| २ | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | पटक | ५ | २५ | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० |
| ४ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | जना | – | ६० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | विद्यालय योग शिक्षा प्रशिक्षण कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | स्थानीय पाठ्यक्रम अद्यावधिक, छपाई तथा निरन्तरता | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | विद्यालय दिवा खाजा व्यवस्थापन (गुणस्तर नियमन) | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण कार्यक्रम | सङ्ख्या | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३ | रत्ननगर बहुप्राविधिक शिक्षालयको गुणस्तर सुधार कार्यक्रम | एकमुस्ट | | | ५००० | ५००० | १००० | १००० | ५००० | १७००० |
| १ | विद्यालय समायोजन तथा स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | सङ्ख्या | ० | १ | १५०० | | | | | १५०० |
| १ | शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | सार्वजनिक पद धारण गरेका परिवारका विद्यार्थीलाई सामुदायिक विद्यालयमा भर्नाका लागि प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | पालिकास्तरीय बृहत् विद्यालय सञ्चालन | सङ्ख्या | ० | १ | | | २००० | १०००० | ३०००० | ४२००० |
| ४ | एक शिक्षक एक ल्यापटप | एकमुस्ट | | ५०० | २००० | ३००० | ४००० | ५००० | ६००० | २०००० |
| ५ | विद्यालयमा सि.सि. क्यामरा | एकमुस्ट | | | १५०० | २००० | २५०० | ३००० | ३००० | १२००० |
| २ | बिद्यालय छात्रावृत्ति कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | स्रोत कक्षा व्यवस्थापन/सञ्चालन (स्तरोन्नती/स्थापना) | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | स्यानटरी प्याड व्यवस्थापन तथा वितरण नियमन कार्यक्रम | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| १ | विद्यालय सरसफाइ तथा हरित विद्यालय प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | १००० | १५०० | २००० | २५०० | ३००० | १०००० |
| २ | शिशु स्याहार केन्द्र स्थापना | सङ्ख्या | | ७ | १००० | ३००० | ३००० | | | ७००० |
| | **शिक्षा, विज्ञान तथा नवप्रवर्तनको जम्मा** | | | | ४०७०० | ४३२०० | ४३२०० | ४३२०० | ८०७०० | २५१००० |

## ५.२.६ शिक्षा, विज्ञान तथा नवप्रवर्तनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ५ | सामुदायिक विद्यालयको गुणस्तर सुधार कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ४ | ५ | ३ | ३ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ४ | ५ | ३ | ३ |
| १ | विद्यालय भवन तथा भौतिक पूर्वाधार मर्मत संभार | प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| १ | बालमैत्री कक्षा कोठा व्यवस्थापन | पालिका | कार्यपालिका | ४ | ५ | १ | ३ |
| २ | शिक्षकको क्षमता अभिवृद्धिका लागि पुनर्ताजगी तालिम सञ्चालन | सङ्घ/प्रदेश/पालिका | सबै विद्यालय | ४ | ५ | ३ | ३ |
| ४ | उत्कृष्ट शिक्षक तथा विद्यार्थी प्रोत्साहन कार्यक्रम | पालिका | सबै विद्यालय | ४ | ५ | ३ | ३ |
| ३ | प्रविधिमैत्री शिक्षण-सिकाई प्रवर्द्धन कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | विद्यालय योग शिक्षा प्रशिक्षण कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | स्थानीय पाठ्यक्रम अद्यावधिक, छपाई तथा निरन्तरता | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ४ | ५ | ३ | ३ |
| २ | विद्यालय दिवा खाजा व्यवस्थापन (गुणस्तर नियमन) | सङ्घ/प्रदेश/पालिका | वडा नं. २ | ४ | ५ | २ | ३ |
| २ | सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| ३ | रत्ननगर बहुप्राविधिक शिक्षालयको गुणस्तर सुधार कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| १ | विद्यालय समायोजन तथा स्तरोन्नती सम्भाव्यता अध्ययन तथा कार्यान्वयन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी दरबन्दी मिलान कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| ५ | सार्वजनिक पद धारण गरेका परिवारका विद्यार्थीलाई सामुदायिक विद्यालयमा भर्नाका लागि प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| १ | पालिकास्तरीय बृहत् विद्यालय सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| ४ | एक शिक्षक एक ल्यापटप | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| ५ | विद्यालयमा सि.सि. क्यामरा | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | बिद्यालय छात्रावृत्ति कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | स्रोत कक्षा व्यवस्थापन/सञ्चालन (स्तरोन्नती/स्थापना) | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | स्यानटरी प्याड व्यवस्थापन तथा वितरण नियमन कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | १ | ३ |
| १ | विद्यालय सरसफाइ तथा हरित विद्यालय प्रवर्द्धन कार्यक्रम | पालिका | कार्यपालिका | ४ | ५ | ३ | ३ |
| २ | शिशु स्याहार केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ४ | ५ | २ | ३ |

## ५.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन भएको हुनेछ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ८३.७ | ८४ | ८५ | ८६ | ८७ | ८८ | ८८ | नगरपालिका प्रोफाइल, शिक्षा शाखा, वार्षिक प्रतिवेदन, HMIS Flash Report | शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि हुने, प्राविधिक धारको अध्ययन अध्यापनमा वृद्धि हुने, शिक्षा क्षेत्रमा |
| | | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ८१ | ८२ | ८३ | ८४ | ८५ | ८६ | ८६ | | |
| | | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९७.३ | ९८ | ९८.५ | ९९ | ९९ | ९९ | ९९ | | |
| असर | नगरपालिकाको शैक्षिक सूचकांकमा उल्लेख्य सुधार भएको हुनेछ । | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ६१.४ | ६५ | ७० | ७५ | ८० | ८५ | ८५ | | |
| | | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ६५.५ | ६६ | ६८ | ७० | ७२ | ७५ | ७५ | | |
| | | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ९६.१ | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | | |
| | | आधारभूत तह (१-८) मा कुल भर्नादर | प्रतिशत | ९५.६ | ९६ | ९७ | ९८ | ९९ | १०० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | ४.४ | ३ | २ | १ | ० | ० | ० | | तीनै तहको सरकारको प्राथमिकतामा परेको हुनुको साथै थप लगानीमा वृद्धि तथा अनुगमनमा प्रभावकारी भएको हुने |
| | | विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) आधारभूत तह | प्रतिशत | २ | १ | ० | ० | ० | ० | ० | | |
| | | विद्यालय शिक्षा (१-८) शिक्षक- विद्यार्थी अनुपात | अनुपात | १:३१ | १:३० | १:३० | १:३० | १:३० | १:३० | १:३० | | |
| | | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थी अनुपात | अनुपात | १:३२ | १:२८ | १:२८ | १:२८ | १:२८ | १:२८ | १:२८ | | |
| | विद्यालयहरूको गुणात्मक परिवर्तन भएको हुनेछ । | प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम सञ्चालन भइरहेका विद्यालयहरू | सङ्ख्या | ३ | ३ | ४ | ४ | ५ | ५ | ५ | | |
| | | बाल क्लब गठन भएका विद्यालय | सङ्ख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | | |
| | | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | २० | २० | २० | २० | २० | २० | २० | | |
| | | विज्ञान प्रयोगशाला भएका विद्यालय | सङ्ख्या | १८ | १८ | १८ | १८ | १८ | १८ | १८ | | |
| | | इन्टरनेट सुविधा भएका विद्यालय | सङ्ख्या | २७ | ३० | ४० | ५० | ६१ | ६१ | ६१ | | |
| | | माध्यमिक शिक्षा कक्षा(११-१२) सञ्चालित सामुदायिक विद्यालय | सङ्ख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | | |
| | | सामुदायिक विद्यालय | सङ्ख्या | २८ | २८ | २८ | २८ | २८ | २८ | २८ | | |
| | | संस्थागत विद्यालय | सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ | २४ | | |

### ५.२.८ अनुमान तथा जोखिम पक्ष

शिक्षा क्षेत्रको गुणस्तरमा वृद्धि भइ दक्ष तथा क्षमता वान नागरिक तयार भएका हुनेछन् ।

- राजनैतिक वा अन्य कारण सिर्जना हुन सक्ने आम हडताल, आन्दोलन, नेपाल बन्द, सडक जाम आदि विशेष अवस्था सिर्जना भएमा शिक्षाका कार्यक्रम नियमित नुहन सक्छन् ।
- शिक्षाको गुणस्तरमा युग सुहाउँदो वृद्धि हुन नसके विज्ञान तथा सिर्जनात्मक ज्ञानको विस्तारमा कठिनाइ हुन सक्छ ।
- सीपमूलक व्यावसायिक तथा प्रविधि मैत्री शिक्षा विस्तार हुन नसके युवा विदेशिने दरमा वृद्धि हुन सक्छ
- भूकम्प, बाढी, ठूलो वर्षा, हुरी बतास आदि कारणले शैक्षिक पठन पाठनमा नियमितता नुहुन सक्छ ।

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइमा नागरिकको पहुँच र उपलब्धता विस्तारको लागि तीनवटै तहका सरकार प्रयासरत छन् । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय योजनामा उल्लिखित तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७९/८० सम्म ९५ प्रतिशत जनसङ्ख्यामा खानेपानीको पहुँच पुगेको छ भने ९६ प्रतिशतमा आधारभूत सरसफाइ सुविधा पुगेको छ तथापि स्वच्छ खानेपानीमा पहुँच पुग्ने जनसङ्ख्या २५ प्रतिशत मात्र छ । अव्यवस्थित बसोबास, बढ्दो सहरीकरण, जलाधार क्षेत्रमाथिको दोहनले यस क्षेत्रलाई प्रभावित पारेको सन्दर्भमा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै खानेपानीका परम्परागत स्रोतहरूको पहिचान, संरक्षण तथा दिगो उपयोग गर्ने, धार्मिक, सांस्कृतिक लगायत सार्वजनिक स्थलहरूमा सहज, पहुँचयोग्य र गुणस्तरीय खानेपानी तथा ढल व्यवस्थापनलाई पूर्वाधार विकासमा अन्तर-आबद्ध बनाउने कार्य प्रभावकारी हुन सकेको छैन ।

खानेपानी तथा सरसफाइ सेवाले मानव जीवनमा पार्ने बहु आयामिक प्रभावलाई दृष्टिगत गरी यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ । दिगो विकास लक्ष्यले समेत खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्य निर्धारण गरेको छ । खुला दिसामुक्त क्षेत्र घोषणा भइ सकेको यस नगरपालिकामा एक घर, एक धारा तथा सबै पक्की शौचालय निर्माणमा जोड दिइएको छ । फोहोर व्यवस्थापनका लागि नगरपालिका स्तरबाट पहल गरिएको छ । खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । यी मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका सवालहरू पनि हुन् । नेपालको संविधान को भाग ३ को धारा ३५ (४) अनुसार प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । त्यसैगरी नेपाल सरकारको तत्कालीन सहरी विकास मन्त्रालयले राष्ट्रिय खानेपानी तथा सरसफाइ नीति २०१४ मा खानेपानी र सरसफाइलाई जनस्वास्थ्यको प्रवर्द्धनको लागि अपरिहार्य आधारको रूपमा लिएको छ । यसैगरी नेपाल जनस्वास्थ्य ऐन २०७५ को धारा ४१ मा सङ्घीय कानुनको मातहतमा रहेर मानव स्वास्थ्यलाई हानी पुऱ्याउने प्रदूषण रोक्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक नियमावली बनाइ लागू गर्न सक्ने व्यवस्था गरेको छ

यस नगरपालिकामा रत्न नगर खानेपानी संस्थानले वितरण गरेको पानी नै पिउने पानीको श्रोत हो ।यस वाट अधिकांश नगरवासीहरू लाभान्वित भएका छन् । यो बाहेक अन्य स्रोतहरूमा घरमा गाडिएका हाते कल, मूल र खोला हुन । प्राप्त तथ्याङ्क अनुसार यहाँ आधारभूत खानेपानी उपलब्ध भएका घर परिवार सङ्ख्या ९९.१ प्रतिशत र स्वच्छ खाने पानी उपलब्ध भएको घर परिवार सङ्ख्या ८२.५७ प्रतिशत रहेको छ । यसै गरी सेप्टी ट्याङ्क सहितको शौचालय प्रयोग गर्नेको सङ्ख्या ६६.५ प्रतिशत र साधारण शौचालय प्रयोग गर्नेको सङ्ख्या ३०.४ प्रतिशत रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

सङ्घीय सरकारले १६औं योजनामा खानेपानी तथा सरसफाइको क्षेत्रलाई विशेष प्राथमिकता दिएको छ । सबै नागरिकलाई स्वच्छ पिउने पानीको उपलब्धताको सुनिश्चितता गर्नु सबै खानेपानीका स्रोतलाई मानव निर्मित फोहोरबाट अलग राखी स्रोतको संरक्षण गर्नु फोहोरलाई मोहरमा रूपान्तरण गर्ने कार्यलाई जोड दिइएको छ ।

स्वच्छ, सफा तथा व्यवस्थित पिउने पानीको लागि सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारका अतिरिक्त गैर सरकारी र निजी क्षेत्रबाट समेत निरन्तर रूपमा प्रयासहरू हुँदै आएका छन् । ग्रामीण क्षेत्रमा स्थानीय सरकारमा खानेपानीको लागि दिगो र व्यवस्थित योजना भन्दा पनि वितरणमूखी योजनाले प्राथमिकता पाउने गरेको छ । उपभोक्ताहरू यस्ता प्रकारको वितरणमुखी विकासे मोडेलका कारण खानेपानीको क्षेत्रमा योजनाले दिगो रूप लिन सकेको छैन । खानेपानीका आयोजनामा स्थानीय समुदायको अपनत्वको कमी र सरसफाइजन्य परम्परागत व्यवहारका कारण आशातीत सुधार हुन सकेको छैन । मानिसहरूको जमघट हुने सार्वजनिक स्थलमा सार्वजनिक शौचालयको कमी रहेको छ । स्वच्छ तथा सुरक्षित खानेपानीको व्यवस्था हुन सकेको छैन भने सुक्खा याममा कतिपय बस्तीमा जमिन मुनिको सतहको पानी घटनाले खानेपानीको अभाव हुने गरेको छ ।

सरसफाइ सम्बन्धी आनीबानी कमजोर हुनुका साथै यस क्षेत्रमा घरमै फोहोर वर्गीकरण गरी व्यवस्थापन गर्ने अभ्यास भइसकेको छैन । मुख्य बजारहरूमा प्लास्टिक तथा सिसा जन्य फोहोरको व्यवस्थापन हुन नसक्दा वातावरणीय प्रदूषण बढ्दै गएको छ । साथै बजार केन्द्रहरूमा समेत सडक नाली र ढल सुविधा भएका क्षेत्रहरू कम रहेका छन् । सार्वजनिक शौचालयमा साबुन, पानी आदिको नियमित व्यवस्थापन हुन सकिरहेको छैन । ।

### ५.३.३ सम्भावना तथा अवसर

सङ्घीय तथा प्रदेश सरकारले खानेपानी तथा सरसफाइ क्षेत्रलाई प्राथमिकतामा राख्नु नगरपालिकामा जलस्रोत समिति गठन भई सक्रिय हुनु, आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्र तीनै तहका सरकारको उच्च प्राथमिकतामा पर्नु, आयोजनाको छनौट, सञ्चालन र व्यवस्थापनमा उपभोक्ता तथा समुदायको थप चासो हुँदै जानु, बस्ती नजिकै पानीका स्रोतहरू खोलाको उपलब्धता रहनु, भूमिगत प्रणालीबाट खानेपानी सुविधा पुर्‍याउन सकिने प्रविधिको विकास हुनु तथा खोला तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनमा समुदायको चासो बढ्दै जानु यस नगरपालिकामा खानेपानी तथा सरसफाइ प्रवर्द्धनका अवसरहरू हुन् । बृहत रत्ननगर खानेपानी आयोजनाले राम्रो व्यवस्थापककी क्षमताको साथ नगरवासीहरूलाई स्वास्थ्य पानीको व्यवस्थापन गरिरहेको छ ।

### ५.३.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

स्वच्छ खानेपानी, सेप्टी ट्याङ्की सहितको शौचालय र पूर्ण आनीबानी सहितका नागरिक तयार गर्ने ।

**उद्देश्य**

१. आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
२. गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।
३. प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।

## रणनीति र कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।** | |
| १.१ः पहुँच नभएका बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने | १. विद्यमान तथा वैकल्पिक खानेपानीका स्रोतहरूको प्राविधिक टोलीबाट मूल्याङ्कन गराइनेछ ।<br>२. खानेपानीका स्रोतहरूको खोजी तथा संरक्षण गरिनेछ।<br>३. "एकघर एक धारा" कार्यक्रम निरन्तर लागु गरिनेछ ।<br>४. आधारभूत खानेपानीको पहुँच वृद्धिको लागि वडा स्तरमा विभिन्न ठाउँमा पानी ट्यांकीको सम्भ्याव्यता अध्ययन गरिनेछ ।<br>५. नयाँ संरचनाको लागि आवश्यक जग्गाको व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २ः गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा वृद्धि गर्नु ।** | |
| २.१ः आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने । | १. विद्यमान खानेपानीका संरचनाको क्षमता मूल्याङ्कन गरिनेछ ।<br>२. आवश्यकता अनुसार पानी शुद्धीकरण प्रक्रियाको लागि संरचना निर्माण गरिनेछ ।<br>३. सामूहिक कोषको निर्माण गरी उपभोक्ताको लागत सहभागिता सुनिस्चित गरिनेछ ।<br>४. निजी वा अन्य क्षेत्रसँग साझेदारीको प्रयास गरिनेछ ।<br>५. व्यवस्थित खानेपानीको रेखदेख र सञ्चालनको लागि जनशक्तिको व्यवस्था गरिनेछ । |
| **उद्देश्य ३ः प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहर मैलाको व्यस्थापन गर्नु ।** | |
| ३.१ः प्रत्येक घर परिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने । | १. निर्माण भएका शौचालयहरूको समुचित प्रयोगबारे अनुगमन गरिनेछ।<br>२. घरबाट उत्पादन हुने अन्य फोहर व्यवस्थापन गर्न घर परिवारलाई आवश्यक प्रसिक्षणको व्यवस्था गरिनेछ ।<br>३. हरेक घरबाट निस्किने कुहिने प्रकृतिका फोहर मैलाबाट कम्पोस्ट मल बनाउन प्रत्येक परिवारलाई प्रेरित गरिनेछ ।<br>४. घरबाट निस्किने पानीलाई सङ्कलन गरी करेसाबारीमा उपयोग गर्न प्रोत्साहित गरिनेछ ।<br>५. समुदायका केही सार्वजनिक ठाउँहरूमा अपाङ्गमैत्री, बालमैत्री शौचालयको निर्माण गरिनेछ ।<br>६. सरसफाइ सम्बन्धी जन चेतना मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. पूर्ण आनीबानी परिवर्तन सम्बन्धी तालिमहरू सञ्चालन गरिनेछ । |

### ५.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| ३ | नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | सङ्ख्या | ० | १ | १५०० | | | | | १५०० |
| १ | एक घर एक धाराको पूर्णता | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| १ | रत्ननगर बृहत् खानेपानी आयोजना सम्पन्नता सहजीकरण कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १ | विद्यमान इनार तथा चापकलहरूको व्यवस्थापन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | सडकको दुबै साईडबाट खानेपानीको पाइप बिछ्याउने कार्यक्रम | एकमुस्ट | | | १८०० | १८०० | १८०० | १८०० | १८०० | ९००० |
| २ | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | पटक | - | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ३ | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | सङ्ख्या | १ | ४ | | | १०००० | १०००० | १०००० | ३०००० |
| ३ | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | सङ्ख्या | ० | २०० | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| ३ | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | एकमुस्ट | | | | १५०० | १००० | ५०० | ५०० | ३५०० |
| २ | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | पटक | ० | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | पानी मुहान संरक्षण/ लौरीघोल लगायत | सङ्ख्या | ० | १० | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० |
| | **खानेपानी तथा सरसफाइको जम्मा** | | | | १३८०० | १४३०० | २४३०० | २४३०० | २४८०० | १०१५०० |

### ५.३.६ खानेपानी तथा सरसफाइका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ३ | नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ६ | ७ | २ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | एक घर एक धाराको पूर्णता | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ६ | ७ | २ | १ |
| १ | रत्ननगर बृहत् खानेपानी आयोजना सम्पन्नता सहजीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| १ | विद्यमान इनार तथा चापकलहरूको व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| २ | सडकको दुबै साईडबाट खानेपानीको पाइप बिछ्याउने कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | २ |
| २ | व्यवस्थित खानेपानी प्रणालीको विस्तार तथा नियमन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| ३ | सार्वजनिक शौचालय निर्माण तथा व्यवस्थापन (राजमार्ग तथा पर्यटकीय क्षेत्र) | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | २ |
| ३ | शौचालयको निकास खुल्ला गर्न प्रतिबन्ध गरी सेफ्टी ट्याङ्क अनिवार्य निर्माण सहजीकरण कार्यक्रम | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| ३ | सरसफाइ सचेतना तथा सन्देश मूलक प्रचार प्रसार कार्यक्रम | पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| २ | सार्वजनिक कार्यालय/स्थानमा सुरक्षित खानेपानी व्यवस्थापन | पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| २ | खानेपानी उपयोग भएका सबै स्रोतको नियमित गुणस्तर परीक्षण कार्यक्रम | पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |
| १ | पानी मुहान संरक्षण/ लौरीघोल लगायत | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ६ | ७ | २ | १ |

## ५.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | पालिका क्षेत्रमा सर्वसुलभ र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा विस्तार हुनेछ । | आधारभूत खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ९९.१ | १०० | १०० | १०० | १०० | १०० | १०० | नगर प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धीत शाखाको प्रतिवेदन | खानेपानीको स्रोतहरूमा वृद्धि भएको हुने, सरसफाइ जनचेतनामा वृद्धि भएको हुने, फोहोर मैला र वातावरण प्रति जनचेतना |
| | | स्वच्छ खानेपानीको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८२.५७ | ८५ | ८६ | ८८ | ९० | ९२ | ९२ | | |
| | | शौचालय भएका घरपरिवार | प्रतिशत | ९९.४ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | आधारभूत खानेपानीको पहुँच हरेक टोल समुदायलाई हुनेछ । | पाईपद्वारा वितरित पानी उपयोग गर्ने परिवार | प्रतिशत | ९४.२ | ९५ | ९६ | ९८ | ९९ | १०० | १०० | | वृद्धि भएको हुने, फोहोर मैला व्यवस्थापनमा नगरपालिकाले थप लगानी गरेको हुने |
| प्रतिफल | आधारभूत सरसफाइमा सुधार गरी समुदायलाई प्रदूषणमुक्त बनाउन सकिनेछ । | सेफ्टिट्यांकी सहितको शौचालय भएको परिवार | प्रतिशत | ६६.५ | ७० | ७५ | ७८ | ८० | ८५ | ८५ | | |
| | | साधारण शौचालय भएको परिवार | प्रतिशत | ३०.४ | ३० | २५ | २२ | २० | १५ | १५ | | |
| | | सार्वजनिक शौचालय | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| | संक्रामक रोगको फैलावटमा कमी आउनेछ । | जोखिमयुक्त अवस्थामा साबुन पानीले हात धुने | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० | ९२ | ९२ | | |
| | | उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | २० | २५ | ३० | ४० | ५० | ६० | ६० | | |

### ५.३.८ अनुमान तथा जोखिम पक्ष

आधारभूत पानीको अतिरिक्त स्वच्छ, सफा खानेपानीको सहज आपूर्ति हुनुका साथै सरसफाइमा पूर्ण आनीबानी परिवर्तन भएको हुनेछ ।

- समयमा बजेट निकासा हुन नसकेमा खानेपानीसँग सम्बन्धित योजना/आयोजनाहरू सम्पन्न हुन नसकि खानेपानी व्यवस्थापनमा कठिनाइ आउन सक्छ ।
- महामारीका रोगहरूको सङ्क्रमणले सरसफाइमा चुनौती थपिन सक्छ ।
- भविष्यमा आउन सक्ने प्राकृतिक प्रकोपका कारण सरसफाइका कार्यक्रमहरू सञ्चालनमा सहज नुहुन सक्छ ।
- पानीका मूलहरूको उचित संरक्षणको अभावमा स्वच्छ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।
- ठूलो वर्षा, बाढी, भूकम्प आदि प्राकृतिक प्रकोपको कारण खानेपानीका संरचनाहरू भत्किन गइ खानेपानीको आपूर्तिमा समस्या आउन सक्छ ।

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

लैङ्गिक विकास तथा सामाजिक सशत्तीकरण र समावेशी विकास नगरपालिकाको प्राथमिक विषय हो। "जहाँ महिलाको सहभागिता हुन्छ त्यहाँ विकासमा परिपक्कता" भन्ने उक्ति बमोजिम महिला सहभागिताले यस नगरपालिकाले प्राथमिकता पाएको छ ।नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा विभेदरहित, आर्थिक समानतायुक्त, सामाजिक न्यायसहितको समतामूलक समृद्ध समाजको निर्माण गर्ने सङ्कल्प लिएको छ। आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिक, प्रशासनिक तथा राजनैतिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्ग, समुदाय एवम् लिङ्ग (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, उत्पीडित तथा पिछडावर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, आर्थिक रूपले विपन्न खस आर्य) तथा विशेष संरक्षणको आवश्यकता भएका नागरिकको संरक्षण, सशक्तीकरण र विकासका लागि संविधानले मौलिक हकको रूपमा व्यवस्था र नीतिगत तथा कानुनी संरक्षण समेत प्रदान गरेको छ ।

आर्थिक-सामाजिक जीवनमा महिलालाई पुरुष सरह बनाउने, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउने, महिलाहरू बीच जातीय, क्षेत्रीय र वर्गीय विभेद समाप्त पार्ने, ग्रामीण महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउने कार्यक्रम सञ्चालनमा ल्याउने र बाल-विवाह, दाइजो प्रथा, छाउपडी र बोक्सी जस्ता कुरीति जन्य व्यवहार अन्त्य गर्ने दिशामा राज्य प्रतिबद्ध रहेको छ ।

नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ३८ महिलाको हक, धारा ३९ बालबालिकाको हक, धारा ४० दलितको हक, धारा ४१ ज्येष्ठ नागरिकको हक, धारा ४३ सामाजिक सुरक्षाको हक लगायतका हकका बारेमा व्यवस्था गरिएको छ । त्यसैगरी संविधानको धारा २५२ राष्ट्रिय महिला आयोग, धारा २५५ राष्ट्रिय दलित आयोग, धारा २५८ राष्ट्रिय समावेशी आयोग, धारा २६१ आदिवासी जनजाति आयोग, धारा २६२ मधेशी आयोग, धारा २६६ थारू आयोग र धारा २६४ मुस्लिम आयोग गरी धेरै आयोगहरू समेतको व्यवस्था भएकोले यो संविधानलाई समावेशीको दृष्टिले विश्वमै उत्कृष्ट संविधान मानिन्छ । समावेशी कानुनले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प सहित महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक, समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक लगायत मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महा सन्धि, १९७९ को अनुमोदन तथा दिगो विकासका लक्ष्य नं. ५ मा लैङ्गिक समानता तथा सशक्तीकरणको विषय समावेश भएको छ । महिलाहरूको क्षमता, श्रम, सीप र सृजनालाई विकास प्रक्रियामा लगाई संविधानको मर्म अनुरूप सामाजिक समानता कायम गर्न कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ ।

बहुआयामिक, बहुक्षेत्रगत एवम् बहुराष्ट्रिय सङ्गठित अपराधको रूपमा विस्तार भएको मानव बेचबिखन, गैरकानुनी ओसारपसार, दुर्व्यवहार, शारीरिक, मानसिक वा यौनजन्य शोषणको जोखिम बढिरहेको अवस्था छ। यस सन्दर्भमा निरोध, उद्धार, पीडितको संरक्षण तथा पुनर् स्थापना र कानुनी उपचारसम्बन्धी कार्यका लागि मानव बेच-बिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। साथै, नेपालले

अन्तर्राष्ट्रिय स्तरमा बहु राष्ट्रिय सङ्गठित अपराध विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महा सन्धिको मानव बेच-बिखन, विशेष गरी महिला र बालबालिकाको बेच-बिखन तथा ओसारपसारको रोकथाम, दमन तथा सजायको सम्बन्धमा व्यवस्था भएको पूरक आलेख (पालेर्मो प्रोटोकल) को अनुमोदन गरेको छ ।

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानुन, महिला शिक्षक दरबन्दी, महिला सञ्जाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था सञ्चालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, स्थानीय स्वास्थ्य संस्थाहरूमा सुत्केरी जाँचको व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ । नगरपालिकामा कुल घर परिवारहरू मध्ये घर, जग्गा वा कुनै पनि अचल सम्पातिमाथि महिलाको स्वामित्व रहेको घरपरिवारहरू २९.६ प्रतिशत रहेको छ ।सम्पाति माथि महिलाको स्वामित्व नभएको घरपरिवारहरू ७०.४ प्रतिशत देखिन्छ (राष्ट्रिय जनगणना, २०७८) । यस नगरपालिकामा अपाङ्गता भएको जनसङ्ख्या १.८ प्रतिशत रहेको छ। अपाङ्गता भएका महिला र पुरुषका सङ्ख्या क्रमशः २.१% र १.५% रहेका छन् ।उपलब्ध सूचना तथा जानकारी अनुसार, यस नगरपालिकामा महिला तथा घरेलु हिंसा केहीमा हुने भए पनि बाहिर जानकारीमा देखिएको छैन ।यस आँकडालाई नगन्य रूपमा नै लिन सकिन्छ । बालश्रमको स्थिति प्रायः शून्य नै देखिन्छ । नगरपालिकामा लैङ्गिक र जातीय विभेद कम छ तर अधिकांस जनमानसमा यस सम्बन्धी कानुनी जानकारी कम छ ।
सामाजिक समावेशीको अवस्था सुधारको लागि यस नगरपालिकामा विविध कार्यक्रमहरू सञ्चालन गरिएका छन् । जसमा लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम १, पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह निर्माण १, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) परीक्षण १, सुरक्षित बाल गृह ४, जेष्ठ नागरिक दिवा सेवा केन्द्र १६, जेष्ठ नागरिक सम्मान कार्यक्रम १ आदि छन् ।

### ५.४.२ समस्या तथा चुनौती

महिला समूह तथा समितिमा सबै महिला आबद्ध हुन नसक्नू छोरीहरू प्रति भाव रहनु अझै पनि भेद रहनु, महिलाहरूलाई व्यावसायिक सीप तथा तालिम माग अनुसार हुन नसक्नु, नेतृत्वको अभाव, महिला हिंसा, अपाङ्गता भएका तथा लैङ्गिक मैत्री संरचना निर्माण प्रमुख समस्याको रूपमा रहेका छन् । संवैधानिक, कानुनी तथा नीतिगत व्यवस्था र कार्यक्रम सहित तीनै तहका सरकारहरू विभेद रहित अर्थात् समतामूलक समाज निर्माणको लागि संघर्ष गरिरहेको अवस्था एकातिर छ भने अर्को तर्फ प्राचीन कालदेखि झाँगिदैं आएको विभेदकारी संस्कारले समाजमा मान्यता पाइरहेको अवस्था छ । स्थानीय सरकारहरू विभिन्न नीतिगत तथा योजना/कार्यक्रम र बजेट सहित असमानता अन्याय र विभेदको अन्त्यको लागि प्रयास गर्दा गर्दै पनि केही समस्या तथा चुनौतीहरूको सामना गर्न परिरहेको छ । जस्तै धेरै वर्ष पुरानो कुरीति एवम् कुप्रथाको अन्त्य, सबै प्रकारका हिंसा विभेद र शोषणको अन्त्य, सीमान्तकृत वर्ग समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण, लक्षित वर्ग तथा समूहको अर्थपूर्ण सहभागिताको सुनिश्चितता आदि सवालहरू रहेका छन् । त्यसैगरी महिलाको योगदानको सम्मान गर्ने संस्कृतिको विकास, खास क्षेत्र, वर्ग र समुदायको लागि विशेष कार्यक्रम जस्ता सवालहरू स्थानीय सरकारको लागि चुनौतीका बनेर उभिएका छन् । स्थानीय सरकारमा लक्षित वर्गको लागि कार्य गर्ने लैससास समिति संस्थागत हुन सकेको छैन । नगरपालिकामा दलित वर्गका लागि कति बजेट विनियोजन गर्ने भन्ने बारेमा नगरसभाबाट स्पष्ट निर्णय हुन सकेको छैन । लक्षित वर्गका लागि तर्जुमा गरिएका कार्यक्रमहरू दिगो भन्दा

पनि वितरणमुखी रहेका छन् । लक्षित वर्गको चौतर्फी हितका लागि नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, ज्येष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्न वर्गको सामाजिक तथा आर्थिक अवस्थामा उल्लेख्य सुधार आउन सकेको छैन । वाल विवाह, लैङ्गिक हिंसा, दलित, विपन्न तथा वाल हिंसाका घटनाहरूको अन्त्य हुन सकेको छैन । लैङ्गिक हिंसा पीडित, महिलाको पहिचान हुन सकेको छैन भने हिंसा विरुद्धमा महिला आवाज सरोकार वालहरूबाट सशक्त रूपमा उठ्न सकेको छैन । बस्ती स्तरमा छुवाछूत तथा सामाजिक विभेद अझै पनि कायमै रहेको छ । विपन्न, हिंसा पीडित र असहायहरूका लागि विशेष व्यवस्था हुन सकेको छैन । सबै लक्षित वर्गको सञ्जालहरू गठन भएको भएता पनि संस्थागत हुन सकेका छैनन् । लक्षित वर्गको आत्म निर्भरताका लागि पर्याप्त अवसर तथा क्षमता विकासका अवसरमा कमी रहेको छ ।

### ५.४.३ सम्भावना तथा अवसर

स्थानीय सरकारको रूपमा स्थापित नगरपालिकाले सामाजिक असमानता तथा विभेदका कारण सामाजिक तथा आर्थिक रूपले पछाडि परेका यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्गको उत्थान गरी विकासको मूल प्रवाहमा समाहित गर्ने प्रयास गर्दै आएको छ । लक्षित वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानव अधिकार सहित सर्वाङ्गीण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ नगरपालिकाले कार्य गर्दै आएको छ । साथै लैङ्गिक समानता तथा समावेशीकरणलाई समेट्न सके मात्र नगरपालिकाले समतामूलक, समृद्ध नगरपालिकाको रूपमा आफ्नो पहिचान स्थापित गर्न सक्ने सम्भावना रहेको छ ।

लैङ्गिकमैत्री संविधान तथा राज्यका तीनै तहमा महिलाको राजनैतिक सहभागिता तथा समाजको मूल्य, मान्यता र व्यवहारमा क्रमशः सकारात्मक परिवर्तन हुँदै आउनु, बालबालिकाको मौलिक हक सम्बन्धी सवालका लागि विभिन्न नीति तथा कार्यक्रमको प्राथमिकताका साथ तर्जुमा हुनु, संविधानद्वारा ज्येष्ठ नागरिकको विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक सुनिश्चित हुनु तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि सेवा सुविधा र सामाजिक सुरक्षाको व्यवस्था संविधान तथा ऐनद्वारा ग्यारेन्टी गरिनु तथा अपाङ्गता भएका व्यक्तिहरू स्वयम् क्रियाशिल भई सङ्गठित हुनु आदि अवस्थाहरू अवसरका रूपमा रहेका छन् ।

### ५.४.४ उपक्षेत्र गत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

समाजमा विद्यमान असमानता, अन्याय र विभेदको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने ।

**उद्देश्य**

१. महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु
२. बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बालमैत्री वातावरण सिर्जना गर्नु
३. ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु
४. अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।

५. दलित तथा विपन्न समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाही करण गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **उद्देश्य १: महिलाको हक-अधिकारको संरक्षण र लैङ्गिक समता कायम गर्नु ।** | |
| १.१: नगरपालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता वृद्धि गर्ने । | १. नीति निर्माण र कार्यान्वयनमा महिलाको समान सहभागिता तथा प्रतिनिधित्वमा बढोत्तरी गरिनेछ ।<br>२. लैङ्गिक समानता प्राप्तिको लागि महिला-पुरुष दुबैको सक्रिय सहभागितामा वृद्धि गरिनेछ |
| १.२: लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने । | १. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणको कानुनी उपचार प्रणालीलाई पहुँच योग्य बनाइनेछ ।<br>२. स्थानीय तहमा हिंसा प्रभावित महिलाहरूको लागि पुनर् स्थापना तथा सुरक्षा गृह स्थापना तथा सञ्चालनका साथै नगरपालिकामा राहत कोषको सञ्चालन गरिने छ। |
| **उद्देश्य २: बालबालिकाको समग्र अधिकारको संरक्षण तथा बाल मैत्री वातावरण सृजना गर्नु ।** | |
| २.१: विभेद, हिंसा, उत्पीडन, शोषणबाट बालबालिकालाई उचित संरक्षण गर्ने । | १. सबै घर परिवार, समुदाय तथा विद्यालयहरूमा बालमैत्री स्थानीय शासन सहितको वातावरण तयार गरिनेछ ।<br>२. बालबालिका विरुद्ध हुने हिंसा, यौन दुर्व्यवहार, बालश्रम, बलात्कार, बेच विखन जस्ता अपराध विरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३. हिंसा प्रभावित बालबालिकाको उचित संरक्षण तथा पुनर्स्थापनाका लागि बाल हेल्पलाइन सेवाको व्यवस्था गरिनेछ ।<br>४. अनाथ, असहाय, पूर्ण अपाङ्गता भएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको लागि पुनर्स्थापना केन्द्र तथा बालकोषको स्थापना गरिनेछ ।<br>५. बाल-विवाह न्यूनीकरणका लागि उचित कदम चालिनेछ । |
| २.२: बालबालिकाको सहभागिता वृद्धि गर्ने । | १. बालक्लब तथा बाल सञ्जालको गठन, विस्तार तथा परिचालन गरी बालबालिकाको सहभागिता बढाइनेछ ।<br>२. बालबालिकाको शारीरिक, मानसिक र शैक्षिक विकासमा अवरोध तथा बाधा नपर्ने गरी बाल सहभागितामा वृद्धि गरिनेछ । |
| २.३: बाल मैत्री वातावरणको विकास गर्ने । | १. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि प्रत्येक वडामा बाल उद्यान निर्माण गरिनेछ ।<br>२. बालमैत्री स्थानीय शासनका माध्यमबाट बालअधिकार सूचकहरू पूरा गरी बाल मैत्री नगरपालिका घोषणा गरिनेछ । |
| **उद्देश्य ३: ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै ज्ञान, सीप र अनुभवको उपयोग गर्नु ।** | |
| ३.१: ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १. आफ्ना आमा बाबुलाई सन्तानले हेरचाह तथा उचित व्यवस्थापन गर्नुपर्ने पद्धतिको प्रवर्द्धन गरिनेछ ।<br>२. आवश्यकता अनुसार जेष्ठनागरिक दिवा सेवा केन्द्र तथा आश्रमको व्यवस्था गरिनेछ |
| ३.२: ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गरी सहभागितामा वृद्धि गर्ने | १. ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अवसर प्रदान गर्नका साथै अन्तर पुस्ता हस्तान्तरण गरिनेछ । |

| रणनीतिहरू | कार्य नीतिहरू |
|---|---|
| **३.३:** ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा सेवालाई वृद्धि गर्ने । | १. ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप सेवा र सुविधामा विशेष सहुलियतको व्यवस्था गरिनेछ ।<br>२. समाज र राष्ट्रको लागि पुऱ्याएको योगदानको आधारमा सम्मान गरिनेछ । |
| **उद्देश्य ४: अपाङ्गता भएका व्यक्तिलाई स्रोत साधन र प्रविधिद्वारा जीवनयापनमा सहजताका साथै आत्मसम्मानमा वृद्धि गर्ने ।** | |
| ४.१: अपाङ्ग मैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा पहुँच बढाउने । | १. भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू अपाङ्गमैत्री बनाई सहज हुने वातावरण निर्माण गरिनेछ ।<br>२. शिक्षण सिकाइ पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ ।<br>३. अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी र निजी क्षेत्रमा रोजगारीको अवसर वृद्धि गरिनेछ । |
| ४.२: अपाङ्ग व्यक्तिहरू प्रति गरिने हिंसाको न्यूनीकरण गर्ने । | १. अपाङ्ग व्यक्तिहरू प्रति गरिने विभेद र हिंसा निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ<br>२. अपाङ्गता भएका व्यक्तिको सहभागितामा वृद्धिका लागि आवश्यक नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ५: दलित तथा सीमान्तकृत समुदायलाई विकास तथा सामाजिक न्यायको मूल धारमा प्रवाहीकरण गर्नु ।** | |
| **५.१:** दलित तथा सीमान्तकृत समुदायको सबै प्रकारका सार्वजनिक समिति तथा निकायमा प्रतिनिधित्व सुनिश्चित ता गर्ने । | १. नगरपालिकामा उपलब्ध रोजगारीका अवसरहरूमा दलित तथा सीमान्तकृत समुदायका युवाहरूलाई प्राथमिकता दिइनेछ ।<br>२. दलित तथा सीमान्तकृत समुदायका नागरिकलाई शिक्षा, स्वास्थ्य, खानेपानी लगायत आधारभूत सेवा सुविधा समतामूलक रूपमा वितरण गर्ने प्रबन्ध मिलाइनेछ । |

### ५.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | महिलाका लागि सरकारी सेवा प्रवेश तयारी कक्षा सञ्चालन | सङ्ख्या | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | महिला कानुनी सचेतना तथा सशक्तीकरण कार्यक्रम | पटक | - | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | एकल तथा विपन्न महिलाका लागि सीप विकास/क्षमता विकास आवश्यकता पहिचान कार्यक्रम | पटक | - | १० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | एकल तथा विपन्न महिलाका लागि उद्यम विकास अनुदान तथा सहुलियत ऋण सहायता कार्यक्रम | सङ्ख्या | - | ५०० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ५ | लैङ्गिक हिंसा न्यूनीकरण सचेतना, मनोपरामर्श सेवा, कानुनी साक्षरता, उद्धार, पुनर्मिलन तथा पुनर्स्थापना कार्यक्रम | सङ्ख्या | १ | ६ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | सुरक्षित आवास स्थापना सम्भाव्यता अध्ययन | सङ्ख्या | ० | १ | ७०० | | | | | ७०० |
| १ | महिला सञ्जाल निर्माण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | सङ्ख्या | २ | ७ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | महिला प्रोत्साहन कार्यक्रम | सङ्ख्या | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | बालमैत्री नगरपालिका कार्यक्रमको निरन्तरता तथा दिगोपना विकास एवम् सूचक सुदृढीकरण कार्यक्रम | एकमुस्ट | | | १२०० | १२०० | १२०० | १२०० | १२०० | ६००० |
| २ | बाल क्लब व्यवस्थापन (क्षमता विकास, भौतिक सामाग्री सहायता लगायत) तथा पुनर्गठन | एकमुस्ट | | | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० |
| २ | बाबु-आमा विहीन बालबालिका संरक्षण कार्यक्रम | पटक | ० | ५ | ५०० | ६०० | ७०० | ८०० | ९०० | ३५०० |
| २ | विपन्न बालबालिका शैक्षिक सामाग्री वितरण कार्यक्रम | सङ्ख्या | ० | १००० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | विपन्न तथा असहाय व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापना कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | बाल गृहको नियमन, अनुगमन तथा व्यवस्थापन कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | बाल कोष व्यवस्थापन | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | बाल सञ्चाल कक्षा स्थापना | सङ्ख्या | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | असहाय वृद्ध कल्याण समाज (वृद्धाश्रम) व्यवस्थापन | सङ्ख्या | | १ | ७०० | ८०० | ९०० | १००० | ११०० | ४५०० |
| ३ | जेष्ठनागरिक दिवा सेवा केन्द्र स्थापना, व्यवस्थापन तथा सञ्चालन | सङ्ख्या | | ५ | ८०० | ८०० | ८०० | ८०० | ८०० | ४००० |
| ३ | जेष्ठनागरिक सम्मान कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | जेष्ठनागरिक घरदैलो उपचार सहायता कार्यक्रम | पटक | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ३ | जेष्ठनागरिक कानुनी सचेतना तथा सहायता कार्यक्रम | पटक | | १ | ५०० | | | | | ५०० |
| ४ | अपाङ्गता परिचयपत्र अद्यावधिक कार्यक्रम | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ४ | अपाङ्गता सहायता सामाग्री वितरण कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| ४ | अपाङ्गता भएका व्यक्तिका लागि क्षमता अभिवृद्धि तथा व्यवसाय सञ्चालन सहायता कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | साङ्केतिक भाषा कक्षा सञ्चालन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ४ | अपाङ्गता भएका व्यक्तिका लागि रोजगार सहायता कक्ष सञ्चालन | पटक | | १ | | ५०० | | | | ५०० |
| ५ | लक्षित वर्ग सञ्चाल व्यवस्थापन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | लक्षित वर्गका लागि दिवस तथा अभियान सञ्चालन एवम् व्यवस्थापन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | लैससास परीक्षण तथा कार्यान्वयन | सङ्ख्या | | ५ | ४०० | ४०० | ४०० | ४०० | ४०० | २००० |
| ५ | द्वन्द्व पीडित/प्रभावित सहायता कार्यक्रमको निरन्तरता | एकमुस्ट | | | ५०० | ४०० | ५०० | ५०० | ५०० | २४०० |
| ५ | यौनिक/अल्पसङ्ख्यक सीप विकास सहायता कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | सीमान्तकृत समुदाय सशक्तीकरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | सीमान्तकृत समुदाय उद्यमशीलता सहायता कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | असक्तका लागि घरदैलो सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| ५ | भत्ता त्याग गर्नेका लागि सम्मान तथा प्रोत्साहन कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| ५ | प्रविधिमैत्री सामाजिक सुरक्षा वितरण प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| ५ | डिजिटल परिचयपत्र वितरण व्यवस्थापन | एकमुस्ट | | | ५०० | ७०० | १००० | १२०० | १५०० | ४९०० |
| ५ | विपन्न दलित सशक्तीकरण कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | उद्यमी महिलाद्वारा उत्पादित सामाग्रीको प्रदर्शनी तथा प्रोत्साहन कार्यक्रम | सङ्ख्या | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| | **महिला, बालबालिका तथा लक्षित वर्गको** | | | | २४७०० | २४३०० | २४४०० | २४८०० | २५३०० | १२३५०० |

## ५.४.६ महिला, बालबालिका तथा लक्षित वर्गका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | महिलाका लागि सरकारी सेवा प्रवेश तयारी कक्षा सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| १ | महिला कानुनी सचेतना तथा सशक्तीकरण कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | १ | ३ |
| १ | एकल तथा विपन्न महिलाका लागि सीप विकास/क्षमता विकास आवश्यकता पहिचान कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | १ | ३ |
| १ | एकल तथा विपन्न महिलाका लागि उद्यम विकास अनुदान तथा सहुलियत ऋण सहायता कार्यक्रम | प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | १ | ३ |
| ५ | लैङ्गिक हिंसा न्यूनीकरण सचेतना, मनोपरामर्श सेवा, कानुनी साक्षरता, उद्धार, पुनर्मिलन तथा पुनर्स्थापना कार्यक्रम | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| १ | सुरक्षित आवास स्थापना सम्भाव्यता अध्ययन | पालिका | कार्यपालिका | ५ | ६ | १ | ३ |
| १ | महिला सञ्जाल निर्माण, क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | महिला प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बालमैत्री नगरपालिका कार्यक्रमको निरन्तरता तथा दिगोपना विकास एवम् सूचक सुदृढीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बाल क्लब व्यवस्थापन (क्षमता विकास, भौतिक सामाग्री सहायता लगायत) तथा पुनर्गठन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बाबु-आमा विहीन बालबालिका संरक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | विपन्न बालबालिका शैक्षिक सामाग्री वितरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | विपन्न तथा असहाय व्यक्तिहरूको उद्धार तथा पुनर्स्थापना कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बाल गृहको नियमन, अनुगमन तथा व्यवस्थापन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बाल कोष व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| २ | बाल सञ्जाल कक्षा स्थापना | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ३ | असहाय वृद्ध कल्याण समाज (वृद्धाश्रम) व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ३ | जेष्ठनागरिक दिवा सेवा केन्द्र स्थापना, व्यवस्थापन तथा सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ३ | जेष्ठनागरिक सम्मान कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ३ | जेष्ठनागरिक घरदैलो उपचार सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ३ | जेष्ठनागरिक कानुनी सचेतना तथा सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ४ | अपाङ्गता परिचयपत्र अद्यावधिक कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ४ | अपाङ्गता सहायता सामाग्री वितरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ४ | अपाङ्गता भएका व्यक्तिका लागि क्षमता अभिवृद्धि तथा व्यवसाय सञ्चालन सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ४ | साङ्केतिक भाषा कक्षा सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ४ | अपाङ्गता भएका व्यक्तिका लागि रोजगार सहायता कक्ष सञ्चालन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| ५ | लक्षित वर्ग सञ्जाल व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | लक्षित वर्गका लागि दिवस तथा अभियान सञ्चालन एवम् व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | लैससास परीक्षण तथा कार्यान्वयन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | द्वन्द्व पीडित/प्रभावित सहायता कार्यक्रमको निरन्तरता | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | यौनिक/अल्पसङ्ख्यक सीप विकास सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | सीमान्तकृत समुदाय सशक्तीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | सीमान्तकृत समुदाय उद्यमशीलता सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | असक्तका लागि घरदैलो सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | भत्ता त्याग गर्नेका लागि सम्मान तथा प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | प्रविधिमैत्री सामाजिक सुरक्षा वितरण प्रवर्द्धन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | डिजिटल परिचयपत्र वितरण व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| ५ | विपन्न दलित सशक्तीकरण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | १ | ३ |
| १ | उद्यमी महिलाद्वारा उत्पादित सामाग्रीको प्रदर्शनी तथा प्रोत्साहन कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | १ | ३ |

## ५.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | महिला, बालबालिका, जेष्ठनागरिक तथा अपाङ्गता भएका व्यक्तिविरुद्ध हुने सबै प्रकारका विभेद, | न्यायिक समितिमा मुद्दा दर्ता | सङ्ख्या | ७६ | ४० | २० | १० | ५ | ० | ० | नगरपालिका प्रोफाइल, सामाजिक विकास | निर्माण हुने संरचनाहरू |
| | | न्यायिक मिलापत्र | सङ्ख्या | १० | ३५ | १८ | १० | ५ | ० | ० | | |
| | | अदालत गएको | सङ्ख्या | ६ | ५ | २ | ० | ० | ० | ० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | हिंसा र शोषण अन्त्य गरी सक्षम र आत्म सम्मानपूर्ण जीवन यापन भएको हुनेछ । | बालश्रम | प्रतिशत | ० | ० | ० | ० | ० | ० | ० | शाखा, वार्षिक प्रतिवेदन | लैङ्गिक सम्बेदनशील भएको हुने, योजना तथा कार्यक्रमहरू लैङ्गिकमैत्री हुनुको साथै बजेटको परिमाणमा पनि वृद्धि भएको |
| | | अपाङ्गमैत्री सार्वजनिक सेवा प्रदायक संस्था | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | बैङ्क मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| असर | पालिका र पालिका मातहतका सबै निकायहरूमा सामाजिक समवेशिकरंका आधारमा समतामूलक सेवा प्रभाव भएको हुनेछ । | जेसी रणनीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | २५ | ५० | ७५ | १०० | १२५ | १५० | १५० | | |
| | | कुल सहभागीहरूमा महिलाको प्रतिशत | प्रतिशत | ३५ | ३६ | ३७ | ३८ | ३९ | ४० | ४० | | |
| प्रतिफल | लैङ्गिक हिंसा अन्त गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन हुनेछ । | लैङ्गिक हिंसा र छुवाछुत सम्बन्धी सचेतना कार्यक्रम | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | पिडित महिलाहरूको लागि सुरक्षित आवास गृह | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | जेसी परीक्षण | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | बाल हेल्पलाइन सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | सबै प्रकारका विभेद, हिंसा, उत्पीडन, शोषणबाट सबै प्रकारका बालबालिकालाई उचित संरक्षण हुनेछ । | बाल उद्यान | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | बाल सञ्जाल | सङ्ख्या | १ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| | | सुरक्षित बाल गृह | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | ज्येष्ठनागरिकको लागि हेरचाह, स्याहारसुसार र उपयुक्त वातावरण सिर्जना हुनेछ । | महिला सञ्जाल | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| | | जेष्ठ नागरिक दिवा सेवा केन्द्र | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | ज्येष्ठनागरिकले आर्जन गरेको ज्ञान, सीप र अनुभवलाई राज्यले उपयोग गर्न नीति निर्माणमा सहभागिता अभिवृद्धि हुनेछ । | जेष्ठ नागरिक सम्मान | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | जेष्ठ नागरिक सत्सङ्ग केन्द्र | सङ्ख्या | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | अपाङ्गमैत्री भौतिक संरचना निर्माण तथा सुधार गरी सार्वजनिक सेवामा सहज पहुँच हुनेछ । | अपाङ्गता भएकाहरूको लागि दिवा सेवा केन्द्र | सङ्ख्या | ० | १ | १ | १ | २ | २ | २ | | |
| | अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको हानिकारक अभ्यास तथा परम्परा, विभेद र हिंसा आदिको न्यूनीकरण भएको हुनेछ | अपाङ्गता भएका बालबालिकालाई पोषण सहायता तथा आवश्यक सामाग्री सहायता | व्यक्ति | १५० | २०० | २५० | ३०० | ३५० | ४०० | ४०० | | |
| | | आर्थिक उपार्जनमा सक्रीय अपाङ्गता भएका व्यक्ति | सङ्ख्या | ३८९ | ४०० | ४२५ | ४५० | ४७५ | ५०० | ५०० | | |
| प्रतिफल | सामाजिक न्याय र समावेशीताको प्रत्याभूति हुनेछ । | अपाङ्गता सम्बन्धी हेल्प डेक्स सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | बहिरा तथा सुस्त श्रवण भएकाका व्यक्तिहरूको स्थिति आदान प्रदान कार्यक्रम | पटक | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | बहिरा तथा सुस्त श्रवण भएकाका लागि ३ महिने साङ्केतिक भाषा तालिम | जना | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | लैङ्गिक हिंसा विरुद्धको १६ दिने सचेतना अभियान | पटक | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | अभिभावक विहिन बालबालिकालाई शैक्षिक सामाग्री सहायता | जना | १५० | २०० | २५० | ३०० | ३५० | ४०० | ४०० | | |
| | | अपाङ्गता भएका परिवारका तथा अभिभावक विहिन बालबालिकालाई विभिन्न निशुल्क आवास र पठनपाठनका लागि सिफारिस गरी पठाइएको | जना | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| | | लागू औषध दुर्व्यसनी/ यौन दुर्व्यवहार/ साइबर अपराध विरुद्धको सचेतना कार्यक्रम | पटक | ५ | ६ | ७ | ८ | ९ | १० | १० | | |
| | | अपाङ्गता भएका व्यक्ति - क वर्ग | जना | १२७ | १२७ | १२७ | १२७ | १२७ | १२७ | १२७ | | |
| | | अपाङ्गता भएका व्यक्ति - ख वर्ग | जना | ४१३ | ४१३ | ४१३ | ४१३ | ४१३ | ४१३ | ४१३ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | अपाङ्गता भएका व्यक्ति - ग वर्ग | जना | २१० | २१० | २१० | २१० | २१० | २१० | २१० | | |
| | | अपाङ्गता भएका व्यक्ति - घ वर्ग | जना | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | ५६ | | |
| | | जेष्ठनागरिक परिचयपत्र वितरण -महिला | प्रतिशत | ९५ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | जेष्ठनागरिक परिचयपत्र वितरण -पुरुष | प्रतिशत | ९७ | १०० | १०० | १०० | १०० | १०० | १०० | | |

### ५.४.८ अनुमान तथा जोखिम पक्ष

आवश्यक बजेट र प्रभावकारी कार्यक्रमको माध्यमद्वारा रत्ननगर नगरपालिका लक्षित वर्ग मैत्री नगरपालिका भएको प्रत्येक नागरिकले महसुस गर्नेछन् ।

- ☞ देशमा ठूलो आर्थिक मन्दी भइ सङ्घ वा प्रदेशबाट विनियोजित रकम उपलब्ध हुन नसक्ने अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिन हुन सक्छ
- ☞ वैदेशिक अनुदानको बजेट समयमा उपलब्ध हुन नसकेको अवस्थामा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- ☞ योजना कार्यान्वयनमा कारणवश प्रतिकूल परिस्थिति सिर्जना भइ कार्यान्वयन प्रक्रिया सहज नभएमा पनि कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- ☞ प्राकृतिक विपत्तिका कारण महिला बालबालिकाको क्षेत्रमा विनियोजित बजेट कटौती वा रकमान्तर गरेर अन्य शीर्षकमा विनियोजन भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- ☞ मानव जन्य विपदका कारण लक्षित वर्गको कार्यक्रम सञ्चालनमा चुनौती आउन सक्छ ।

## ५.५ युवा तथा खेलकुद

### ५.५.१ पृष्ठभूमि

युवा वर्ग राज्यको परिवर्तनको वाहक शक्ति हो ।युवाहरू आर्थिक , सामाजिक, राजनीतिक र सांकृतिक रूपान्तरणका अग्रदुत तथा परिवर्तनका संवाहक शक्ति हुन । नगरपालिकाको समग्र विकासको लागि युवा तथा खेलकुदको निकै ठूलो भूमिका हुन्छ । युवा शक्तिको पहिचान र परिचालन गर्न सकेमा समग्र विकास प्रक्रियामा युवाले योगदान गर्न सक्छन् । विकासमा युवा सहभागिताको अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण तयार गरी युवाहरूको सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनु पर्दछ । जनसाङ्ख्यिक पूँजीको रूपमा रहेका युवाहरूको विदेश पलायन रोक्दै विकासको हरेक क्षेत्रमा युवाहरूको पहुँच बढाउने र सामाजिक-आर्थिक रूपान्तरणमा युवाहरूलाई मूलप्रवाहीकरण गर्दै शिक्षित, दक्ष, लगनशील, अनुशासित युवाहरूबाट पालिका को विकासमा योगदानको वातावरण सिर्जना गर्नु पर्ने भएको छ । यसका साथै स्वस्थ, सक्षम र अनुशासित नागरिक तयार गर्न खेलकुद तथा खेलाडीमा योजनाबद्ध लगानी गर्ने र खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने एवं अन्तर्राष्ट्रिय क्षेत्रमा राष्ट्रिय सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा विकास गर्नुपर्ने देखिन्छ ।

समुदायस्तरका यस्ता क्लबहरू खेलकुद तथा युवा सशक्तिकरणका अतिरिक्त सामाजिक कार्यमा पनि संलग्न रहँदै आएका छन् । नगरपालिकाका विभिन्न वडाका रहेका साना ठूला खेल मैदानहरूमा विभिन्न खेलकुद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन हुँदै आएका छन् । क्रिकेटर सन्दीप लामिछाने लगायतका खेलाडीहरू यसै नगरपालिकामा रहेका छन् ।

### ५.५.२ समस्या तथा चुनौती

युवा लक्षित विकासका कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नू यस क्षेत्रका प्रमुख समस्याहरू हुन् । युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा पठाउँदा पर्याप्त रेमिटेन्स भित्रिन नसक्नू, विदेश जाने युवाहरूको पनि जीविकोपार्जनको ग्यारेन्टी नहुनु आदि सवालहरूलाई पनि समस्याका रूपमा लिइएको छ । खेलकुद विकासका लागि पूर्वाधार र खेल सामग्रीको कमी हुनु, नगरपालिकामा भएका खेलकुद पूर्वाधारहरू गुणस्तरीय, आधुनिक र सुविधायुक्त नहुनु, युवा तथा खेलकुद क्लबहरू वैधानिक रूपमै सञ्चालन गर्न नसक्नू, क्लबहरूको आफ्नै भवन र पूर्वाधार नहुनु, खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोबल उच्च बनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, आदि यस क्षेत्रका थप समस्याहरू हुन् । विभिन्न निकायहरूबाट आयोजित खेलकुद प्रतियोगिताहरूमा नियमित रूपमा प्रतिस्पर्धी हुन नसक्नू, खेलकुदको विकास र लगानीमा निजी क्षेत्रलाई प्रोत्साहन गरी लगानी आकर्षण गर्न नसक्नू, खेल सम्बद्ध संस्थाहरूको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्न नसक्नू, साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

श्रम बजारमा वर्षै पिच्छे थपिने युवालाई रोजगारमूलक र व्यावसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, युवा प्रतिभा-पलायन रोक्नु, युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृति प्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु आदि सवालहरूलाई चुनौतीका रूपमा हेरिएको छ । युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, उपयुक्त खेल पूर्वाधार- आधारशिला निर्माण गर्नु तथा समुदायदेखि नै खेलकुदलाई आत्मसात् गरी बालबालिका, युवा, विद्यार्थी, ज्येष्ठ नागरिक लक्षित खेलकुद कार्यक्रम र शिक्षण, प्रशिक्षण तथा विभिन्न प्रतियोगिताहरूको आयोजना गरी स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्ने जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन् ।

### ५.५.३ सम्भावना तथा अवसर

राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने, युवामा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयंसेवी भावना र असल संस्कारको विकास गर्ने, यस क्रममा निजी क्षेत्रले समेत संस्थागत सामाजिक उत्तरदायित्व मार्फत योगदान गर्न अनिवार्य गर्ने, युवालाई अवसर प्रदान गर्दै परिचालन गर्ने, सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाउने तथा युवाको क्षमता विकासको अवसर सिर्जना गर्नका साथै युवाको स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण आदि जस्ता कार्यक्रमहरूलाई जोड दिएर सङ्घीय सरकारले आफ्नो १६औं योजनामा प्राथमिकता निर्धारण गर्नु स्थानीय सरकारको लागि अवसर हो । त्यसैगरी वित्तीय पहुँच विस्तार गरी उनीहरूलाई स्वरोजगार बनाउने; राष्ट्रिय स्वयंसेवक कार्यक्रम सञ्चालन गर्ने ।

आर्थिक रूपले सक्रिय १९- ५९ वर्षभित्रको जनसङ्ख्या ५४४९६ अर्थात् कुल जनसङ्ख्याको ६४.१८ % रहेको छ । यो जनशक्तिलाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रिय जनशक्ति पलायन हुनबाट रोकी नगरपालिकाको विकासमा ठूलो फड्को मार्न सम्भावना देखिन्छ । संविधानमै युवा विकास सम्बन्धी व्यवस्था हुनु, राष्ट्रिय युवा परिषदको गठन र परिचालन हुनु, देशमा विकास आयोजना, उद्योग सञ्चालन गर्न प्रशस्त युवा शक्ति र श्रम देशमा उपलब्ध हुनु, संविधानले नै खेलकुदलाई राष्ट्रिय एकता सुदृढ गर्ने र अन्तर्राष्ट्रिय क्षेत्रमा सम्मान अभिवृद्धि गर्ने माध्यमको रूपमा लिइनु, तल्लो तह बस्ती/टोल स्तरमा पनि युवा क्लब गठन भई समुदायमा सक्रिय रहनु, आदिलाई प्रमुख अवसरका रूपमा लीन सकिन्छ । स्थानीय स्तरमा विभिन्न क्लबहरूद्वारा खेलकुद पूर्वाधार विकास र प्रतियोगिता आयोजनामा योगदान रहनु तथा विद्यालय तहको पाठ्यक्रममा खेलकुदलाई अभिन्न अङ्गका रूपमा लिइनु आदिलाई यो क्षेत्रका अवसरहरू हुन् भन्न सकिन्छ ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

युवाहरूको क्षमता विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्ने ।

**उद्देश्य**

१. युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।

## रणनीति तथा कार्यनीति

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।** | |
| १.१: विकासमा युवा सहभागिता बढाउने । | १. विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकाका नीति-कार्यक्रम निर्माण तथा अनुगमन-मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| १.२: युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | १. रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी, साझेदारीका वित्तीय संस्थाहरू मार्फत सहुलियत व्याज दरमा ऋण उपलब्ध गराइनेछ ।<br>२. युवालाई उद्यमशील र व्यवसायी बनाउन विभिन्न प्रोत्साहन, अनुदान र सहयोगका कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.३: युवा केन्द्रित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने । | १. युवामा उद्यमशीलता विकासका लागि स्वदेश तथा विदेशको बजारको माग अनुरूप व्यावसायिक तथा प्राविधिक तालिम उपलब्ध गराइनेछ।<br>२. वैदेशिक अध्ययन तथा रोजगारी बाट आर्जन भएका पूँजी, ज्ञान, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा नै उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गरिनेछ ।<br>३. परम्परागत पेसा र व्यवसायको जगेर्ना, आधुनिक करण, र व्यवसायी करण गर्न युवाहरूलाई प्रोत्साहन गरिनेछ । |
| १.४: युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने । | १. सिर्जनात्मक अन्वेषण र नव प्रवर्तन कार्य गरी राष्ट्रको गौरव बढाउन योगदान दिन युवाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>२. विकास वा खेलकुद सम्बन्धी विभिन्न क्लबहरूको स्थापना तथा प्रभावकारी सञ्चालन मार्फत युवाहरूको नेतृत्व र व्यक्तित्वको विकास गरिनेछ ।<br>३. युवाहरूलाई परिवार र समाज प्रति जिम्मेवारी गराइनेछ ।<br>४. युवाहरूलाई लागू पदार्थ दुर्व्यसन तथा नियन्त्रण सम्बन्धी चेतना मूलक कार्यक्रम तयारी तथा सञ्चालनमा सहभागी गराइनेछ ।<br>५. वातावरण संरक्षण र दिगो विकासमा युवा सहभागितालाई प्राथमिकता दिइनेछ ।<br>६. विज्ञान तथा सूचना प्रविधिमा युवाको पहुँचका लागि प्रत्येक वार्डमा सूचना प्रविधि सम्पन्न युवा सूचना केन्द्रको स्थापना गरिनेछ। |
| **उद्देश्य २: खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यावसायिक बनाउनु ।** | |
| २.१: खेलकुदको समुचित विकासका लागि आवश्यक पूर्वाधारको निर्माण गर्ने । | १. खेल विकासका लागि आवश्यक सुविधा सम्पन्न पूर्वाधारहरू निर्माण गरिनेछ। |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | २. सार्वजनिक निजी साझेदारीमा खेलकुद पूर्वाधार स्तर उन्नति र सुदृढ गरिनेछ।<br>३. प्रत्येक वडामा कवर्डहल तथा आवश्यक खेल सामग्रीको व्यवस्था गरिनेछ। |
| २.२: खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने । | १. खेलकुद विकासका लागि सरोकारवाला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सहयोग र सहकार्य गरिनेछ ।<br>२. खेलकुद पूर्वाधारको विकास र खेल क्षेत्रको उत्थानका लागि विज्ञता हासिल गरेका देशी, विदेशी खेलाडीसँग ज्ञान र सीपको आदानप्रदान गर्न आवश्यक समझदारीको व्यवस्था मिलाइनेछ । |
| २.३: योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृति जन्य खेलकुद विकास गर्ने । | १. योग तथा ध्यान मार्फत युवाहरूमा सकारात्मक विकासका लागि योग तथा ध्यानका प्रशिक्षक तयार गरिने छ ।<br>२. प्रत्येक वार्डमा योग तथा ध्यान प्रशिक्षण केन्द्र स्थापना तथा सुसञ्चालन गरिनेछ।<br>३. मनोरञ्जनात्मक तथा संस्कृति जन्य खेललाई प्रोत्साहन गरिनेछ ।<br>४. लोपोन्मुख रैथाने (Indigenous) खेल उत्थान तथा विकासका लागि आवश्यक व्यवस्था गरिनेछ । |
| २.४: प्रतिभावान् खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १. राष्ट्र र प्रदेशको गौरव राख्न सफल खेलाडीहरूलाई उचित सम्मान एवम् पुरस्कार को व्यवस्था गरिनेछ ।<br>२. स्थानीय स्तरदेखि प्रतियोगिता सञ्चालन गर्दै प्रतिभावान् खेलाडीको पहिचान, विकास, सम्मान तथा प्रोत्साहन गरिनेछ ।<br>३. विद्यालय तथा नगरपालिका तहमा खेलकुद पूर्वाधारको विकास गरी खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।<br>४. खेलकुदमा युवाहरूको सहभागिता वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ। |

### ५.५.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | एक वडा एक खेल मैदान निर्माण | सङ्ख्या | ५ | १५ | २०००० | ३०००० | ४०००० | ५०००० | ६०००० | २००००० |
| २ | खुला व्यायामशाला निर्माण | सङ्ख्या | १६ | ३२ | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| २ | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | पटक | ३ | ८ | ३००० | ३००० | ३००० | ३००० | ३००० | १५००० |
| २ | विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | पटक | ३ | ८ | ३२०० | ३२०० | ३२०० | ३२०० | ३२०० | १६००० |
| २ | पालिका तथा वडास्तरीय खेलकुद विकास समितिको क्षमता विकास तथा व्यवस्थापन | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १ | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | युवासँग मेयर कार्यक्रम | पटक | ० | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | राष्ट्रपति रनिङ शिल्डको निरन्तरता | पटक | | ५ | ३५०० | ३५०० | ३५०० | ३५०० | ३५०० | १७५०० |
| २ | विद्यालयस्तरीय खेल मैदान स्तरोन्नती | सङ्ख्या | - | ३५ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| १ | युवाक्लब तथा खेलकुद विकास समितिलाई खेलकुद सामाग्री सहायता कार्यक्रम | पटक | ० | १० | १५०० | १६०० | १७०० | १८०० | २००० | ८६०० |
| २ | प्रतिभावान् खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम | पटक | ० | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| २ | खेलाडीको उपचारको व्यवस्था | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | **युवा तथा खेलकुदको जम्मा** | | | | ४२४०० | ५२५०० | ६२६०० | ७२७०० | ८२९०० | ३१३१०० |

### ५.५.६ युवा तथा खेलकुदका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | एक वडा एक खेल मैदान निर्माण | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | खुला व्यायामशाला निर्माण | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | ३ | ३ |
| २ | पालिकास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |
| २ | विद्यालयस्तरीय खेलकुद प्रतियोगिता सञ्चालन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |
| २ | पालिका तथा वडास्तरीय खेलकुद विकास समितिको क्षमता विकास तथा व्यवस्थापन | पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |
| १ | लागू औषध तथा दुर्व्यसनी नियन्त्रण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ५ | ६ | २ | ३ |
| १ | युवासँग मेयर कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | ३ | ३ |
| २ | राष्ट्रपति रनिङ् शिल्डको निरन्तरता | पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | ३ | ३ |
| २ | विद्यालयस्तरीय खेल मैदान स्तरोन्नती | प्रदेश/पालिका | नगर सभाले तोके वमोजिम | ५ | ६ | ३ | ३ |
| १ | युवाक्लब तथा खेलकुद विकास समितिलाई खेलकुद सामाग्री सहायता कार्यक्रम | पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |
| २ | प्रतिभावान खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |
| २ | खेलाडीको उपचारको व्यवस्था | पालिका | कार्यपालिका | ५ | ६ | ३ | ३ |

### ५.५.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | युवा जनशक्तिलाई पालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण भएको हुनेछ । | युवाको नेतृत्वमा रहेको संघसंस्था | प्रतिशत | १५ | १६ | १७ | १८ | १९ | २० | २० | नगरपालिका प्रोफाइल, सामाजिक विकास शाखा, | युवाहरूका लागि भएको लगानीमा वृद्धि भएको हुन, खेल |
| | | राष्ट्रिय अन्तरराष्ट्रिय खेलाडी सङ्ख्या | सङ्ख्या | २ | ३ | ४ | ५ | ५ | ५ | ५ | | |
| | | प्रदेश तथा जिल्लास्तरीय खेलाडी | सङ्ख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| असर | | सहकारीमा युवाको आबद्धता | प्रतिशत | १८ | २० | २२ | २५ | २८ | ३० | ३० | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | क्षमता विकास, सीपमूलक तालिम र वित्तीय स्रोतमा युवाहरूको पहुँच वृद्धि भएको हुनेछ । | युवा व्यवसायीहरूबाट सञ्चालन भएका व्यवसायको सङ्ख्या | सङ्ख्या | १५८ | १७० | १८५ | २०० | २१५ | २३० | २३० | वार्षिक प्रतिवेदन | पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | उद्यमशीलता तालिम प्राप्त युवाहरूको वार्षिक सङ्ख्या | सङ्ख्या | १०० | १५० | २०० | २५० | ३०० | ३५० | ३५० | | |
| | | युवाक्लब, संजाल तथा संस्था | सङ्ख्या | २० | २१ | २२ | २३ | २४ | २५ | २५ | | |
| | | नियमित योगाभ्यास गर्ने जनसङ्ख्या | प्रतिशत | २ | ५ | १० | १५ | २० | २५ | २५ | | |
| प्रतिफल | खेलमैदान, योग तथा ध्यानकेन्द्र स्थापना भएको हुनेछ । विद्यालयहरूमा खेलकुद विकास भएको हुनेछ । | पालिकास्तरीय खेलमैदान | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | | खेल मैदान भएका विद्यालय | सङ्ख्या | ६१ | ६१ | ६१६ | ६१ | ६१ | ६१ | ६१ | | |
| | | अन्तर विद्यालय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ | १३ | १३ | | |
| | | पालिकामा सञ्चालित खेलकुद प्रतियोगिता | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| | प्रशिक्षण र अभ्यासमा वृद्धि हुनेछ । सार्वजनिक निजी सझेदारीमा वृद्धि भई खेलकुद पूर्वाधारको विकास भएको हुनेछ । | खेलाडी प्रशिक्षण कार्यक्रम | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | पालिकास्तरीय प्रतियोगितात्मक खेलकुद कार्यक्रम | सङ्ख्या | ८ | ९ | १० | ११ | १२ | १३ | १३ | | |
| | | सफल एवम् क्षमतावान खेलाडी प्रोत्साहन तथा सम्मान | पटक | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | योगा प्रशिक्षण | पटक | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | प्रदेशस्तरको खेल मैदान | सङ्ख्या | ० | ० | ० | १ | १ | १ | १ | | |
| | | कवर्डहल | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |

### ५.५.८ अनुमान तथा जोखिम पक्ष

सीप विकास र स्थानीय रोजगारीका अवसरहरूमा वृद्धि हुनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडीको सङ्ख्या बढेर गएको हुनेछ ।

- तीव्र बसाइ सराइलाई समयमा व्यवस्थापन गर्न नसके ग्रामीण क्षेत्रमा युवा तथा खेलकुद कार्यक्रममा चुनौती थपिन सक्छ ।
- दैवी प्रकोप वा अन्य कुनै महामारी परिस्थिति सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- युवा विदेशिने दरमा कटौती हुन नसके युवा तथा खेलकुद कार्यक्रममा चुनौती आउन सक्छ ।
- आर्थिक मन्दीले बजेट प्राप्त हुन नसकेमा कार्यक्रम कार्यान्वयन नुहुन सक्छ ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

भौतिक पूर्वाधार आफैमा विकासको महत्त्वपूर्ण सूचक हो भने अन्य सामाजिक तथा आर्थिक विकासको पूर्वाधार हो त्यस कारण तीन तहकै सरकारको प्राथमिकता भौतिक पूर्वाधार विकासमा रहेको देखिन्छ । पूर्वाधार विकास आधुनिक मानव विकासको प्रमुख सर्त हो । सडक, विमानस्थल, पुल, नाला, ढल, बसपार्क, भवन, विद्युत्, टेलिफोन, सिँचाइ आदि भौतिक पूर्वाधारका विषयहरू हुन् । नेपालमा आर्थिक विकासको चर्चा गर्दा पूर्वाधार विकासलाई प्राथमिकतामा राख्ने गरिएको छ । आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्त्वपूर्ण आधार हो । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्त्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्त्वपूर्ण आयामको रूपमा लिने गरिएको छ । यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य–७ (खर्चले धान्न सकिने स्वच्छ ऊर्जा), लक्ष्य–९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य–११ (सहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसँग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्बन्धित रहेका छन् ।

रत्ननगर नगरपालिकाको हालको बसोबास र अन्य भू—उपयोगको अवस्था विश्लेषण गर्दा जनसङ्ख्या, व्यावसायिक तथा प्रशासनिक क्षेत्र, ऐतिहासिक क्षेत्र, मूल बस्ती क्षेत्र आदिको आधारमा वडा नं. १ मा पूर्व पश्चिम राजमार्गले छोएको बजार क्षेत्रहरू निपनी, बकुलहर, सौराहाचोक रहेका छन् भने वडा नं. २ मा टाँडीबजार, हाईस्कूल रोड, सिनेमा रोड रहेका छन् । वडा नं. ३ बेल्सी, वडा नं. ४- भोकाहा, वडा नं. ५ झुवानी, वडा नं. -६ सौराहा र बछौली, वडा नं. ७ मालपुर, वडा नं. -८ बाघमारा, वडा नं. ९- टिकौली , वडा नं. १०- बकुलहर, पर्सौनी, वडा नं. ११ मा रहेको जिरौना, वडा नं. १२- जिरौना र जमुनापुर, वडा नं. १३-जयमंगला, अमिलिया, वडा नं. १४- पारिजात चोक, वडा नं. १५- माधवपुर तथा वडा नं. १६ पिठूवा वडा केन्द्र रहेका स्थानहरूमा सर्वयाम सडकले जोडेको छ । सहरीकरण उन्मुख यस नगरपालिकाका ग्रामीण बसोबास, कृषि तथा पशुपालन, बन क्षेत्र, अन्य प्राकृतिक स्रोत गतिविधिले गर्दा नगरपालिका कतिपय वडाहरू कृषि तथा प्राकृतिक स्रोत केन्द्रको रूपमा रहेका छन् ।

नगरपालिकाले अहिले पूर्वाधार विकासलाई वातावरण मैत्री, दिगो र प्रतिफल युक्त बनाउन जोड दिएको छ । सबै स्थानीयवासीका लागि सहज, भरपर्दो र पहुँच योग्य निर्माणको कार्यलाई प्राथमिकतामा राखी पूर्वाधारलाई आर्थिक समृद्धि र सामाजिक न्यायसँग आबद्धता गराउन खोजेको छ ।

## ६.१ आवास, भवन, बस्ती तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

संविधानत, आवासलाई मौलिक हकको रूपमा लिइएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने, योजनाबद्ध रूपमा विकास गर्ने नीति नेपाल सरकारले अङ्गीकार गरेको छ भने राष्ट्रिय योजनाले आन्तरिक एवं अन्तर्देशीय अन्तर आबद्धता वृद्धि गर्ने र दिगो सहरी तथा बस्ती विकास गर्नलाई दीर्घकालीन राष्ट्रिय रणनीतिका रूपमा अङ्गीकार गरेको छ । १६ औ योजनामा आधुनिक, दिगो, व्यवस्थित सहर, आवास र बस्ती विकासलाई

रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा ग्रहण गरिएको छ भने बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आधुनिक पूर्वाधारयुक्त, योजनाबद्ध, वातावरणमैत्री, विपद् प्रतिरोधी, सुरक्षित, व्यवस्थित, समावेशी, आर्थिक रूपमा गतिशील, एवं सांस्कृतिक तथा पुरातात्विक महत्त्व कायम हुने गरी सुरम्य सहरहरूको विकास गर्ने, आर्थिक गतिविधि तथा गतिशीलता सिर्जना गर्ने, रोजगारीका अवसर वृद्धि हुने गरी सघन सहर, नयाँ सहर र सहरी कोरिडरको व्यवस्थित ढङ्गबाट विकास गर्ने परिकल्पना गरिएको छ । त्यसैगरी अव्यवस्थित बसोबास व्यवस्थापन गर्ने, व्यवस्थित बस्ती विकास कार्यक्रम सञ्चालन गर्ने, सङ्घ र प्रदेशको मापदण्डको अधीनमा रही एकीकृत बस्ती विकासका जग्गा एकीकरण गर्ने, जग्गा विकास एवं व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

समतल मैदान भएकोले यहाँ प्राय सबै क्षेत्र आवास योग्य छ र विभिन्न समुदायका मानिसहरू पालिका भरी नै फैलिएर बसोबास गरेको पाइन्छ । टाँडी, बकुल्लहर, सौराहा, जयमंगला, बेल्सी बाक्लो बस्ती भएका क्षेत्रहरू हुन् । अन्य क्षेत्रहरूमा प्राय एकैनासको बसोबास छ । बस्ती विकासको कुनै योजना बिना नै बसेको बस्ती भएकोले बस्ती र बाटो छरपस्ट देखिन्छन् । रत्ननगर नगरपालिकाको कुल क्षेत्रफलको करिब १५.७६ प्रतिशत जमिन आवासीय क्षेत्रले ओगटेको छ भने सार्वजनिक क्षेत्रमा करिब ३.४२ प्रतिशत भूमि रहेको देखिन्छ । नगरपालिकाका करिब ३३.६६ प्रतिशत घरहरू पक्की संरचनाका छन् भने नगरपालिका भरी मापदण्ड बमोजिम निर्माण भएको भवन करिब १५ प्रतिशत रहेको छ । नगरपालिका भित्र २१ वटा सामुदायिक भवनहरू रहेका छन् ।

### ६.१.२ समस्या तथा चुनौती

नगरपालिकाका बस्तीहरू व्यवस्थित नहुनु, प्रमुख मानिएका बस्तीहरूमा समेत आधारभूत सुविधा अपर्याप्त रहनु, एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालनमा नहुनु जस्ता समस्या विद्यमान रहेका छन् । विकसित हुँदै गरेका बजार क्षेत्रमा विश्राम स्थल एवं बस प्रतीक्षालय र सार्वजनिक शौचालय लगायतका न्यूनतम सुविधाहरू पर्याप्त छैनन् । सार्वजनिक सेवाको प्रभावकारी प्रवाहका लागि अत्यावश्यक वडा समितिको भवन, स्वास्थ्य चौकी लगायतका सार्वजनिक पूर्वाधारहरूको कमी रहेको देखिन्छ । अति विपन्न घर परिवार लक्षित सुरक्षित आवास कार्यक्रम अपर्याप्त रहनु तथा भूकम्प प्रतिरोधी भवन निर्माणका लागि तयार भएको दक्ष जनशक्ति नगरपालिकामा क्रियाशिल न हुनाले पनि निजी आवासहरू सुरक्षित नहुने सम्भावना रहेको देखिन्छ । यसैगरी प्राकृतिक प्रकोपको रूपमा रहेको चट्याङ्गको प्रकोप पनि दिनानुदिन बढ्दै गइरहेको छ । २०७२ को भूकम्प तथा अन्य विपद्का घटनाबाट वडा नं. १ को सामुदायिक विद्यालयहरूमा आंसिक क्षति पुगेको र जिल्ला आयुर्वेद भवन पनि आंसिक क्षति भएको थियो भने आमा समूहका भवन, सहकारी भवन, टोल विकास भवन तथा मठ मन्दिरहरूमा समेत सामान्य क्षति भएको थियो । वडा नं. ३ मा वेल्छी र शान्ति चोकको बाटोमा, वछयौली माविमा साथै स्वास्थ्य चौकीमा समेत सामान्य क्षति भएको थियो । बाढीको कारण खानेपानीको पाइपहरू फुटेको र सामुदायिक भवनहरूमा क्षति पुगेको थियो । वडा नं. ७ मा पनि वार्षिक रूपमा बाढीले विद्यालयहरू, सामुदायिक भवनहरूमा क्षति पुऱ्याउने गरेको छ । बाढीको कारण वडा नं ११ को पन्चकन्या, नमुना, सुनगाभा र शौगात टोलको पक्की पुलमा क्षति पुगेको थियो । वडा नं ११ को स्वास्थ्य चौकीको भवनमा समेत २०७२ को भूकम्पको कारण सामान्य क्षति पुगेको थियो ।

### ६.१.३ सम्भावना तथा अवसर

पालिकाको ग्रामीण क्षेत्रमा पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचान युक्त बस्ती बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा वृद्धि हुनु, आर्थिक गतिविधिको दरमा वृद्धि हुँदै जानु आदिलाई सम्भावनाका रूपमा लिन सकिन्छ । ग्रामीण क्षेत्रमा यातायात तथा सञ्चारका कारण धेरै बस्तीहरू बजार उन्मुख हुँदै जानु आदि पनि यो क्षेत्रको लागि अवसर हो भन्न सकिन्छ । भविष्यमा एकीकृत जग्गा विकास परियोजना मार्फत बजार क्षेत्रका केही स्थानहरूमा जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन गरी गुरुयोजना बनाएर नयाँ व्यवस्थित बस्ती विकासका कार्यहरू अगाडि बढाउन सकिने सम्भावनाहरू पनि विद्यमान छन् । साथै नयाँ क्षेत्रमा बस्ती एकीकरण पद्धति मार्फत सहरी पूर्वाधार विकास एवम् विस्तार हुने अवसर पनि त्यत्तिकै बलियो रहेको छ ।

### ६.१.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

योजनाबद्ध सहरीकरण र व्यवस्थित बस्ती विकास गर्ने ।

**उद्देश्य**

१. निजी भवन तथा आवास एवं सार्वजनिक पूर्वाधार निर्माण गर्दा मापदण्ड पालना सुनिश्चित गराउनु ।
२. वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| जी भवन तथा आवास एवं सार्वजनिक पूर्वाधार निर्माण गर्दा मापदण्ड पालना सुनिश्चित गराउनु । | |
| १.१: सुरक्षित, व्यवस्थित एवं वातावरणमैत्री आवास तथा बस्ती विकास गर्ने | १. भू उपयोगका आधारमा निजी क्षेत्रसँगको सहकार्य गर्दै एकीकृत आवास तथा बस्ती विकास कार्यक्रम सञ्चालन गरिनेछ । यसको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय नीति तथा कानुनहरू निर्माण गरिनेछ ।<br>२. आवास तथा बस्ती विकासको प्रवर्द्धनका लागि आवश्यक सबै प्रकारका सहरी पूर्वाधार सहित सुरक्षाको प्रबन्ध मिलाइनेछ ।<br>३. प्राकृतिक प्रकोप, संवेदनशील एवं असुरक्षित क्षेत्रमा बसोबास गर्ने नागरिकलाई व्यवस्थित क्षेत्रमा स्थानान्तरण गर्दै व्यवस्थित बस्ती विकास गरिनेछ ।<br>४. बस्तीहरूमा ल्याण्ड पुलिङ कार्यक्रम सञ्चालन गरी व्यवस्थित रूपमा बस्ती विकास गरिनेछ ।<br>५. ग्रामीण बस्तीहरूमा सबै प्रकारका आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था मिलाउँदै संभाव्यताका आधारमा एकीकृत बस्ती विकास गरिनेछ ।<br>६. सम्पूर्ण वडाहरूमा सामुदायिक पुस्तकालयको स्थापना र सञ्चालन गरिनेछ (डिजिटल समेत) ।<br>७. आरोग्य केन्द्र, योग शिविर, जेष्ठनागरिक हेरचाह केन्द्र, वाल आश्रम, वाल मनोरञ्जन केन्द्र जस्ता पूर्वाधारको निर्माण गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| १.२ः जोखिम क्षेत्रमा बसोबास गर्ने तथा अति विपन्न, सीमान्तकृत परिवारलाई आवास व्यवस्था गर्ने | १. शारीरिक रूपमा पूर्ण अपाङ्गता भएका व्यक्ति, एकल, वेसहारा, असहाय ज्येष्ठ नागरिक आश्रय भवन तथा केन्द्रको व्यवस्था मिलाइनेछ ।<br>२. अति विपन्न, सीमान्तकृत वर्ग तथा हिंसा पीडित एकल महिलाहरूका लागि सुरक्षित आवासको व्यवस्था मिलाइनेछ ।<br>३. खुल्ला तथा सार्वजनिक स्थलहरूमा अनधिकृत रूपमा बसोबास गर्ने सुकुम्वासीहरूका लागि सहुलियत दरमा सुरक्षित आवासको प्रबन्ध मिलाइनेछ ।<br>४. न्यून आय भएका, दैनिक ज्याला तथा मजदुरीबाट जीवन गुजारा गर्ने श्रमशक्तिहरूका लागि सामुदायिक भवनहरू निर्माण गर्दै सुरक्षित बसोबासको व्यवस्था मिलाइनेछ ।<br>५. सहर, बजार क्षेत्रमा अनधिकृत रूपमा बसोबास गर्ने घरपरिवारको पहिचान तथा यथास्थिति सङ्कलन गर्दै आवास कार्यक्रममा आबद्ध गरिनेछ । |
| **उद्देश्य २ः वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक घर भवन तथा दिगो सहरी पूर्वाधारहरूको निर्माण भई उपयोगमा सहजता ल्याउनु ।** | |
| २.१ः प्रकोप प्रतिरोधात्मक भवन तथा संरचनाहरू निर्माण गर्दै विपद् उत्थानशील बनाउने | १. सार्वजनिक एवं निजी भवनहरूलाई अनिवार्य रूपमा प्रकोप प्रतिरोधात्मक बनाइनेछ ।<br>२. राष्ट्रिय भवन संहितालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>३. नक्सा पास, भवन निर्माण स्वीकृत, जाँचबुझ एवं निर्माण अनुमति जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्दै भवन निर्माण संहिता तथा मापदण्डलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।<br>४. ईटा, माटोबाट बनेका घर तथा ज्यादै पुराना, थोत्रा भवन एवं संरचनाहरूको प्रवलीकरण गर्न स्थानीयहरूलाई प्रोत्साहित गरिनेछ।<br>५. सार्वजनिक भौतिक संरचनाहरू बालमैत्री, अपाङ्गमैत्री, महिला तथा ज्येष्ठ नागरिक मैत्री बनाइनेछ र विपद् जोखिम न्यूनीकरणका पक्षलाई विशेष ध्यान दिइनेछ । |
| २.२ सहरीकरणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने | १. निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गर्दै सहरी पूर्वाधारहरू निर्माण एवं सञ्चालन गरिनेछ ।<br>२. निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा मुख्य-मुख्य बजार क्षेत्रहरूमा बहुउद्देश्यीय व्यापारिक भवनहरू निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।<br>३. सम्भाव्यता अध्ययनका आधारमा नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा व्यवस्थित बसपार्कको निर्माण गरी सार्वजनिक–निजी साझेदारीको अवधारणामा सञ्चालन गरिनेछ ।<br>४. सार्वजनिक जग्गालाई संरक्षित एवं अतिक्रमण हुनबाट जोगाउँदै लिज अवधारणामा खुल्ला क्षेत्रहरूमा खेलकुद मैदान, मनोरञ्जन पार्क, उद्यानहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

## ६.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | विद्यालय तथा स्वास्थ्य चौकीहरूको स्तरोन्नती | सङ्ख्या | ० | १६ | | | १०००० | २५००० | ३५००० | ७०००० |
| १ | कर्मचारी आवास भवन | सङ्ख्या | ० | १ | | | ५००० | १०००० | १५००० | ३०००० |
| १ | बधशाला तथा तरकारी बजारको व्यवस्थापन | सङ्ख्या | | २ | | ५००० | १०००० | १५००० | | ३०००० |
| २ | कभर्डहल | सङ्ख्या | | ५ | ८००० | १०००० | ५००० | २००० | | २५००० |
| १ | वडा कार्यालय स्तरोन्नती | सङ्ख्या | ० | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० |
| २ | एक वडा एक बहुउद्देश्यीय सामुदायिक भवन | सङ्ख्या | ० | ५ | | १५००० | १५००० | १५००० | ३०००० | ७५००० |
| २ | क्रियापुत्री भवन निर्माण | सङ्ख्या | | ५ | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० |
| २ | सार्वजनिक शौचालय | सङ्ख्या | | ३ | ५००० | ५००० | ५००० | १००० | १००० | १७००० |
| २ | एक वडा एक पार्क व्यवस्थापन/ खुल्ला व्यायामशाला स्तरोन्नती | सङ्ख्या | ० | १६ | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० |
| १ | भवन निर्माण आचार संहिताको पालना र अनुगमन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | **आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणको जम्मा** | | | | २४००० | ४६००० | ६१००० | ७९००० | ९२००० | ३०२००० |

## ६.१.६ आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय तथा स्वास्थ्य चौकीहरूको स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | २ | ३ |
| १ | कर्मचारी आवास भवन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| १ | बधशाला तथा तरकारी बजारको व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| २ | वडा स्तरीय कभर्डहल | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| १ | वडा कार्यालय स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | एक वडा एक बहुउद्देश्यीय सामुदायिक भवन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | २ | ३ |
| २ | क्रियापुत्री भवन निर्माण | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| २ | सार्वजनिक शौचालय | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | २ | २ |
| २ | एक वडा एक पार्क व्यवस्थापन | प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | २ | १ |
| १ | भवन निर्माण आचार संहिताको पालना र अनुगमन | पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |

## ६.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सुरक्षित, सुलभ र वातावारणमैत्री एकीकृत आवास तथा बस्ती विकास भएको हुने । | भूकम्प प्रतिरोधी भवन | प्रतिशत | ६० | ६५ | ६८ | ७० | ७५ | ८० | ८० | नगरपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | भवन आचार संहिता सम्बन्धी चेतनामा वृद्धि र नगरपालिकाबाट हुने कार्यान्वयन र अनुगमन थप प्रभावकारी भएको हुने |
| | | व्यवस्थित सहरीकरण सहितको बस्ती | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| | | पालिकाको मापदण्ड बमोजिम भवन निर्माण | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | ५० | | |
| असर | भौगोलिक रूपले विकट र विपद जोखिमयुक्त स्थानमा हुन सक्ने थप बस्ती विस्तारलाई निरुत्साहित गर्न सहरी बस्ती बिस्तार मापदण्ड निर्माण भएको हुने । | जोखिमयुक्त बस्तीको स्थानान्तरण | बस्ती सङ्ख्या | ० | ० | १ | २ | ३ | ४ | ४ | | |
| | | निर्माण भएका बस्ती विकास योजना सङ्ख्या | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | पालिकामा आवश्यकता अनुसारका आवास तथा भवन निर्माण भएको हुने । | कार्यपालिका भवन | सङ्ख्या | ० | ० | १ | १ | १ | १ | १ | | |
| | | वडा कार्यालय भवन | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| | | कर्मचारी आवास | सङ्ख्या | ० | ० | ० | ० | १ | १ | १ | | |
| | | सामुदायिक स्कूल भवन | | १०५ | १०६ | १०७ | १०८ | १०९ | ११० | ११० | | |
| | | सामुदायिक भवन | सङ्ख्या | १५५ | १५६ | १५७ | १५८ | १५९ | १६० | १६० | | |
| | विभिन्न आयोजनाहरूको सम्भाव्यता अध्ययन, सामाजिक | भवन तथा आवास निर्माणकालागि वातावरणीय प्रभाव अध्ययन | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | तथा वातावरणीय प्रभाव मूल्याङ्कन र विस्तृत इन्जिनियरिङ डिजाइन भएको हुने । | भवन तथा आवास निर्माणकालागि विस्तृत परियोजना प्रतिवेदन | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | प्राकृतिक पहिरोको जोखिम बस्तीहरूलाई व्यवस्थापन भएको हुने । | भूकम्प प्रतिरोधी विद्यालय भवन | सङ्ख्या | ४६ | ४८ | ५० | ५२ | ५४ | ५६ | ५६ | | |
| | | भूकम्प प्रतिरोधी स्वास्थ्य संस्था | सङ्ख्या | ८ | १० | १२ | १४ | १६ | १८ | १८ | | |
| | | भूकम्प तथा पहिरो प्रतिरोधी वडा कार्यालय तथा अन्य सरकारी भवन | सङ्ख्या | १६ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| | विपन्न घर परिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन भएको हुने । | विपन्नकालागि निर्मित आवास | सङ्ख्या | ० | ० | ५ | १० | १५ | २० | २० | | |

### ६.१.८ अनुमान तथा जोखिम पक्ष

सबै बस्तीहरू सुरक्षित हुनुका साथै व्यवस्थित र दिगो सार्वजनिक निर्माणका संरचनाबाट सेवा प्रवाह प्रभावकारी भएको हुनेछ ।

- ☞ प्राकृतिक प्रकोप, (दैवी प्रकोप) वा अन्य कुनै कारणले विशेष अवस्था सिर्जना भएमा कार्यक्रम कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।
- ☞ आन्तरिक राजस्वको रकमबाट विनियोजित रकमसँग सम्बन्धित कार्यक्रमहरू आन्तरिक राजस्व सङ्कलन हुन नसकेमा कार्यान्वयनमा समस्या आउन सक्छ ।
- ☞ बाढीबाट स्थानीय बस्तीहरूमा नोक्सान हुन गएमा वा बस्ती हस्तान्तरण गर्न पर्ने भएमा बजेट नपुग हुन सक्छ ।
- ☞ बाह्य स्रोतबाट सञ्चालन गरिने योजना/आयोजनाहरू बाह्य स्रोत समयमा उपलब्ध हुन न सकेमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।

## ६.२ सडक, पुल तथा यातायात व्यवस्था

### ६.२.१ पृष्ठभूमि

सडक सञ्जाल पूर्व-पश्चिम राजमार्गले छोएर गएको र नगरपालिकाका सबै वडा केन्द्रहरूमा सर्वयाम सडकले जोडेको छ । नगरपालिकाका प्राय सबै स्थानहरूमा पक्की तथा कच्ची सडक सञ्जालले जोडेको पाईन्छ । नेपालको संविधान अनुसार यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने नीति राज्यले अवलम्बन गरेको छ । यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्ने, यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिने, सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । यातायात क्षेत्रले देशको आर्थिक सामाजिक रूपान्तरणका लागि बलियो र भरपर्दो आधार निर्माण गर्ने, यातायात अन्तर्गत सडक, जल, रेलमार्ग, हवाई र रोपवेलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप सुरक्षित गर्ने, भरपर्दो, सुलभ र गुणस्तरीय बनाउने परिकल्पना १६ औं राष्ट्रिय योजनाले गरेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, झोलुङ्गेपुल, पुलेसाहरूको मर्मत सम्भार एवं स्तरोन्नति गर्ने, यातायात सुरक्षाको व्यवस्थापन गर्ने, स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, सेवाको गुणस्तरीयता निर्धारण गर्ने र भाडादर निर्धारण एवं नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्र भित्र राखिएको छ ।

यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन् । बजार क्षेत्रमा सडकको अवस्था राम्रो रहेको छ भने ग्रामीण क्षेत्रमा कच्चि सडक रहेको छ । नगरपालिका सबै वडाहरू सडक सञ्जालसँग जोडिएका छन् । यस नगरपालिकामा१३८ कि.मि. धुले सडक, ११९ कि.मि. ग्राभेल सडक, उच्च स्तरीय ग्राभेल ३१ कि.मी.२३८ कि.मि. कालो पत्रे सडक भने कूल सडक यातायातको कूल लम्बाइ ८७०.६५ कि.मि. रहेको नगरपालिकाको तथ्याङ्कले देखाउँछ ।

### ६.२.२ समस्या तथा चुनौती

सहर उन्मुख यस नगरपालिकाको समस्या भनेको नियमित रूपले सार्वजनिक यातायात नियमित नहुनु, सडकमा drain, causeway, culvert, retaining wall लगायतका संरचनाहरू ज्यादै न्यून हुनु, सडक मापदण्डको पालन कमजोर हुनु, नियमित मर्मत सम्भार नहुनु, यातायातको लागि भाडादर एकरूपता नहुनु, सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय नहुनु यातायात क्षेत्रका प्रमुख समस्याहरू हुन् । सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, पनि समस्याहरू हुन् । साँघुरो सडक हुनु, निजी सवारी साधनहरूको सङ्ख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, अव्यवस्थित सडक मर्मत सम्भारका कारण यातायात व्यवस्थापनमा समस्या आउनु आदिलाई पनि समस्याका रूपमा उल्लेख गर्न सकिन्छ । बाटोको सुविधा भएतापनि नालाको व्यवस्था राम्रो हुन नसकेको कारण वर्षा याममा यातायात आवागमनमा समस्या हुने गरेको छ ।

### ६.२.३ सम्भावना तथा अवसर

रत्ननगर नगरपालिकाका प्राय सबै बस्तीहरूमा ग्रामीण सडकको पहुँच पुगिसकेको छ । नगरपालिकाभित्र कच्ची भए पनि सडक सञ्जाल विस्तार हुनु, नगरपालिकाले यातायात पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नु, यातायात पूर्वाधार निर्माणको लागि आवश्यक स्थानीय संरचनाको बलियो आधार निर्माण हुनु, यस क्षेत्रका सम्भावनाहरू हुन् । त्यसैगरी यातायात व्यवस्थापनमा अत्याधुनिक प्रविधिको प्रयोग बढ्दै जानु, प्रदूषण रहित सवारी साधनको प्रयोगमा वृद्धि हुनु, यातायात व्यवस्थापनका नयाँ प्रविधि भित्र्याउन निजी क्षेत्रको क्षमता वृद्धि हुनु, सहरीकरणसँगै सवारी साधनहरूको माग बढ्दै जानु, फराकिला र गुणस्तरीय सडक निर्माणमा सरकार तथा समुदायको चासो बढ्नु आदि दिगो यातायात व्यवस्थापनका अवसरहरू हुन् ।

### ६.२.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

नगरपालिका भित्रका बस्तीहरूमा सर्वयाम यातायातको पहुँच विस्तार गर्ने ।

**उद्देश्य**

१. यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।
२. सुरक्षित र वातावरणमैत्री सडक पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नति गर्दै सडक सञ्जाल विकासबाट अन्तर आबद्धता बढाउनु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: नगरपालिका भित्रका बस्तीहरूमा सर्वयाम यातायातको पहुँच विस्तार गर्ने ।** | |
| १.१: सडक, पुलहरूको गुणस्तर सुधार, मर्मत सम्भार एवं स्तरोन्नति गर्ने । | १. प्रमुख पर्यटकीय क्षेत्रमा जाने सडकलाई विशेष प्राथमिकताका साथ सांस्कृतिक सडकका रूपमा विकास गरिनेछ ।<br>२. स्थानीय यातायात कानुन तर्जुमा गरिनेछ ।<br>३. सडक मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।<br>४. यातायात गुरुयोजनाको पूर्ण कार्यान्वयन गरिनेछ ।<br>५. सवारी पार्किङ कार्यविधि तथा आचार संहिता तयारी गरिनेछ ।<br>६. सडक अभिलेख अद्यावधिक गरिनेछ ।<br>७. उपयुक्त सडकमा मात्र अटोरिक्सा सञ्चालनको अनुमति प्रदान गरिनेछ ।<br>८. आवश्यक स्थानहरूमा यात्रु प्रतीक्षालयको व्यवस्था गरिनेछ ।<br>९. पक्की सडकमा सडक लेन निर्धारण, सवारी संकेत तथा चिन्ह, जेब्रा क्रसिंग को व्यवस्था गरिनेछ<br>१०.सडक निर्माणमा बायो इन्जिनियरिङ प्रणालीलाई प्राथमिकता दिइनेछ ।<br>११.पूर्वाधार विकास समिति र सम्बन्धित शाखालाई पूर्ण जनशक्ति सहित प्रविधिमैत्री बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | १२.आवश्यकता एवं भू—बनौटका आधारमा सडक सर्भे तथा डिजाइनका आधारमा ढलान, पुल, कलभर्ट निर्माण गर्दै वर्षे भल पानी पनि व्यवस्थित हुने गरी सडक नालालाई व्यवस्थित गरी सडकलाई गुणस्तरीय बनाइनेछ ।<br>१३.सडक किनारा दायाँबायाँ आवश्यकताका आधारमा बायो इन्जिनियरिङ तथा वृक्षारोपण गरी सडकलाई हरियाली एवं वातावरणमैत्री बनाइनेछ ।<br>१४.सडक मापदण्ड कार्यविधिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै सडकको क्षेत्राधिकार निर्धारण गरी सडकलाई वर्गीकरण, नामाङ्कन, रेखाङ्कन, नक्साङ्कन एवं चौडा विस्तार गरिनेछ। |
| १.२: सडक सञ्जाल विकास विस्तार गर्दै अन्तरपालिका आबद्धता बढाउने | १. यातायात व्यवस्थापनमा पालिका भित्रका सबै वडाहरूमा पहुँचको लागि रिङ रोड निर्माण गरिनेछ ।<br>२. सबै बस्ती, पर्यटकीय क्षेत्र एवं वडा केन्द्रहरू सम्म सडक स्तरोन्नती गरिनेछ ।<br>३. अन्तरपालिका जोड्ने सडकहरू विस्तार, स्तरोन्नति एवं नयाँ निर्माण गरी सडक सञ्जाल विकासका लागि सहयोग/समन्वय गरिनेछ ।<br>४. जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक सञ्जालसँग जोडिने गरी सडक विस्तार गर्दै बाह्य क्षेत्रसँगको अन्तर आबद्धता बढाइनेछ ।<br>५. सडक सञ्जाललाई सुदृढ एवं प्रभावकारी बनाउन यातायात गुरुयोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याइनेछ ।<br>६. स्थानीय सडकहरूको संरक्षण एवं सो माथि अपनत्व सिर्जना गर्न टोल विकास संस्थालाई जिम्मेवार बनाइनेछ । यसलाई व्यवस्थित गर्न कार्यविधि बनाइ कार्यान्वयनमा ल्याइनेछ। |
| **उद्देश्य २: यातायात सेवालाई सहज, सर्वसुलभ एवं व्यवस्थित बनाउनु ।** | |
| २.१: सार्वजनिक यातायातलाई व्यवस्थित गर्दै सहज र सर्वसुलभ बनाउने | १. नगरपालिकाभित्रका प्रमुख बस्ती तथा बजार क्षेत्रहरूलाई समेटिने गरी सिटीवस सञ्चालनमा ल्याइनेछ । यसका लागि निजी तथा सहकारी क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>२. सबै बस्ती क्षेत्रसम्म सार्वजनिक यातायात सेवालाई विस्तार गरी यातायात सेवामा पहुँच अभिवृद्धि एवं सर्वसुलभ बनाइनेछ । स्थानीय यातायात रुटको व्यवस्था मिलाउँदै बसपार्कबाट विभिन्न गन्तव्यमा सञ्चालन हुने गरी सार्वजनिक यातायातलाई व्यवस्थित गरिनेछ । सम्भाव्यता अध्ययनका आधारमा व्यवस्थित बसपार्क निर्माण गरिनेछ र जथाभाबी सवारी साधनहरू पार्किङ गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ ।<br>३. ट्राफिक प्रहरीसँग सहकार्य गर्दै सवारी दुर्घटनामा न्यूनीकरण ल्याइनेछ र सवारी साधनबाट हुँदै आएको प्रदूषणलाई नियन्त्रण गरिनेछ ।<br>४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, असक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सहजता एवं सुरक्षालाई समेत ध्यान दिँदै सार्वजनिक यातायातलाई सहज एवं बालमैत्री, अपाङ्गमैत्री बनाइनेछ । |
| २.२: यातायात व्यवस्थापनमा लगानी वृद्धि गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने । | १. बढी वातावरण प्रदूषण गर्ने, पुराना, थोत्रा तथा २० वर्ष आयु नाघेका सवारी साधनहरूलाई विस्थापित गर्दै निश्चित क्षेत्रहरूमा प्रवेश निषेध गरिनेछ ।<br>२. विद्युतीय, वातावरणमैत्री सवारी साधनको उपयोगका लागि निजी, सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>३. विद्युतीय गाडी सञ्चालनकालागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

### ६.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | खगेरी खोलाको हेडवक्सबाट दक्षिण ईको पार्क हुँदै ढुङ्गाघाट हुँदै हात्ती प्रजनन केन्द्र सम्म करिब ५ कि.मि. लामो नयाँ पर्यटन मार्ग | कि.मि. | | ५ | | १०००० | १०००० | २०००० | १०००० | **५००००** |
| २ | सिँचाइ गेट बाट बीसहजारी तालसम्म सडक स्तरोन्नती | | | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** |
| २ | वडा नं ६ मा बछोली मूल सडक स्तरोन्नती र शाखा सडक समेत | कि.मि. | – | १० | १०००० | १०००० | १०००० | १०००० | १०००० | **५००००** |
| २ | शान्ती चोक देखी-पारिजातचोक-औदोबाटी चोक हुँदै खैरेटी सम्म करिब ४ कि.मी | कि.मि- | | ४ | | | ३०००० | ३०००० | | **६००००** |
| २ | निपनीचोक देखी मोहना-वाघमारा हुँदै चित्रसारी पुलसम्म करिब ४ कि.मि. | कि.मि- | | ४ | | | | ३०००० | ३०००० | **६००००** |
| २ | भानुचोक देखी सालधारी- जिरौना हुँदै कालिका न.पा.को सिमाना सम्म (वडा नं. १०/११/१२) लगभग ६ कि.मि. | कि.मि- | | ६ | | | ३०००० | ३०००० | २०००० | **८००००** |
| २ | सुब्बा चोक-डुम्रीचोक हुँदै कालिका न.पा.को सिमानासम्म (वडा नं १३/१४/१५) करिब ५ कि.मि. | कि.मि- | | ५ | | | | ३०००० | ४०००० | **७००००** |
| २ | अस्पताल रोड देखी सुब्बा चौक (वडा नं २/३/१३) लगभग १.५ कि.मि. | | | १.५ | | | | ० | २०००० | **२००००** |
| २ | वडा नं १३- बैरीया देखी जयमंगला सम्मको नालासहित कालो पत्रे सडक | कि.मि. | – | | ५००० | ५००० | ५००० | ५००० | ५००० | **२५०००** |
| २ | वडा नं ११- बाग्देबी ईन्जिनियरिङ् कलेजबाट धर्मधाम कृष्ण प्रणामी चोक (८००मिटर), मोहोनखोला पार्क देखी कालिका न.पा सम्म करिब ८०० मि. सडक, गौरीगाउँ निजानन्द जङ्गल हुँदै २.५ कि.मि. सडक, आदि स्तरोन्नती | कि.मि. | – | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** |
| २ | वडा नं १५-करिव १२ कि.मि. सडक नाला सहित स्तरोन्नति गर्ने | कि.मि. | – | १२ | ६००० | ६००० | ६००० | ६००० | ६००० | **३००००** |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | वडा नं १६- यस वडामा रहेको करिब २३ कि.मि. सडक स्तरोन्नति गर्ने | कि.मि. | - | २३ | ७००० | ७००० | ७००० | ७००० | ७००० | **३५०००** |
| २ | बाँकी रहेका १० वडाहरूमा करिब (१० कि.मि.का) दरले सडक स्तरोन्नती गर्ने | कि.मि. | - | १०० | ८०००० | ८०००० | १००००० | १२०००० | १२०००० | **५०००००** |
| २ | पक्की पुल | सङ्ख्या | - | ५ | ४०००० | ४०००० | ४०००० | ४०००० | ४०००० | **२०००००** |
| २ | कलभर्ट | सङ्ख्या | - | १५ | १५००० | १५००० | १५००० | २०००० | २५००० | **९००००** |
| १ | ट्राफिक सङ्केत तथा सडक सूचना पाटी व्यवस्थापन | सङ्ख्या | - | १५० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| | **सडक तथा यातायातको जम्मा** | | | | **१७१५००** | **१८१५००** | **२६१५००** | **३५६५००** | **३४१५००** | **१३१२५००** |

## ६.२.६ सडक तथा यातायातका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | खगेरी खोलाको हेडवक्सबाट दक्षिण ईको पार्क हुँदै ढुङ्गाघाट हुँदै हात्ती प्रजनन केन्द्र सम्म करिब ५ कि.मि. लामो नयाँ पर्यटन मार्ग | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ११ | ३ | २ | ३ |
| २ | सिँचाइ गेट बाट बीसहजारी तालसम्म सडक स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | बीसहजारी ताल मार्ग | ११ | ३ | २ | ३ |
| २ | वडा नं ६ मा बछ्योली मूल सडक स्तरोन्नती र शाखा सडक समेत | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | शान्ती चोक देखी-पारिजातचोक-औदोबाटी चोक हुँदै खैरेटी सम्म करिब ४ कि.मी | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | ११ | ३ | २ | ३ |
| २ | निपनीचोक देखी मोहना-वाघमारा हुँदै चित्रसारी पुलसम्म करिब ४ कि.मि. | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ११ | ३ | २ | ३ |
| २ | भानुचोक देखी सालधारी- जिरौना हुँदै कालिका न.पा.को सिमाना सम्म (वडा नं. १०/११/१२) लगभग ६ कि.मि. | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ११ | ३ | २ | ३ |
| २ | सुब्बा चोक-डुम्रीचोक हुँदै कालिका न.पा.को सिमानासम्म (वडा नं १३/१४/१५) करिब ५ कि.मि. | प्रदेश/पालिका | कार्यपालिका | ११ | ३ | २ | ३ |
| २ | अस्पताल रोड देखी सुब्बा चौक (वडा नं २/३/१३) लगभग १.५ कि.मि. | प्रदेश/पालिका | सबै वडा | ११ | ३ | २ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | वडा नं १३- बैरीया देखी जयमंगला सम्मको नालासहित कालो पत्रे सडक | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | वडा नं ११- बाग्देबी ईन्जिनियरिङ् कलेजबाट धर्मधाम कृष्ण प्रणामी चोक (८००मिटर), मोहोनखोला पार्क देखी कालिका न.पा सम्म करिब ८०० मि. सडक, गौरीगाउँ निजानन्द जङ्गल हुँदै २.५ कि.मि. सडक, आदि स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | वडा नं १५-करिव १२ कि.मि. सडक नाला सहित स्तरोन्नति गर्ने | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | वडा नं १६- यस वडामा रहेको करिब २३ कि.मि. सडक स्तरोन्नति गर्ने | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | बाँकी रहेका १० वडाहरूमा करिब (१० कि.मि.का) दरले सडक स्तरोन्नती गर्ने | सङ्घ/प्रदेश/पालिका | तोकिएको सडक | ११ | ३ | २ | ३ |
| २ | पक्की पुल | सङ्घ/प्रदेश/पालिका | नगर सभा | ११ | ३ | २ | ३ |
| २ | कलभर्ट | सङ्घ/प्रदेश/पालिका | नगर सभा | ११ | ३ | २ | ३ |
| १ | ट्राफिक सङ्केत तथा सडक सूचना पाटी व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | नगर सभा | ११ | ३ | २ | ३ |

### ६.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सङ्घ, प्रदेश तथा नगरपालिकाको समन्वयका आधारमा सडक तथा यातायात पूर्वाधार विकास गरी आर्थिक तथा सामाजिक विकासका अवसरमा नागरिकको सहज पहुँच भएको हुनेछ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच भएका परिवार | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९५ | ९५ | ९५ | नगरपालिका प्रोफाइल, पालिका प्रगति विवरण, प्राविधिक शाखा | जनताको माग अनुसार यातायातको व्यवस्थापन भएको हुने, सडक पूर्वाधारमा लगानी वृद्धि हुने |
| | | सर्वयाम सडक | कि.मि. | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७५० | ७५० | | |
| असर | योजनाको दीर्घकालीन उपयोगको लागि निर्माण भइसकेको पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मत संभार भएको हुनेछ । | यातायात सुचारु सडक लम्बाइ | कि.मि. | ८५० | ८६० | ८८० | ९०० | ९२० | ९५० | ९५० | | |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | कि. मि. | ४५० | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७०० | | |
| | | बायोइञ्जिनिरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | कि.मी. | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | बाढी नियन्त्रणकालागि ग्याभिन वाल निर्माण | कि.मी. | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | | |
| | | कच्ची सडक | कि.मी. | १३८ | १४० | १४५ | १५० | १६० | १७० | १७० | | |
| | | ग्राभेल सडक | कि.मि. | ११७ | १२५ | १३० | १३५ | १४० | १४५ | १४५ | | |
| | | उच्च स्तरीय ग्राभेल | कि.मि. | ३२ | ३५ | ४० | ६० | ८० | १०० | १०० | | |
| | | कालोपत्रे | कि.मि. | २३८ | २४५ | २६० | २७० | २८० | २९० | २९० | | |
| | | सडक ढलान | कि.मि. | ६ | ८ | ९ | १२ | १५ | २० | २० | | |
| | | पक्की पुल | सङ्ख्या | | | | | | | | | |
| | | सडक नाली | कि.मि. | ३५.२ | ३८ | ४० | ५० | ६० | ८० | ८० | | |
| | | सडक पेटी | कि.मि. | | | | | | | | | |

### ६.२.८ अनुमान तथा जोखिम पक्ष

सुविधा सम्पन्न सडक सञ्जालबाट आर्थिक वृद्धि हुनुका साथै मानवीय गतिविधिहरू सहज भएका हुनेछन् ।

- अति वृष्टि, अति वर्षा, बाढी पहिरो भूकम्प आदि कारणले सडक पुल तथा यातायातसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालनमा अवरोध आउन सक्छ
- महामारीका रोगहरूको प्रकोपका कारण सङ्क्रमण फैलिए निर्माण कार्य सहज नभएमा जोखिम हुन सक्छ ।
- समयमा ठेक्का नभएर वा ठेकेदारले तोकिएको समयमा काम सम्पन्न नगरेका कारण समस्या आउन सक्छ ।
- बाह्य स्रोतको बजेट प्राप्त नभएर काम समयमा सम्पन्न नहुँदा समस्या आउन सक्छ ।
- स्थानीय राजस्व वृद्धिमा समस्या आइ योजना सम्पन्न गर्न बजेट अभाव भएमा पनि समस्या आउन सक्छ ।
- देशबाट निर्मित कानुन आदेश वा अन्य संवैधानिक प्रावधानका कारण पनि समयमा नै योजना सम्पन्न गर्ने कार्यमा जोखिम आउन सक्छ ।

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### ६.३.१ पृष्ठभूमि

नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्ने, नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति सुनिश्चित गर्ने र ऊर्जाको समुचित प्रयोग गर्ने प्रावधान नेपाल संविधानमा राखिएको छ । जलविद्युत उत्पादन वृद्धि र हरित अर्थतन्त्र प्रवर्द्धनलाई १५ औं राष्ट्रिय योजना अनुसार रूपान्तरणका प्रमुख सम्वाहकका रूपमा, र स्वच्छ एवं नवीकरणीय ऊर्जालाई दीर्घकालीन लक्ष्य प्राप्तिको सहयोगी क्षेत्रको रूपमा ग्रहण गरिएको छ । स्वच्छ ऊर्जा खपतमा वृद्धि गरी वातावरण र जलवायुमा पर्ने नकारात्मक असर कम गर्ने, स्वच्छ ऊर्जा उपभोगमा समुन्नत हुने परिकल्पना पनि १६ औं योजनामा गरिएको छ । त्यसैगरी स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन गर्ने, सञ्चालन एवं नियमन गर्ने, वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास, हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन गर्ने, साना जलविद्युत आयोजनाको (१ मेगावाट सम्मका) तथा वैकल्पिक ऊर्जा सम्बन्धीको नीति, कानुन, योजना तर्जुमा, कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

प्रकाश ऊर्जाको सबैभन्दा सरल र भरपर्दो स्रोतको रूपमा विद्युत ऊर्जालाई लिने गरिन्छ । यसका अलावा पनि प्रकाश ऊर्जाका अन्य विभिन्न स्वरूपहरू हुने गर्दछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार, यस नगरपालिकामा उज्यालोको लागि ९९.१ प्रतिशत घर परिवारले राष्ट्रिय प्रसारणको विद्युतको प्रयोग गर्न गरेको देखिन्छ भने ०.७ प्रतिशत घर परिवारले सौर्यऊर्जा प्रयोग गर्ने गरेको पाइन्छ । प्रतिव्यक्ति विद्युत् उपभोग ५४० बाट प्रति घण्टा रहेको छ । त्यसैगरी खाना पकाउन एल.पि. ग्यास, दाउरा र गोवर ग्याँसको प्रयोग गरिन्छ । खाना पकाउने इन्धनको रूपमा १९०९४ घर परिवारले एल.पि. ग्याँस, २८१८ घर परिवारले दाउरा, ३५० ले गोबर ग्याँस र १२५ घर परिवारले विद्युतको प्रयोग गर्ने गरेको पाइएको छ ।

### ६.३.२ समस्या तथा चुनौती

न्यून सङ्ख्यामा विद्युत ट्रान्समिटर र कमजोरका कारण विद्युत सेवा समय समयमा अवरुद्ध, विद्युतका काठका पोललाई विस्थापित नहुँदा असुरक्षा बढ्दो, सार्वजनिक स्थल एवं सडक क्षेत्रमा बत्तीहरू नहुँदा रातमा असुरक्षा बढ्दो, वैकल्पिक खासगरी सौर्य ऊर्जा सदुपयोगमा कमी, खाना पकाउने एलपि ग्याँसमा न्यूनीकरण गर्नु, विद्युतीय चुल्होहरूलाई प्रवर्द्धन गर्नु, स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु, सौर्य ऊर्जालाई भरपर्दो वैकल्पिक ऊर्जाको रूपमा स्थापित गर्नु आदि रत्ननगर नगरपालिकामा विद्यमान ऊर्जा विकासका समस्या तथा चुनौतीहरू हुन्।

### ६.३.३ सम्भावना तथा अवसरहरू

केन्द्रीय विद्युत लाइन प्रसारण सेवाबाट सबै घरघर बस्तीहरूमा विद्युतीय सेवा उपलब्ध, विद्युतमा आधारित सबै प्रकारका उद्योग व्यवसायहरू सञ्चालनमा ल्याउन सकिने, धार्मिक, ऐतिहासिक एवं सार्वजनिक स्थल एवं सडकहरूमा सौर्य ऊर्जालाई उपयोगमा ल्याउन सकिने, विद्युत एवं वैकल्पिक ऊर्जामा आधारित यातायात सेवाहरू

सञ्चालन गर्न सकिने, विद्युतीय ऊर्जालाई रोजगारी प्रवर्द्धन प्रयोग गर्न सकिने, कृषि तथा पशुपालन क्षेत्रमा ऊर्जा खपत को मात्रा बढाउन सकिने जस्ता अवसरहरू रहेका छन् ।

### ६.३.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

विद्युतीय साधन स्रोतहरूको अधिकतम सदुपयोग भई स्थानीय स्तरमा विद्युत खपतमा अभिवृद्धि भएको हुने

**उद्देश्य**

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु
२. वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १ः विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउँदै उत्पादनशील क्षेत्रमा विद्युत खपतमा वृद्धि ल्याउनु** | |
| १.१ः विद्युत आपूर्तिलाई नियमित र भरपर्दो बनाउने | १. नेपाल विद्युत प्राधिकरणसँग सहकार्य गर्दै घरघरमा केन्द्रीय विद्युत प्रसारण लाइनबाट विद्युत वितरणको व्यवस्था मिलाउँदै विद्युत आपूर्तिलाई भरपर्दो बनाइनेछ।<br>२. विद्युत ट्रान्फरमर, पोल तथा पावर पोलहरूको मर्मत सम्भार, पुराना काठका पोलहरूको विस्थापित गर्दै विद्युत लाइनलाई सुरक्षित र भरपर्दो बनाइनेछ ।<br>३. विद्युत लाइनलाई भूमिगत तथा युटिलिटि कोरिडरहरू निर्माण गरी सुरक्षित वितरणको व्यवस्था मिलाइनेछ । |
| १.२ः उत्पादनशील क्षेत्रमा विद्युत उपयोग गर्दै विद्युत खपतमा अभिवृद्धि ल्याउने | १. खाना पकाउन एलपि ग्याँस तथा दाउराको सट्टामा विद्युतीय उपकरणहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ । यसका लागि विद्युतीय चुल्हो (इन्डक्सन) र राइस कुकुरको विक्री वितरणलाई सहज बनाइनेछ ।<br>२. रोजगारीका आधारमा बढी विद्युत खपत गर्ने उद्योग व्यवसायहरूलाई विशेष प्रकारको प्रोत्साहन तथा सुविधाहरू प्रदान गरिनेछ ।<br>३. बढी विद्युत खपत हुने सबै प्रकारका विद्युतीय सवारी साधनहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ । |
| **उद्देश्य २ः वैकल्पिक ऊर्जाको प्रयोगबाट विद्युतीकरणमा वृद्धि ल्याउनु** | |
| २.१ः नवीकरणीय ऊर्जाको प्रवर्द्धन गर्दै उपयोगमा अभिवृद्धि ल्याउने | १. सडक किनार, सार्वजनिक स्थल, धार्मिक एवं पर्यटकीय क्षेत्रहरूमा सौर्य ऊर्जा प्रयोगलाई विस्तार गरिनेछ ।<br>२. घरघरमा खाना पकाउने इन्धनका रूपमा वैकल्पिक ऊर्जालाई प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. सार्वजनिक कार्यालयहरूमा सौर्य ऊर्जाका प्यानलहरू जडान गरी राखी सौर्य ऊर्जा प्रयोगमा व्यापकता ल्याउँदै आवश्यक सहयोग उपलब्ध गराइनेछ ।<br>४. अति विपन्न, गरिब, सीमान्तकृत, दलितका घर बस्तीहरूमा आवश्यक सहयोग उपलब्ध गराउँदै विद्युत सेवालाई प्रभावकारी बनाइनेछ । |
| २.२ः विद्युत व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रको लगानीमा थप वृद्धि ल्याउने | १. बढी विद्युत खपत हुने प्रकृतिका उद्योग व्यवसायहरू चिस्यान केन्द्र, कोल्ड स्टोरेज, शीतभण्डारण, प्रशोधन केन्द्र जस्ता उद्योगहरू सञ्चालनका लागि निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।<br>२. विद्युतीय सवारी साधनहरूको प्रयोगमा जोडि दिँदै चार्जिङ सेन्टरहरू स्थापना गर्न सहकारी संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।<br>३. साना इलेक्ट्रिक सवारी साधनहरू सञ्चालनमा सहकारी क्षेत्रलाई विशेष सहुलियतको व्यवस्था मिलाइनेछ । |

## ६.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | सबै बस्तीमा थ्रीफेज विद्युतीकरण | एकमुस्ट | | | १००० | १००० | १००० | ५०० | ५०० | ४००० |
| १ | काठे पोल विस्थापन | सङ्ख्या | - | ५०० | ७०० | ७०० | ७०० | ७०० | ७०० | ३५०० |
| १ | नाङ्गो तार विस्थापन | एकमुस्ट | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| २ | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | सङ्ख्या | - | १००० | ४००० | ४००० | ४००० | ४००० | ४००० | २०००० |
| १ | विद्युतीय चुलो प्रवर्द्धन तथा विपन्न परिवारलाई विद्युतीय चुलो सहायता कार्यक्रम | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| १ | ट्रान्स्फरमर स्थानान्तरण | सङ्ख्या | ० | ५० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| १ | विद्युतीय पोल स्थानान्तरण | सङ्ख्या | ० | ५०० | ८०० | ८०० | ८०० | ८०० | | ३२०० |
| | **जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा** | | | | **११५००** | **११५००** | **११५००** | **११०००** | **१०२००** | **५५७००** |

## ६.३.६ जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जाका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | सबै बस्तीमा थ्रीफेज विद्युतीकरण | सङ्घ/प्रदेश/पालिका | आवश्यकता अनुसार | ७ | १ | २ | २ |
| १ | काठे पोल विस्थापन | सङ्घ/प्रदेश/पालिका | नगरसभाले भने बमोजिम | ७ | १ | ३ | २ |
| १ | नाङ्गो तार विस्थापन | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३ | २ |
| २ | मुख्य बस्ती र मुख्य सडक क्षेत्रमा सडक बत्ती जडान | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | २ | २ |
| १ | विद्युतीय चुलो प्रवर्द्धन तथा विपन्न परिवारलाई विद्युतीय चुलो सहायता कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ७ | १ | २ | २ |
| १ | ट्रान्स्फरमर स्थानान्तरण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३ | २ |
| १ | विद्युतीय पोल स्थानान्तरण | सङ्घ/प्रदेश/पालिका | सबै वडा | ७ | १ | ३ | २ |

### ६.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुष्ट्याँइको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | परम्परागत ऊर्जाको प्रतिस्थापन गरी वैकल्पिक ऊर्जा प्रयोगमा वृद्धि भएको हुने | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९९.१ | ९९.५ | ९९.७ | ९९.८ | ९९.९ | १०० | १०० | नगरपालिका प्रोफाइल, प्राविधिक शाखा, सम्बन्धित शाखाको प्रतिवेदन | सम्बन्धित कार्यालयहरूले आफूलाई समसामयिक अद्यावधिक गरेको हुने, |
| असर | नवीकरणीय तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सबैको पहुँचमा वृद्धि भएको हुने । | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगाबाट | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | प्रतिव्यक्ति विद्युत् उपभोग (बाट प्रति घण्टा) | घण्टा | ३४० | ४०० | ४६० | ५०० | ५५० | ६५० | ६५० | | |
| प्रतिफल | ऊर्जा वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाई विद्युत पहुँचमा बृद्धा गरी खपत बढी भएको हुने । | थ्री फेज लाइनको बिस्तार | प्रतिशत | ६० | ६५ | ७० | ८० | ९० | १०० | १०० | | |
| | | खाना पकाउने इन्धनका रूपमा विद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ०.१ | ५ | १० | २५ | ५० | ७५ | ७५ | | |
| | वैकल्पिक ऊर्जाको विस्तार गरी दिगो, भरपर्दो गुणस्तरीय र प्रभावकारी रूपमा विकास गरी बहुउपयोगि बनाइनेछ । | सोलार ऊर्जा प्रयोग गर्ने घरपरिवार | प्रतिशत | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | १.२ | | |
| | | बायोग्यास (गोवरग्यास) प्रयोग गर्ने घरपरिवार | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |

### ६.३.८ अनुमान तथा जोखिम पक्ष

सहज, सस्तो र पर्याप्त विद्युतीकरणको माध्यमबाट उज्यालो रत्ननगर भएको हुनेछ ।

- ☞ खोला नाला तथा पानीका मुहानहरूको उचित संरक्षणको अभावमा पानीको मूल सुक्न गइ समस्या आउन सक्छ ।
- ☞ कुनै प्राकृतिक प्रकोपका कारण योजना/आयोजना कार्यान्वयनमा समस्या आउन सक्छ ।
- ☞ महामारीका रोग व्याधिका कारण काममा सहज नहुन सक्छ ।
- ☞ मानव जन्य कारणहरू जस्तै हडताल, सडक जाम, आन्दोलन चक्का जाम आदि कारणबाट निर्माणको काममा अवरोध आउन सक्छ ।
- ☞ कानुन संशोधन वा परिवर्तनले पनि निर्माण कार्यमा अवरोध आउन सक्छ ।

## ६.४ सूचना तथा सञ्चार प्रविधि

### ६.४.१ पृष्ठभूमि

नेपालको संविधान अनुसार राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास विस्तार गरी सर्वसाधारणको सहज सरल पहुँच सुनिश्चित गर्ने र सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, नागरिकको व्यक्तित्व विकासका लागि सूचना केन्द्र तथा पुस्तकालयको स्थापना, प्रवर्द्धन गर्ने नीति राज्यले अङ्गीकार गरेको छ । १६ औं योजनाले सूचना प्रविधि तथा सञ्चार पूर्वाधार र वृहत् सञ्जालीकरणलाई रूपान्तरणको प्रमुख सम्वाहकका रूपमा ग्रहण गरेको छ । सत प्रतिशत जनसङ्ख्या आधुनिक सञ्चारको पहुँच भित्र आबद्ध हुने, सरकारी तथा निजी कारोबारहरूमा सञ्चार प्रविधिको उच्चतम प्रयोग भई सुशासन विकास गर्ने र समृद्धिमा सञ्चार क्षेत्रको उल्लेखनीय योगदान पुऱ्याउने, सुशासन कायमका लागि सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने, सञ्चार क्षेत्रमा सर्वसुलभ प्रविधिको उच्चतम प्रयोग गर्ने, संस्थागत क्षमता विकासका साथै एकीकृत डिजिटल सेवा प्रवर्द्धन गर्ने, डिजिटल नेपालको अवधारणालाई कार्यान्वयनमा ल्याउने परिकल्पना १६ औं योजनामा गरिएको छ । त्यसैगरी एफ.एम रेडियो (१०० बाट सम्मको) सञ्चालन, अनुमति, नवीकरण, खारेजी, नियमन गर्ने, सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन गर्ने, स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन, प्रशोधन गरी नवीनतम प्रविधियुक्त र सूचना प्रणालीमा आबद्धता गर्ने, स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास एवं प्रवर्द्धन गर्ने र सङ्घ प्रदेशको कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेण्टर, केवल तथा तार विहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रभित्र राखिएको छ ।

विगत केही वर्षदेखि नेपालमा सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा विभिन्न नीतिगत प्रयासहरू भएका छन् बदलिँदो परिवेश तथा त्यसबाट सिर्जित चुनौती सामना गर्न तथा सिर्जित अवसरहरू प्रभावकारी रूपले उपयोग गर्न तदनुरूपको नीतिगत, कानुनी, संस्थागत व्यवस्था तथा रणनैतिक उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता महसुस गरी एकीकृत सूचना तथा सञ्चार प्रविधि नीति २०७२ तर्जुमा गरिएको छ । प्रविधिको व्यापक प्रयोगबाट कानुनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट प्रदान गर्न सकिन्छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस नगरपालिकामा १५३२ ल्यान्ड लाइन टेलिफोन, ३६१५३ मोवाइल फोन, १६३३० टेलिभिजन, १३९१० इन्टरनेट, ९५५२ रेडियो र ६३९५ कम्प्युटर/ल्यापटप प्रयोगमा छन् । यसको अतिरिक्त प्राय सबै सरकारी कार्यालयहरू र सङ्घ संस्थामा दैनिक पत्रिकाको पनि व्यवस्था छ । यस बाट यहाँको सूचनाका साधनहरूको प्रयोग र पहुँचको अवस्था राम्रो देखिन्छ । १९५५२ विद्युतीय पंखा २७०० वासिङ मेशिन र ५३५ एयर कण्डिसनर उपलब्ध छन् (राष्ट्रिय जनगणना, २०७८) ।यहाँ अझै पनि २५१ घर परिवारमा कुनै पनि सञ्चार तथा आधुनिक प्रविधिका उपकरण नभएको अवस्था छ ।

### ६.४.२ समस्या तथा चुनौती

भौगोलिक सुगमता भए पनि सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई ग्रामीण वडासम्म द्रुतता दिन सजिलो छैन । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साइवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकोले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । हालसम्म अप्टिकल फाइबर पुग्न सकेको छैन । सबै नागरिकमा सूचनाको पहुँच पुऱ्याउनु, इन्टरनेट सुविधा विस्तार गर्नु, सेवा प्रदायक संस्थासँग समन्वय गर्नु, सवारी दुर्घटना तथा अपराध हुनसक्ने खतराजन्य क्षेत्रमा सि.सि. क्यामरा जडान गर्नु आदि प्रमुख चुनौतीहरू हुन् ।

### ६.४.३ सम्भावना तथा अवसरहरू

विद्यालय, स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाई सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरुस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्त्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्द्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप सर्व सुलभ बनाउन सकिन्छ । सूचना तथा सञ्चारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरुस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

### ६.४.४ लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति

**लक्ष्य**

स्थानीयहरूको सूचना तथा सञ्चार प्रविधिमा पहुँच अभिवृद्धि गर्दै इ—गभरनेन्स कायम भएको हुने

**उद्देश्य**

१. सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु
२. सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उदेश्य १: सूचना तथा सञ्चारका प्रविधिलाई विस्तार गर्दै गुणस्तरीय एवं भरपर्दो बनाउनु** | |
| १.१: सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारहरू विस्तार एवं निर्माण गर्ने | १. सम्पूर्ण विद्यालय र स्वास्थ्य संस्थाहरूमा विद्युतीय हाजिरी कार्यान्वयनमा ल्याइनेछ।<br>२. टेलिफोन र इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिको लागि सेवा प्रदायक निकायसँग समन्वय र सहकार्य गरिनेछ ।<br>३. महत्त्वपूर्ण सम्पदा स्थलहरूमा वाइफाई सेवाको व्यवस्थापन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
| --- | --- |
| | ४. रेडियो, अनलाइन, छापा र विद्युतीय माध्यम तथा सामाजिक संजालहरू मार्फत मानवीय विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>५. सूचना प्रविधि शाखालाई प्रभावकारी बनाइनेछ ।<br>६. नगरपालिकास्तरीय र वडा स्तरबाट प्रवाह हुने सेवाको लागि विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरिनेछ ।<br>७. मोवाइल नेटवर्क कभरेजमा गुणस्तरीयता ल्याउन मोवाइल टावरहरू थप एवं विस्तार गर्न नेपाल टेलिकम एवं सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरिनेछ।<br>८. फाइबर केवल विस्तारलाई जोड दिँदै इन्टरनेट सेवा प्रदायकहरूलाई प्रोत्साहित गरिनेछ ।<br>९. आइसिटि नेटवर्कसँग सम्बन्धित राउटर, स्विच, फाइरवाल, लोडव्यालेन्स लगायतका उपकरण पूर्वाधारहरूको विस्तार गरिनेछ ।<br>१०. बढी क्षमता भएका तीव्रगतिका इन्टरनेटहरू सञ्चालनमा ल्याइनेछ ।<br>११. सूचना तथा सञ्चार प्रविधिहरू नियमित सञ्चालनका लागि आवश्यक विद्युत सुविधा उपलब्ध गराउन विद्युत प्राधिकरण तथा नवीकरणीय वैकल्पिक ऊर्जाको प्रबन्ध मिलाइनेछ । |
| १.२ः आइसिटि सेवाहरूलाई विस्तार गर्दै उपलब्धतामा सहजता ल्याउने | १. मुख्य-मुख्य सार्वजनिक क्षेत्रहरूमा निःशुल्क वाईफाईको व्यवस्था मिलाई इन्टरनेट पहुँचमा सहजता ल्याइनेछ ।<br>२. घर, कार्यालय लगायतका क्षेत्रहरूमा आइसिटबाट लाभान्वित हुने व्यवस्था मिलाइनेछ ।<br>३. स्वास्थ्य चौकी, सुरक्षा चौकी, दमकल, एम्बुलेन्स जस्ता सार्वजनिक एवं संवेदनशील क्षेत्रहरूमा बढी क्षमताका इन्टरनेट सेवा निःशुल्क उपलब्ध गराइनेछ ।<br>४. विद्यालयहरूमा आइसिटिलाई प्रभावकारी बनाउँदै ई—पुस्तकालय, ई—हाजिरी, सिसिटिभी, डिजिटल बोर्ड, अनलाइन कक्षाको व्यवस्था मिलाइनेछ । |
| **उदेश्य २ः सूचना तथा सञ्चार प्रविधि उपयोग गर्दै विद्युतीय सुशासन प्रवर्द्धन गर्नु** | |
| २.१ःसार्वजनिक सेवाहरूलाई अनलाइन गर्दै आइसिटिको उपयोगमा वृद्धि ल्याउने | १. सम्भव भए सम्मका सबै सार्वजनिक सेवाहरूलाई अनलाइन गरी पालिकाका सेवाहरू कुनैपनि क्षेत्र स्थानमा रही सहजै लिन सक्ने बनाइनेछ । यसका लागि आवश्यक पूर्वाधारहरूको विकास तथा प्रबन्ध मिलाइनेछ ।<br>२. पालिकाको खरिद प्रक्रिया, राजस्व सङ्कलन, नक्सापास लगायतका सेवाका लागि बेग्लाबेग्लै कम्प्युटर सफ्टवेयर निर्माण गरी सेवामा सहजता एवं पारदर्शी बनाइनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ३. मोवाइल एप्स निर्माण एवं अद्यावधिक गर्दै नगरपालिकाका सबै गतिविधिहरू प्रवाह गरिनेछ ।<br>४. पालिकाको वेबसाइटलाई अद्यावधिक गर्दै सूचनाहरू नियमित रूपमा सूचना तथा प्रकाशनहरू अपलोड गर्ने, स्वतः प्रकाशन, सूचना माथिको हकलाई सुनिश्चित गरिनेछ ।<br>५. पालिकाको सूचना केन्द्रलाई डिजिटाइजेशन गर्दै एकीकृत तथ्याङ्क प्रणालीको रूपमा विकास गरिनेछ । |
| २.२: सूचना तथा सञ्चार प्रविधिमा निजी, सहकारी क्षेत्रको लगानीमा अभिवृद्धि ल्याउने | १. आइसिटिमा आधारित सेवा तथा उद्योग व्यवसायहरू सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>२. दक्ष, सीपयुक्त जनशक्ति विकासका लागि आइसिटिमा आधारित प्रशिक्षण केन्द्र, प्राविधिक शिक्षालय तथा उच्च शिक्षा कलेज सञ्चालन गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ ।<br>३. सूचना तथा प्रविधिमा आधारित हार्डवेयर डिभाइस एवं सफ्टवेयर एप्लिकेशनहरू विकास गरी बाह्य राष्ट्रहरूमा निकासी गर्न निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्दै आवश्यक सेवा सुविधाहरू उपलब्ध गराइनेछ ।<br>४. डिजिटल प्रविधि मार्फत आर्थिक कारोबार हुने क्षेत्रहरूका लागि आवश्यक पर्ने पूर्वाधार एवं उपकरण निर्माणमा निजी तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गरिनेछ । |

### ६.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | मोवाइल टावर विस्तार | सङ्ख्या | - | ५ | ५०० | ५०० | ५०० | | | १५०० |
| १ | फाइबर नेट विस्तार (सबै बस्ती) | एकमुस्ट | | | २००० | २००० | २००० | २००० | २००० | १०००० |
| २ | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | सङ्ख्या | १ | ५० | १००० | १५०० | २००० | २००० | २००० | ८५०० |
| २ | सेवा प्रवाह लाई प्रविधि मैत्री बनाउन विभिन्न सफ्टवेयर प्रणाली विकास गरी लागू गर्ने | सङ्ख्या | १ | ९ | १००० | १५०० | २००० | २००० | २००० | ८५०० |
| २ | कार्यालय स्वचालित प्रणाली (Office Automation System) विकास गरी सञ्चालन गर्ने | सङ्ख्या | २ | १ | | २००० | | | | २००० |
| २ | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | सङ्ख्या | १ | ५० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| २ | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | सङ्ख्या | ० | १ | | | १००० | | | १००० |
| | **सूचना, सञ्चार तथा प्रविधिको जम्मा** | | | | ६००० | ९००० | ९००० | ७५०० | ७५०० | ३९००० |

### ६.४.६ सूचना, सञ्चार तथा प्रविधिका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | मोवाइल टावर विस्तार | टेलीकम/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | २ | ३ |
| १ | फाइबर नेट विस्तार (सबै बस्ती) | टेलीकम/पालिका | सबै वडा | ९ | ३ | २ | ३ |
| २ | सार्वजनिक कार्यालय तथा स्थानमा सिसि क्यामेरा जडान | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| २ | सेवा प्रवाह लाई प्रविधि मैत्री बनाउन बिभिन्न सफ्टवेयर प्रणाली बिकास गरी लागु गर्ने | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | कार्यालय स्वचालित प्रणाली (Office Automation System) विकास गरी सञ्चालन गर्ने | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | ९ | ३ | ३ | ३ |
| २ | सार्वजनिक कार्यालयमा ई-हाजिरी व्यवस्थापन | प्रदेश/पालिका | कार्यपालिका | ९ | ३ | ३ | ३ |
| २ | आपत्कालिन उद्धार सूचना प्रसारण एप निर्माण | प्रदेश/पालिका | कार्यपालिका | ९ | ३ | ३ | ३ |

## ६.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याईंको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | सूचना तथा सञ्चार प्रविधिको विकास मार्फत पालिकाबासीको जीवनस्तरमा सहजता भएको हुने । | मोबाइल नेटवर्क कभरेज क्षेत्र | प्रतिशत | ९७ | ९८ | ९९ | १०० | १०० | १०० | १०० | नगरपालिका प्रोफाइल, सूचना प्रविधि शाखा, CBS Reports 2078 | सूचना प्रविधिमा थप लगानी वृद्धि भएको हुने |
| | | इन्टरनेटमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८० | ८८ | ९० | ९५ | १०० | १०० | १०० | | |
| असर | सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम प्रयोग भएको हुने । | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९५ | ९५ | | |
| | | टेलिफोन /मोवमइल भएको परिवार | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | अप्टिकल फाइबरको बिस्तार | प्रतिशत | ११ | १५ | २५ | ४० | ५० | ६० | ६० | | |
| प्रतिफल | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नया खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार भएको हुने । | सूचना प्रविधि नियमन कानुन निर्माण | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | इन्टरनेट उपलब्ध भएका विद्यालय | सङ्ख्या | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | ६१ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | समग्र प्रविधिका विकासकालागि डिजिटाइजेसन मार्फत सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार भएको हुने । | फ्रि वाईफाई उपलब्ध भएका सार्वजनिक स्थलहरू | सङ्ख्या | | | | | | | | | |
| | | ई-कक्षा सञ्चालन गर्ने विद्यालयहरू | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | डिजिटल सूचना पाटी | सङ्ख्या | १ | ५ | १२ | २० | २६ | २६ | २६ | | |
| | सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चित भएको हुने । | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | १००% | १०० | १०० | १०० | १०० | १०० | १०० | | |
| | | राष्ट्रिय पत्रपत्रिका नियमित रूपमा उपलब्ध हुने सार्वजनिक पुस्तकालय | सङ्ख्या | ० | १ | १ | १ | २ | २ | २ | | |

### ६.४.८ अनुमान तथा जोखिम पक्ष

सबै नगरबासीहरू सूचना प्रविधिको पहुँचमा भएका हुनेछन् ।

- विनियोजित बजेट समयमा प्राप्त नहुँदा काममा ढिलाइ हुन गइ विभिन्न जोखिमहरू देखिन सक्छन् ।
- प्राविधिक जनशक्तिको अभावका कारण पनि काममा कठिनाइ आउन सक्छ ।
- थप उच्च तहको प्रविधिको विकास तथा हस्तान्तरणले वर्तमान प्रविधि विस्तारको काममा चुनौती ल्याउन सक्छ ।
- अन्तर मन्त्रालय समन्वयको अभावमा योजना कार्यान्वयनमा कठिनाइ आउन सक्छ ।
- राज्यले समय समयमा कानुन संशोधनमा गर्ने अभ्यासले पनि निर्माण कार्यमा बाधा वा कठिनाइ ल्याउन सक्छ ।

# परिच्छेद – ७: वन, वातावरण तथा विपद व्यवस्थापन विकास

रत्ननगर नगरपालिका समुद्र सतहबाट १८१ मिटर (ठूलो राप्ती र खगेरी खोलाको दोभान) देखि २१४ मिटरको (भुत्याहा र.न.पा. १६) उचाइसम्म फैलिएर रहेको छ । रत्ननगर नगरपालिकामा उष्ण र शीतोष्ण प्रकृतिको हावापानी पाइन्छ । पहाडी भूभागको विस्तारित भूगोल, बाक्लो उष्णदेखि शीतोष्ण वन क्षेत्र, खोला खोल्सि तथा प्रशस्त मात्रामा छरिएर रहेका धार्मिक तथा ऐतिहासिक स्थानहरूका कारण रत्ननगर नगरपालिका जैविक विविधताका दृष्टिकोणले धनी रहेको देखिन्छ । उत्तरमा चुरे पर्वतका विभिन्न खोँच तथा बेंसीको क्षेत्रमा विभिन्न जातका बोटबिरुवाहरू, जडीबुटीहरू, गैरकाष्ठ काठ पैदावार, चराचुरुङ्गीहरू स्तनधारी तथा सरीसृप जीव विविध प्रजातिका वन्यजन्तु, उभयचर लगायत अन्य जलचर थलचर प्राणीहरूको उपयुक्त वासस्थान मानिन्छ । उष्ण (Tropical) तथा उपोष्ण (Sub- Tropical) हावापानी भएको यस क्षेत्रका सिमसार क्षेत्र तथा जङ्गलमा विश्वमा नै दुर्लभ मानिएका चराहरूका साथै अन्य जीवहरू पाइन्छन् । नेपालको संविधानको धारा ३० लगायत अनुसूचीहरूमा स्वच्छ वातावरण कायम गर्ने सम्बन्धमा व्यवस्था गरिएको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद -१३ को दफा (९७,९८,९९) मा स्थानीय तहको सम्पत्तिको संरक्षण सम्बन्धी व्यवस्था गरिएको छ । सोही ऐनको परिच्छद-४ को दफा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका बारेमा व्यवस्था गरिएको छ । ऐनको परिच्छेद-२४ मा विपद् जोखिम न्यूनीकरण र स्थानीय सरकारको भूमिकाको बारेमा व्यवस्था गरिएको छ । दिगो विकासको लक्ष्य नं. ६, १३, १४ र १५ मा वातावरण संरक्षण विकास र उपयोगका बारेमा उल्लेख गरिएको छ । सङ्घीय सरकारको १६औं पञ्चवर्षीय आवधिक योजनामा लक्ष्य हासिल गर्नका लागि तयार गरिएका १३ वटा विशेष क्षेत्रहरू मध्ये जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्रलाई विशेष जोड दिएको छ भने वागमती प्रदेश सरकारको दोस्रो आवधिक योजनामा पनि वन वातावरण तथा विपद् व्यवस्थापनको विकासको सोच "उत्पादनशील वन तथा जलाधर र जैविक विविधताको दिगो संरक्षण" राखेको छ । रत्ननगर नगरपालिकाको ५ वर्षे आवधिक योजनामा पनि यो क्षेत्रलाई प्राथमिकतामा राखिएको छ ।

मानवका लागि मात्र नभएर समस्त जीवजन्तुका निम्ति समेत प्राण-वायु, पानी र जमिन-माटो अस्तित्व, वृद्धि र विकासका प्रमुख आधार हुन् । ती तीन जीवन धारको धरातललाई सबल, सुदृढ, स्वच्छ एवं सुसज्जित पार्नमा वनस्पतिको अत्यन्त ठूलो योगदान रहन्छ, यद्यपि वन-वनस्पतिलाई पनि माटो र पानीमा भर पर्नुपर्छ, आफ्नो अवस्थिति, पोषण, वृद्धि, उत्पादकत्व र निरन्तर अस्तित्वका लागि । मानिस आफ्नो सृष्टि कालदेखि नै जीविका र जनजीवनका विविध महत्त्वपूर्ण उद्देश्य परिपूर्ति गर्न विभिन्न प्रकारले बोट बिरुवा, वन-जङ्गल माथि अत्याधिक मात्रामा आश्रित रहेको छ ।

केही समय यता कृषि विकास, वातावरणीय सन्तुलन, उद्यमशिलता, विकासका मानवीय पक्ष, आर्थिक योजना र नीति, व्यवस्थापकीय अर्थशास्त्र, प्राकृतिक संसाधन व्यवस्थापन र दिगो विकास संरक्षण तथा विकास जस्ता सवालहरू जटिल बन्दै आएका छन् । मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक स्रोतको दिगो व्यवस्थापन विना मानव जीवन सम्भव छैन । वन संरक्षण, भू तथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् व्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्छन् । हरियाली प्रवर्द्धन सहित दिगो, स्वच्छ वातावरण मैत्री विपद् व्यवस्थापन सहितको नगरपालिका निर्माण गर्ने भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

नेपालको दिगो विकासमा वन क्षेत्रको महत्त्वपूर्ण योगदान रहि आएको छ । देशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता जस्तै काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरूको आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको उल्लेखनीय भूमिका रहेको छ । जन सहभागीतामूलक वन व्यवस्थापनका माध्यमबाट स्थानीय आर्थिक-सामाजिक विकास तथा स्थानीय नेतृत्व विकासमा पनि वन क्षेत्रको प्रत्यक्ष योगदान रहेको हुँदा वन क्षेत्र राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रको रूपमा रहन गएको छ । वन पैदावारहरूलाई प्रयोग नै नगरी सुरक्षित मात्र राख्न खोज्नु पनि व्यावहारिक र दिगो विकासको अवधारणा र अभ्यास होइन । व्यवस्थित, वैज्ञानिक, मितव्ययी, न्यून क्षति हुने र सदाका लागि संरक्षित र सदाबहार रूपमा रहि रहने गरी वन सम्पदाको प्रयोग र प्रवर्द्धन गर्नु दिगो विकास अनुरूपको यथोचित अभ्यास र मानवीय अभिभारा हो । हरेक सुसंस्कृत समाजमा रुख-बिरुवा रोप्नु- हुर्काउनु लाई पुण्य कार्यको रूपमा पनि मान्ने गरिन्छ । सन्तुलित वातावरणको लागि प्रमुख कारक तत्त्वमा सुशासनको सु निश्चितताका साथै पर्यावरणको उत्कृष्ट समृद्धि, संरक्षण र उचित उपयोग र व्यवस्थापन नै हुन् । सर्वतोमुखी र दिगो विकासका लागि आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूको सन्तुलित र समुन्नत समायोजन अनिवार्य हुन्छ । विकास, वातावरण, वन सम्पदा एक-अर्काका अन्तर विरोधी नभई सधैं परिपूरक हुन्छन् । यस तथ्यलाई ध्यानमा राखेर महत्त्व दिई व्यवहारमै देखाएर बनाएको र कार्यान्वयन गरिएको विकासको ढाँचाले मात्र देशलाई शान्ति, समुन्नति, समृद्धि र सुखतिर उन्मुख गर्न सक्छ ।

### ७.१.२ समस्या तथा चुनौती

वैज्ञानिक भूउपयोग सम्बन्धी नीति तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन नगर्दा सम्म वन क्षेत्रमा धेरै समस्याहरूको अतिरिक्त चुनौतीहरू समेत बहन गर्नुपर्ने अवस्था रहन्छ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट बिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, वन नर्सरी, जडीबुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन ।

वन्यजन्तुहरू खासगरी हात्ती र गैडाबाट खेतीपाती एवं बालीनालीहरू क्षति हुने गरेको छ । यसैगरी सामुदायिक वन र निकुञ्जसँग जोडिएका वडाका बस्तीहरू वन्यजन्तुको आक्रमणको उच्च जोखिममा रहेका छन् । जानेर वा नजानेर जीविकोपार्जनको निम्ति वनमा घाँसदाउरा तथा निगुरो टिप्न जानुपर्ने बाध्यता समुदायमा विद्यमान छ । जसको कारण हरेक वर्ष समुदायका मानिसहरूले ज्यान गुमाइरहेका छन् । जङ्गलमा जाँदा मात्र होइन बस्तीमा नै आएर गाईवस्तुहरू तानेर लाने गरेको छ । सामान्यतया मध्यवर्ती (वफर) क्षेत्रमा रहेका खेतीपातीमा र घरधुरीहरूमा आवश्यक जोखिम न्यूनीकरण र सुरक्षाका उपायहरू नअपनाउँदा बढी हानी हुने जोखिम रहेको छ । यसका अतिरिक्त जङ्गली जनावरले मानिसले लगाएका बालीनाली पाक्नसम्म पनि नदिएको कुरा निकुञ्ज आसपास रहेका बस्ती तथा समुदायमा भएको छलफलबाट जानकारीमा आएको छ । वनजङ्गलमा घाँस दाउरा लिन र निगुरो टिप्न जाँदा जङ्गली जनावरको आक्रमणका साथै विभिन्न किसिमका दुर्व्यवहारका घटनाहरू समेत हुने भएकाले विशेष गरी महिला तथा किशोरीहरू दोहोरो जोखिममा रहेको समेत छलफलबाट जानकारीमा आएको छ । समुदायका महिलाहरू विशेष गरी घरायसी कार्यको जिम्मेवारी बहन तथा खेतीपाती र बस्तुभाउको हेरचाहमा व्यस्त रहेको ।२०७८ सालको बाढीले वडा नं ६ को जोरुङगे र सिसुवार जोड्ने कल्भर्ट र जोरुङगे वछ्यौली जोड्ने कल्भर्टमा क्षति पुगेको छ । प्राकृतिक संरक्षण कोष अगाडिको ५०० मिटर कालो पत्रे बाटो बाढीले बगाएको, पानीको निकास नभएको कारण खडियाल मार्गदिखि खानेपानी टंकीसम्म ग्राभेल बाटो पनि बाढीले बगाएको छ । २०७४ मा हात्ती प्रजनन केन्द्र जाने बाटोमा होटेल हेरिटेज देखि प्याराडाइजसम्मको बाटोमा पनि क्षति पुगेको र प्रहरी चौकीदेखि शिवालय चोकसम्मको पिचबाटो पनि बाढीले बगाएको थियो । भूकम्पको कारण वछयौली माविमा आंसिक क्षति पुगेको छ । बाढीको कारण खानेपानीको पाइपहरू फुटेको र सामुदायिक भवनहरूमा क्षति पुगेको छ । २०७२ सालको भूकम्पको कारण १३ र १४ वडाको विद्यालयहरूमा आंसिक क्षति पुगेको र हाल पुनर्निर्माणको चरणमा रहेको छ । वडा नं १६ को सामुदायिक भवन, विद्यालयहरू खानेपानी टंकी भूकम्पको कारण चर्केको र हावाहुरीको कारण बिजुलीको खम्बाहरूमा पनि क्षति पुगेको थियो ।

वन तथा जैविक विविधताको संरक्षणका लागि स्थानीय तहलाई जिम्मेवार बनाउनु भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा जैविक विविधताको संरक्षणबारे ज्ञान अभिवृद्धि गरी सहकार्य गर्नु, छाडा चरी चरन, वन फँडानी, अव्यवस्थित बस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

### ७.१.३ सम्भावना तथा अवसर

व्यवहारिक तथा दिगो भू- उपयोग नीति तथा यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जङ्गलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वन तथा काठ जन्य लघु उद्योग तथा व्यवसायहरू स्थापना गरी आय आर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न

समेत सकिन्छ । नागरिकको वनसंरक्षणमा जनसहभागिता बढ्दै जानु, वन चरन र सिमसारको क्षेत्रफल उल्लेखनीय क्षेत्रफलमा रहनु । ताल तलैयाहरू यस क्षेत्रका आकर्षकहरू हुन् । वन व्यवस्थापनमा सहभागिता बढिरहेको अवस्था छ । जैविक विविधताको संरक्षण हुनु सम्भावना र अवसरहरू हुन् ।

वन क्षेत्रलाई संरक्षण तथा आम्दानी मुखी बनाउन सामुदायिक वन, कबुलियत वनसँग सहकार्य गरी वनमा कृषि कार्यको प्रवर्द्धन गर्ने, वन सम्पदा तथा वन्य जीवजन्तुको उचित संरक्षण, संवर्द्धन र उपयोग गर्न सकेको खण्डमा आय आर्जनको महत्त्वपूर्ण स्रोतको रूपमा विकास गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

समुदायको संलग्नतामा वन र जैविक विविधताको उचित संरक्षण र सम्वर्द्धन गरी आय आर्जनमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदाय परिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारी वृद्धि गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **वन व्यवस्थापन र जैविक विविधतामा स्थानीय समुदाय परिचालन गरी वन संरक्षण, आय आर्जन तथा रोजगारी वृद्धि गर्नु** | |
| १.१: वनलाई उत्पादन मुखी बनाई वन जन्य उत्पादनको व्यवसायीकरण गर्ने । | १. वनभित्रका ढलेका तथा सुकेका रुखहरू बिक्री वितरणको व्यवस्था गरिनेछ ।<br>२. काठजन्य वस्तुको उत्पादन, प्रशोधन र उपयोगमा विविधीकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।<br>३. गैरकाष्ठ वन पैदावारको प्रबल सम्भावना भएको खेती विस्तार तथा बजारीकरण गरिनेछ ।<br>४. जडीबुटी प्रशोधन उद्योग स्थापना गर्न प्रोत्साहित गरिनेछ ।<br>५. वन जन्य व्यवसाय प्रति स्थानीय युवा युवतीको आकर्षण बढाउन आफ्नो क्षेत्रभित्रका योग्य र इच्छुक विद्यार्थीहरूलाई वनविज्ञान विषयमा अध्ययन गर्न आर्थिक सहयोग गरिनेछ। |
| १.२: समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण गर्ने । | १. स्थानीय जनतालाई वनको महत्त्व र यसका फाइदाबारे जानकारी गराइनेछ ।<br>२. वनको सीमा निर्धारण गरी तारबार गरिनेछ ।<br>३. खाली भूभागमा वृक्षारोपण गरिनेछ ।<br>४. वन नर्सरी स्थापना गरिनेछ ।<br>५. सामुदायिक वनहरूका कार्य योजना अनुसार वनको संरक्षण गरिनेछ ।<br>६. स्थानीय जनतालाई फलफूलका बिरुवाहरू वितरण गरिनेछ ।<br>७. तालिम, गोष्ठी, अध्ययन भ्रमण आदिका माध्यमबाट उपभोक्ता समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ८. सङ्घ, तथा प्रदेश सरकारको समन्वय र सहकार्यमा मनसुन जन्य तथा आगलागी जन्य विपद् प्रभावितलाई निजी आवास पुन निर्माण तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । |
| १.३ः जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १. वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोटबिरुवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्निरेखा, झाडी सफाइ जस्ता क्रियाकलापहरूबाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>२. व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ।<br>३. छाडा चरी चरन, वन फँडानी गरी बस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको लागि सिफारिस गरिनेछ ।<br>४. मानव - वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्न जन चेतना, राहत, तथा क्षतिपूर्तिको प्रक्रियालाई आवश्यक समन्वय र सहजी करण गरिनेछ । वन्य जन्तुका लागि वनमा रहेका पानीका स्रोतहरू संरक्षण गरी वर, पीपल, समी लगायत वन जन्य फलफूलका बिरुवा रोप्ने कार्यलाई प्रोत्साहन गरिनेछ । |
| १.४ः बाह्य र आन्तरिक स्रोत साधनको परिचालन गर्ने । | १. योजनाहरूको विस्तृत सम्भाव्यता अध्ययन गर्न सङ्घीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ ।<br>२. गैरसरकारी संस्थाहरूलाई वन तथा जैविक विविधताको संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न आह्वान गरिनेछ ।<br>३. नगरपालिकाको वार्षिक बजेटको निश्चित प्रतिशत रकम वन तथा भूसंरक्षण क्षेत्रका कार्यक्रमका लागि छुट्याइनेछ ।<br>४. वन जन्य उद्योगको विकास र व्यवसायी करणका लागि स्थानीय निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । |

### ७.१.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू .हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| १ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | पटक | ० | ५ | ७०० | ७०० | ७०० | ७०० | ७०० | **३५००** |
| १ | वन जङ्गलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | एकमुस्ट | ० | | ६०० | ६०० | ६०० | ६०० | ६०० | **३०००** |
| १ | वृक्षरोपण संरक्षण तथा नर्सरी स्थापना | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | वन्य जन्तुबाट हुने मानवीय क्षति तथा बाली वापत बीमा | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | जनावर र समुदाय बीचको द्वन्द्व नियन्त्रण | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | वन्यजन्तुमैत्री पूर्वाधार निर्माण | सङ्ख्या | ० | ५ | ३००० | ३००० | ३००० | ३००० | ३००० | **१५०००** |
| १ | सिमसार क्षेत्र संरक्षण कार्यक्रम | एकमुस्ट | | | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | पर्यापर्यटनको लागि वन क्षेत्रमा टावर निर्माण | सङ्ख्या | ० | ५ | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| | **वन तथा जैविक विविधताको जम्मा** | | | | **९३००** | **९३००** | **९३००** | **९३००** | **९३००** | **४६५००** |

### ७.१.६ वन तथा जैविक विविधताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १२ | ७ | ३ | १ |
| १ | वन जङ्गलमा जडीबुटी व्यवसायीकरण तथा प्रवर्द्धन कार्यक्रम | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १२ | ७ | २ | १ |
| १ | वृक्षरोपण संरक्षण तथा नर्सरी स्थापना | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १२ | ७ | ३ | १ |
| १ | वन्य जन्तुबाट हुने मानवीय क्षति तथा बाली वापत बीमा | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १५ | ७ | ३ | १ |
| १ | जनावर र समुदाय बीचको द्वन्द्व नियन्त्रण | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १५ | ७ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | वन्यजन्तुमैत्री पूर्वाधार निर्माण | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १५ | ७ | २ | १ |
| १ | सिमसार क्षेत्र संरक्षण कार्यक्रम | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| १ | पर्यापर्यटनको लागि वन क्षेत्रमा टावर निर्माण | नगरपालिका/निकुञ्ज | नगरसभाले तोके बमोजिम | १५ | ७ | ३ | १ |

### ७.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | नगरपालिका क्षेत्रका वन तथा सिमसार क्षेत्र तथा ताललैयाको उचित व्यवस्थापन, भूसंरक्षण र जैविक विविधताको संरक्षणका माध्यमबाट स्थानीय जनताको जीवनस्तरमा सुधार भएको हुनेछ । | वन तथा चरन क्षेत्र | प्रतिशत | १४.७० | १५ | १५.५ | १६ | १७ | १७.५ | १७.५ | चितवन रा.निकुञ्ज नगरपालिका प्रोफाइल, सम्बन्धित शाखा | वैज्ञानिक वन व्यवस्थापनको अवधारण अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने |
| | | सिमसार क्षेत्र | प्रतिशत | ६.२४ | ६.५० | ७ | ७.२५ | ७.५० | ८ | ८ | | |
| **असर** | वनलाई उत्पादनमुखी बनाई वनजन्य उत्पादनको व्यवसायीकरण भएको हुनेछ । | जडीबुटी केन्द्र | सङ्ख्या | १ | १ | १ | १ | २ | ३ | ३ | | |
| | | आयमूलक कार्य सञ्चालित वन क्षेत्र | सङ्ख्या | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |
| **प्रतिफल** | समुदायमा आधारित वन व्यवस्थापन प्रणाली अनुसार वनको संरक्षण हुनेछ । | सामुदायिक वन सङ्ख्या | सङ्ख्या | ६ | ६ | ७ | ७ | ८ | ९ | ९ | | |
| | | सामुदायिक वन उपभोक्ता समितिका सदस्यको क्षमता अभिवृद्धि तालिम | पटक | ० | १ | २ | ३ | ४ | ५ | ५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | जम्मा | | |
| | | वार्षिक वृक्षारोपण (वार्षिक) | सङ्ख्या | ० | १००० | २००० | ३००० | ४००० | ५००० | ५००० | | |
| | वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गरी चोरी-निकासी तथा अतिक्रमण नियन्त्रण भएको हुनेछ । | चोरी-निकासी नियन्त्रणका लागि नियमन एकाइ गठन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | पालिकास्तरीय वन एकाइ स्थापना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | जैविक विविधता युक्त क्षेत्र | सङ्ख्या | २ | २ | २ | २ | २ | २ | २ | | |
| | | वन क्षेत्रको तारबार | कि.मि. | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| | | लोप हुन लागेका बालीनालीको पुनर्स्थापन (बाली नाली को सङ्ख्या) | सङ्ख्या | २ | ५ | ७ | १० | १० | १० | १० | | |

### ७.१.८ अनुमान तथा जोखिम पक्ष

वैज्ञानिक वन व्यवस्थापनको अवधारणा अनुसार जैविक विविधता र वन पैदावारको उपयोग भएको हुने ।

- वन क्षेत्रमा आगलागी भएमा वन संरक्षणमा चुनौती आउन सक्छ ।
- वन क्षेत्रमा खोला, बाढी पहिरो, भूक्षय वा मानव जन्य क्रियाकलापबाट वन संरक्षण तथा विस्तारका काममा समस्या आउन सक्छ ।
- जैविक विविधताको क्षेत्रमा दक्ष जनशक्ति अभावका कारण गैर काष्ठ वन पैदावार तथा जैविक विविधताको पहिचानमा कठिनाइ आउँदा काममा अवरोध हुन सक्छ ।
- अन्य क्षेत्रको वातावरण प्रदूषणका कारण सम्बन्धित क्षेत्रमा स्वच्छ वातावरण सिर्जना गर्ने कार्यमा अवरोध आउन सक्छ ।
- प्रचलित वन ऐनले स्थानीय सरकारलाई नचिनेका कारण पनि यसको संरक्षणमा कठिनाइ आएको छ ।

## ७.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने  राष्ट्रिय लक्ष्यलाई तीनै तहका सरकारले अपनत्व लिई कार्यक्रम सञ्चालन गर्दै आएका छन् । उप-जलाधार योजना तर्जुमा, बहु प्रकोप अवस्थाको विश्लेषण सहित प्राथमिकीकरण र भू- जलाधार संरक्षण सेवा प्रवाह पहिरो पूर्व-सूचना प्रणाली विकास गर्नका साथै राष्ट्रिय पहिरो व्यवस्थापन केन्द्रको स्थापना गरी सोही अनुसारका कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । ताल तलैया तथा भू-संरक्षणको लागि सिमसार र तिनमा भएका जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा स्थानीय सरकारको भूमिका बढी हुने गर्दछ बस्ती नजिकको बाढी तथा  क्षतिग्रस्त भूमिहरूको पुनरुत्थानको लागि कम खर्चिलो भू तथा जलाधार संरक्षण, जैविक प्रविधि, बाँस रोपण जस्ता क्रियाकलापहरू र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण नीतिगत सुधारको लागि कृषि वन नीति तर्जुमा तथा कार्यान्वयन आदिमा स्थानीय सरकारले जोड दिन आवश्यक छ । बुढीराप्ती, कयरखोला, खगेरी खोला यस क्षेत्रका मुख्य खोलाहरू हुन्। वर्षेनी यी खोलाहरूले भू क्षयको साथै खेतीपातीको समेत नोक्सान पुऱ्याउँदै आइरहेका छन् ।

### ७.२.२ समस्या तथा चुनौती

वन अतिक्रमण बढ्दै जानु, जमिन कटान हुनु, भू-क्षय, अनियन्त्रित ढुंगा/गिट्टी/बालुवा सङ्कलन तथा निकासी हुनु, विस्तारित सडक सञ्जाल, फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोर निष्कासन र अव्यवस्थित भौतिक निर्माणका कारण वायु र पानीजन्य प्रदूषण, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, नागरिक सचेतना कम हुनु यहाँका प्रमुख समस्या हुन् ।

अवैज्ञानिक तरिकाले प्राकृतिक स्रोतको दोहन, वन क्षेत्रको विनाश, जथाभावी सडक निर्माण, वातावरणीय प्रभाव मूल्याङ्कन नगरी विकास निर्माणको काम हुनु जस्ता समस्याहरू देखिएका छन् भने परिणाम स्वरूप अनावृष्टि, अतिवृष्टि, हुनुका साथै पानीको मुहान सुकेर सुक्खा क्षेत्रको विस्तारमा वृद्धि हुँदै गएको छ । मानव बस्तीको विकास र बसाई सराईको चापका साथै अनुत्पादक पशुहरूको अत्याधिक चरीचराउ र उपयोगले प्राकृतिक नदी-खोलामा भूक्षय भई पुरिने क्रम जारी छ भने अर्का तर्फ, खोलाले धार परिवर्तन गर्नु पनि संरक्षणमा थप चुनौती बनेको छ । पहिला सौराहामा पानी निकासका लागि ठूला-ठूला घोलहरू थिए । हाल त्यसलाई विकास निर्माणको नाममा छेकिएकोले पानीको निकास बन्द भई डुवानका घटनाहरू भइरहेको छ । टिकौली धाप हुँदै बगेर आउने खगेरी खोला र बुढीराप्ती खोलामा आउने बाढीको केही बस्तीहरू बढी जोखिममा रहेको छ । जग्गाधनीहरूले जग्गा च्याप्दै लगेपछि खोलाको बहाव क्षेत्र घट्दै गएर पानी निकासको भाग थुनिएको छ । खोलाको बहाव क्षेत्र नपुग्दा पानी बस्तीमा पस्ने गरेको छ । बाढीका कारण निम्तिने विपदको प्रवृत्ति हेर्दा यसको बारम्बारता बढ्दै गएको र यसबाट हुने क्षति पनि बढेको तथ्याङ्क देखाएको छ । बाढीका कारण केही समुदायका मानिसहरू विस्थापित भई विद्यालय तथा छिमेकी नगरमा छोटो समय -कुनै स्थानमा २ दिन, कुनै ठाउँमा हप्ता दिन) का लागि शरण लिनुपर्ने अवस्था सिर्जना भएको छ ।

### ७.२.३ सम्भावना तथा अवसर

नगरपालिकामा माटोको बनावट, खेती योग्य जमिन, संरक्षित क्षेत्र, बस्ती योग्य क्षेत्र आदिको विस्तृत अध्ययन गरी भू उपयोग योजनाका आधारमा समग्र क्षेत्रको बस्ती विकास गर्ने नगरपालिकाको कार्यक्रमलाई अवसरको रूपमा लीन सकिन्छ । नगर बासीहरूको आर्थिक स्तर वृद्धि गर्न र जलाधार क्षेत्रहरूको संरक्षण गरी नगरपालिका अन्तर्गतका सबै खोला खोल्सीमा संरक्षणको लागि नगरपालिकासँग भएको सोचलाई सम्भावनाको रूपमा लिन सकिन्छ । नगरपालिकामा उपलब्ध जलाधार तथा सिमसार क्षेत्रको संरक्षण सहित स्थानीय समुदायलाई भूसंरक्षण तथा जलाधार व्यवस्थापनमा थप जिम्मेवार र जबाफदेही बनाउन सकिने सम्भावना रहेको छ ।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

भूमिको दिगो व्यवस्थापनको लागि व्यवस्थित भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने ।

**उद्देश्य**

१. वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।
२. भूसंरक्षण व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।

**रणनीति र कार्यनीति**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वैज्ञानिक व्यवस्थापनबाट जलाधार क्षेत्रको पहिचान गरी उचित संरक्षण गर्नु ।** | |
| १.१ नगरपालिका भित्र रहेका जलधाराहरूको पहिचान गरी उचित संरक्षण तथा व्यवस्थापन गर्ने । | १. सम्बन्धित क्षेत्रका विज्ञहरूको सहयोग लिई नगरपालिका क्षेत्राधिकार भित्र रहेका जलाधार क्षेत्रहरूको पहिचान गरिनेछ ।<br>२. जलाधार क्षेत्रको उचित संरक्षण तथा उपयोगको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>३. स्थानीय नागरिकको सहभागिताका माध्यमबाट वनको संरक्षण,दिगो व्यवस्थापन तथा संस्थागत सुदृढीकरण गरी दैनिक जीवनयापनमा आवश्यक पर्ने वन पैदावारको सुलभ आपूर्ति गर्ने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: भूसंरक्षण व्यवस्थापनको लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु ।** | |
| २.१: भूमि संरक्षणका लागि वृक्षारोपण र मुहान संरक्षणको क्रियाकलाप मार्फत जलाधार व्यवस्थापन गर्ने । | १. सडक निर्माण कार्य गर्दा एवम् प्राकृतिक उत्खनन गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउने उचित उपाय अवलम्बन गरिनेछ, ।<br>२. नदी जन्य लगायत प्राकृतिक स्रोतमा आधारित कच्चा पदार्थको उत्खनन प्रशोधन तथा निकासी कार्यलाई मापदण्ड बनाई कार्यान्वयनमा सहजीकरण गरिनेछ ।<br>३. भएका वन सम्पदाको उपयोगको अवस्था अध्ययन गरी वन विकास तथा सिमसार क्षेत्रको गुरुयोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ४. भू-क्षय नियन्त्रणका लागि बायो इन्जिनियरिङ प्रविधिको उपयोग, सिमसार क्षेत्रको उचित संरक्षणका लागि वृक्षारोपण, पोखरी निर्माण जस्ता अभियान सञ्चालन गरी जलाधार क्षेत्रहरूको संरक्षण गरिनेछ ।<br>५. नगरपालिकाले भूमि संरक्षण तथा जलाधार व्यवस्थापनको ठोस तथा दीर्घकालीन नीति लिइनेछ ।<br>६. अनावृष्टि, अतिवृष्टि, अल्प वृष्टि रोक्न सूचना दिने संयन्त्र स्थापना गरिनेछ ।<br>७. नदी तथा खोलामा तटबन्ध निर्माण गरी नदी किनाराका बस्ती, संरचना, सम्पदा जमिन संरक्षण गर्ने तथा जग्गा उकास गर्ने र आकस्मिक रूपमा आइ परेका जल उत्पन्न प्रकोपको क्षतिको प्रभाव न्यूनीकरण गर्ने प्रदेश सरकारको नीति अनुरूप कार्य गर्नका लागि प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरिनेछ<br>८. भूमि तथा जलाधार क्षेत्र संरक्षण क्षेत्रसँग सम्बन्धित स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने गरिनेछ । |
| २.२ः जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १. खोला कटानबाट हुने विभिन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायो इन्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपना सुनिश्चित गर्ने प्रयास गरिनेछ।<br>२. वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालो क्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |
| २.३ः बाढी आउने समस्याको दीर्घकालीन समाधानका लागि उपाय अवलम्बन गर्ने । | १. सडक नालीहरू व्यवस्थित बनाइनेछ ।<br>२. खोला तथा नदी किनारामा दीर्घकालीन तटबन्ध निर्माण गरिनेछ । |

### ७.२.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | खगेरी,कयर खोला तथा बुढी रासी खोलामा आवश्यक तटबन्धन र बाढी जोखिम क्षेत्रमा ग्याभिन वाल निर्माण | कि.मि | - | ५ | १0000 | १0000 | १0000 | १0000 | १0000 | **५0000** |
| १ | पानीको मुहान संरक्षण | सङ्ख्या | 0 | १0 | १000 | १000 | १000 | १000 | १000 | **५000** |
| २ | बाढी जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा वृक्षारोपण कार्यक्रम | सङ्ख्या | 0 | ५ | ५00 | ५00 | ५00 | ५00 | ५00 | **२५00** |
| २ | राजमार्गबाट निस्कने निकास व्यवस्थापन | एकमुस्ट | | | ३000 | ४000 | ५000 | ६000 | ७000 | **२५000** |
| २ | बस्ती संरक्षण | सङ्ख्या | 0 | ३0 | १0000 | १0000 | १0000 | १0000 | १0000 | **५0000** |
| १ | खगेरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम | एकमुस्ट | | | १000 | १000 | १000 | १000 | १000 | **५000** |
| १ | लौरीघोल संरक्षण कार्यक्रम | एकमुस्ट | | | ५000 | ५000 | ५000 | ५000 | ५000 | **२५000** |
| १ | रिचार्ज पोखरी निर्माण | सङ्ख्या | | ५ | २000 | २000 | २000 | २000 | २000 | **१0000** |
| | **भूमि तथा जलाधार व्यवस्थापनको जम्मा** | | | | **३२५00** | **३३५00** | **३४५00** | **३५५00** | **३६५00** | **१७२५00** |

### ७.२.६ भूसंरक्षण तथा जलाधार व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | खगेरी,कयर खोला तथा बुढी रासी खोलामा आवश्यक तटबन्धन र बाढी जोखिम क्षेत्रमा ग्याभिन वाल निर्माण | सङ्घ/प्रदेश/पालिका | प्रभावित क्षेत्र | १३ | ३ | ३ | १ |
| १ | पानीको मुहान संरक्षण | सङ्घ/प्रदेश/पालिका | सबै वडाहरू | १३ | ३ | ३ | १ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | बाढी जोखिममा रहेका बस्ती तथा सडक क्षेत्रमा वृक्षारोपण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | प्रभावित क्षेत्र | १३ | ३ | ३ | १ |
| २ | राजमार्गबाट निस्कने निकास व्यवस्थापन | पालिका | नगरसभाले तोके बमोजिम | १३ | ३ | ३ | १ |
| २ | बस्ती संरक्षण | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १३ | ३ | ३ | १ |
| १ | खगेरी जलाधार क्षेत्र संरक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १३ | ३ | ३ | १ |
| १ | लौरीघोल संरक्षण कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १३ | ३ | ३ | १ |
| १ | रिचार्ज पोखरी निर्माण | सङ्घ/प्रदेश/पालिका | नगरसभाले तोके बमोजिम | १३ | ३ | ३ | १ |

## ७.२.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | नगरपालिका क्षेत्र भित्र भूसंरक्षण र जलाधार व्यवस्थापन भएको हुनेछ । | संरक्षित भूक्षय संवेदनशील क्षेत्र | सङ्ख्या | ३ | ३ | ४ | ५ | ६ | ७ | ७ | नगरपालिका प्रोफाइल, सम्बन्धित शाखा प्रतिवेदन | भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा थप कार्यक्रमहरू भएको हुने |
| **असर** | वातावरणमैत्री र जलवायु परिवर्तनसँग अनुकूलित हुने गरी स्वच्छ एवम् सफा वातावरण सहितका विकास कार्यक्रमहरू सञ्चालन हुनेछ । | भूसंरक्षण कार्य योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | संरक्षित जलाधार क्षेत्र | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| **प्रतिफल** | भूसंरक्षण गरी वातावरणीय सन्तुलन कायम हुनेछ । | बाढी नियन्त्रणका लागि तटबन्ध निर्माण | कि.मि. | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | संवेदनशील क्षेत्रको बाढी नियन्त्रण | कि.मि | ३ | १ | १.५ | २ | २.५ | ३ | ३ | | |
| | प्राकृतिक स्रोत साधन लगायत स्थानीय सम्पदाहरूको संरक्षण हुनेछ | स्थानीय विपद् तथा भूसंरक्षण योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | स्थानीय स्रोत साधनहरूमा बाढी पर्ने प्रभाव कम हुनेछ | बाढी जोखिम क्षेत्र पहिचान | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | | |
| | | बाढी जोखिम क्षेत्र नक्साङ्कन | सङ्ख्या | २३ | २३ | २३ | २३ | २३ | २३ | २३ | | |

### ७.२.८ अनुमान तथा जोखिम पक्ष

नगरपालिकामा भूसंरक्षण तथा जलाधार व्यवस्थापन भइ ठाडा खोलाहरूमा सङ्लो पानी बगाउनका लागि थप कार्यक्रमहरू सञ्चालन भएका हुनेछन् ।

- वर्षा बाढी, अनावृष्टि अति वृष्टि, सुख्खा मौसम आदिले कार्यक्रम कार्यान्वयनमा असर गर्न सक्छ ।
- खोला नाला तथा पानीका मूलहरूको उचित संरक्षण हुन नसक्दा जलाधार व्यवस्थापन कार्यमा समस्या आउन सक्छ ।
- ठूलो र लामो समयको वर्षाले भू संरक्षणको कार्यक्रमलाई प्रभाव पार्न सक्छ ।

## ७.३ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

वातावरणीय विनाश र जलवायु परिवर्तनका असरहरू यस नगरपालिकामा पनि देखिन थालेका छन् यसको न्यूनीकरण र अनुकूलन कार्यमा सीमितता रहेकोले क्षति तथा नोक्सानी हुनबाट मानवीय तथा प्राकृतिक स्रोतलाई सम्बोधन गर्ने नगरपालिका दृष्टिकोणको आवश्यकता छ । बढ्दो सहरीकरण र बसाई सराईको चापका कारणले यहाँ फोहोर मैला व्यवस्थापन तथा प्रदूषणको चुनौती दिन प्रतिदिन बढ्दै गइरहेको छ। एकीकृत जलाधार व्यवस्थापन मार्फत माटो र पानीको संरक्षण तथा प्राकृतिक प्रकोप र जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गरी जनताको जीविकोपार्जनमा टेवा पुऱ्याउने राष्ट्रिय सोचलाई कार्यान्वयन गर्न तीनै तहका सरकारहरूले जोड दिँदै आएका छन् । नेपालको संविधान तथा अन्य प्रचलित कानुनहरूमा वातावरण संरक्षणको लागि उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ धारा ३० (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ भनिएको छ भने उपधारा (२) मा वातावरणीय प्रदूषण वा त्यसबाट हुने क्षति बापत पीडितलाई प्रदूषणबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यसैगरी उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गरिनेछ भनिएको छ । दिगो विकासका लक्ष्य नं. ६ मा सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने भनिएको छ । त्यसैगरी लक्ष्य नं. १५ मा स्थलीय पर्यावरणको संरक्षण, पुन स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने भनिएको छ ।

रत्ननगर नगरपालिकामा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभए तापनि वैकल्पिक ऊर्जा क्षेत्रमा नीतिगत रूपमा प्रवर्द्धन गर्ने, सौर्य ऊर्जालाई बढवा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामीण वडाहरूमा बायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भइरहेको अवस्था छ । नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ । अझै पनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावत् छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दा पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्त्व दिने एउटा संस्कृति नै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेका छन् । नगरपालिकामा दिगो ल्याण्डफिल साइडको व्यवस्थापन हुन नसक्दा फोहोरमैला व्यवस्थापनमा कठिनाइ उत्पन्न भएको छ । पानीका स्रोत सुक्दै गएका छन्  जमिन मुनीको पानीको सतह घटदै गइरहेको छ भने विभिन्न किसिमको रोगहरूमा वृद्धि हुनुका साथै कुपोषण, तनाव, जस्ता समस्याहरू देखा पर्न थालेका छन् । खेती

फसलमा कमी आएको छ । दिनानुदिन बढ्दै गएको वातावरणीय प्रदूषणका प्रभावहरू क्रमशः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.३.२ समस्या तथा चुनौती

नगरपालिकामा विभिन्न बस्तीहरू जस्तै महेन्द्र राजमार्गका आसपास तथा भरतपुर महानगरसँग जोडिएका क्षेत्रहरू बजार केन्द्रका रूपमा विकास भइरहेको हुँदा ती क्षेत्रमा प्लास्टिक र सिसा जन्य फोहोर व्यवस्थापन सम्बन्धी समस्या क्रमशः देखा पर्न थालेको देखिन्छ । अधिकांश सडकको अवस्था कच्ची वा धुले रहेको हुँदा धूलो व्यवस्थापनमा समस्या, सरसफाइ सम्बन्धी चेतनाको कमी, वातावरण तथा स्वच्छता सम्बन्धी नीतिको अभाव, पानीको स्रोतको कमी एवं हरियाली क्षेत्र वृद्धि गर्ने कार्यक्रम नहुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् । दाउरा उपयोग घटाउन नसकिएको तथा सोको कारण आगलागीका घटनाको जोखिममा वृद्धि, वातावरण प्रदूषण घटाउने कार्यहरू नभएको र बढ्दै गएको स्वास्थ्य समस्याहरूमा कमी ल्याउन नसकिएको, वैकल्पिक ऊर्जा वा बायो मास, सौर्य ऊर्जा, विद्युतको उपयोगमा प्रोत्साहनको व्यवस्था नहुनु आदि प्रमुख समस्या र चुनौतीका रूपमा रहेका छन् । फोहोर व्यवस्थापनका नाममा फोहोरमैला खोला खोल्सीका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रवृति हाम्रो समाजमा नयाँ होइन । यसरी फालिएको फोहोर वर्षाका समयमा पानीले बगाएर खोला खोल्सी तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदूषणलाई विस्तारित गर्दछ ।

यस नगरपालिकाले वडा नं ११ स्थित पञ्चकन्या सामुदायिक वन नजिकै साझेदारी मोडेलमा (Private pubic Partnership-PPP ) फोहोर मैला व्यवस्थापन कार्य गर्दै आइरहेको छ । स्रोतमा फोहोरको उचित वर्गीकरण (कुहिने फोहोर, नकुहिने फोहोर, धातु सिसा जन्य फोहोर र अस्पताल जन्य) गरेर कुहिने पदार्थबाट कम्पोष्ट मल तयार गरिरहेको अवस्था छ भने अन्य प्लास्टिक जन्य पदार्थहरूलाई समेत पुन प्रयोग प्रविधि अपनाएको छ । पूर्ण सरसफाइमा अझै पनि कमी कमजोरीहरू रहेका छन् । विद्यालयहरूमा सेन्टरी प्याडको विसर्जन एवं किशोरी मैत्री शौचालय लगायतका समस्याहरू यथावत् छन् ।

### ७.३.३ सम्भावना तथा अवसर

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गर्ने, ध्वनि तथा वायु प्रदूषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरी सचेतन वृद्धि गर्ने, वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छता कायम गर्ने आदि रहेका छन् । त्यसैगरी सामुदायिक संस्थाहरूसँग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा स्रोतमै न्यूनीकरण गरी नगरलाई सुन्दर बनाउने स्थानीय समुदायसँगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण गर्ने सम्भावनाहरू रहेका छन् ।

## ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

**लक्ष्य**

नगरपालिका क्षेत्रमा सफा, स्वच्छ र हरियाली कायम गर्नु

**उद्देश्य**

१. फोहोर मैलाको प्रभावकारी व्यवस्थापन गर्नु
२. व्यापक सचेतन अभिवृद्धि गरी पूर्ण आनीबानी परिवर्तनको कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु।

**रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१. उद्देश्य १ फोहोर मैलाको प्रभावकारी व्यवस्थापन गर्नु** | |
| १.१: समुदायका बाक्लो बस्ती भएको ठाउँ, हाटबजार लाग्ने र सेवा प्रदायक कार्यालय भएका स्थानहरूमा फोहोरमैला व्यवस्थापनको गुरु योजना बनाई फोहोर सङ्कलनको व्यवस्था गर्ने । | १. समुदायका फोहरमैलालाई जम्मा गर्ने, प्रशोधन गर्ने र डिस्पोज गर्ने पूर्वाधारहरू बनाइनेछ<br>२. प्रत्येक बाक्लो बस्ती, बजार र बजार-उन्मुख ठाउँहरूमा डम्पिङ साइटमा फोहोरमैला व्यवस्थापनको लागि ट्याक्टर लगायतका साधनहरूको व्यवस्था गरिनेछ ।<br>३. फोहोरमैला व्यवस्थापनको गुरुयोजना बनाइनेछ ।<br>४. वडाका बस्ती र फोहोरमैलाको अनुमानित उत्सर्जनको हिसाबले त्यस्तो ठाउँहरूको अध्ययन गरी विवरण तयार पारिनेछ ।<br>५. निजी क्षेत्रसँगको सहकार्यमा बजार क्षेत्रको फोहोरमैलाबाट बायो ग्याँस र प्राङ्गारिक मल उत्पादन गर्ने प्रक्रियालाई अगाडि बढाइनेछ ।<br>६. नगरपालिकाभित्र बढ्दै गरेको बजारीकरणबाट उत्पन्न फोहोरमैला व्यवस्थापनको लागि निर्माण भएको फोहोर व्यवस्थापन केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।<br>७. नगरपालिकाका सबै वडाहरूमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| १.२: नगरपालिका क्षेत्रमा शौचालय तथा सरसफाइको सु निश्चितता गर्ने। | १. सामुदायिक तथा सार्वजनिक स्थलहरूमा शौचालयको व्यवस्था गरिनेछ ।<br>२. घरहरूबाट निस्कने फोहोर पानीलाई प्रशोधन गरे पछि मात्र नदी खोला तथा खोल्सीमा प्रवाह गर्न मापदण्ड बनाई लागू गरिनेछ ।<br>३. सहरी तथा बजार क्षेत्रमा सरसफाइ सेवाको स्तरवृद्धि गरिनेछ ।<br>४. अपाङ्ग मैत्री तथा महिला मैत्री शौचालयको निर्माण गरिनेछ । |
| **उद्देश्य २: व्यापक सचेतन अभिवृद्धि गरी पूर्ण आनीबानी परिवर्तनको कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्नु ।** | |
| २.१: प्रत्येक घर धुरीमा क्रमिक रूपमा गुणस्तरीय सरसफाइको पहुँच वृद्धि गर्ने । | १. सार्वजनिक स्थानहरूमा फोहोर सङ्कलन गर्ने भाँडोको व्यवस्था गरिनेछ ।<br>२. उपभोक्ताहरू बाटै समिति गठन गरी सरसफाइ गरिनेछ ।<br>३. फोहोरमैला सङ्कलन र व्यवस्थापनको लागि सामूहिक कोषको व्यवस्था गरी फोहोरमैला व्यवस्थापन कार्यलाई दिगो बनाइनेछ । |
| २.२: सरसफाइ सम्बन्धी सचेतन कार्यक्रम सञ्चालन गर्ने । | १. लक्षित समुदायमा फोहोरको उचित व्यवस्थापनको लागि जन चेतना सञ्चालन गरिनेछ । |

### ७.३.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | हाल सञ्चालनमा रहेको ल्याडफिल्ड साईटको स्तरोन्ती | सङ्ख्या | १ | १ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| २ | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | सङ्ख्या | ० | २५०० | २००० | २२०० | २५०० | २८०० | ३००० | **१२५००** |
| १ | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | पटक | - | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| २ | सार्वजनिक कार्यालयमा हरियाली प्रवर्द्धन प्रोत्साहन कार्यक्रम | पटक | - | ५ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| | **वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा** | | | | **५०००** | **५२००** | **५५००** | **५८००** | **६०००** | **२७५००** |

### ७.३.६ वातावरण तथा फोहोर मैला व्यवस्थापनका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | हाल सञ्चालनमा रहेको ल्याडफिल्ड साईटको स्तरोन्नती | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| २ | सार्वजनिक स्थलमा कुहिने र नकुहिने दुई प्रकारका डष्टविन व्यवस्थापन | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| १ | फोहरमैलाको उत्सर्जन विन्दुमा नै वर्गीकरण तथा पूनर्प्रयोगका लागि जनचेतना अभियान | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| १ | बजार क्षेत्रमा फोहरमैला गर्नेलाई जरिबाना व्यवस्था तथा नियमन | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | सार्वजनिक कार्यालयमा हरियाली प्रवर्द्धन प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |

### ७.३.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| असर | दिगो सरसफाइ व्यवस्थापनको क्षेत्रमा सुधार हुनेछ | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | नगरपालिका प्रोफाइल, सम्बन्धित शाखाको प्रतिवेदन | फोहोर मैला र वातावरण प्रति जनचेतना वृद्धि भएको हुने, फोहोर मैला व्यवस्थापनमा नगरपालिकाले थप लगानी गरेको हुने |
| | | फोहोरमैला विसर्जन केन्द्रको स्तरोन्नती | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | फोहोरमैला विसर्जन नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | संक्रामक रोगको फैलावटमा कमी आउनेछ<br>प्राविधिकहरूको आधारभूत तथा पुनर्ताजकी तालिम मार्फत सरसफाइको क्षेत्रमा दक्ष जनशक्तिको व्यवस्था हुनेछ । | नगर टोल सरसफाइको लागि उपभोक्ता समिति | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |
| | | डस्टबिन व्यवस्थापन भएका घरधुरी | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० | ७० | | |
| | | फोहोरमैला व्यवस्थापनका लागि दक्ष जनशक्ति | सङ्ख्या | ० | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | फोहरबाट जैविक मल उत्पादन गर्ने परिवार | प्रतिशत | ७० | ७२ | ७५ | ७८ | ८० | ८२ | ८२ | | |
| | | स्थानीय वातावरणमैत्री नीति | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी ज्ञान तथा चेतना अभिवृद्धि हुनेछ | वातावरण तथा फोहरमैला सम्बन्धी सचेतना कार्यक्रम सङ्ख्या | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | १३ | | वातावरण प्रति जनचेतना वृद्धि भएको हुने |
| | | प्रदूषण मापन केन्द्र | सङ्ख्या | ० | ० | ० | ० | ० | ० | ० | | |
| | | पुर्ण सरसफाइयुक्त वडा | सङ्ख्या | ० | ० | ० | १ | २ | ३ | ३ | | |

### ७.३.८ अनुमान तथा जोखिम पक्ष

वातावरण संरक्षणको क्षेत्रमा व्यापक सुधार हुनका साथै पूर्ण आनीबानी परिवर्तन भएको हुनेछ ।

- वातावरण संरक्षणका कार्यक्रमहरू सँगै वातावरणमा प्रतिकूल प्रभाव पार्ने मानव जन्य क्रियाकलापहरूलाई नियन्त्रण गर्न नसकेमा वातावरण संरक्षणमा सुधार आउन कठिन हुन सक्छ ।
- वातावरण संरक्षणको क्षेत्रमा विनियोजित बजेट पर्याप्त नभएका कारण वातावरण संरक्षणको कार्यले लक्ष्य प्राप्त नगर्न पनि सक्छ ।
- वातावरण संरक्षणको कार्य विश्व व्यापी, देश व्यापी हुँदै क्षेत्र व्यापी हुने हुँदा यसलाई समन्वय तथा साझेदारी तामा व्यापक रूपमा विस्तार गर्न सकिएन भने सम्भव नहुन पनि सक्छ ।
- महामारीका रोगहरू व्यापक संक्रमण भएमा फोहोरमैला व्यवस्थापनमा कठिनाइ हुन सक्छ ।

## ७.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### ७.४.१ पृष्ठभूमि

नेपालको मध्य भागमा रहेको रत्ननगर नगरपालिकामा उष्ण प्रदेशीय हावापानी रहेको छ । नगर क्षेत्रको उचाइको हिसाबले हेर्दा वडा नं १६ को भुतिया क्षेत्र समुद्रसतहबाट २२४ मिटरको उचाइमा रहेको छ । भने नगरको सबै भन्दा होचो जमिनको रूपमा खगेरी दोभान क्षेत्र जन समुद्र सतहबाट १८१ मिटरको उचाइमा रहेको छ । जोखिम विश्लेषणका लागि छलफल गर्ने क्रममा किसानहरूले खडेरी र असिनाले प्रत्यक्ष रूपमा प्रभाव पारेको महसुस गरेको पाइयो भने सोही घटनाले गरिब सुकुम्वासी बस्तीहरूमा खासै यसको प्रभावको महसुस गरेको देखिएन । यस कारण सामाजिक संरचना र वर्गीय बनोटको अवस्थाको आधारलाई समेत मध्यनजर गरी विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन योजनाका क्रियाकलापहरू तर्जुमा गर्नु पर्दछ । यस नगरपालिकामा प्रमुख रूपमा बाढी, भूकम्प, आगलागी, जङ्गली जनावरको आतङ्क, असिना, महामारी, हुरीवतास, सडक दुर्घटना, शीतलहर, र्सपदंश जस्ता प्रकोपका घटनाहरू बारम्बार आई विपद्को अवस्था सिर्जना गरेको पाइन्छ ।

यस क्षेत्रका सन्दर्भमा नगरपालिकामा अध्ययन गर्दा विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू—उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छ । विपद्को जोखिमले जग्गा र जमिन बिक्री गर्ने वा भू—उपयोग परिवर्तन गर्ने प्रवृति रोक्न सकिएको छैन । पालिका स्तरमा वैज्ञानिक भू—उपयोग प्रणाली स्थापना तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग गर्ने अभ्यासहरू हुँदै आइरहेका छन् ।

### ७.४.२ समस्या तथा चुनौती

रत्ननगर नगरपालिकामा समग्रमा बाढी, भूकम्प, आगलागी, जङ्गली जनावरको आतङ्क, असिना, महामारी, हुरीवतास, सडक दुर्घटना, शीतलहर, सर्पदंश जस्ता प्रकोपहरूको कारण विपद सिर्जना भएको पाइएको छ । प्राथमिकीकरणको क्रममा हालको कोभिड—१९ को कारण महामारी पहिलो विपद्को कारणको रूपमा आएता पनि यहाँको स्थानीयतालाई मध्यनजर गर्दा बाढीको कारण नगरवासीले वर्षेनी विपद्को अवस्था सामना गर्नु परिरहेको तथ्य वडा भेलाहरू र प्रमुख जानकारीहरूसँग गरिएको साक्षात्कारबाट देखिएको छ ।

यस नगरपालिकामा रहेको जम्मा २५० भन्दा बढी बस्तीहरूमध्ये ४७ वटा बस्तीहरू बाढीको उच्च जोखिममा रहेको छन् । हालसम्म नगरपालिकामा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कुनै नीतिगत व्यवस्था र संयन्त्रहरू नबनेको हुँदा जोखिममा रहेको समुदायमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको कुनै योजना र कामको थालनी भएको छैन । २०५९ साल साउन ६ गते राती ८ बजे तथा २०७२ सालमा आएका बाढीहरूले ठूलो मात्रामा पुर्‍याएको क्षति स्थानीयवासीले बिर्सन सकेका छैनन् । बाढी आउने समयलाई हेर्दा केही वर्ष अगाडिसम्म असार १५ देखि वर्षा हुने र बाढी आउने गर्थ्यो भने हाल जेठ महिनामा नै वर्षा शुरु हुने र बाढी आउन थालेको देखिन्छ । यस नगरपालिकामा सडक दुर्घटना पनि प्रमुख विपद्को रूपमा रहेको छ । यो नगरपालिकाको मध्य भागबाट पूर्व पश्चिम महेन्द्र राजमार्ग गाएकाले राजमार्ग आसपासको वडा तथा टोलहरू सबै भन्दा बढि सडक दुर्घटनाको जोखिममा रहेको कुरा छलफलबाट आएको तथ्याङ्कले देखाएको छ । सडक

दुर्घटनाको कारण अनाहकमा धेरै मानिसहरूको ज्यान गइरहेको जोखिम विश्लेषणको क्रममा आएको तथ्याङ्कले पुष्टी गरेको छ । सडक दुर्घटनाको प्रमुख कारण ट्राफिक व्यवस्थापन राम्रो नहुनु, सडकको व्यवस्थापन राम्रो नहुनु, यातायातको सङ्ख्यामा वृद्धि हुनु, ट्राफिक नियम सम्बन्धी सचेतनको कमी हुनु र जानकारी हुनेले पनि पालना नगर्नू, सडक पेटीहरूको व्यवस्थापन नहुनु, सडकमा लुकिङ ग्लासहरूको व्यवस्थापन नहुनु भन्ने कुराहरू आएको छ । रत्ननगर नगरपालिकाको बीच भाग भएर पूर्व पश्चिम राजमार्ग गएकाले राजमार्गसँग जोडिएको वडा र बस्तीहरूमा सबैभन्दा बढि सडक दुर्घटना भएको पाइन्छ । यसका अलावा पर्यटकीय क्षेत्र सौराहामा बढी मानिसको आवतजावत हुने गरेकाले यस क्षेत्रमा बढि सडक दुर्घटना भएको देखिएको छ ।

यसैगरी सामुदायिक वन र निकुञ्जसँग जोडिएका वडाका बस्तीहरू वन्यजन्तुको अपक्रमणको उच्च जोखिममा रहेका छन् । जानेर वा नजानेर जीविकोपार्जनको निम्ति वनमा घाँस दाउरा तथा निगुरो टिप्न जानुपर्ने वध्यता समुदायमा विद्यमान छ । जसको कारण हरेक वर्ष समुदायका मानिसहरूले ज्यान गुमाइरहेका छन् । जङ्गलमा जाँदा मात्र होइन बस्तीमा नै आएर गाईवस्तुहरू तानेर लाने गरेको छ । सामान्यतया मध्यवर्ती (वफर) क्षेत्रमा रहेका खेतीपातीमा र घरधुरीहरूमा आवश्यक जोखिम न्यूनीकरण र सुरक्षाका उपायहरू नअपनाउदा बढी हानी हुने जोखिम रहेको छ ।

### ७.४.३ सम्भावना तथा अवसर

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीति गत प्रयासहरू सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएको छ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाहरूमा पर्न सक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिने धेरै सम्भावनाहरू रहेका छन् ।

विपद् पूर्व तयारी कार्यका लागि मोबाइल एस.एम.एस. मार्फत सूचना दिने तथा विपद् सङ्कट उन्मुख बस्ती स्थानान्तरणको तथ्याङ्क सङ्कलन गरी विपद् न्यूनीकरणमा सहयोग गर्न सकिने सम्भावना छ ।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति. कार्यक्रम तथा आयोजना

**लक्ष्य**

सबै बस्ती तथा सार्वजनिक संरचनाहरू सुरक्षित हनुका साथै विपदबाट हुने क्षति शून्यमा झार्ने ।

**उद्देश्य**

१. जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।
२. मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी नगरपालिकालाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।
३. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।

## रणनीति तथा कार्यनीतिहरू

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: जोखिम न्यूनीकरणका लागि सम्भाव्य ठाउँहरूको पहिचान गरी पूर्व चेतावनी प्रणालीको विकास गर्नु ।** | |
| १.१: विपद् रोकथाम मार्फत विपद् न्यूनीकरण गर्दै विपद् उत्थानशील समाजको निर्माण गर्ने । | १. पूर्वानुमान तथा पूर्व चेतावनी प्रणालीको विकास तथा सञ्चालन गरिनेछ ।<br>२. विपद् सूचना केन्द्र, आपत्कालिन कार्य सञ्चालन केन्द्र, खोज तथा उद्धार, जोखिम लगायतका कार्यहरू गर्न अधिकार सम्पन्न विपद् व्यवस्थापन समिति स्थापना गरी एकद्वार प्रणालीबाट उक्त कार्यहरू सञ्चालन गरिनेछ ।<br>३. विपदबाट हुन सक्ने क्षति कम गर्न विकास निर्माणमा र स्थानीय स्तरको योजना तर्जुमामा जोखिम व्यवस्थापनलाई आन्तरिक करण गरिनेछ ।<br>४. विपद् जोखिम पूर्व तयारी र जोखिम न्यूनीकरणमा स्थानीय स्तरमा क्षमता अभिवृद्धि गरिनेछ । |
| १.२: सरोकारवालाहरूको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन कार्यहरूलाई प्रभावकारी रूपले सञ्चालन गर्ने । | १. विपद् पूर्व तयारीका लागि तालिम तथा सचेतनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. विपद् सम्बन्धी जोखिम तथा प्रकोपबारे जानकारी एवम् तथ्याङ्क अद्यावधिक गर्न विपद् व्यवस्थापन एकाइहरू स्थापना गरिनेछ ।<br>३. नगरपालिकामा विपद् व्यवस्थापनसँग कार्य गर्ने सम्बन्धित निकायहरूलाई सूचना सङ्कलन, प्रशोधन, प्रक्षेपण जस्ता विषयहरूमा तालिमको व्यवस्था गरिनेछ ।<br>४. नगरपालिकामा कार्यरत सरकारी, निजी, सहकारी, स्थानीय निकाय, गैरसरकारी क्षेत्र लगायत स्थानीय समुदाय तथा सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका पालिकाहरूमा अवलोकन भ्रमण गराइनेछ ।<br>५. विपद् जोखिम न्यूनीकरण तथा पूर्व तयारी गर्ने कार्यहरूमा सम्बन्धित विपद् व्यवस्थापन एकाइहरू बीच समन्वयात्मक सहभागिता कायम गरिनेछ । |
| १.३: विपद् व्यवस्थापन सम्बन्धी जन चेतना अभिवृद्धि गर्ने प्रभावकारी प्रचार/प्रसारका कार्यहरू सञ्चालन गर्ने । | १. विपद् व्यवस्थापन सम्बन्धी गोष्ठी, अन्तरक्रिया र विचार आदान प्रदानका कार्यहरू सञ्चालन गरिनेछ ।<br>२. नगरपालिकामा कार्यरत निकायहरूले आ-आफ्नो वार्षिक कार्य योजनामा विपद् व्यवस्थापन सम्बन्धी प्रचार प्रसारका कार्यहरू समावेश गरी कार्यान्वयन गरिनेछ ।<br>३. विपद् व्यवस्थापनलाई विद्यालय तथा शैक्षिक संस्थाहरूमा विशेष रूपले अध्यापन गराउन विद्यालय तथा शैक्षिक संस्थाको पाठ्यक्रममा विपद् व्यवस्थापन विषयलाई समावेश गरिनेछ ।<br>४. विद्यालय तथा शैक्षिक संस्थाहरूमा विपद् व्यवस्थापन सम्बन्धी विषयहरूको कक्षा सञ्चालन गरिनेछ । |

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| | ५. विपद् व्यवस्थापन सम्बन्धी उत्कृष्ट कार्य भएका जिल्लाहरूमा सम्बन्धित विषयका शिक्षक तथा कर्मचारीलाई अध्ययन भ्रमण गराइनेछ । |
| **उद्देश्य २ः मानव सिर्जित तथा प्राकृतिक कारणबाट हुने प्रकोप/विपदको जोखिमलाई न्यूनीकरण गरी नगरपालिका लाई कम प्रकोप/विपद् जोखिम हुने क्षेत्रको रूपमा विकास गर्नु ।** | |
| २.१ः विपद् संवेदनशील क्षेत्रहरूको पहिचान, संरक्षण, रोकथाम, पुनः स्थापना र स्थानान्तरण गर्ने । | १. बाढी, चटयाङ, डूवान खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बाढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्तो क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित एवम् सुविधा सम्पन्न बनाइनेछ ।<br>२. जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>३. भूकम्पको जोखिमलाई उच्च प्राथमिकतामा राखी नयाँ निर्माण हुने सम्पूर्ण भौतिक संरचनालाई भूकम्प प्रतिरोधी बनाइनेछ।<br>४. साथै निर्माण भइ सकेका संरचनाहरूलाई सम्भव भएसम्म प्रवलीकरण गर्न जोड गरिनेछ । |
| **उद्देश्य ३ः जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु ।** | |
| ३.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १. बजार क्षेत्रमा वायु, ध्वनि प्रदूषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदूषण नियन्त्रण गर्न सरोकारवालासँग समन्वय गरिनेछ ।<br>२. रत्ननगर नगरपालिकालाई वातावरणमैत्री नगरपालिकाको रूपमा विकास गरिनेछ।<br>३. पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थान शील योजना कार्यान्वयन गरिनेछ । |

## ७.४.५ कार्यक्रम तथा आयोजना

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | विपद् प्रतिकार्य योजना तर्जुमा पुनरावलोकन | सङ्ख्या | | १ | ५०० | | | | | ५०० |
| १ | विपद् प्रतिकार्य जनचेतना | पटक | ० | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार (First Aid) व्यवस्थापन | सङ्ख्या | ० | ३० | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| २ | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | एकमुस्ट | | | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० |
| २ | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू समन्वय तथा सहकार्य कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | पालिका अन्तर्गतका प्रहरी चौकी र वडा कार्यालयहरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | एकमुस्ट | | | ३००० | ३००० | ४००० | ५००० | ६००० | २१००० |
| २ | सडक दुर्घटना कम गर्नको लागि थप सचेतना कार्यक्रम | एकमुस्ट | | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | आपत्कालिन उद्धार केन्द्र स्थापना | सङ्ख्या | १ | ४ | | ५०० | ५००० | ५००० | ५००० | १५५०० |
| २ | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | सङ्ख्या | ० | १ | १००० | | | | | १००० |
| १ | विपद सूचना केन्द्र स्थापना | सङ्ख्या | | १ | | ५००० | | | | ५००० |
| ३ | जलवायु अनुकूलन योजना निर्माण | सङ्ख्या | | १ | | | १००० | | | १००० |
| | **विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा** | | | | १०००० | १४००० | १५५०० | १५५०० | १६५०० | ७१५०० |

### ७.४.६ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताका कार्यक्रम तथा आयोजनाको साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् प्रतिकार्य योजना तर्जुमा पुनरावलोकन | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| १ | विपद् प्रतिकार्य जनचेतना | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | सार्वजनिक कार्यालयमा प्राथमिक उपचार (First Aid) व्यवस्थापन | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | उद्धार/राहत कोषको वडा तहसम्म पहुँचमा बिस्तार | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | विभिन्न सरोकारवाला निकायहरू/संस्थाहरू समन्वय तथा सहकार्य कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| १ | पालिका अन्तर्गतका प्रहरी चौकी र वडा कार्यालयहरूमा विपद् प्रतिकार्य तथा उद्धार सामाग्री व्यवस्थापन | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | सडक दुर्घटना कम गर्नको लागि थप सचेतना कार्यक्रम | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| २ | आपत्कालिन उद्धार केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| २ | आपत्कालिन उद्धारका लागि स्थानीय दक्ष उद्धारकर्मी प्रशिक्षण कार्यक्रम | पालिका | कार्यपालिका | १३ | ७ | ३ | १ |
| १ | भवन निर्माण आचार संहिता निर्माण तथा कार्यान्वयन | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| १ | विपद सूचना केन्द्र स्थापना | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |
| ३ | जलवायु अनुकूलन योजना निर्माण | सङ्घ/प्रदेश/पालिका | नगर सभाले तोके बमोजिम | १३ | ७ | ३ | १ |

### ७.४.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| **प्रभाव** | विपदबाट हुने मानवीय, आर्थिक, सामाजिक, | विपदबाट क्षति भएको रकम | रू. करोड | २८ | २५ | २० | १८ | १५ | १२ | १२ | नगरपालिकाको प्रोफाइल, | विपद् सम्बन्धमा |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | सांस्कृतिक र पर्यावरणीय क्षतिमा कमी आएको हुनेछ । | भूकम्प प्रतिरोधी संरचना बारे जानकारी | प्रतिशत | ८५ | ९० | ९२ | ९५ | ९८ | ९९ | १०० | सम्बन्धित शाखाको प्रतिवेदन | नगरपालिका तथा समुदाय सम्वेदनशील भएको हुने |
| | | विपद्जन्य घटनाबाट विगत ३ वर्षको औसत मानवीय क्षति सङ्ख्या | सङ्ख्या | | ० | ० | ० | ० | ० | ० | | |
| असर | विपद् जोखिमको पूर्वानुमान सूचना र उद्धारका लागि प्रभावकारी सूचना प्रणालीको व्यवस्थापन भएको हुनेछ | प्रमुख नदी/खोलामा बाढी सूचना प्रणाली स्थापना | सङ्ख्या | १ | १ | २ | ३ | ४ | ५ | ५ | | |
| | | आपत्कालिन कार्य सञ्चालन केन्द्र | सङ्ख्या | ५ | ५ | ६ | ६ | ६ | ६ | ६ | | |
| | | विपद् व्यवस्थापनलागि खुल्ला क्षेत्र र स्थान | सङ्ख्या | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | ५७ | | |
| प्रतिफल | विपद् व्यवस्थापनसम्बन्धी कार्य योजना विकास हुनेछ | विपद् व्यवस्थापन योजना | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ | | |
| | | स्थानीय विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन कार्ययोजना तर्जुमा | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | सूचना/तथ्याङ्क सङ्कलन सही र सरल रूपमा प्राप्त हुने संयन्त्र विकास हुनेछ | विपद् व्यवस्थापनमा क्रियाशिल सङ्घ-संस्थाहरू | सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ | ७ | | |
| | | विपद् व्यवस्थापन स्थानीय कोष | रू. लाखमा | १५ | २० | ३० | ४० | ५० | ६० | ६० | | |
| | सरोकारवाला र स्थानीय जनसमुदायहरूको क्षमता अभिवृद्धि हुनेछ | सामान्य खोज उद्धारमा तालिमप्राप्त जनशक्ति | सङ्ख्या | ११५ | १२० | १२५ | १३० | १३५ | १४० | १४० | | |
| | | तालिम प्राप्त स्वयम् सेवक | सङ्ख्या | ० | १० | २० | ३० | ४० | ५० | ५० | | |

## ७.४.८ अनुमान तथा जोखिम पक्ष

विपद् जोखिमबाट जनधनको क्षति शून्य भएको हुनेछ ।

- ☞ प्राकृतिक तथा मानव जन्य क्रियाकलापका कारण ठूला प्रकृतिका विपदहरू आइ लागेमा यससँग सम्बन्धित क्रियाकलापहरूको कार्यान्वयनमा कठिनाइ हुन सक्छ ।
- ☞ आवश्यकता अनुसारको बजेट प्राप्त नभएमा विपद्लाई नियन्त्रणमा लिन सजिलो नहुन सक्छ ।
- ☞ विपद् अचानक र अपर्झट हुने हुँदा पूर्व तयारी सम्बन्धी कार्यहरू व्यवस्थित हुन सकेनन् भने विपद् न्यूनीकरण गर्न सहज नहुन सक्छ ।

# परिच्छेद ८: संस्थागत विकास तथा सुशासन क्षेत्र

## ८.१ संस्थागत विकास तथा सुशासन

### ८.१.१ पृष्ठभूमि

सार्वजनिक सेवा प्रदायक निकायहरूलाई उत्तरदायी, पारदर्शी र भ्रष्टाचारबाट मुक्त राख्न यस नगरपालिकाले आवश्यक ऐन, कानुन, कार्यविधि निर्माण गरेका छन् । नगरपालिका क्षेत्रभित्रका स्थानीय निकायहरू र सार्वजनिक निकायका योजना तथा नीतिगत निर्णय प्रक्रियामा सरोकारवाला व्यक्ति र निकायको सहभागिताको आधार तय भएको छ । यी प्रक्रियामा पछि परेका महिला, दलित, बालबालिका, अपाङ्गता भएका व्यक्ति र परिवार, जेष्ठनागरिक, एकल महिला, आदिवासी जनजाति र युवाहरू सहभागी हुनसक्ने भएका छन् । स्थानीय विकासमा उपभोक्ता समितिको अधिकतम सहभागिता, जनसहभागिता परिचालन अपरिहार्य हुन्छ जसको परिचालनको अभ्यास भएको छ । त्यसै गरी सचेत नागरिक जनमत र सञ्चार क्षेत्रको पनि विकास भएको छ । जबाफदेही शासन प्रक्रिया, पारदर्शिता, उत्तरदायित्वका विषयमा सचेत जनमत विकास भइरहेको छ । स्थानीय एफ.एम. रेडियोमा सुशासन प्रत्याभूतिका कार्यक्रमहरू तर्जुमा तथा सार्वजनिकीकरण प्रक्रियाले ठाउँ पाउन थालेको छ । नागरिक समाजका सङ्घ—संस्थाहरू यस प्रक्रियामा संलग्न हुने वातावरण बनेको छ ।

नागरिक बडापत्रको व्यवस्था, वडा स्तरीय सार्वजनिक सुनुवाइ, प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग, सूचना अधिकारीको व्यवस्था जस्ता प्रयास पनि भइरहेको पाइन्छ ।

नेपालमा सुशासनकालागि उपलब्ध विभिन्न अवसर, सम्भावना र सबल पक्षहरू भए तापनि सार्वजनिक निकायका काम वा सरकारी सेवाप्रति जनताको विश्वास गिरेको अवस्थामा यस रत्ननगर नगरपालिकामा पनि जनताको सन्तुष्टि स्तरमा अझै बढ्नुपर्ने टड्कारो आवश्यकता रहेको छ ।

नगरपालिकाका १६ वडा मध्ये सबै वडा कार्यालय आफ्नै भवनबाट सञ्चालन भैं रहेका छन्। कार्यपालिकाको प्रशासकीय भवन परिसरमा पार्किङ सहित फराकिलो क्षेत्रफलमा सबै शाखाहरू विद्यमान रहेका छन् । संस्थागत विकासमा प्रभावकारी रूपमा अगाडि बढिरहेको यस नगरपालिकाले स्थानीय सरकार संस्थागत स्व मूल्याङ्कन (LISA) मा आर्थिक वर्ष २०७८/७९ मा कूल ८८ प्रतिशत अङ्क प्राप्त गरेकोमा आर्थिक वर्ष २०७९/८० मा कूल ९८ प्रतिशत अङ्क प्राप्त गरेको छ । नगरपालिकाको दैनिक कार्यसम्पादन र विकास निर्माण तथा योजना कार्यान्वयनका लागि नगरपालिकामा स्थायी र करार गरेर काल १५० जना कर्मचारीहरू कार्यरत छन् । सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना भएको छ र सामान्य विवादको आपसी छलफल र मेलमिलापको माध्यमबाट निरूपण गर्ने गरिएको छ । नगरपालिकाबाट हुने सबै आर्थिक कारोबारको लेखाङ्कन चुस्त, दुरुस्त, यथार्थ र समयमा नै विवरण प्राप्त गर्ने गरी सुत्र प्रणाली मार्फत कार्य थालनी गरिएको छ ।

रत्ननगर नगरपालिका क्षेत्र भित्र वडाको मातहतमा रहने गरी वडा नं ६ बाहेकको सबै वडाहरूले टोल विकास संस्थाहरू गठन गरेका छन् । सो टोल विकास संस्थाहरू सम्बन्धित वडा कार्यालयमा सूचीकृत भएका छन् । त्यसैले यो साङ्गठनिक संरचना नगरपालिकाको सबैभन्दा तल्लो साङ्गठनिक एकाइको रूपमा रहेको छ । यी

टोल विकास संस्था सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी सञ्चालन गर्न जरुरी रहेको देखिएको छ । समुदायको सशक्तिकरण र स्थानीय विपद् व्यवस्थापनको क्षेत्रमा टोल विकास संस्थाहरूले ठूलो भूमिका निर्वाह गर्न सक्छन् । किनभने आपत्कालिन अवस्थामा पहिलो उद्धारकर्ता जहिले पनि समुदाय नै हो ।

### ८.१.२ समस्या तथा चुनौती

- नगर कार्यपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र एकाइहरूमा आवश्यकता र स्वीकृत दरबन्दी अनुसार प्रशासनिक तथा विषयगत कर्मचारीहरूको पदपूर्ति न्यून रहेका कारण सेवा प्रवाह र कार्यसम्पादनमा कठिनाइ हुनु
- नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति सहित आवधिक योजना नहुनु, नगरपालिकाको प्रोफाइल तथा अद्यावधिक योजना तयार नहुनु, दिगो विकासका लक्ष्यहरू लक्षित गरेर कार्यक्रमहरू नहुनु, अग्रणी क्षेत्रहरू भू उपयोग रणनीति योजना, पर्यटन विकास, बस्ती तथा भौतिक विकासका योजनाहरू कार्यान्वयन नहुँदा ठोस तथा नतिजामुखी विकास नहुनु
- नगरपालिकाका योजनाहरूको प्राथमिकता, आयोजना बैंक र मध्यमकालीन खर्च संरचना तयार नहुँदा वितरणमूखी हिसाबले आयोजना तथा कार्यक्रम छनौट र बजेट विनियोजन हुनु
- स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्व प्रशासन र स्रोत परिचालनसम्बन्धी ज्ञान, सीप, दक्षता र प्रणालीको कमी रहनु
- राजस्व तथा स्रोत परिचालनसम्बन्धी ऐन, कार्यविधि, कार्यप्रणाली र सोको कार्यान्वयनमा कमी हुँदा आन्तरिक आयसम्बन्धी क्षेत्र पहिचान, सम्भाव्यता विश्लेषण, कर र गैर करको आधार र दर निर्धारण, अनुमान तथा प्रक्षेपण गर्न र सो अनुसार करदाता शिक्षा, असुली र अभिलेख व्यवस्थित हुन नसक्नु
- सेवा प्रवाह र कार्यसम्पादनमा अन्तर सरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्था बीच संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी नहुनु
- उपयुक्त भौतिक सुविधा र लगानीको वातावरण तयार गरी नगरपालिकामा निजी क्षेत्र, व्यवसायी र लगानीकर्तालाई आकर्षित गर्न नसक्नु ।

### ८.१.३ संभावना तथा अवसर

- नियमित रूपमा सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण भैं रहनु,
- विनियोजन ऐन, आर्थिक ऐन, नियमावलीहरू-२,कार्यविधिहरू- ५३, विषयगत ऐन-१४ वटा, नीति-१,निर्देशिका -४, आचारसंहसता-१, बिदेयक-४,दिग्दर्शन-१,तयार भई व्यवहारमा कार्यान्वयन भइरहेको,
- सबै वडाहरूमा मेलमिलाप केन्द्र स्थापना हुनु, ८० प्रतिशत योजनाहरू समयमा नै सम्पन्न हनु,
- पालिकामा २६५ वटा टोल विकास संस्था क्रियाशिल रहिरहेको,
- सुशासन नगरपालिकाको प्राथमिकतामा परेको,
- गैसस, नागरिक समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था रहेको,
- भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गाएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन अवसर रहेको,
- नगरपालिकाको विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता बढेको ,
- जनप्रतिनिधि र कर्मचारीहरू बीच सेवा प्रवाहलाई चुस्त र दुरुस्त बनाउनका लागि छलफल हुने गरेको,

- सेवा प्रवाहमा आएका गुनासोहरूलाई जनप्रतिनिधिहरूले प्रत्यक्ष सुन्न र देख्न पाउने,
- कर्मचारीहरूको विद्युतीय हाजिरी अनलाईन आवेदन गर्ने व्यवस्था ,

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति

**लक्ष्य**

नागरिकलाई सुशासनको अनुभूति दिलाउने

**उद्देश्य**

१. स्थानीय स्तरमा प्रवाह हुने सबै सङ्घसंस्थाका सेवाहरू समावेशी, प्रतिफलमूलक का साथै प्रभावकारी बनाउनु

२. वित्तीय सुशासन कायम गर्नु ।

**रणनीतिहरू तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: स्थानीय स्तरमा प्रवाह हुने सबै सङ्घसंस्थाका सेवाहरू समावेशी, प्रतिफलमूलक का साथै प्रभावकारी बनाउनु** | |
| १.१ शासन प्रणाली सञ्चालन सम्बन्धी नीति, कानुन, मापदण्ड र कार्यविधिको तर्जुमा गर्ने । | १. सेवा प्रवाह र सुशासन सम्बन्धी आवश्यक नीति तथा कार्यविधिको तर्जुमा गरिनेछ ।<br>२. सार्वजनिक निकायका पदाधिकारीको जिम्मेवारी र कर्तव्यलाई स्पष्ट पारिनेछ ।<br>३. सार्वजनिक निकायका पदाधिकारीको आचारसंहिता पालनाको अनुगमन प्रणाली सुदृढ गराइनेछ ।<br>४. सार्वजनिक पदाधिकारीको नियुक्ति, सरुवा, बढुवा, पदस्थापन, दण्ड र पुरस्कारलाई प्रणालीबद्ध बनाइनेछ ।<br>५. कार्यसम्पादनलाई वृत्ति विकाससँग घनिष्ठ रूपमा आबद्ध हुने गरी कानुनी व्यवस्था मिलाइनेछ ।<br>६. सार्वजनिक खर्च व्यवस्थापन प्रणाली सुव्यवस्थित गरिनेछ । |
| १.२सार्वजनिक सेवाहरूलाई गुणस्तरीय र सर्वसधारणको पहुँचयोग्य बनाउन स्थानीय शासन पद्धति अनुरूपको प्रशासन संयन्त्रको व्यवस्था गर्ने । | १. सार्वजनिक सेवाप्रवाहलाई गुणस्तरीय समावेशी एवम् सहज बनाउन विद्युतीय शासन प्रणालीको अवलम्बन गरिनेछ ।<br>२. स्थानीय शासन प्रणाली अनुरूप प्रशासन संयन्त्रको पुनर्संरचना गरिनेछ । |
| नगरपालिकाले प्रवाह गर्ने सेवामा अधिकारमुखी पहुँच स्थापना गर्ने । | १. सबै प्रकारका सेवामा सबैको र खास गरी समाजका सीमान्तीकृत र विपन्न समुदायको पहुँच सुनिश्चित गरिनेछ ।<br>२. सेवाग्राहीको माग सापेक्ष, सहभागीतामूलक विकास प्रक्रियाको अवलम्बन गरिनेछ ।<br>३. विद्युतीय शासन प्रणालीको व्यापक अवलम्बन गरी प्रशासनिक कार्यविधिलाई सरल बनाइनेछ । |

| | |
|---|---|
| | ४. जनताको गुनासो सिधैं अध्यक्षसँग पुग्ने संयन्त्र स्थापित गरी शीघ्र जबाफदेहीता, कारबाही र जानकारीको सुनिश्चितता गरिनेछ ।<br>५. सूचना प्रविधिको प्रयोग र पहुँच बढाइनेछ । |
| १.३ नगरपालिकाको कार्यसम्पादनलाई उत्तरदायी, पारदर्शी र परिणाममुखी बनाउने । | १. गुनासो सुनुवाइ संयन्त्र र सूचना अधिकारीको भूमिकालाई प्रभावकारी तुल्याइनेछ ।<br>२. नैतिकता, आचरण र इमान्दारितालाई कार्य संस्कृतिको रूपमा विकास गरी दण्ड र पुरस्कारलाई व्यवस्थित तुल्याइनेछ ।<br>३. भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता अपनाइनेछ । भ्रष्टाचारजन्य क्रियाकलापमा निगरानी तथा कारबाहीलाई सशक्त बनाउन पालिका स्तरमा कार्यरत सामाजिक सङ्घसस्थाको समन्वय र सहकार्य प्रभावकारी बनाइनेछ ।<br>४. आन्तरिक नियन्त्रण प्रणालीका साथै वित्तीय जोखिम नियन्त्रण प्रणालीको अवलम्बन गरिनेछ ।<br>५. बेरूजुलाई सार्वजनिक गरिनुका साथै बेरूजुको प्रकृतिका आधारमा कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गरिनेछ ।<br>६. सेवा प्रवाहलाई जनमैत्री र सेवामूलक बनाउन नागरिक बडापत्र राखिनेछ ।<br>७. सार्वजनिक उत्तरदायी संयन्त्रहरू (सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन, आदि)लाई प्रभावकारी र नियमित गराइनेछ ।<br>८. पालिकाको कार्यक्रमगत क्षेत्र र बजेट, कार्ययोजना, अद्यावधिक प्रगति र जनसरोकारका निर्णयहरू वेबसाइटमार्फत नियमित रूपमा सार्वजनिक गरिनेछ ।<br>९. गैरसरकारी संस्था र नागरिक समाजसँग समन्वय र सहकार्यका माध्यमबाट सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमूलक कार्यसम्पादन गरिनेछ ।<br>१०. कर्मचारीहरूको कार्यसम्पादनलाई विकास कार्यक्रमको नतिजा, सेवा प्रवाहको गुणस्तरीयता, सेवाग्राहीको सन्तुष्टि आदिसँग आबद्ध गरिनेछ । यसका लागि सेवाग्राहीहरूको सन्तुष्टि सर्वेक्षण, गुनासो समाधान, सार्वजनिक सुनुवाइ आदिको मापनलाई समेत आधार बनाइनेछ ।<br>११. सेवा प्रदायक प्रति नागरिकहरूको सन्तुष्टिको स्तर मापन र नियमित पृष्ठपोषण लिइनेछ । यसकार्यमा तेस्रो पक्ष मूल्याङ्कन प्रणाली समेतको अवलम्बन गरिनेछ । |
| १.४ सार्वजनिक निकायका काम कारबाही सम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउनु । | १. सेवा प्रवाहलाई जनमुखी र सेवामूलक बनाउन क्षतिपूर्ति सहितको बडापत्र क्रमशः कार्यान्वयन गर्न गराउन सार्वजनिक निकायलाई उत्प्रेरित गरिनेछ ।<br>२. जनगुनासोको व्यवस्थापनलाई थप प्रभावकारी बनाउन सहयोग गरिनेछ । |

| | |
|---|---|
| | ३. अत्यावश्यक सार्वजनिक सेवाको पहुँचमा कठिनाइ भोगिरहेको जनतालाई सेवा पुऱ्याउन एकीकृत घुम्ती सेवालाई व्यापक र प्रभावकारी बनाइनेछ । |
| अन्तरसरकारी समन्वयलाई प्रभावकारी बनाउने । | १. सङ्घीय र प्रदेश सरकारसँग नियमित सम्पर्क र समन्वय स्थापित गरिनेछ ।<br>२. विगतका दस्तावेज, आयोजना दस्तावेज र प्रतिवेदनहरूलाई आफ्नो पोर्टल (वेब-साइट) मा राखिनेछ ।<br>३. कार्य सम्पादन र प्रतिवेदन प्रणालीमा प्रदेश स्तरमै एकरूपता आउने गरी प्रदेश सरकारको सहयोग र समन्वयमा सफ्टवेयरको व्यवस्थापन गरी प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।<br>४. विकास समस्या समाधान समिति गठन तथा कार्यविधि निर्माण गरी समस्या समाधान तथा सहजीकरण संयन्त्रको रूपमा विकास गरिनेछ । |
| **उद्देश्य २: वित्तीय सुशासन कायम गर्नु ।** | |
| २.१: सार्वजनिक आय—व्यय र खरीद प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउनु । | १. नगरपालिका तथा वडा कार्यालयहरूको वार्षिक खरीद योजना तयार गरिनेछ ।<br>२. संस्थागत पुनर्संरचना र सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण प्रवर्द्धन गरिनेछ ।<br>३. कानुन बमोजिम समयमै खर्च नगरी आर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न र उपलब्ध स्रोत र साधनको उचित प्रयोग गर्न आर्थिक वर्षको अन्तिम तीन महिनामा वार्षिक कार्यक्रम संशोधन गर्ने र विनियोजन बजेट अत्याधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउन उपयुक्त नीति अवलम्बन गरिनेछ ।<br>४. विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने व्यवस्था मिलाउन पहल गरिनेछ । |
| २.२: आन्तरिक नियन्त्रण र लेखापरीक्षणलाई विश्वसनीय तथा प्रभावकारी बनाउनु । | १. वित्तीय आँकडालाई वस्तुपरक बनाउन तथा अद्यावधिक गर्न सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको सुदृढीकरण गरी विस्तार गरिनेछ ।<br>२. बेरुजूलाई नियन्त्रण गर्न आन्तरिक लेखापरीक्षणलाई सूचना प्रविधिमा आधारित बनाइनुको साथै लेखा उत्तरदायी अधिकारीलाई स्वतन्त्र रूपमा कार्य गर्ने वातावरण बनाइनेछ । |

## ८.१.५ प्रमुख आयोजना तथा कार्यक्रम

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| | **सुशासन, ऐन नियम तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम** | | | | | | | | | |
| १ | पालिकामा रहेका टोल विकास संस्थाको क्षमता विकास | सङ्ख्या | | १५० | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन | सङ्ख्या | | १७ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | सङ्ख्या | | १ | ५०० | | | | | **५००** |
| १ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | सबै वडामा मेलमिलाप कक्षा व्यवस्थापन | सङ्ख्या | | १७ | १००० | १००० | ८०० | ८०० | ७०० | **४३००** |
| १ | न्यायिक समितिको इजलास व्यवस्थापन | सङ्ख्या | | १ | | | | १००० | | **१०००** |
| १ | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | **२५००** |
| १ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | सङ्ख्या | | १७ | १००० | १००० | १००० | १००० | १००० | **५०००** |
| १ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | सङ्ख्या | | १ | ५०० | | | | | **५००** |
| १ | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | एकमुस्ट | | | ५०० | ६०० | ७०० | ८०० | ९०० | **३५००** |
| १ | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | सङ्ख्या | | २० | १५०० | १५०० | १५०० | १५०० | १५०० | **७५००** |
| १ | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | सङ्ख्या | | १७ | ५०० | ५०० | ५०० | २०० | २०० | **१९००** |
| १ | नागरिक वडा पत्र र सेवा प्रवाह सम्बन्धी जानकारी स्थानीय पाठ्यक्रममा राख्ने | एकमुस्ट | | | ३०० | ३०० | ३०० | ३०० | ३०० | **१५००** |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | नगरपालिकामा सूचना अधिकारीको व्यवस्था | सङ्ख्या | | १ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | **सुशासन, ऐन नियम तथा जबाफदेहीताको जम्मा** | | | | ८८०० | ७९०० | ७८०० | ८६०० | ७६०० | ४०७०० |
| | **२. संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | | | | ० |
| १ | पालिकाको प्रोफाइल निर्माण तथा अद्यावधिक -Preparation and update Municipal Digital Profile | सङ्ख्या | | ५ | २००० | ५०० | ५०० | ५०० | ५०० | ४००० |
| १ | Electronic Document Management System स्थापना र सञ्चालन | सङ्ख्या | | १ | | १००० | | | | १००० |
| १ | नगरपालिकाको स्रोत नक्साङ्कन र अद्यावधिक | सङ्ख्या | | २ | २००० | | २००० | | | ४००० |
| १ | गुनासो सुनुवाइ कक्षको स्थापना र सञ्चालन (हटलाइन र एप्सको प्रयोग मार्फत) | सङ्ख्या | | १ | | | | १५०० | | १५०० |
| १ | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | सङ्ख्या | | १६ | ५०० | ५०० | १००० | १५०० | २००० | ५५०० |
| १ | विषयगत शाखा र उपशाखाको भौतिक स्रोत साधन व्यवस्थापन | सङ्ख्या | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम (विकास निर्माण, सेवा प्रवाह र राजस्व सङ्कलन) | पटक | | ५ | १००० | १००० | १००० | १००० | १००० | ५००० |
| १ | न्यायिक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पटक | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | सङ्ख्या | | १ | ५०० | | | | | ५०० |
| १ | सेवा प्रवाह सरलीकृत एवम् संस्थागत विकासका लागि अध्ययन-अवलोकन भ्रमण | पटक | | १ | | ५०० | | | | ५०० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | संस्थागत स्व मूल्याङ्कन तथा क्षमता विकास | पटक | | ५ | २०० | २०० | २०० | २०० | २०० | १००० |
| १ | कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धि | सङ्ख्या | | ५ | ३०० | ३०० | ३०० | ३०० | ३०० | १५०० |
| १ | नगर सभा अन्तर्गतका सबै समितिका लागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | सङ्ख्या | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यान्वयन | सङ्ख्या | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | अपाङ्गमैत्री सार्वजनिक कार्यालय व्यवस्थापन | सङ्ख्या | | १६ | ५००० | ५००० | ५००० | ५००० | ५००० | २५००० |
| १ | नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयमा नागरिक सहायता कक्ष र स्तनपान कक्ष निर्माण | सङ्ख्या | | १६ | २००० | २५०० | ३००० | ३५०० | ४००० | १५००० |
| १ | सबै सार्वजनिक कार्यालयमा डिजिटल नागरिक बडापत्र स्थापना | सङ्ख्या | | १६ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| | **संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा** | | | | **१६२००** | **१४२००** | **१५७००** | **१६२००** | **१५७००** | **७८०००** |
| | **३. वित्तीय स्रोत परिचालन** | | | | | | | | | ० |
| २ | वित्तीय संस्थाहरूसँगको समन्वयमा राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउने — (e-banking, QR Code बाट भुक्तानी) | एकमुस्ट | | | २०० | २०० | २०० | २०० | २०० | १००० |
| २ | अनलाइन भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन र कर्मचारीलाई तालिम | पटक | | १ | ५०० | | | | | ५०० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| २ | Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसँग आबद्धता र कर्मचारीलाई तालिम | पटक | | २ | | ५०० | ५०० | | | १००० |
| २ | राजस्वमा ई-टोकन प्रणाली बिकास गरी लागू गर्ने | पटक | | १७ | | २५०० | २५०० | २५०० | २५०० | १०००० |
| २ | करदाता साक्षरता अभियान सञ्चालन | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | राजस्व परामर्श समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण र क्षमता विकास | पटक | | १ | | | ५०० | | | ५०० |
| २ | Public Assets Management System (PAMS) सफ्टवेयर मार्फत जिन्सी व्यवस्थापन | सङ्ख्या | | १ | | | | १००० | | १००० |
| २ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्बन्धी तालिम | पटक | | २ | | ५०० | | | ५०० | १००० |
| २ | नगरपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | सङ्ख्या | | १ | ५०० | | | | | ५०० |
| २ | कर अभिलेख व्यवस्थापक सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | | २ | | ५०० | | ५०० | | १००० |
| २ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | जना | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| २ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पटक | | १ | | ५०० | | | | ५०० |
| २ | बेरुजू व्यवस्थापन गर्ने | | | | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| | **वित्तीय स्रोत परिचालनको जम्मा** | | | | ३७०० | ७२०० | ६२०० | ६७०० | ५७०० | २९५०० |
| | **४. योजना व्यवस्थापन** | | | | | | | | | ० |
| १ | नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन | पटक | | १० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | आयोजना बैंक निर्माणका लागि पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | सङ्ख्या | | १ | | ३००० | | | | ३००० |

| उद्देश्य नं. | कार्यक्रमहरू | एकाइ | आधार वर्ष | योजनाको कुल लक्ष्य | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा |
| १ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | सङ्ख्या | | १० | १५०० | १५०० | १५०० | २००० | २५०० | ९००० |
| १ | टोल विकास समितिको अद्यावधिक कार्यक्रम | सङ्ख्या | | ५० | २५०० | २५०० | २५०० | २५०० | २५०० | १२५०० |
| १ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम - कार्य प्रारम्भ पूर्व अनिवार्य तालिमको व्यवस्था | पटक | | २० | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पटक | | ५ | ५०० | ५०० | ५०० | ५०० | ५०० | २५०० |
| १ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पटक | | ३० | १५०० | १५०० | १५०० | १५०० | १५०० | ७५०० |
| | **योजना व्यवस्थापनको जम्मा** | | | | ७००० | १०००० | ७००० | ७५०० | ८००० | ३९५०० |

## ८.१.६ आयोजना तथा कार्यक्रमको स्थानगत विवरण तथा साङ्केतिकरण

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| | **सुशासन, ऐन नियम तथा जबाफदेहीता प्रवर्द्धन कार्यक्रम** | | | | | | |
| १ | पालिकामा रहेका टोल विकास संस्थाको क्षमता विकास | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | पालिका र मातहतका कार्यालयको सेवा प्रवाहमा टोकन प्रणाली सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | सेवा प्रवाह तथा सुशासनका लागि आवश्यक कार्यविधिको निर्माण | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | ऐन, नियम, कार्यविधि र निर्देशिका निर्माण, प्रविधीकरण तथा प्रकाशन | पालिका | सबै वडा | १६ | ८ | ३ | ३ |
| १ | सबै वडामा मेलमिलाप कक्षा व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | न्यायिक समितिको इजलास व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | विवाद मध्यस्थता, कानुनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | पालिका | सबै वडा | १६ | ८ | ३ | ३ |
| १ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | पालिकाद्वारा प्रदान गरिने सेवाको अभिलेख व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | विद्युतीय शासन प्रयोग र पहुँचमा वृद्धि | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | सामाजिक जबाफदेहीता वृद्धिका लागि (सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | जन गुनासो व्यवस्थापन गर्न उजुरी पेटिकाको व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | नागरिक वडा पत्र र सेवा प्रवाह सम्बन्धी जानकारी स्थानीय पाठ्यक्रममा राख्ने | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| १ | नगरपालिकामा सूचना अधिकारीको व्यवस्था | पालिका | कार्यपालिका | १६ | ८ | ३ | ३ |
| | **२. संस्थागत संरचना तथा मानव संसाधन विकास** | | | | | | |
| १ | पालिकाको प्रोफाइल निर्माण तथा अद्यावधिक -Preparation and update Municipal Digital Profile | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | Electronic Document Management System स्थापना र सञ्चालन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | नगरपालिकाको स्रोत नक्साङ्कन र अद्यावधिक | पालिका | सबै वडा | १७ | १० | ३ | ३ |
| १ | गुनासो सुनुवाइ कक्षको स्थापना र सञ्चालन (हटलाइन र एप्सको प्रयोग मार्फत) | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | वडा कार्यालयहरूमा सहायता कक्षको स्थापना र सञ्चालन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | विषयगत शाखा र उपशाखाको भौतिक स्रोत साधन व्यवस्थापन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | हरेक वर्ष उत्कृष्ट वडा घोषणा कार्यक्रम (विकास निर्माण, सेवा प्रवाह र राजस्व सङ्कलन) | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | न्यायिक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | पालिका | कार्यपालिका | १७ | १० | १ | ३ |
| १ | मानव संसाधन विकास एवम् संस्थागत क्षमता विकासका लागि सम्भाव्यता अध्ययन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | सेवा प्रवाह सरलीकृत एवम् संस्थागत विकासका लागि अध्ययन-अवलोकन भ्रमण | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | संस्थागत स्व मूल्याङ्कन तथा क्षमता विकास | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | कर्मचारीहरूको मनोबल र उत्प्रेरणा अभिवृद्धि | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | नगर सभा अन्तर्गतका सबै समितिका लागि छुट्टाछुट्टै बैठक कक्ष व्यवस्थापन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यान्वयन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | स्थानीय सामुदायिक संस्था क्षमता विकास तथा परिचालन कार्यक्रम | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | अपाङ्गमैत्री सार्वजनिक कार्यालय व्यवस्थापन | पालिका | कार्यपालिका | १७ | १० | १ | ३ |
| १ | नगरपालिका कार्यालय तथा सबै वडा कार्यालयमा नागरिक सहायता कक्ष र स्तनपान कक्ष निर्माण | पालिका | कार्यपालिका | १७ | १० | १ | ३ |
| १ | सबै सार्वजनिक कार्यालयमा डिजिटल नागरिक बडापत्र स्थापना | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| | **३. वित्तीय स्रोत परिचालन** | | | | | | |
| २ | वित्तीय संस्थाहरूसँगको समन्वयमा राजस्व सङ्कलनलाई थप प्रभावकारी बनाउने — (e-banking, QR Code बाट भुक्तानी) | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| २ | अनलाइन भुक्तानी प्रणालीको प्रभावकारी कार्यान्वयन र कर्मचारीलाई तालिम | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | Electronic Fund Transfer (EFT) लाई सूचना प्रविधिसँग आबद्धता र कर्मचारीलाई तालिम | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | राजस्वमा ई-टोकन प्रणाली बिकास गरी लागू गर्ने | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | करदाता साक्षरता अभियान सञ्चालन | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | राजस्व परामर्श समितिका पदाधिकारीहरूको अध्ययन भ्रमण र क्षमता विकास | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | Public Assets Management System (PAMS) सफ्टवेयर मार्फत जिन्सी व्यवस्थापन | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्बन्धी तालिम | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | नगरपालिका कर क्षेत्र सर्वेक्षण तथा प्रोफाइल निर्माण | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | कर अभिलेख व्यवस्थापक सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| २ | बेरुजू व्यवस्थापन गर्ने | पालिका | कार्यपालिका | १६ | ९ | ३ | ३ |
| | **४. योजना व्यवस्थापन** | | | | | | |
| १ | नियमित सेवाग्राही सन्तुष्टि सर्वेक्षण सञ्चालन | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | आयोजना बैंक निर्माणका लागि पूर्व संभाव्यता अध्ययन तथा डिपिआर तयारी | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |

| उद्देश्य नं. | कार्यक्रमहरू | जिम्मेवारी | स्थानगत तथा कार्यक्रम विवरण | दिविल सङ्केत | दिराल सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
|---|---|---|---|---|---|---|---|
| १ | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | टोल विकास समितिको अद्यावधिक कार्यक्रम | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम - कार्य प्रारम्भ पूर्व अनिवार्य तालिमको व्यवस्था | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | नतिजामूलक अनुगमन, मूल्याङ्कन प्रणाली तथा गुणस्तर सुदृढीकरण | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |
| १ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | पालिका | कार्यपालिका | १७ | १० | ३ | ३ |

## ८.१.७ अपेक्षित उपलब्धि तथा नतिजा खाका

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्त्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| प्रभाव | नगरपालिकाको शासन प्रणाली, समावेशी कार्यमूलक, जनमुखी, परिणाममूखी, पारदर्शी र उत्तरदायी हुनेछ | | | | | | | | | | प्रशासन शाखा, लेखा शाखा, लेखापरीक्षण प्रतिवेदन, राजस्व शाखा, वार्षिक प्रगति प्रतिवेदन, नगर प्रोफाइल | नगर कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ |
| | | कार्यपालिकाको बैठक | सङ्ख्या | १२ | २४ | ३६ | ४८ | ६० | ७२ | ७२ | | |
| | | पालिकाद्वारा स्वीकृत ऐन, कार्यविधि, नियमावली, नीति, निर्देशिका, दिग्दर्शन, नीति आदि | सङ्ख्या | १०७ | १०८ | १०९ | ११२ | ११४ | ११५ | ११५ | | |
| | | पालिका तथा वडा कार्यालय लगायत सेवा प्रवाही कार्यालयमा नागरिक बडापत्र निर्माण | सङ्ख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | | |
| | | औसत वार्षिक बेरुजू | प्रतिशत | ४.१५ | ३.५ | ३ | २.५ | २ | १.५ | १.५ | | |
| | | औसत वार्षिक पुँजीगत खर्च | प्रतिशत | ४२ | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | | आन्तरिक आय | रु. हजारमा | | | | | | | | | सुशासन कायम भएको हुने |
| असर १ | सरकारी तथा गैरसरकारी निकायहरूबाट जनताहरूले सरल र सर्वसुलभ तरिकाले सेवा प्राप्त गर्न सक्नेछन् । | सामाजिक परीक्षण | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | वार्षिक योजना तर्जुमा | सङ्ख्या | १ | २ | २ | २ | २ | ३ | ३ | | |
| | | मध्यमकालीन खर्च संरचना | सङ्ख्या | १ | २ | २ | ३ | ३ | ४ | ४ | | |
| | | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | १६ | ११ | ११ | ११ | ११ | ११ | ११ | | |
| | | पालिका तथा वार्डको सार्वजनिक सुनुवाइ | सङ्ख्या | १० | ११ | १२ | १३ | १४ | १६ | १६ | | |
| प्रतिफल | सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शिता कायम भई सर्वसाधारण जनता सुसूचित हुनेछन् । | कर्मचारी तथा जन प्रतिनिधिको कार्य प्रगतिको समीक्षा | सङ्ख्या | १ | २ | ३ | ४ | ५ | ६ | ६ | | |
| | | अनुगमन | सङ्ख्या | ३ | ५ | ७ | ९ | ११ | १३ | १३ | | |
| | | कार्यक्रमको कार्य प्रगति समीक्षा | सङ्ख्या | ४ | ८ | १२ | १६ | २० | २४ | २४ | | |
| | | अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूको सार्वजनिक सुनुवाइ | सङ्ख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | ८ | | |
| असर २ | गुणस्तरीय मानव संसाधन र सक्षम स्थानीय संस्थाहरूका माध्यमबाट पालिकाको आर्थिक सामाजिक विकास हुनेछ । | क्षमता विकास योजना | सङ्ख्या | १ | १ | २ | २ | ३ | ३ | ३ | | |
| | | कर्मचारीको कुल दरबन्दी | सङ्ख्या | ५७ | ६० | ६० | ६० | ६० | ६० | ६० | | |
| | | स्वीकृत ओएनएम प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| प्रतिफल | नगरपालिकाबाट हुने गरेका सेवाप्रवाह छिटोछरितो भई जनतालाई लाभ पुग्नेछ । | सेवाग्राहीको सन्तुष्टि स्तर | प्रतिशत | ९४ | ९५ | ९५ | ९५ | ९५ | ९५ | ९५ | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्ट्याइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | जनताको आर्थिक स्थितिमा सुधार हुने, दैनिक जीवन सञ्चालनमा सहयोग पुगेर जीवनस्तर माथि उठ्नेछ। | जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास | सङ्ख्या | २ | ३ | ४ | ५ | ६ | ७ | ७ | | |
| असर ३ | सार्वजनिक प्रशासनलाई जनताप्रति उत्तरदायी, विकासमैत्री, विद्युतीय-सुशासन युक्त र सेवामूलक बनाइनेछ । | अनलाइन सेवामा आबद्ध सुविधा | सङ्ख्या | ९ | १० | ११ | १२ | १३ | १४ | १४ | | |
| | | सफ्टवेयरमा आधारित सेवा | सङ्ख्या | ९ | १० | ११ | १२ | १३ | १४ | १४ | | |
| प्रतिफल | सूचना प्रविधिको प्रयोग र विस्तारबाट स्वचालित कार्यप्रणालीको विस्तार भएको हुनेछ । | ई-हाजीरीको व्यवस्था भएका कार्यालय | सङ्ख्या | १ | ५ | १० | १५ | २० | २५ | २५ | | |
| | | पर्याप्त विद्युतीय तथा अन्य उपकरण भएका वडा कार्यालयहरू | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| | गुणस्तरीय सेवाप्रवाह भएको हुनेछ । | आवश्यकता अनुसार सवारी साधनको व्यवस्था भएका वडा कार्यालयको सङ्ख्या | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| | | आफ्नै भवनमा कार्यालय सञ्चालन भएका वडाहरू | सङ्ख्या | १६ | १६ | १६ | १६ | १६ | १६ | १६ | | |
| | | कार्यदक्षताका आधारमा कर्मचारीहरूलाई पुरस्कार र दण्ड | सङ्ख्या | ५ | १० | १५ | २० | २५ | ३० | ३० | | |
| असर ४ | सार्वजनिक आय र व्ययलाई व्यवस्थित, पारदर्शी र अनुमानयोग्य | निर्धारित समयावधि मै बजेट | आएको/नआएको | आएको | आउने | आउने | आउने | आउने | आउने | आउने | | |
| | | वार्षिक योजना तथा कार्यक्रम विवरण वेबसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |

| नतिजा तह | नतिजा | सूचक | एकाइ | आधार वर्षको अवस्था | योजना अवधिको लक्ष्य (आर्थिक वर्ष र कुल) | | | | | जम्मा | पुस्टयाइँको स्रोत | जोखिम पक्ष तथा अनुमान |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | | | |
| | बनाई समग्र विकास प्रक्रिया प्रभावकारी हुनेछ । | आय-व्ययको अद्यावधिक विवरण वेबसाइटमा | राखिएको/ नराखिएको | राखिएको | राखिने | राखिने | राखिने | राखिने | राखिने | राखिने | | |
| प्रतिफल | वार्षिक खरिद योजना समयमै तयार भई खरिद कार्य भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । | वार्षिक खरिद योजना | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक लेखापरीक्षण प्रतिवेदन | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था | सङ्ख्या | १ | १ | १ | १ | १ | १ | १ | | |
| | | समयमा फछ्यौंट भएका वार्षिक योजना | प्रतिशत | ८० | ८५ | ८८ | ९० | ९५ | १०० | १०० | | |

### ८.१.८ अनुमान तथा जोखिम पक्ष

नगर कार्यपालिकाको संस्थागत क्षमता विकास भएको हुने, मानव संसाधन विकास, पारदर्शीता, तथा सामाजिक जबाफदेहीता वृद्धि भइ सुशासन कायम भएको हुने ।

- सुशासनका औजारहरू र निर्माण भएका सम्बन्धित कानुनहरूको प्रयोग प्रभावकारी रूपमा हुन सकेन भने सुशासन सम्बन्धी कार्यक्रमहरू पनि प्रभावकारी नहुन सक्छन्, कार्यान्वयनमा चुनौती आउन सक्छ ।
- आवश्यकता अनुसारको बजेट अभावमा सुशासनका औजारहरू उपयोग नहुन सक्छन् ।
- प्राकृतिक प्रकोप वा मानव जन्य प्रकोपका कारण सुशासन तथा संस्थागत विकाससँग सम्बन्धित कामहरूले निरन्तरता नपाउन सक्छन् ।
- स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको छिटो छिटो सरुवा हुने, जनप्रतिनिधि र कर्मचारीहरू बीच बलियो सम्बन्ध नहुने, प्रमुख र उपप्रमुख बीच सम्बन्ध कमजोर हुने जस्ता परिस्थितिहरू तथा कारणहरू सिर्जित भएमा संस्थाभित्र सुशासन तथा संस्थागत विकासका कार्यक्रमहरू कार्यान्वयन गर्न सहज नहुन सक्छ ।

# परिच्छेद ९: कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

रत्ननगर नगरपालिकाले नगरपालिकाको योजनाबद्ध विकासका लागि नगरपालिकाका विभिन्न प्रतिवेदनहरू, तथ्यहरूको विश्लेषण, सरोकारवाला तथा वडाबासीसँगको अन्तरक्रियाबाट यस प्रथम आवधिक योजना तयार गरेको छ । यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा विषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएको छ । योजना तर्जुमाको क्रममा नगरपालिकाले नेपाल सरकारको सोह्रौं योजना तथा बागमती प्रदेशको दोस्रो योजनाको अवधारण पत्रलाई समेत आधारको रूपमा लिएको छ । नगरपालिकाले आवधिक योजनालाई तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागीतामूलक ढङ्गबाट नतिजा खाका तयार गरेको छ । यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएको छ ।

आवधिक योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक, विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै, राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठूलो भूमिका हुन्छ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

प्रमुख प्रशासकीय अधिकृत नगरपालिका प्रमुख प्रति उत्तरदायी रहने व्यवस्था छ भने निजले नगर सभाको सचिवको हैसियतले समेत कार्य गर्ने भएकाले निज नगरसभा प्रति समेत उत्तरदायी हुनुपर्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा उद्योग विकास, पशु, कृषि, प्राविधिक, आ.ले.प., सामाजिक विकास, शिक्षा, योजना, स्वास्थ्य, प्रशासन,सूचना प्रविधि, र लेखा शाखा  र आन्तरिक लेखा परीक्षण एकाइको संस्थागत व्यवस्था गरिएको छ ।

नेपाल सरकारबाट सिफारिस सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी लागू गरी प्रशासनिक तथा विषयगत सेवा प्रवाहको व्यवस्था मिलाइएको छ । न्यायिक समिति, विधान समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरू गठन भई क्रियाशिल रहेका छन् नगर कार्यपालिका कार्यालयमा शाखा, उपशाखा, एकाइ/सेवा केन्द्रहरू स्थापना भई सुचारु रहेका छन् । कर्मचारीले नगरपालिकाको कामलाई चुस्त दुरुस्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको पाइन्छ । प्राप्त तथ्याङ्क अनुसार, यस नगरपालिकामा कर्मचारीको कुल दरबन्दी २३५ जना रहेकोमा दरबन्दी अनुसारका कर्मचारीहरूको पदपूर्ति १०० प्रतिशत रहेको छ । मानव संसाधनको विकासका लागि नगरपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम तथा भ्रमणको व्यवस्था गर्ने गरिएको छ । जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकासको लागि २ पटक क्षमता

विकास तालिम प्रदान गरिएको छ भने अन्य आम समुदायका युवा, महिला, कृषकहरूका क्षमता अभिवृद्धिका लागि लक्षित वर्गका कार्यक्रमहरूमा समेट्दै आएको छ ।

## ९.३ विषयक्षेत्रअनुसार अनुमानित बजेट

यस आवधिक योजनामा विभिन्न ५ वटा विषयगत क्षेत्रहरू तथा नगर गौरवका आयोजनाका निर्धारित कार्यक्रमहरूका लागि आवश्यक लागतको अनुमान गरिएको छ । प्रस्तुत कार्यक्रम तथा बजेट नगरपालिकाको आवश्यकताको अनुमान, नगरपालिका अन्तर्गतका सम्बन्धित विषयगत समितिका प्रतिनिधि तथा शाखाका कर्मचारी र सरोकारवालाहरू सँगको छलफल, अन्तरक्रिया र कार्यशाला तथा वडास्तरीय छलफलबाट प्रस्ताव गरिएको हो । यसरी तय गरिएको आवश्यक लागत नगरपालिकाको आन्तरिक आय, सङ्घ तथा प्रदेशबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान, गैसस तथा दातृ निकायहरूबाट हुन सक्ने सहयोग, निजी क्षेत्रबाट हुन सक्ने लगानी र जनसहभागिता स्वरूप प्राप्त हुन सक्ने परिमाणहरूलाई अनुमानका आधारमा निर्धारण गरिएको छ ।

**तालिका १६: विषयक्षेत्रअनुसार अनुमानित बजेट**

| कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | विषयगत बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| **नगर गौरवको योजनाको जम्मा** | **१०६०००** | **१२५५००** | **४७०००** | **५३५००** | **५५०००** | **३८७०००** | |
| **आर्थिक विकास** | **१२४५००** | **१३९०००** | **१७५९००** | **१८३८००** | **१९४९००** | **८१८१००** | **२०.३६** |
| कृषि तथा पशुपालन विकासको जम्मा | ५१५०० | ५०३०० | ७४००० | ७१७०० | ८६५०० | ३३४००० | ८.३१ |
| सिँचाइको जम्मा | २९००० | ३६००० | ३८००० | ४८००० | ४८००० | १९९००० | ४.९५ |
| पर्यटनको जम्मा | २०५०० | २८५०० | ३७५०० | ३३५०० | २३५०० | १४३५०० | ३.५७ |
| उद्योग, व्यापार, व्यवसाय तथा आपूर्तिको जम्मा | १४००० | १३५०० | १४५०० | १७५०० | २२६०० | ८२१०० | २.०४ |
| श्रम रोजगारी तथा सामाजिक सुरक्षाको जम्मा | ९५०० | १०७०० | ११९०० | १३१०० | १४३०० | ५९५०० | १.४८ |
| **सामाजिक विकास** | **१५०६००** | **१६७१००** | **१९००००** | **२०८२००** | **२६९७००** | **९८५६००** | **२४.५३** |
| स्वास्थ्य तथा पोषणको जम्मा | २९००० | ३२८०० | ३५५०० | ४३२०० | ५६००० | १९६५०० | ४.८९ |
| शिक्षा, विज्ञान तथा नवप्रवर्तनको जम्मा | ४०७०० | ४३२०० | ४३२०० | ४३२०० | ८०७०० | २५१००० | ६.२५ |
| खानेपानी तथा सरसफाइको जम्मा | १३८०० | १४३०० | २४३०० | २४३०० | २४८०० | १०१५०० | २.५३ |
| महिला, बालबालिका तथा लक्षित वर्गको | २४७०० | २४३०० | २४४०० | २४८०० | २५३०० | १२३५०० | ३.०७ |
| युवा तथा खेलकुदको जम्मा | ४२४०० | ५२५०० | ६२६०० | ७२७०० | ८२९०० | ३१३१०० | ७.७९ |
| **पूर्वाधार विकास** | **२१३०००** | **२४८०००** | **३४३०००** | **४५४०००** | **४५१२००** | **१७०९२००** | **४२.५३** |

| कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य रु. हजारमा | | | | | | विषयगत बजेट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौं आ.व. | जम्मा | |
| आवास, बस्ती विकास तथा सार्वजनिक निर्माणको जम्मा | २४००० | ४६००० | ६१००० | ७९००० | ९२००० | ३०२००० | ७.५२ |
| सडक तथा यातायातको जम्मा | १७१५०० | १८१५०० | २६१५०० | ३५६५०० | ३४१५०० | १३१२५०० | ३२.६६ |
| जलस्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा | ११५०० | ११५०० | ११५०० | ११००० | १०२०० | ५५७०० | १.३९ |
| सूचना, सञ्चार तथा प्रविधिको जम्मा | ६००० | ९००० | ९००० | ७५०० | ७५०० | ३९००० | ०.९७ |
| **वन वातावरण तथा विपद व्यवस्थापन** | **५६८००** | **६२०००** | **६४८००** | **६६१००** | **६८३००** | **३१८०००** | **७.९१** |
| वन तथा जैविक विविधताको जम्मा | ९३०० | ९३०० | ९३०० | ९३०० | ९३०० | ४६५०० | १.१६ |
| भूमि तथा जलाधार व्यवस्थापनको जम्मा | ३२५०० | ३३५०० | ३४५०० | ३५५०० | ३६५०० | १७२५०० | ४.२९ |
| वातावरण तथा फोहरमैला व्यवस्थापनको जम्मा | ५००० | ५२०० | ५५०० | ५८०० | ६००० | २७५०० | ०.६८ |
| विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशीलताको जम्मा | १०००० | १४००० | १५५०० | १५५०० | १६५०० | ७१५०० | १.७८ |
| **सेवा प्रवाह तथा संस्थागत विकास** | **३५७००** | **३९३००** | **३६७००** | **३९०००** | **३७०००** | **१८७७००** | **४.६७** |
| सुशासन, ऐन नियम तथा जबाफदेहीताको जम्मा | ८८०० | ७९०० | ७८०० | ८६०० | ७६०० | ४०७०० | १.०१ |
| संस्थागत संरचना तथा मानव संसाधन विकासको जम्मा | १६२०० | १४२०० | १५७०० | १६२०० | १५७०० | ७८००० | १.९४ |
| वित्तीय स्रोत परिचालनको जम्मा | ३७०० | ७२०० | ६२०० | ६७०० | ५७०० | २९५०० | ०.७३ |
| योजना व्यवस्थापनको जम्मा | ७००० | १०००० | ७००० | ७५०० | ८००० | ३९५०० | ०.९८ |
| **विषय क्षेत्रगत कूल बजेट अनुमान** | **५८०६००** | **६५५४००** | **८१०४००** | **९५११००** | **१०२११००** | **४०१८६००** | **१००.००** |
| **गौरवका योजना सहितको कूल बजेट अनुमान** | **६८६६००** | **७८०९००** | **८५७४००** | **१००४६००** | **१०७६१००** | **४४०५६००** | |

नगर विकास योजना अवधिको लक्ष्य प्राप्तिका लागि कुल लागत बजेट **रू. ९ अर्ब ३६ करोड ७१ लाख** अनुमान गरिएको छ । नगर गौरवका आयोजना कार्यान्वयनका लागि कुल लगानी रकमको करिब **८.७८ प्रतिशत** बजेट अनुमान गरिएको छ भने विषय क्षेत्र अन्तर्गत सबै भन्दा बढी पूर्वाधार क्षेत्र विकासका लागि करिब **४२.५३ प्रतिशत** बजेट लागत अनुमान गरिएको छ । त्यसैगरी, सामाजिक विकासका लागि **२४.५३ प्रतिशत**, आर्थिक विकासका लागि **२०.३६ प्रतिशत**, वन वातावरण तथा विपद् व्यवस्थापनका लागि **७.९१ प्रतिशत** र सुशासन तथा संस्थागत क्षेत्र विकासका लागि **४.६७ प्रतिशत** खर्च हुने अनुमान गरिएको छ ।

## ९.४ स्रोत अनुमान तथा प्रक्षेपण

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तद्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक स्रोत र सङ्घ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक स्रोत परिचालनका लागि निजी क्षेत्र, सहकारी, गैरसरकारी सङ्घ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी सङ्घ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरू सँगको सहकार्य र साझेदारी महत्त्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढी प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिलाई विशेष जिम्मेवारी दिइएको छ ।

### ९.४.१ राजस्व परिचालनको अवस्था

रत्ननगर नगरपालिकाको नेतृत्वमा तर्जुमा भएको पञ्चवर्षीय आवधिक नगर विकास योजना नगर विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा नगरपालिकाले आन्तरिक र बाह्य स्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ ।

आ.व. २०७९।८० को यथार्थ आय **रू. १ अर्ब १८ करोड** रहेको छ । गत आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी कम्तीमा पनि वार्षिक १० प्रतिशतका दरले आय वृद्धि हुन सक्ने आधारमा ५ वर्षको कुल अनुमानित आय गणना गर्दा नगरपालिकाको कुल अनुमानित आय करिब **रु. ९ अर्ब २ करोड ९ लाख** हुने देखिन्छ । गत वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा नगरपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत करहरू तथा शुल्कबाट (सम्पत्ति कर, व्यवसाय कर, सिफारिस शुल्क) राजस्व सङ्कलन हुने गरेको छ । आन्तरिक स्रोतको योगदान गत आ.व.मा कुल बाह्य आयको **३६.६६ प्रतिशत** रहेको छ । नगरपालिकाको आन्तरिक आय आ.व. ०७८/७९ भन्दा आ.व. ७९/८० मा सामान्य रूपले मात्रै वृद्धि भएको देखिन्छ । त्यसैगरी बाह्य स्रोतबाट आएको राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमको कुल आयमा **६३.३४ प्रतिशत** योगदान रहेको छ । बाह्य स्रोतको आय पछिल्लो वर्षमा भन्दा केही प्रतिशतले बढेको देखिन्छ ।

**तालिका १७: राजस्व परिचालनको अवस्था**

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०७९/०८० को यथार्थ | रकम | ११५००० | १९८७०० | ० | ३१३७०० |
| | प्रतिशत | ३६.६६ | ६३.३४ | ० | १००.०० |

| आ.व. (रकम रु. हजारमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | जम्मा |
|---|---|---|---|---|---|
| आ.व. ०८०/०८१ को अनुमानित | रकम | १२०००० | २०८११२ | ० | ३२८११२ |
| | प्रतिशत | ३६.५७ | ६३.४३ | ० | १००.०० |

*स्रोतः नगरपालिका कार्यालय, लेखा शाखा*

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

नगरपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. २०७९/०८० को व्यय विवरणअनुसार चालू खर्च कूल खर्चको करिब **६५ प्रतिशत** रहेको छ भने पुँजीगत खर्च **३५ प्रतिशत** रहेको छ । नगरपालिकाको विगतका वर्षको व्यय विवरणको तुलनामा यस आ.व.मा चालू खर्च बढेको अवस्थामा छ भने आ.व. ०७९/०८० मा चालू खर्च विगत वर्षको तुलनामा कम रहेको छ । त्यसैगरी पुँजीगत तर्फ हुने खर्च भने कुल खर्चको अनुपातमा यस आ.व.मा कम भएको देखिन्छ ।

**तालिका १८ः खर्च बाँडफाँटको प्रक्षेपण**

| क्र. सं. | विवरण | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | **बजेटको वर्गीकरण** | | | | | | | |
| १.१ | चालू खर्च | **८६९२२७** | **८०४७६०** | **८८९०३१** | **९८२२९९** | **१०८५५४७** | **११९९८७४** | **४९६१५११** |
| १.२ | पुँजीगत खर्च | **४६८०४६** | **६५८४४०** | **७२७३८९** | **८०३६९९** | **८८८१७५** | **९८१७१५** | **४०५९४१८** |
| | **जम्मा बजेट** | **१३३७२७३** | **१४६३२००** | **१६१६४२०** | **१७८५९९७** | **१९७३७२२** | **२१८१५८९** | **९०२०९२९** |
| २ | **खर्चको क्षेत्रगत बाँडफाँट** | | | | | | | |
| २.१ | आर्थिक विकास | | १२४५०० | १३९००० | १७५९०० | १८३८०० | १९४९०० | ८१८१०० |
| २.२ | सामाजिक विकास | | १५०६०० | १६७१०० | १९०००० | २०८२०० | २६९७०० | ९८५६०० |
| २.३ | पूर्वाधार विकास | | २१३००० | २४८००० | ३४३००० | ४५४००० | ४५१२०० | १७०९२०० |
| २.४ | वन वातावरण तथा विपद् व्यवस्थापन | | ५६८०० | ६२००० | ६४८०० | ६६१०० | ६८३०० | ३१८००० |
| २.५ | संस्थागत विकास तथा सुशासन | | ३५७०० | ३९३०० | ३६७०० | ३९००० | ३७००० | १८७७०० |
| २.६ | गौरवका योजना | | **१०६०००** | **१२५५००** | ४७००० | **५३५००** | **५५०००** | **३८७०००** |
| | **जम्मा बजेट** | | ६८६६०० | ७८०९०० | ८५७४०० | १००४६०० | १०७६१०० | ४४०५६०० |

*स्रोतः नगरपालिका कार्यालय, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल*

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक नगर विकास योजना कार्यान्वयनका लागि कुल लगानी वजेट **रू. ९ अर्ब ३६ करोड ७१ लाख** अनुमान गरिएको छ । सरकारी क्षेत्रबाट करिब ९७ प्रतिशत अर्थात् **रू. ९ अर्ब २ करोड ९ लाख** प्राप्त हुने अनुमान रहेकोमा बाँकी रकम अन्य क्षेत्रबाट प्राप्त हुने प्रक्षेपण गरिएको छ । आ.व. २०७९/०८० को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८१/८२ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको नगरपालिकाको अनुमानित आय **रु. ९ अर्ब २ करोड ९ लाख** देखिन्छ । यसरी कुल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब **रू. ३४ करोड ६१ लाख ८२ हजार** (३.७० प्रतिशत) बजेट अपुग देखिन्छ ।

**तालिका १९: अपुग स्रोत व्यवस्थापन**

| क्र.सं. | शीर्षक | आर्थिक वर्ष र अनुमानित रकम रू. हजारमा | | | | | बजेट (रू.हजारमा) |
|---|---|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | कूल स्रोत परिचालन | १४६३२०० | १६१६४२० | १७८५९९७ | १९७३७२२ | २१८१५८९ | ९०२०९२९ |
| २ | कूल चालू | ८०४७६० | ८८९०३१ | ९८२२९९ | १०८५५४७ | ११९९८७४ | ४९६१५११ |
| ३ | कूल पुँजीगत | ६५८४४० | ७२७३८९ | ८०३६९९ | ८८८१७५ | ९८१७१५ | ४०५९४१८ |
| ४ | कूल लगानी अनुमान | ५८०६०० | ६५५४०० | ८१०४०० | ९५११०० | १०२११०० | ४०१८६०० |
| ५ | नगर गौरवका योजना | १०६००० | १२५५०० | ४७००० | ५३५०० | ५५००० | ३८७००० |
| ६ | **स्रोतको न्यूनता** | **-२८१६०** | **-५३५११** | **-५३७०१** | **-११६४२५** | **-९४३८५** | **-३४६१८२** |

## ९.५ स्रोत परिचालन रणनीति

रत्ननगर नगरपालिकाको आवधिक **नगर विकास योजना (आ.व. २०८०/०८१देखि २०८४/०८५ सम्म)** का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । नगर कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा नगरपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कुल **रू. ९ अर्ब ३६ करोड ७१ लाख** खर्च हुने अनुमान गरिएको छ भने करिब **रु. ९ अर्ब २ करोड ९ हजार** (९६.३० प्रतिशत) विभिन्न सरकारी स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कुल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब **रू. ३४ करोड ६१ लाख ८२ हजार** (३.२८

प्रतिशत) बजेटका लागि नगरपालिकाले थप स्रोत परिचालन गर्नुपर्ने हुन्छ । सोको लागि नगरपालिकाले निम्नानुसारका रणनीतिहरू अवलम्बन गरी स्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ :

यस आवधिक नगर विकास योजना अवधिमा नगरपालिकाले तर्जुमा गर्ने वार्षिक नगर विकास योजनाहरू यस योजनाका लक्ष्य तथा उद्देश्यसँग तादत्म्यता हुने गरी तर्जुमा गरिने छ, जसले गर्दा योजना अवधिमा कार्यान्वयन हुने कार्यक्रम तथा बजेटले पूर्णरूपमा यस आवधिक नगर विकास योजनाको लक्ष्य उद्देश्य प्राप्तिमा योगदान गर्ने अपेक्षा गरिएको छ ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक नगर विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमबाट नगरमा आउने रकमलाई नगरस्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

१. गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
२. अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी नगरपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
३. स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
४. सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
५. नगर क्षेत्रभित्र राष्ट्रिय र प्रदेश स्तरीय महत्त्वका योजनाहरू छनोट र कार्यान्वयन गर्न नगरपालिकाले सङ्घ र प्रदेश सरकारसँग पहल गरी ठूला आयोजनामा नगरपालिकाको लगानी न्यूनीकरण गरिनेछ ।
६. नगरपालिकाको राजस्व परिचालन क्षमता विस्तार तथा स्थानीय श्रम, स्रोत र साधन परिचालन र जनसहभागिता वृद्धि गरी नगरपालिकाको स्रोत वृद्धि गरिनेछ ।
७. मन्दिर, गुम्बा लगायत साङ्स्कृतिक सम्पदाको पुनर्निर्माणमा निजी क्षेत्र, समुदाय र सम्भावित स्थलहरूमा पुरातत्त्व विभागको सहभागिता वृद्धि गरिनेछ ।
८. स्थानीय सरकारलाई प्राप्त ऋण लिने अधिकारको उपयोग गरी थप सम्भाव्यताको आधारमा ऋण समेत परिचालन गरिनेछ ।
९. आन्तरिक राजस्व परिचालनलाई थप प्रभावकारी बनाइनेछ ।

## ९.६ आवधिक योजना कार्यान्वयन

### ९.६.१ योजना कार्यान्वयन

यो आवधिक योजनालाई दीर्घकालीन सोच उन्मुख रही आगामी पाँच वर्षको वार्षिक नीति तथा कार्यक्रम मार्फत कार्यान्वयन गरिनेछ । योजनाको मध्यावधि मूल्याङ्कनका आधारमा यसका नीति, कार्यक्रम र प्राथमिकताहरूमा समयोचित परिमार्जन गरिनेछ । रत्ननगरको विकास नगरपालिका वा सरकारी क्षेत्रको एकल प्रयासले मात्र संभव छैन । त्यसैले यो योजना कार्यान्वयनमा निम्नानुसारकाअनुसार विभिन्न क्षेत्रको भूमिका अपेक्षा गरिएको छ :

**(क) सरकारी क्षेत्र**

यस आवधिक योजनालाई कार्यान्वयन गराउने प्रमुख भूमिका सरकारी क्षेत्र अर्थात् नगरपालिकाको हो । नगरपालिकाले नै सबै क्षेत्रसँगको समन्वय र साझेदारीमा योजना कार्यान्वयन गराउनेछ । नगरपालिकाले निजी क्षेत्रलाई आकर्षित गर्न सङ्घीय र प्रदेश सरकार समेतको सहयोगमा पूर्वाधार विकास गरी विकासको आधार तयार गर्ने, नीतिगत, कानुनी, संरचनागत तथा प्रक्रियागत सुधार गरी निजी क्षेत्रलाई लगानी मैत्री वातावरण तयार गर्ने र सोअनुसार प्रभावकारी अनुगमन र नियमन गर्ने कार्य गर्नेछ । मौलिक हक अधिकार र मानव अधिकार संरक्षण, गरिबी निवारण, शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास, महिला पिछडिएका वर्गको संरक्षण र विकास, समावेशीता, वातावरण संरक्षण, सामाजिक सुरक्षा, आदि निजी क्षेत्र आकर्षण नहुने क्षेत्र र सरकारको भूमिका नभइनहुने क्षेत्रमा नगरपालिका आफैले कार्यक्रम कार्यान्वयन गर्नेछ ।

**(ख) निजी क्षेत्र**

यो योजना कार्यान्वयनमा निजीक्षेत्रले महत्त्वपूर्ण साझेदारको रूपमा भूमिका खेल्ने अपेक्षा गरिएको छ । विशेष गरी कृषि तथा पशु विकास, उद्योग, पर्यटन तथा विभिन्न सेवा क्षेत्रमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुनेछ । सरकारबाट भएको नीतिगत, कानुनी र संरचनागत सुधारको लाभ लिई प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने, आय र रोजगारीका अवसर सृजना गर्ने, गुणस्तरीय उत्पादन र बजारीकरण गर्ने, बजारमा अत्यावश्यक वस्तु तथा सेवाको अभाव हुन नदिने, जिम्मेवारी र दायित्व बोधका साथ नियमित कर तथा अन्य राजस्व बुझाउने जस्ता महत्त्वपूर्ण भूमिकाको अपेक्षा निजी क्षेत्रबाट गरिएको छ । यस क्षेत्रबाट करिब **१.३३ प्रतिशत** लगानी हुने अपेक्षा गरिएको छ ।

**(ग) सहकारी क्षेत्र**

सहकारीले संस्थामा आबद्ध सदस्यहरूको आर्थिक, सामाजिक र साङ्स्कृतिक समृद्धि हासिल गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ । स-साना बचत र ऋण परिचालन गर्न, स्थानीय समुदायलाई सङ्गठित रूपमा आर्थिक सामाजिक विकासमा परिचालन गर्न, स्थानीय स्रोत र साधनको उपयोग गर्न, सहकारिताको धारणा अभिवृद्धि गर्न सहकारी संस्थाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । नगरपालिकाले उद्यम विकास, रोजगारी सृजना, समावेशी

आर्थिकवृद्धि, गरिबी निवारण आदिमा सहकारी क्षेत्रको विशेष भूमिका अपेक्षा गरी यस क्षेत्रबाट योजना अवधिमा **०.५३ प्रतिशत** लगानी प्रक्षेपण गरिएको छ ।

**(घ) गैह सरकारी क्षेत्र (गैसस)**

समूह परिचालन, सचेतनामूलक कार्यक्रम, स-साना पूर्वाधार विकास, समुदायमा आधारित सेवा प्रवाह, लैङ्गिक तथा सामाजिक सशक्तिकरण, समूह बचत तथा ऋण परिचालन, स-साना आयमूलक कार्यक्रम सञ्चालन, रोजगारी सृजना, नीतिगत पृष्ठपोषण आदि कार्यमा गैससले नगरपालिकासँग महत्त्वपूर्ण साझेदारको रूपमा काम गर्दै आएका छन् । आफ्ना वैशिष्ट्यका क्षेत्रमा गैससले प्रमुख साझेदारको रूपमा काम गर्ने अपेक्षाका साथ यस क्षेत्रबाट **०.३३ प्रतिशत** लगानी हुने अनुमान गरिएको छ ।

**(ङ) उपभोक्ता समूह, नागरिक समाज र सामुदायिक सङ्घ संस्था**

विकास प्रदायकले जतिसुकै प्रयास गरे तापनि यसका प्रापक अर्थात् उपभोक्ताको सहभागिता, सहयोग, सहकार्य र अपनत्व ग्रहण भई दिगो व्यवस्थापन नगरे सम्म विकासलाई गति दिन सम्भव छैन । त्यसकारण यिनीहरूबाट विकास कार्यमा व्यापक सहयोग सहभागिता र निगरानी हुने अपेक्षा गरिएको छ । विकास कार्यमा उपभोक्ता समूह र स्थानीय समुदायको योगदान **०.७५ प्रतिशत** हुने अनुमान गरिएको छ ।

### ९.६.२ कार्यान्वयन प्रक्रिया

**(क) सूची तयारी**

नगरपालिकाले आवधिक योजनाले निर्धारण गरेका प्राथमिकताका कार्यक्रमहरू आफैले कार्यान्वयन गर्ने, सङ्घीय सरकारबाट कार्यान्वयन हुने, प्रदेश सरकारबाट कार्यान्वयन हुने, तीनै तहका सरकारबाट संयुक्त लगानीमा कार्यान्वयन हुने, प्रदेश वा सङ्घ सरकारको साझेदारीमा कार्यान्वयन गर्ने, अन्य स्थानीय सरकारको साझेदारीमा सञ्चालन हुने, गैसस तथा अन्तरराष्ट्रिय गैसस मार्फत कार्यान्वयन हुने, विकास साझेदारबाट कार्यान्वयन हुने तथा निजी क्षेत्रबाट कार्यान्वयन गरिने छुट्टा छुट्टै सूची तयार गर्नेछ ।

**(ख) छलफल एवं अन्तरक्रिया**

सूची तयार गरेपछि निजीक्षेत्र, गैसस, सहकारी क्षेत्र र सामुदायिक क्षेत्रले सञ्चालन गर्ने कार्यका लागि नगरपालिकाले सम्बन्धित क्षेत्रहरूसँग छलफल र अन्तरक्रिया गरी लगानी गर्न सहयोग एवं सहजीकरण गर्नेछ । छलफल र अन्तर्क्रियालाई नियमित गराई उनीहरूलाई सरकारको असल सहयोगीको रूपमा विकास गर्दै लगिनेछ ।

**(ग) मध्यमकालीन खर्च संरचना तयारी**

नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमलाई आवधिक योजना र वार्षिक कार्यक्रम बीच अन्तर्सम्बन्ध स्थापित गर्न तथा योजनाको प्राथमिकीकरण गर्दै प्राथमिकता प्राप्त आयोजनाहरूमा लगानी सुनिश्चित गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरी वार्षिकरूपमा परिमार्जन गर्दै लगिनेछ । मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको योजना र बजेटको प्राथमिकताका आधारमा क्रमशः योजनाहरू कार्यान्वयन गर्दै लगिनेछ ।

**(घ) नतिजामा आधारित अनुगमन ढाँचाअनुसार वार्षिक समीक्षा**

आवधिक योजनासँग वार्षिक योजनाको अन्तरसम्बन्ध स्थापित गरी कार्यान्वयन गर्न वार्षिक कार्यक्रमसँग निम्न तालिका संलग्न गरी स्वीकृत गरिने व्यवस्था गरिनेछ । कार्यक्रम सञ्चालन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, खरिद नियमावली लगायत अन्य सम्बन्धित ऐन नियम अन्तर्गत रही योजनाको प्रकृतिअनुसार ठेक्का, करार, अमानत वा उपभोक्ता समितिमध्ये उपयुक्त माध्यमबाट गरिनेछ । त्यसैगरी गैसस तथा विकास साझेदारहरूसँगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित निकायसँग गरेको सम्झौता बमोजिम कार्यान्वयन गरिनेछ (अनुसूची १)।

## ९.७ अनुगमन तथा मूल्याङ्कन योजना

नगरपालिकाले अनुगमन कार्य योजना बनाई नियमित रूपमा नतिजा सूचकमा आधारित भई सहभागितामूलक प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गर्नेछ । अनुगमनमा संलग्न हुने जनप्रतिनिधि एवं कर्मचारीहरूको क्षमता विकास गरिनेछ । अनुगमनका लागि आवश्यकताअनुसार सरोकारवालाहरू र तेस्रो पक्ष समेतलाई सहभागिता गराइनेछ । नतिजा सूचकमा आधारित अनुगमन खाका तयार गरी सोहीअनुसार नियमित अनुगमन, वार्षिक समीक्षा, मध्यावधि तथा अन्तिम मूल्याङ्कन गरिनेछ । नगरपालिकाले देहायको उद्देश्य प्राप्तिका लागि अनुगमन गर्नेछ :

- कार्यतालिकाअनुसार काम भए नभएको यकीन गर्न ।
- तोकिएको कामको समय, लागत र गुणस्तर कायम गर्न ।
- कार्यान्वयनको क्रममा भएका गल्ती वा कमजोरी तत्काल सुधार गर्न ।
- डिजाइन वा कार्यान्वयनमा भएका गल्ती सुधार गरी सार्वजनिक कोषको अपव्यय हुनबाट रोक्न ।

नगरपालिकाले देहायअनुसार अनुगमन गर्नेछ :

- निरन्तर अनुगमन,
- दिगोपनाको अनुगमन ।

नगरपालिकाले देहायका आयोजनाहरूको अनुगमन गर्नेछ :

- नगरपालिकाबाट स्वीकृत कार्यक्रम वा आयोजनाहरू,

- नगरपालिकाबाट लगानी भएका आयोजनाहरू,
- नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त स्रोत साधनमार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिका क्षेत्रभित्र गैरसरकारी संस्था मार्फत सञ्चालित आयोजनाहरू,
- नगरपालिकाले आवश्यक ठानेका अन्य आयोजनाहरू ।

### ९.७.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चिततालागि अनुगमन तथा त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागतअनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्कनको व्यवस्था हुनुपर्दछ । अनुगमन एउटा निरन्तर चलिरहने प्रक्रिया हो, जो आयोजना कार्यान्वयनको चरणमा गरिन्छ, यसको मुख्य उद्देश्य चालू परियोजनाको प्रगति र ढिलासुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई परियोजनालाई सही बाटोमा हिँडाउनु हो ।

### ९.७.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

अनुगमनमा देहायका तरिकाहरू अपनाइनेछ :

- नियमित प्रतिवेदन लिएर,
- स्थलगत अवलोकन गरेर,
- सरोकारवालाहरू सँग छलफल गरेर,
- नागरिक समाजका संस्थाहरू परिचालन गरेर (मिडिया आदि),
- सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता विधिहरू मार्फत ।

अनुगमनमा देहायका पदाधिकारीहरू संलग्न रहने छन् :

- स्थानीय तहको कार्य विभाजन नियमावलीले तोकेको पदाधिकारी,
- उप प्रमुख (स्थानीय सरकार सञ्चालन ऐन २०७४),
- अनुगमन तथा सुपरिवेक्षण समितिका सदस्यहरू,
- प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित शाखा प्रमुख (नियमित कार्य),
- वडा स्तरीय आयोजनाको हकमा वडाध्यक्ष र सदस्यहरू ।

नगरपालिका स्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिमा देहायका पदाधिकारीहरू रहने छन् :

- उप प्रमुख — संयोजक

- प्रमुखले तोकेका एक जना महिला सहित कार्यपालिकाका सदस्यहरू मध्येबाट — सदस्य (दुई जना)
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- प्रमुख, योजना शाखा — सदस्य सचिव

*आवश्यकताअनुसार कार्यपालिकाका अन्य सदस्य तथा विषय विज्ञलाई आमन्त्रण गर्न सकिने ।*

देहायको अनुगमन कार्ययोजना बनाई लागू गरिनेछः

- कार्यपालिकामा एकीकृत कार्यान्वयन कार्ययोजना पेश गरेको १५ दिनभित्र अनुगमन तथा सुपरिवेक्षण समितिबाट आफ्नो वार्षिक अनुगमन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ,
- अनुगमन तथा सुपरिवेक्षण समितिले गरेको कामको प्रतिवेदन प्रत्येक २ महिनामा कार्यपालिकाको बैठकमा पेश गरी छलफल गरिनेछ । समितिले समाधान गर्न नसकेका समस्याहरूलाई यस बैठकबाट सम्बोधन गरिनेछ ।

वडास्तरीय कार्यक्रमहरूको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ :

- सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक
- वडा सदस्यहरू — सदस्य
- वडा सचिव — सदस्य सचिव

आवश्यक परे कार्यपालिकाका अन्य सदस्य तथा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

### ९.७.३ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

योजना अवधि समाप्त भएपछि कार्यपालिकाले तोकेका आयोजनाको तेस्रो पक्षद्वारा देहायका सूचना प्राप्त गर्न प्रभाव मूल्याङ्कन गरिनेछ :

- योजनाको लक्ष्य बमोजिम प्रगति भए नभएको,
- लाभग्राहीमा योजनाका नतिजाले पारेको प्रभाव,
- आगामी योजना तर्जुमाको लागि पृष्ठपोषण,
- योजना तर्जुमा र कार्यान्वयन विधिमा आवश्यक परिमार्जन गर्न,
- योजनाबाट प्राप्त हुने फाइदालाई अधिकतम बनाउन ।

आवधिक तथा वार्षिक नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनुपर्नेछ :

**तालिका २०: अनुगमन तथा मूल्याङ्कन खाका**

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| | | **अनुगमन प्रक्रिया** | | |
| कार्यक्रम वा प्रक्रिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस | आवश्यकता अनुसार मासिक, चौमासिक र वार्षिक | स्थलगत अनुगमन वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>बृहत योजनाको कार्यान्वयन योजनाको वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन | अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नगरपालिका समक्ष कार्ययोजना पेश गर्ने |
| प्रतिफल अनुगमन | नगरकार्यपालिका, परिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुनेदेखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरीप्रतिवेदन पेश गर्ने | |
| असर तह अनुगमन | नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम वर्ष | लक्षित समूह तथा सहभागितामूलक छलफल<br>नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्यअनुरूप प्रगति मापन<br>योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| | | **मूल्याङ्कन प्रक्रिया** | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | लक्षित समूह तथा सहभागितामूलक छलफल<br>नमूना सर्वेक्षण मार्फत सोच तालिकाको लक्ष्य अनुरूप प्रगति मापन<br>असर तहका सूचना सङ्कलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि |

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **अनुगमन प्रक्रिया** | | | | |
| प्रभाव तह मूल्याङ्कन | नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | लक्षित समूह तथा सहभागितामूलक छलफल<br>नमूना सर्वेक्षण मार्फत योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दिगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | नगरपालिकासमक्ष कार्ययोजना पेश गर्ने |

आयोजनाको प्रभाव मूल्याङ्कन देहाय बमोजिम गर्ने व्यवस्था गरिनेछ :

- नगरपालिकाले निर्धारण गरेका निश्चित लागत भन्दा बढीका आयोजनाको योजना सम्पन्न भएको २ वर्षभित्र तेस्रो पक्षबाट प्रभाव मूल्याङ्कन गराइनेछ ।
- प्रभाव मूल्याङ्कनको नतिजा कार्यपालिकाको बैठकमा प्रस्तुत गरी सरोकारवालाहरूको जानकारीको लागि सार्वजनिक गरिनेछ ।

# परामर्श विज्ञहरू:

| |
|---|
| पुरुषोत्तम खतिवडा — टोली नेता |
| रवि आचार्य — योजना विज्ञ/कार्यक्रम संयोजक |
| प्रकाशचन्द्र पौडेल — अर्थ विद् |
| किरण चिलुवाल — पूर्वाधार विज्ञ |
| चेतनाथ त्रिपाठी — वातावरण विज्ञ |
| बिक्रम खतिवडा — सूचना प्रविधि तथा सुशासन विज्ञ |
| |

## योजना तर्जुमा सहजीकरण

सिनर्जी इन्जिनियरिङ एण्ड कन्सल्टेण्टस् प्रा. लि.

रविभवन, काठमाडौं